## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पवन चामलिङको काव्यकारिता** रहेको छ ।

### १.२. शोधपत्रको प्रयोजन

यस शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३. विषय परिचय

सन् १९५० सेप्टेम्बर २२को दिन भारत, सिक्किमको नाम्ची जिल्लाअन्तर्गत राङगाङ भन्ने गाउँमा जन्मिएका पवन चामलिङको साहित्ययात्राको औपचारिक आरम्भ सन् १९६८मा गान्तोकबाट प्रकाशन भएको **कञ्चनजङ्घा** पत्रिकामा प्रकाशित **वीरको परिचय** शीर्षक कविताबाट भएको हो । कविताबाट साहित्ययात्राको औपचारिक आरम्भ गरेका चामलिङ कवि, गीतकार, निबन्धकार, सम्पादक, प्रकाशक व्यक्तित्वले परिचित छन् । चामलिङका **प्रारम्भिक कविताहरू**(सन् १९९१), **अन्तहीन सपना : मेरो विपना** (सन् १९८६), **म को हुँ ?**(सन् १९९३), **क्रान्तिको प्रवेश** (सन् १९९४) कवितासङ्ग्रहहरू प्रकाशित छन् । यिनै कविताकृतिले उनलाई कविको रूपमा परिचित गराएका छन् ।

### १.४. समस्याकथन

पवन चामलिङका कवितासङ्ग्रहहरू **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू**, **अन्तहीन सपनाः मेरो विपना, म को हुँ ?** गरी तीन वटा छन् । प्रकाशित कृतिहरूका बारेमा विभिन्न विद्वान् समालोचकहरूले विभिन्न समालोचनात्मक पुस्तक तथा लेखहरू प्रकाशित गराएको भए पनि समस्याका रूपमा रहेका तथा ओझेलमा परेका कतिपय पक्षहरू अझैसम्म जिज्ञासाका विषय बनिरहेका छन् । यस शोधकार्यका मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :

१. पवन चामलिङ 'किरण'को जीवनी र व्यक्तित्व केकस्तो छ ?
२. पवन चामलिङ 'किरण'को कवितायात्रा केकस्तो छ ?
३. पवन चामलिङ 'किरण'का कवितात्मक कृतिहरू केकति र केकस्ता छन् ?
४. पवन चामलिङ 'किरण'का कविताहरूमा केकस्ता प्रवृत्तिहरू पाइन्छन् ?

### १.५.शोधको उद्देश्य

यस शोधकार्यको उद्देश्य शोधसमस्याहरूमा रहेका विविध प्रश्नहरूको उचित समाधान दिनु नै रहेको छ । यस शोधकार्यको मूल उद्देश्य निम्नानुसार छ :

१. पवन चामलिङ 'किरण'को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नु,
२. पवन चामलिङ 'किरण'को कवितायात्राको अध्ययन गर्नु,
३. पवन चामलिङ 'किरण'का कवितात्मक कृतिहरूको विश्लेषण गर्नु,
४. पवन चामलिङ 'किरण'का कविताहरूमा देखिएका प्रवृत्तिहरूलाई छुट्याउनु ।

## १.६.पूर्वकार्यको समीक्षा

पवन चामलिङले साहित्यका विविध विधामा कलम चलाएको भए पनि उनको विशेष परिचय कविता विधामा बनेको छ। हालसम्मको सर्वेक्षणअनुसार उनका कविता कृतिका बारेमा विभिन्न समालोचकहरूले विभिन्न किसिमका अवधारणाहरू पुस्तक तथा लेखमार्फत प्रस्तुत गरेका छन्। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

हर्कबहादुर क्षेत्रीले **भारतीय नेपाली कविताको परिप्रेक्ष्यमा पवन चामलिङ** (सन् १९९६) पुस्तकमा पवन चामलिङका कवितामा सामाजिकता छ र समाजको जरा पनि छ । जहाँ कवि बाँचेका र हुर्केका छन् त्यही माटोको गन्ध आएको छ साथै प्राथमिकता पनि पाएको छ तर कतै पनि मरिहत्ते हालेर आफ्नो अधिकार र सुरक्षाको लागि कविताहरू देखापरेका छैनन् बरु कविताहरूले व्यष्टिमा समष्टि समेटेको भाव अभिव्यक्त गरेका छन् भन्ने धारणा राखेका छन् ।

कमलकान्त सेढाईंले **पवन चामलिङ व्यक्ति र कृति** (वि.सं.२०५५) कृतिमा पवन चामलिङका तीनै चरणका कविताहरूमा स्वच्छन्दतावादी, यथार्थतावादी, सामाजिक यथार्थवादी र प्रगतिवादी प्रवृत्ति देखाउँदै उनका कविताहरूले प्रवासी नेपाली समाजको चित्रण, सांस्कृतिक रहनसहन, शिक्षादीक्षा आफ्नै परिवेशको सेरोफेरोमा आफूले देखेभोगेका र अनुभव गरेका कथा, व्यथा र पीडाको अभिव्यक्ति गर्नुका साथै समाजलाई सुधारवादी आदर्शतर्फ उन्मुख गराउन खोजेको कुरा जनाएका छन् ।

नरेन्द्र चापागाईंले **नरेन्द्र चापागाईका समालोचना** (वि.सं.२०६०) भन्ने समालोचनात्मक पुस्तकको लेख **…म को हुँ**का कवि पवन चामलिङको कवित्व'अन्तर्गत शासनसत्ताको अधिकारलाई अत्यन्त सङ्कुचित पार्दै नागरिक अधिकार तथा मानवअधिकारबाट जनसाधारणलाई वञ्चित राख्ने क्रुर व्यवस्थाको विरोध लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्ने सचेत वैचारिक अवधारणा कवि चामलिङका कवित्वबाट अभिव्यञ्जित भएको पाउन सकिन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

भीम दाहालले पुण्यप्रसाद शर्माद्वारा सम्पादित **डा. चामलिङ स्रष्टा र द्रष्टाका दृष्टिमा** (सन् २००४) कृतिभित्रको लेखमा कवि चामलिङका ज्यादातर कविताहरूमा उदात्त वर्गबोध, चेतना र आह्वान भएको उल्लेख गरेका छन् ।

रमेश विकलले पुण्यप्रसाद शर्माद्वारा सम्पादित **डा. चामलिङ स्रष्टा र द्रष्टाका दृष्टिमा** (सन् २००४) कृतिभित्रको लेखमा पवन चामलिङको सपना हाम्रा राजनीतिककर्मीको जस्तो सत्तासम्पन्नमात्र नभएर राजनीतिज्ञ कवि मुटुको सपना आफ्नो राजनीतिक सफलतालाई देशोन्नति, जनकल्याणको सपनासँग जोडिएका विपनामा अनुवाद गर्ने प्रेरणाको स्रोत बनेको छ अर्थात् राजनीतिक शक्ति आज साध्य नभएर साधन भएको भाव प्रकट गरेका छन् ।

गोविन्द गिरी डम्बरबहादुर गिरीद्वारा सम्पादित **युगपुरुष डा. पवन चामलिङ** (सन् २००५) पुस्तकको लेख **…**साहित्यकार पवन चामलिङको योगदान'मा पवन चामलिङको कविताको प्रमुख विषय मान्छे नै हो, मान्छेको अस्तित्व हो, मान्छेको अस्मिता हो, मान्छेका आचार, विचार, व्यवहार, नैतिकता र चरित्र हो भन्दै कविताकै माध्यमबाट उनी मानिसमा क्रान्ति ज्वाला दन्काएर उसलाई स्वाभिमानी बनाउन चाहान्छन् भन्दै उनका कवितामा क्रान्तिकारी चतना भएको पुष्टि दिन्छन् ।

डिल्लीराम अधिकारीले **चिन्तनको चौतारी** (सन् २००५) कृतिको **…**कवि पवन चामलिङ किरण र उनको **म को हुँ ?** : छोटो विवेचना' लेखमा किरणका कविताले भुक्तभोगी मान्छेका व्यथाहरूलाई चर्को स्वर दिएको छ भन्दै खटीखाने, गरिब, निमुखा, युगले तर्साएको र हेपेको मानव समाजमा क्रान्तिको चेतना उराल्ने कविका रूपमा चित्रण गर्दै यिनलाई प्रगतिवादी कविका रूपमा चित्रण गरेका छन् ।

तारानाथ शर्मा महेश प्रसाईंद्वारा लिखित **भारतीय नेपाली कवितावृत्तमा डा. पवन चामलिङको योगदान** (सन् २००५) कृतिको भूमिकामा देवकोटाको देवत्व लिएर, रिमालकी आमाको

सपनालाई साकार पारेर र भूपिका सXदयता, आस्था र मानवप्रेमका ज्वलन्त काव्यात्मक अभिव्यक्तिहरू उद्घोषित गरेर पूर्वमा पवन चामलिङ उज्याला कवि किरणका रूपमा उदाएको जनाउँछन् ।

प्रेम थुलुङले **सन्दर्भ : कवि पवन चामलिङ 'किरण'का तीन कवितासङ्ग्रह एवम् गीतहरू** (सन् २००५) कृतिमा पवन चामलिङ 'किरण'द्वारा लिखित आफ्ना कृतिहरूमा उनको आफ्नै प्रकारको साहित्यिक व्यक्तित्व प्रच्छन्न रहेको र यहाँसम्मको कवितायात्रासम्म आइपुग्दा नेपाली साहित्यमा देखापरेको उनको सग्लो आकृति यथार्थको धेरै नजिक गतिशील तथा समयसापेक्ष स्पष्ट वक्ताको रूपमा झल्किन पुगेको अभिव्यक्ति दिएका छन् ।

महेश प्रसाईंले **भारतीय नेपाली कवितावृत्तमा डा. पवन चामलिङको योगदान** (वि.सं.२०६२) पुस्तकमा चामलिङलाई कविताको भाव र भावना बुझेर कविता रचना गर्ने कविका रूपमा अघि सार्दै सर्वथा मौलिक र नवीन विचारको प्रतिपादन गर्ने काव्य निर्माताका अग्रणी हुन् भन्ने अभिव्यक्ति दिएका छन् ।

मोहन दुवाल डम्बरबहादुर गिरीद्वारा सम्पादित **युगपुरुष डा. पवन चामलिङ** (सन् २००५) पुस्तकको ...क्रान्तिकारी चेतनाका धनी पवन चामलिङ'लेखमा चामलिङका कविताहरूमा सामाजिक असमानताको विरोधमा विद्रोह र अन्याय, अत्याचार, शोषणको खिलाफमा बुलन्द हुङ्कार एवं मानवीय संवेदनाको तीखो अनुभूति भएको विचार पोख्छन् ।

कृष्ण प्रधानले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...कवि पवन चामलिङको कवित्वको विश्लेषण'मा कवि चामलिङका कविताभित्र गम्भीर रूपमा नेपालबाहिर रहेर बसेका नेपालीहरूको अस्तित्वको लडाइँ नजानिदो रूपमा झल्किने अभिव्यक्ति दिएका छन् ।

कृष्णहरि बराल महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...सुन्दर सपना देख्ने कवि पवन चामलिङ किरण'मा चामलिङ धर्तीलाई माया गर्ने र सत्तालाई विवेकहीन तथा दयाहीन ठान्ने कवि हुनका साथै आफ्नो भाषाको अस्तित्व रक्षाका लागि मरिहत्ते गर्ने कवि पनि हुन् भन्छन् ।

केदार न्यौपानेले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...चामलिङका कवितामा मानवीय अस्मिताको अभिव्यक्ति'मा चामलिङका कवितामा शैलीसंयोजन र व्याकरणसम्मत प्रयोग कमजोर रहे पनि त्यसको सट्टा समसामयिक सामाजिक परिवश र परिस्थितिलाई जीवन्त ढङ्गमा उतार्ने कार्य अतिनै अभ्यस्त ढंगमा भएको अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

घनश्याम भट्टराईले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...पवन चामलिङ किरणका कवितामा राष्ट्रिय चेतना'मा कवि चामलिङका कवितामा प्राञ्जल भाषा छ। रस र अलङ्कारको मनोहारिता छ। कतिपय सन्दर्भमा दर्शन र विचारले थिचेकै भए पनि संवेदनाको सुरक्षित अवतरण भएकै स्विकार्नु पर्दछ भन्दै उनका रचनालाई उत्कृष्ट दर्जामा राखेका छन् ।

तुलसी भट्टराई महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...एउटा सानो प्रसङ्ग सव्य साची व्यक्तित्वको'मा उनका कविताभित्रको मानवता सजीव छ भन्दै कवितामा पाइने प्रकृति चित्रण, जाति, भाषा, संस्कृतिप्रेम जीवन्त छ एवं विश्वबन्धुत्व र मातृत्व अनुकरणीय छ भन्छन् ।

दिव्य गिरीले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख ...चामलिङका कवितामा मानवतावादी दर्शन'मा कवि चामलिङका कविताहरूमा मान्छे र उसको अस्तित्वकको बारेमा अनेक प्रश्नहरू उठाइएको तथा मान्छेको अस्तित्व अधिकार

पहिचान र स्वतन्त्रता जस्ता शाश्वत चिन्तनका विषयहरू सशक्त रूपमा अघि सार्दै सबैलाई सचेत र सतर्क पार्न बौद्धिक विचार व्यक्त गरेको अभिव्यक्ति दिएका छन् ।

नेत्र एटम महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**पवन चामलिङ किरण का कवितामा मान्छेको स्वरूप'मा चामलिङको कवितामा प्रस्तुत भएको मान्छे समाजको समस्या चिन्ने, विसङ्गति भोग्ने, सामाजिक सन्दर्भ परिवर्तन गर्नुपर्ने आवश्यकता बोध गर्ने र त्यसअनुसार आशावादी हुने प्रकृतिको छ भन्दै मानवतावादी कविका रूपमा व्याख्या गर्छन् ।

पुष्कर लोहनी महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**अर्थपूर्ण जीवनको रहस्यमाथि चामलिङ'मा चामलिङको काव्यात्मक जगतमा आफ्नै पन आफ्नै शैली र अभिव्यक्तिका माध्यम-नढाँटीकन मनमा उठेका इच्छाहरू एकातिर पोखिन्छन् भने अर्कातिर खिचातानी स्पष्ट पाइने कुरा देखाउँछन् ।

भाउपन्थी महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**मेरा आँखामा पवन चामलिङ'मा उनलाई रोमान्टिक कविका खेमामा राख्दै उनका कवितामा विविध यथार्थ विषय हुनाका साथै मानिसको मूल परिचयको खोजी, अस्तित्वका सङ्कटहरू र व्यक्तिको अप्राप्ति र आकाङ्क्षा अन्तर्वेदना र सङ्घर्षजनित अनुभूति र अनुभवबाट जन्मेका छन् भन्दछन् ।

भावकेशर बराल महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**अन्तहीन सपनालाई विपनामा सजाउने कवि चामलिङ'मा चामलिङका सुक्तिमय काव्यस्वरले सार्थक जीवनको शङ्खघोष गरेको देख्छन् ।

मोदनाथ प्रश्रितले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**स्रष्टा, द्रष्टा र निर्माता पवन चामलिङ'मा चामलिङ आफूले देखेको र अनुभूत गरेको कुरालाई कविता लेख्ने कविका रूपमा व्याख्या गरेका छन् ।

रमेश शुभेच्छु महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...म को हुँ** कवितासङ्ग्रहभित्र पवन चामलिङ'मा चामलिङलाई जनपक्षीय आवाज दिने, भोक, तिर्खा, अभाव र गरिबीको पक्षपोषण गर्ने साधारणदेखि विशिष्ट विषयवस्तुसम्म पुगेर कविता लेख्न सक्ने भारतीय नेपाली साहित्यका समकालीन कविहरूमध्ये केन्द्रीय प्रतिभाका रूपमा हेर्दछन् ।

रामदयाल राकेश महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको **...म को हुँ** का काव्यिक विशेषताको विश्लेषण' लेखमा कवि किरणका समग्र काव्यमा देशप्रेम, जातिप्रेम र मानवतावादी स्वरबिम्बहरू क्रान्तिकारी दर्शनबाट अनुप्राणित भएको देख्छन् ।

विनोद अश्रुमालीले महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**मैले बुझेका कवि पवन चामलिङ'मा पवन चामलिङका कवितामा उत्कृष्ट कवित्वशक्तिका साथै जीवनोपयोगी कर्म गर्ने उर्जा पाउन सकिने विचार प्रकट गरेका छन् ।

श्यामदास वैष्णव महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**चामलिङको काव्यप्रवृत्ति र जागरण पृष्ठभूमि'मा किरणका कवितामा काव्यिक संवेदना पाउन सकिन्छ भन्दै त्यहाँभित्र अस्तित्व स्थापनाका घोषणा र अस्मिता रक्षाका सङ्कल्प रहेको देख्दछन् ।

सीताराम अधिकारी महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**जनवादी धारणामा चामलिङकृत्य बिम्ब चेतना'मा चामलिङका कविताहरूले सिक्किमको मात्र होइन विश्वका अधिकांश देशहरूमा भएका मानव उत्पीडन र सास्तीको विरुद्ध उठाइएको आवाजसित निकटता कायम गर्न सकेको बोध हुनका साथै पोस्ट मोडनिजमको हलुका आभास पनि केही कवितामा राख्न सकिने भाव व्यक्त गर्दछन् ।

सुधा त्रिपाठी महेश प्रसाईंद्वारा सम्पादित **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना** (वि.सं.२०६५) पुस्तकको लेख **...**पवनका कविता युगदर्शनका अभिव्यक्ति'मा कवि पवन चामलिङका कवितामा भौतिकतावादी जीवनदृष्टि र सचेत वर्गपक्षधरता पाइन्छ। यिनी आमूल परिवर्तनका हिमायती छन् र त्यो परिवर्तन जनक्रान्ति विना प्राप्त हुँदैन भन्ने स्पष्ट दृष्टिकोण छ भन्ने दृष्टिकोण दिँदै प्रगतिवादी कविहरूको समूहमा उनलाई राख्छिन् ।

रामप्रसाद मैनालीले **म को हुँ ?**(सन् २००९) कवितासङ्ग्रहको **...**भूमिका'मा पवन चामलिङको कवितात्मक विद्रोह विद्रोहकै निम्ति मात्र नभई आवश्यकीय सुधार, अनिवार्य परिवर्तनक अनि जर्जर भइसकेको यथास्थितिलाई तोडेर देश, काल र परिस्थितिअनुरूप नवनिर्माणको र सिर्जनाकै निम्नि पनि भएको धारणा प्रकट गरेका छन् ।

सुवास दीपकले **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** (सन् २०१०) कवितासङ्ग्रहको **...**पहिलो संस्करणका भूमिका' शीर्षकमा पवन चामलिङका कवितामा मान्छेको शाश्वत मर्यादा र अस्तित्वको रक्षार्थ कलमको हतियार सजीव बनी सङ्घर्षरत रहेको र रूढिग्रस्त समाजमा मानिसले भोगिरहेका विसङ्गतिहरूप्रति कविको कोमल र संवेदनशील Xदय रोएको अभिव्यक्ति दिएका छन् ।

रमण नेपालले **अन्तहीन सपना : मेरो विपना** (सन् २०१०) कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा **...**पहिलो संस्करणको प्रस्तावना' शीर्षकमा सिक्किमको धार्मिक, सांस्कृतिक, शौर्य, वीर्य र रमणीयताको आफ्नै अतीत कथा छ अनि आफ्नै खालको वर्तमान व्यथा पनि छ र ती कथा र व्यथालाई आत्मसात् गरेका प्रस्तुत कवितासङ्ग्रहका कवि पवन चामलिङले सिक्किमेली जनताको सजीव चित्र उतारेका मात्र छैनन् ; तिनका इच्छा, आकाङ्क्षा, आशा, विश्वासलाई पनि प्रभावशाली रूपमा अभिव्यक्ति दिएका छन् भन्ने आफ्नो भनाइ राखेका छन् ।

समीरण छेत्रीले **पवन चामलिङ प्राज्ञिक आयाम र अध्ययन** (प्रकाशन मिति छैन) पुस्तकको **...**कवि पवन चामलिङका कविता' लेखमा कवि चामलिङका कविताहरूमा आफ्नो देशको माटोको गन्ध पाइन्छ र देशलाई दुख्दा उनको मन दुख्ने र सिक्किमे जातिलाई पीडा हुँदा आफूलाई भएको मान्ने जस्ता कवितात्मक अभिव्यक्ति पाइने विचार प्रकट गरेका छन् ।

यसरी पवन चामलिङ 'किरण'का कविताहरूमा विभिन्न विद्वान् समालोचकहरूले विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् । कसैले यिनलाई मानवतावादी, कसैले क्रान्तिकारी, कसैले मार्क्सवादी, कसैले जातीवादी भनेर समालोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन् । तर कसैले पनि उनका समग्र कविताहरूको संरचनागत तथा प्रवृत्तिगत अध्ययन गरेको पाइँदैन त्यसैले यस शोधपत्रमा पवन चामलिङका तीनै कवितासङ्ग्रहको विशेष अध्ययन गरिएको छ ।

## ७. अध्ययनको औचित्य र महत्त्व

पवन चामलिङ 'किरण'का कविताहरूको विभिन्न कृति तथा लेखहरूमा विद्वान् समालोचकहरूले विभिन्न दृष्टिकोणका आधारमा टिप्पणीहरू प्रस्तुत गरेका छन् । तर उनका कविताहरूको विस्तृत अध्ययन नभएकाले यस शोधपत्रले उनका कविताहरूको छुट्टा छुट्टै अध्ययन गरेको छ जसले भावी पुस्तालाई महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ८.शोधपत्रको क्षेत्र र सीमाङ्कन

कवि चामलिङका सम्पूर्ण कविताकृतिको विस्तृत अध्ययन विश्लेषण गर्नु नै यस शोधको सीमा रहेको छ ।

## ९.सामग्री सङ्कलन विधि

शोधपत्रको तयारीका निम्ति पुस्तकालीय अध्ययनलाई सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ । यसरी नै शोधपत्र तयार गर्ने क्रममा शोधनायक, उनका परिवार तथा उनका सम्पर्कमा आएका विद्वान् मित्र एवं सहकर्मीहरूसँग पनि आवश्यकीय जानकारी लिइएको छ । यसका अतिरिक्त उनका विषयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू पनि अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १०. शोधविधि

शोधसिद्धान्तअन्तर्गत संरचनात्मक पद्धतिको अनुसरण गरी संरचनात्मक विधिका आधारमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## ११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । शोधपत्रको रूपरेखा निम्नलिखित ढाँचामा रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | पवन चामलिङको परिचय |
| तेस्रो परिच्छेद | : | पवन चामलिङको कविता यात्रा |
| चौथो परिच्छेद | : | कविता विश्लेषणको प्रारूप |
| पाँचौं परिच्छेद | : | पवन चामलिङ…ls/0f'का कविताहरूको विश्लेषण |
| छैटौं परिच्छेद | : | पवन चामलिङका काव्यप्रवृत्ति |
| सातौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |
| सन्दर्भग्रन्थ सूची | | |

**दोस्रो परिच्छेद**

# पवन चामलिङको परिचय

## २.१. जीवनी

### २.१.१. जन्म, जन्मस्थान

पवन चामलिङको जन्म आशबहादुर चामलिङकी श्रीमती आशरानी चामलिङका कोखबाट भारत, सिक्किमको दक्षिण जिल्लाअन्तर्गत नाम्ची, राङगाङ भन्ने गाउँमा सन् १९५०, सेप्टेम्बर २२ तदनुसार वि.सं. २००७ असोज ७ गते भएको हो ।[१]

### २.१.२. बाल्यकाल

पवन चामलिङको बाल्यकाल आफ्नै आमा बाबुका साथ बितेको थियो । उनको जन्म भएपछि उनका माता पिताहरू बाजेका मूल घरबाट छुट्टिसकेका थिए । त्यसबेला परिवारको आर्थिक स्थिति चिताएको जस्तो थिएन तरै पनि पवन चामलिङ घरको पहिलो सन्तान वा जेठो छोरो भएकाले उनको शैशवकाल आनन्दसित बितेको थियो ।[२] उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा उनको बाबुआमाको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । मलाई शैशव अवस्थादेखि विभिन्न दुख-कष्ट सहेर यहाँसम्म आइपुग्न निरन्तर लागिपर्नु भएका मेरा आमा बुबा नै मेरो लागि पहिलो भगवान् हुनुहुन्छ त्यसपछि मात्र दैवी भगवान्को म पूजा गर्छु भन्ने अभिव्यक्तिबाट नै पवनले बाल्यकालमा बाबाआमाको ममतामयी स्नेह प्राप्त गरेको स्पष्ट हन्छ ।[३] आमाको शिष्टता, भद्रता, कोमलता जस्ता व्यवहार र बाबुको दृढ, वचनबद्धता कर्मठ र हठी स्वभाव उनले बाल्यकालीन अवस्थामा आर्जन गरेको पहिलो शिक्षा हो । जसले गर्दा चामलिङ आजसम्म पनि सफलताको श्रेणी चडिरहेका छन् । सानै उमेरदेखि अनौठो स्वभावका यिनी तीक्ष्ण बुद्धि र सरल स्वभावका थिए । साथीहरूमाझ पनि नइके बनेर हिड्ने स्वभाव यिनको बाल्यकालदेखिकै थियो ।[४]

### २.१.३. शिक्षा दीक्षा

चामलिङको प्रारम्भिक शिक्षा घरायसी ममतामयी वातावरणबाट सुरु भएको थियो । तत्कालीन सिक्किमको जटिल परिस्थितिमा पनि उनले अनेक खाले बाधा र अड्चनहरूलाई पन्छाउँदै याङगाङ प्राथमिक विद्यालयबाट औपचारिक रूपमा प्राथमिक शिक्षा प्राप्त गरे । त्यसपछि उनले सन् १९६३मा नाम्चीमा अत्यन्त कष्टका साथ माध्यमिक तहको शिक्षा ग्रहण गरे ।[५] यसरी शिक्षा हासिल गर्न अगाडि बढिरहेका चामलिङ तत्कालीन सिक्किमको राजनीतिक अस्थिरता, शैक्षिक अनुपलब्धता र पारिवारिक दुर्बलता आदि कारणले अगाडि बढ्न सकेनन् । यसका अतिरिक्त यिनले सन् १९७२मा बहूद्देश्यीय सहकारी विषयमा भारतको पुनाबाट डिप्लोमा तह पूरा गरेका छन् । यसपछि यिनले स्वाध्ययन गरेका र सन् २००३मा मणिपाल विश्वविद्यालयबाट अनरिज काउजा (महाविद्यावारिधि) उपाधिसमेत हासिल गरिसकेका छन् ।[६] यिनले अध्ययनमात्र होइन तर खेलकुद, सांस्कृतिक अनि साहित्यिक गतिविधिमा समेत दक्षता हाँसिल गरेको बुझिन्छ ।

---

१. योगेन्द्र बाली, **पवन चामलिङ अटल योद्धा**, (सिक्किम : क्वालिटी स्टोर्स, सन् २००६) पृ. १९ ।

२. ऐजन, पृ. ३८ ।

३. पवन चामलिङबाट प्राप्त जानकारी ।

४. पवन चामलिङका बुबाबाट प्राप्त जानकारी ।

५. डम्बर कुमार गिरी, **युगपुरुष डा. पवन चामलिङ**, (काठमाडौं : भारतीय नेपाली अध्ययन अनसन्धान केन्द्र, सन् २००५), पृ. ६ ।

६ . सुरेश शर्मा, **म को हुँ कवित्ववृत्तमा डा. चामलिङ**, (काठमाडौं : छाया प्रकाशन, वि.सं.२०६५), पृ. २ ।

### २.१.४. पारिवारिक स्थिति र आर्थिक अवस्था

पवन चामलिङको पारिवारिक पृष्ठभूमिलाई नियाल्दा उनको पुर्ख्यौली पेसा कृषिक्षेत्रमा नै आश्रित देखिन्छ । तत्कालीन सिक्किमको ठेकेदारी प्रथा अत्यन्त क्रुर थियो जुन क्रुर शासनमा पवन चामलिङका बुबा आमा पनि परेका थिए । एउटा गरिब किसान परिवारमा उनको जन्म भएकाले दुःख, अभाव, र कष्टप्रद जीवनको अनुभव उनी आफैँले प्रसस्त गरेका छन् ।[७] कृषि पेसालाई आयस्रोतको मुख्य आधार बनाउँदै अगाडि बडिरहेको उनको परिवारबाट सक्रिय राजनीतिमा प्रवेश गरी राजतन्त्रको विरोधमा समेत आवाज उठाउने चामलिङ पहिलो र हठी स्वभावका व्यक्ति देखापरे । त्यही राजतन्त्रको उन्मूलनसँगै देखापरेको उनको राजनीतिक यात्रा अझसम्म सफलताको शिखरमा अघि बढिरहेको छ । उनको पारिवारिक स्थितिलाई हेर्दा संयुक्त परिवारजस्तो देखिन्छ । उनका परिवारमा दुई श्रीमती, चार छोरा र चार छोरीसहित बाबुआमा रहेका छन् । उनका भाइहरू आआफ्नो कार्यक्षेत्रमा लागिसकेका छन् भने बहिनीको पनि विवाह भइसकेको छ । पवन चामलिङकी जेठी श्रीमती धनमाया चामलिङबाट तीन छोरा (विशाल, विजय र विकास) र तीन छोरी (सुशिला, सुनिता र शिला) रहेका छन् भने कान्छी श्रीमती टीकामाया चामलिङका एक छोरा विवेक र एक छोरी कोमल रहेका छन् ।[८]

### २.१.५.रूचि र स्वभाव

शिक्षा, साहित्य र ज्ञान विज्ञानमा तथा नृत्य, गीत संगीतमा अत्यन्त रुचि राख्ने चामलिङमा सानैदेखि निडर, निष्पक्ष, चलाख र स्पष्टवक्ताको गुण सम्मिलित छ । महान् आदर्श पुरुष, महान् राजनीतिज्ञ, महान् साहित्यकार आदिको जीवनी पढ्ने, विविध सङ्घ संस्थामा रही समाज सुधार गर्ने, समाजका विभिन्नि सङ्गत-विसङ्गत पक्षलाई गीत र कविताको माध्यमबाट अभिव्यक्त गर्ने उनको स्वभाव रहेको पाइन्छ ।[९] नेपाली संस्कार, संस्कृति, गीत, नृत्य, वेष-भुषा भनेपछि मरिमेट्ने चामलिङले सिक्किममा हाल मुख्यमन्त्रीको पदमा रहँदा पनि त्यसको संवर्द्धन र संरक्षणमा अलिकति पनि कमी आउन दिएका छैनन् । सिक्किममा सिक्किमेली संस्कार र संस्कृतिको भव्य बगैँचा निर्माण गर्नुपर्छ भन्ने चाहना राख्ने यिनको झुकाव आध्यात्मिक चिन्तनमा पनि रहेको दखिन्छ जसको सहज अनुमान सिक्किममा हाल निर्माण भइरहेका मठमन्दिरबाट गर्न सकिन्छ । समाजमा देखापरेका विसङ्गति र विकृतिलाई साहित्यको माध्यमबाट प्रस्फुटन गर्दा चामलिङ एक प्रगतिशील स्वभावका देखिन्छन् । सहजता, सरलता, साहसिकता, सहयोगिपना, कुशल नेतृत्व, कवि सुलभ भावुकता, कर्तव्य परायणता, सहानुभूतिशीलता र मिलनसारिता जस्ता गुणहरूका कारण मुख्यमन्त्रीको पदमा रहिरहँदा पनि उनी जनता सामु प्रिय नेताका रूपमा परिचित बनेका छन् ।

### २.१.६. साहित्यिक संलग्नता

#### २.१.६.१. लेखनको आरम्भ र विस्तार

कवि पवन चामलिङले बाल्यकालदेखिनै कविता रचना गर्न थालेको बुझिन्छ । उनले समाजमा रहेका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण आदि विकृति र विसङ्गतिलाई आधार बनाएर आफ्ना साहित्यिक कृतिहरू प्रस्तुत गरेका छन् । उनको साहित्य लेखनको प्रेरणास्रोत समाजका निम्नवर्गीय जनताका दुःख र पीडाहरू हुन् । यही समाजमा रहेका रुढिवादी परम्परा, सामन्ती प्रवृत्ति आदिबाट जर्जर सामाजिक दुरावस्था नै उनका कविताहरूको मुख्य विषयवस्तु रहेको देखिन्छ ।

---

७. डम्बर कुमार गिरी, पूर्ववत् , पृ. ५ ।
८. सुरेश शर्मा, पूर्ववत् , पृ. १ ।
९. डम्बर कुमार गिरी, पूर्ववत् , पृ. १० ।

पवन चामलिङले स्कुले जीवनमा केही कविता रचना गरेको भए पनि सन् १९६८मा गान्तोकबाट प्रकाशित हुने कञ्चनजङ्घा पत्रिकामा प्रकाशित **वीरको परिचय** शीषक कविता नै उनको औपचारिक पहिलो प्रकाशित कविता हो । चामलिङको हालसम्म प्रकाशित कविताहरूको सङ्ग्रहलाई निम्नानुसार देखाइएको छ :

१. **प्रारम्भिक कविताहरू** (सन् १९९१)

२. **अन्तहीन सपना मेरो विपना** (सन् १९८६)

३. **म को हुँ ?** (सन् १९९३)

यसरी नै यिनले उत्कृष्ट गीतहरू पनि रचना गरेका छन् जसलाई **उपमा**, **मेरो मूर्च्छना**, **मान्छेको साइनो**, **मेरो गीत**, **सिक्किमको माया**, **चामलिङका उत्कृष्ट गीतहरू** आदि सी.डी. क्यासेटमा सङ्ग्रहित गरिएका छन् । त्यसरी नै **सिक्किम र प्रजातन्त्र**, **प्रजातन्त्रको मिर्मिरेमा** (सन् १९९३) **दामथाङ हिजो र आज**(सन् १९९३) जस्ता प्रबन्धसङ्ग्रह पनि उनका प्रकाशन भइसकेका छन् । पवन चामलिङकै नेतृत्वमा **निर्माण**देखि लिएर विभिन्न साहित्यिक पत्रिकाहरूको सम्पादन तथा कृतिहरूको प्रकाशन पनि भएको पाइन्छ । यसका अतिरिक्त छिटपुट समालोचनात्मक लेख प्रकाशन गरेको पाइन्छ भने प्रकाशक तथा संरक्षकको रूपमा पनि यी परिचित छन् ।

यसका अतिरिक्त राजनीतिक लेखहरू प्रसस्तमात्रामा रचना गरेका छन् । यिनको **मेरो सपनाको सिक्किम** नामक भाषण सङ्गालो पाँच भागमा प्रकाशित भइसकेको छ ।

## २.१.७. सामाजिक संलग्नता

पवन चामलिङ सामाजिक कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहँदै आएका छन् । समाज सुधारको निम्ति यिनले स्कुले अवस्थादेखि नै सिर्जनात्मक कार्यहरू गरी अनुभव प्राप्त गरेको देखिन्छ । सामाजिक कार्यमा दत्तचित्त भई यिनी सन् १९७८देखि लागेको देखिन्छ, जतिबेला यिनी **...**सिक्किम प्रजातन्त्र काङ्ग्रेस'का प्रचार सचिव भइसकेका थिए । यसरी समाज सुधारको कार्यतर्फ अग्रसर रहेका चामलिङ पञ्चायत हुँदै अहिले एउटा देशको महत्त्वपूर्ण व्यक्तिको रूपमा परिचित भइसकेका छन् । सिक्किम राज्यको उन्नति र प्रगतिको लागि यिनले गरेका कार्यहरू अनुकरणीय र प्रशंसायोग्य रहेको देखिन्छ ।

## २.१.८. राजनीतिक संलग्नता

वर्तमान समयमा पवन चामलिङको सबैभन्दा सबल र सक्रिय क्षेत्र भनेको राजनीति हो । यिनले छिटपुट रूपमा आफ्नो राजनीतिक यात्रालाई सिक्किममा राजतन्त्र विरुद्धको आन्दोलन भएदेखि नै सुरु गरेको देखिन्छ । सन् १९५०मा जन्मेका चामलिङले आफैलाई प्रखर युवावस्थामा (सन् १९७३, राजतन्त्र विरुद्धको आन्दोलन) अथवा २३ वर्षको उमेरदेखि नै राजनीतिमा प्रत्यक्ष रूपमा संलग्न गराएको देखिन्छ ।[१०] यिनको राजनीतिक अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ [११] :

१. सिक्किम प्रजातन्त्र काङ्ग्रेसका प्रचार सचिव (सन् १९७८)।

२. सिक्किम प्रजातन्त्र काङ्ग्रेसका महासचिव (सन् १९७८)।

३. सिक्किम प्रजातन्त्र काङ्ग्रेसका उपसभापति (सन् १९७८)।

४. पञ्चायती निर्वाचनमा ग्राम पञ्चायतका सभापति (सन् १९८०)।

५. दलगत राजनीतिमा प्रवेश गरेर विधायक (सन् १९८५)।

६. पुन: विधायकमा सबैभन्दा बढी मत पाएर निर्वाचित, यसै समयमा सूचना तथा जनसम्पक तथा मुद्रण विभागका मन्त्री (सन् १९८९)।

---

१०.सुरेश शर्मा, पूर्ववत् पृ.२ ।

११. ऐजन ।

७. नयाँ राजनीतिक दल सिक्किम प्रजातान्त्रिक मोर्चाको स्थापना गरी संथापक अध्यक्षमा निर्वाचित (सन् १९९३ मार्च ४)।
८. प्रथम चोटी मुख्यमन्त्री पदमा निर्वाचित (सन् १९९४, दिसम्बर १२)।
त्यसपछि हालसम्म पनि मुख्यमन्त्री पदमा नै निरन्तर चौथो पटकसम्म विजयी ।

### २.१.९. सम्मान तथा पुरस्कार

कवि पवन चामलिङले विभिन्न सङ्घसंस्थागत कार्यहरू गरेका छन् । तिनै कार्यहरूको मूल्याङ्कन गर्दै उनलाई विभिन्न सङ्घसंस्थाबाट सम्मान तथा पुरस्कारहरू प्राप्त भएका छन् । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

१. चिन्तन पुरस्कार, सन् १९८७ (कविताका निम्ति) ।
२. भारत शिरोमणि, सन् १९९६ (राष्ट्रिय एकीकरण, जनकल्याण एवम् प्रजातन्त्रको सुदृढीकरणका निम्ति) ।
३. म्यान अफ् दि इयर, सन् १९९८ (समाज कल्याणका निम्ति -अमेरिकन वायोग्राफिक इन्स्टिच्युटबाट) ।
४. दि ग्रीनेट चिफ मिनिस्टर अफ इन्डिया, सन् १९९८ (पर्यावरण संरक्षण र सुरक्षाका निम्ति (इन्स्टिच्युट फर साइन्स एन्ड एन्वायरोन्मेन्टबाट) ।
५. म्यान अफ् डेडिकेसन, सन् १९९९ (जनकल्याण र मानव सेवाका निम्ति (मानव उत्थान समिति, दिल्लीबाट) ।
६. मानवसेवा पुरस्कार, सन् १९९९ (सिक्किम जनजीवनको सर्वतोमुखी विकासका निम्ति इन्स्टिच्युट अफ् इकोनोमिक स्टडिजबाट) ।
७. पोएट्स फाउन्डेसन् अवार्ड,सन् २००२ (पोएट्स फाउन्डेसन, कोलकोता) ।
८. अनरिज काउजा (महाविद्यावारिधि) सन् २००३ (सिक्किम मणिपाल युनिभर्सिटीबाट) ।
९. लिडरसिप अफ् गुड गभरनेन्स एवर्ड, २००९ (युनिभर्सल पिस फेडेरेसन एन्ड द इन्टररिलिजियस एन्ड इन्टरनेसनल फेडेरेसनबाट) ।
१०. भानु पुरस्कार, सन् २०१०जुलाई १३ (सिक्किम साहित्य परिषद) ।
११. थेकोङ एम्बासेडर अफ युनिटी, २०१० (पाङ्लाबसोल सेलिब्रेसन कमिटी, सिक्किमबाट) ।

यसका अतिरिक्त विविध साहित्यिक, सामाजिक संस्थाहरूले उनलाई बधाइ, अभिनन्दन तथा पुरस्कार प्रदान गरेको देखिन्छ । आफ्नो मन्त्रित्व कालमा धेरै-धेरै साहित्यिक-सामाजिक संस्थाहरू खोलिएको र त्यहाँबाट पनि सम्मानित भएको बुझिन्छ ।

## २.२. व्यक्तित्व

कवि पवन चामलिङको व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरी छुट्याउन सकिन्छ ।

### २.२.१. साहित्यिक व्यक्तित्व

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी साहित्यकार पवन चामलिङ 'किरण'को साहित्यिक व्यक्तित्वलाई कवि, गीतकार, प्रबन्धकार, सम्पादक, समालोचक, प्रकाशक, संरक्षकको आधारमा अध्ययन गर्न सकिन्छ ।

#### २.२.२.१. कवि व्यक्तित्व

पवन चामलिङले आफ्नो साहित्यिक यात्रालाई कवितालेखनबाट थालनी गरेका हुन् । सन् १९६८मा गान्तोकबाट प्रकाशन भएको **कञ्चनजङ्घा** पत्रिकामा प्रकाशित **वीरको परिचय** शीर्षक कविता प्रकाशनका दृष्टिले पहिलो कविता र साहित्य-यात्राकै जेठो रचना हो । कवितालाई सहारा

बनाएर समाज र राजनीतिमा सकारात्मक परिवर्तन गर्न चाहने कवि चामलिङ सिक्किमदेखि लिएर दार्जिलिङ, असम, डुवर्स, मेघालय, नेपाल आदि क्षेत्रमा कविका रूपमा परिचित भइसकेका छन् । हालसम्म यिनका कवितासङ्ग्रहहरू **वीरको परिचय र अन्य कविताहरू** (सन् १९९१), **अन्तहीन सपना मेरो विपना** (१९८६), **म को हुँ ?** (सन् १९९३) प्रकाशित भइसकेका छन् । यिनका आफ्ना रचनाहरू सिक्किम तथा सिक्किम बाहिरबाट प्रकाशित **कञ्चनजङ्घा**, **सुनाखरी**, **निर्माण**, **नवज्योति**, **अर्चना**, **आकाशदीप**, **स्रष्टा**, **चिन्तन**, **हाम्रो पुकार**, **हिम्मत**, **ध्रुवतारा**, **प्रतिबिम्ब**, **प्रक्रिया**, **कनका**, **भानुस्मारिका**, **हाम्रो ध्वनि**, **नवध्वनि**, **साथी**, **मूल्याङ्कन**, **झिल्का**, **परिवर्तन** आदि दुई दर्जनजति पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसका अतिरिक्त यिनका यत्रतत्र विभिन्न पत्रिकामा फुटकर कविताहरू प्रकाशित भएको र अझ अप्रकाशित कविताहरूको सङ्ख्या तीनसयको हाराहारीमा रहेको जानकारी कवि स्वयंबाट प्राप्त भएको छ । उनका कवितामा मानवतावाद, विश्वबन्धुत्व, सामाजिक चेतना, राजनीतिक चेतना, धार्मिक चेतना जस्ता पक्षहरू अभिव्यक्त भएका छन् ।[१२]

## २.२.१.२. गीतकार व्यक्तित्व

कवि पवन चामलिङ गीतकार पनि हुन् । यिनले कविता रचना गर्नका साथसाथै धेरै गीतहरू पनि प्रकाशित गरिसकेका छन् । यिनी सङ्गीतमा धेरै रूचि राख्दछन् । यिनका गीतहरू राष्ट्रप्रेम, प्रकृतिप्रेम, मायाप्रीति, सद्भाव आदिले भरिपूर्ण भएका छन् । यिनका गीतहरू **उपमा, मेरो मूर्च्छना, मान्छेको साइनो**, **मेरो गीत, सिक्किमको माया, चामलिङका उत्कृष्ट गीतहरू** गीतिसङ्ग्रहका रूपमा प्रकाशित भइसकेका छन् । यिनका गीतमा सिक्किम, दार्जिलिङ तथा नेपालका वरिष्ठ गायकहरूको स्वर पाइन्छ । **उपमा** सीडी क्यासेटमा गायक उदय सोताङ र गायिका मनिला सोताङले यिनका गीत गाएका छन् भने अन्य गीति क्यासेटमा रामकृष्ण ढकाल, थुप्देन भोटिया, कुन्ती मोक्तान, प्रकाश श्रेष्ठ, मीरा राणा, ओमविक्रम विष्ट, यम बराल, राजेश पायल राई, कर्णदास, सुकमित गुरुङ, रोशन गुरुङ, देवनारायण प्रधान, लासिमित राई, शिशिर योगी, अन्जू पन्त, झुमा लिम्बू आदि गायकहरूको सुन्दर स्वरमाधुरी पाउन सकिन्छ ।

## २.२.१.३. प्रबन्धकार व्यक्तित्व

साहित्यकार पवन चामलिङ 'किरण' प्रबन्धकारका रूपमा पनि चिनिन्छन् । उनका प्रबन्धहरू विभिन्न विषयवस्तुलाई आधार बनाएर रचिएका छन् । प्रबन्धहरू सामाजिक, शैक्षिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, राजनैतिक, धार्मिक, जातीय भए तापनि कवि पवन चामलिङका निबन्धहरूले भने प्रायः आफ्नो जीवनसँग सम्बन्धित राजनैतिक विषयवस्तुलाई समेटेको छ । यिनका प्रबन्धहरू **सिक्किम र प्रजातन्त्र**, **प्रजातन्त्रको मिर्मिरेमा** (सन् १९९३), **दामथाङ हिजो र आज** (सन् १९९३)मा प्रकाशित भइसकेका छन् भने विभिन्न पत्रपत्रिकाका माध्यमबाट पनि यिनले आफ्नो प्रबन्धात्मक यात्रालाई अगाडि बढाउँदै लगेको देखिन्छ ।

## २.२.१.४. सम्पादक व्यक्तित्व

पवन चामलिङ 'किरण' साहित्यरचनामा मात्र रूचि राख्ने व्यक्तित्व होइनन् । उनले सम्पादक व्यक्तित्वका रूपमा समेत सक्रिय बनी वाङ्मयसेवा गरेका छन् । यिनले निर्माण प्रकाशनबाट प्रकाशित **निर्माण** साहित्यिक पत्रिका र अन्य विविध पुस्तकहरूको सम्पादन गरेको देखिन्छ । यिनले पारिजातको साहित्यिक योगदानलाई कदर गर्दै विभिन्न वरिष्ठ विद्वान्हरूका टीकाटिप्पणी तथा पारिजातका रचनाहरूको सङ्गालोलाई **पारिजातका सङ्कलित रचना**हरू नाम दिएर ६ भागमा सम्पादन र प्रकाशन गरिसकेका छन् । यसै गरी यिनले इन्द्रबहादुर राईसँग सम्बन्धित लेखरचनाहरूलाई आधार बनाई **इन्द्र सम्पूर्ण**, भीमनिधि तिवारीसँग सम्बन्धित **भीमनिधि निवारी : काव्यसमग्र** र

१२. कमलकान्त सेढाईं, **पवन चामलिङ : व्यक्ति कृति**, (असम : उत्तरपूर्वी प्राज्ञिक परिषद, वि.सं. २०५५) पृ. १७ ।

अगमसिंह गिरीसँग सम्बन्धित **अगमसिङ गिरी रचनावली**हरूलाई विभिन्न भागमा सम्पादन तथा प्रकाशन गरेका छन् ।

कवि किरण मुख्यमन्त्रीजस्तो अत्यन्त व्यस्त र महत्त्वपूर्ण पदमा रहँदा पनि साहित्यिक यात्रालाई सँगसँगै निरन्तरता दिनु उनको साहित्यप्रतिको समर्पण र साहित्यिक अभिरूचि हो ।

### २.२.१.५. समालोचक व्यक्तित्व

कवि पवन चामलिङ 'किरण' साहित्यका विभिन्न क्षेत्रमा देखापरेका छन् । उनले साहित्यको लेखनकार्यदेखि सम्पादन, प्रकाशन आदि सबै कार्य गरेका छन् । यसरी नै कवि किरण समालोचक व्यक्तित्वको रूपमा पनि देखापरेका छन् । यिनको प्रबन्धात्मक पुस्तकमा समालोचकीय भाव पाइन्छ । **निर्माण** तथा अन्य पुस्तक पत्र-पत्रिकाको सम्पादकीयमा पनि यिनको समालोचकीय भाषा अत्यन्त गम्भीर र प्रभावकारी देखिएको छ । अर्कोतर्फ भन्नुपर्दा यिनको भाषण पनि समीक्षात्मक हुने गर्दछ । यिनले राजनीतिक भाषण गर्ने क्रममा विभिन्न साहित्यिक, राजनीतिक, वैज्ञानिक, सामाजिक, धार्मिक आदि विभिन्न क्षेत्रलाई समावेश गरी अन्त्यमा सुमधुर मेल गराएर मात्र छोड्छन् । यसबाट पनि यिनको समालोचक व्यक्तित्वलाई प्रस्ट पार्न सकिन्छ ।

### २.२.१.६. प्रकाशक/संरक्षक व्यक्तित्व

पवन चामलिङले साहित्यको विभिन्न क्षेत्रमा कलम चलाउँदै प्रकाशक तथा संरक्षकको भूमिका पनि अत्यन्त गहन दायित्वका साथ निर्वाह गरेका छन् । यिनी सिक्किमबाट भानुजयन्तीको अवसरमा प्रकाशित हुने **भानुस्मारिका**को संरक्षक र सिक्किम साहित्य परिषद्को **कनका** मुखपत्र तथा नाम्चीबाट प्रकाशित हुने **नागबेली** पत्रिकाको संरक्षक बनेका देखिन्छन् । निर्माण प्रकाशनबाट पवन चामलिङको प्रकाशकत्वमा सिक्किम तथा दार्जिलिङका साहित्यकारहरूको पुस्तक प्रकाशन हुनु, विभिन्न चाडपर्व, धर्मसंस्कृति एवं वरिष्ठ साहित्यकारहरू आदिलाई आधार मानेर निर्माण प्रकाशनबाट पुस्तक प्रकाशन हुनुले पनि यिनको प्रकाशक तथा संरक्षक व्यक्तित्वको परिचय मिल्दछ ।

### २.२.२. साहित्येतर व्यक्तित्व

पवन चामलिङको व्यक्तित्व साहित्यका अतिरिक्त साहित्येतर व्यक्तित्वका रूपमा समेत परिचित बनिसकेको छ । उनका साहित्येतर व्यक्तित्वसँग सम्बन्धित व्यक्तित्वहरू सामाजिक र राजनीतिक व्यक्तित्व हुन् ।

### २.२.२.१. सामाजिक व्यक्तित्व

विद्यार्थी अवस्थादेखि नै समाजमा विद्यमान रुढिपरम्पराको विरोध गर्दै समयानुकूल परिवर्तन हुन सक्नुपर्छ भन्ने चाहना राख्ने चामलिङले अनेकन प्रकारका सामाजिक सुधारका कार्यहरू गरेका छन् । सानै उमेरदेखि राजनीतिमा प्रवेश गरी सामाजिक कार्यमा संलग्न रहेका यिनले सिक्किमेली समाजको भविष्य निर्माण गर्न गरेका कार्यहरूको मूल्याङ्कन गरेर साध्य छैन । राजनीतिको पहिलो औपचारिक पद समाल्न पुगेका पञ्चायत चामलिङदेखि लिएर हाल सिक्किमको मुख्य वाग्डोरमा रहेका मुख्यमन्त्री चामलिङसम्म आइपुग्दा एकपटक पनि पराजयको अनुहार देख्न नपर्नु पनि यिनले गरेका सामाजिक कार्यहरूको प्रतिफल नै हो । आफूले मुख्यमन्त्रीको पदभार ग्रहण गरेपछि गरेका सामाजिक कार्यहरूमा बाटोघाटो निर्माण, विद्युतीकरण, खानेपानी, धार्मिक एवं ऐतिहासिक संरक्षण, विद्यालय विस्तार, गरिबी निवारण अभियान, विद्यार्थी सहुलियत अभियान जस्ता अनेकन कार्यहरूले यिनको सामाजिक व्यक्तित्वको निर्माण स्वतः भएको छ ।

निम्नआर्थिक अवस्था भएकाहरूलाई उसको कार्यक्षमताअनुसारको व्यवसाय सञ्चालन गर्न लगाई आत्मनिर्भर बनाउन गरेका कार्यहरूको प्रशंसा जो कोहीले नगर्ला भन्नै पर्दैन । समाजमा

रहेका सोझा साधा जनतालाई अगाडि ल्याउने उद्देश्यले गरेका जस्तै चिन्तन शिविर, सीपमूलक तालिम, आत्मनिर्भर तालिम जस्ता कार्यहरू अनुकरणीय र प्रशंसनीय देखापर्छन् । साधारण जनताका भावनालाई बझेर सामाजिक कार्यमा लागेका चामलिङले आफ्नो व्यक्तित्वलाई सामाजिक व्यक्तित्वका रूपमा स्थापित गर्न सफल भएका छन् ।

### २.२.२.२. राजनीतिक व्यक्तित्व

पवन चामलिङको हालसम्मको सबैभन्दा महत्त्वपूर्ण व्यक्तित्व नै राजनीतिक व्यक्तित्व हो । यिनले जेजति कार्यहरू गरेका छन् ती सबै राजनीतिक यात्राभित्र यात्रा गरिरहँदा गरेका कार्यहरू हुन् । सन् १९७३को राजतन्त्रको विरोध जुलुसमा सहभागी भएदेखि सुरु भएको यिनको राजनीति हाल सिक्किमको मुख्यमन्त्री पदसम्म आइपुग्दासमेत उत्तिकै तेजिलो र देदीव्यमान बनेर अगाडि बढिरहेको छ । सन् १९७८ सालमा सिक्किम प्रजातन्त्र काङ्ग्रेसका प्रचार सचिव बनेका चामलिङ सोही पार्टीमा महासचिव र उपसभापतिसमेत बन्न पुगे । सन् १९८०को पञ्चायत निर्वाचनमा ग्राम पञ्चायतका सभापति पदमा निवाचित भई यिनले कार्य गरेको देखिन्छ । त्यसपछि सन् १९८५मा सिक्किम सङ्ग्राम परिषदमा प्रवेश गरी विधायक बनी यिनले कार्य गरेको र सन् १९८९मा पुनः विधायकमा निर्वाचत भई उद्योग, सूचना र जनसम्पर्क तथा मुद्रण विभागका मन्त्री बनेका देखिन्छन् । सन् १९८९सालको निर्वाचनमा यिनले सबैभन्दा बढी मत प्राप्त गरेको देखिन्छ । अत्यन्त गम्भीर स्वभावका चामलिङले जो कोहीको पनि कार्य गर्न झर्को मान्नुभएन भन्ने कुरा अहिले पनि जनश्रुतिमा आएको छ ।

सन् १९९२मा संसदको शून्य समयमा मैनबत्तीको प्रज्वलन गरी सिक्किममा प्रजातन्त्र सकिएको घोषणा गर्दै अब आफूले साँचो प्रजातन्त्र ल्याउने वाचा दिएर बाहिरिएका चामलिङले सन् १९९३ मार्च ४को दिन एउटा छुट्टै पार्टी 'सिक्किम प्रजातान्त्रिक मोर्चा'को गठन गरी सिक्किमेली राजनीतिमा देखापरे । यो कार्य उनको जीवनको महत्त्वपूर्ण क्षण बनेर देखापऱ्यो । त्यसको लगभग दुई वर्षपछि सन् १९९४ दिसम्बर १२को दिन उनी सिक्किमको मुख्यमन्त्री पदमा निर्वाचित हुनपुगे । त्यसैको निरन्तरता उनले हालसम्म पनि पाइरहेका छन् ।

सन् १९७३ सालको ऐतिहासिक आन्दोलनको ज्वारबाट राजनीतिमा प्रवेश गरेर यिनले सिक्किममा पञ्चायत, विधायक, मन्त्री तथा मुख्यमन्त्रीसमेत बनी अनेकन कार्यहरू गरिसकेका छन् । यही कार्यको परिणाम नै चामलिङले सफलताको धुरी चडिरहेका छन् । मुख्यमन्त्री पदमा पुगेर यिनले विभिन्न उदाहरणीय र अनुकरणयोग्य कार्यहरू गरेका छन् । जनताको आर्थिक, सामाजिक, राजनैतिक आदि विभिन्न क्षेत्रमा विकास होस् भन्ने उद्देश्यले यिनले आफ्नो कार्यकालमा पञ्चायती राजअन्तर्गत शक्ति विकेन्द्रीकरण तथा शक्ति हस्तान्तरण गर्ने काम गरेका छन् । राज्यका अतिग्रामीण तहका जनताहरूको जीवनस्तर माथि उठाउने ध्येयले यिनले सीपमूलक तालिम प्रदान गर्ने काम गरेका छन् । यसरी नै यिनले राज्यमा क्षमता विकास निर्देशनालय स्थापना गरेका छन् जसले राज्यको आमक्षमता विकास परियोजनाका लागि कार्ययोजनाको संस्थागत ढाँचा प्रदान गर्नेछ । पवन चामलिङको सरकारले गरेका कार्यहरूको उपलब्धिहरूमध्ये नथुला व्यापार मार्गको पुनः सञ्चालन पनि एउटा हो । सन् १९६०को दशकदेखि अवरुद्ध यो व्यापारको सञ्चालनले सिक्किम भारतमा मात्र परिचित नभएर विश्वसामु पनि चिनिन पुगेको छ । नथुला घाँटीको व्यापार सञ्चालनले केवल व्यापारिक मार्गमात्र सुचारु नभई चीन र भारतसँग मिल्ने धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्बन्धलाई पनि जीवन्त तुल्याएको छ । यिनी भाषा तथा संस्कृतिप्रति अत्यन्त मोह राख्दछन् । सिक्किम प्रान्तमा रहेका भाषाहरूलाई सदाका लागि बचाई राख्न यिनी तल्लीन रहेको पाइन्छ । जात-जाति विभिन्न भाषा र संस्कृतिका मुहान हुन् भने भाषा-संस्कृति राज्यको शोभा हो जसले राज्यलाई चिनाउन महत्त्वपूर्ण सहयोग गर्दछ भन्ने यिनको विचार रहेको पाइन्छ । यसरी सिक्किमका प्रत्येक जातजातिलाई आआफ्नो भाषा र संस्कृतिको खोजी गर्ने अवसर दिएर

यिनले सबैलाई समानताको अवसर प्रदान गरेका छन् । ...शिक्षा नै विकासको मेरुदण्ड हो' भन्ने तथ्यलाई मध्यनजर गर्दै ...सिक्किम विश्वविद्यालय', ...सिक्किम मणिपाल विश्वविद्यालय' जस्ता महाविद्यालयहरूको स्थापना गर्दै यिनले विभिन्न प्रकारका कलेजहरूको सञ्चालन गराएका छन् । त्यसैगरी उच्चमाध्यमिक विद्यालयस्तरमा विभिन्न प्रकारका प्राविधिक विषयहरूको पठनपाठन गरेर दक्ष जनशक्तिको उत्पादन गराउन यिनी तल्लीन देखिन्छन् । यसैगरी पवन चामलिङको कार्यकालमा सिक्किम राज्यलाई उत्कृष्ट पर्यटकीय क्षेत्रको रूपमा परिचित गराउन हुँदै गरेका धार्मिक पर्यटकीय स्थलहरूको निर्माण सन्तोषजनक देखापर्छ । यसरी उनले गरेका कार्यहरूको उच्च मूल्याङ्कन गर्न जोकोही पनि पछि नपर्ने देखिन्छ । माथि उल्लेख गरिएका कार्यहरूका अतिरिक्त सिक्किमे जनताको उन्नतिका लागि अल्पकालीन र दीर्घकालीन दुवै प्रकारका कार्ययोजना तर्जुमा गरी तिनको कार्यान्वयनमा यिनी लागिपरेका छन् ।

तेस्रो परिच्छेद

# पवन चामलिङको कविता यात्रा

## ३.१. पृष्ठभूमि

पवन चामलिङको हालसम्म जम्मा तीन वटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । सन् १९६८बाट ...वीरको परिचय'बाट कविता प्रकाशित गर्न आरम्भ गरेका चामलिङको हालसम्मका कृतिमा देखिएका संरचनात्मक प्रारूप र प्रवृत्तिलाई आधार मानेर यिनका कवितायात्राको चरण विभाजन गर्नुपर्ने हुन्छ ।

कवि पवन चामलिङको कविता यात्रालाई चरणबद्ध रूपमा विभाजन गर्नु उपर्युक्त कुराहरूको आधार लिनुपर्ने हुन्छ । समालोचकहरूले कविको कवितात्मक चरणहरूलाई विभाजन गर्दा विभिन्न किसिमका धारणाहरूलाई अगाडि ल्याउँदै चरण विभाजन गर्ने गरेको देखिन्छ । यहाँ पवन चामलिङको कवितात्मक चरणलाई छुट्याउन कवितात्मक प्रवृत्ति, स्वरूप र विधागत आयामलाई मुख्य आधार बनाउनु पर्ने देखिन्छ । हुनत प्रा.डा.नरेन्द्र चापागाईंले पवन चामलिङको कवितात्मक चरणलाई छुट्याई सकेका छन् । **नरेन्द्र चापागाईंका समालोचना** भन्ने पुस्तकको 'म को हुँ ?का कवि पवन चामलिङको कवित्व' शीर्षकमा पवन चामलिङको कवितात्मक चरणलाई छुट्याउँदा चापागाईंले विशेषतः अनुमानलाई मुख्य आधार बनाएको देखिन्छ । उनले विभाजन गरेको चरण यस प्रकार छ[१३] :

प्रथम चरण - सन् १९७० पूर्व
द्वितीय चरण - सन् १९७०देखि १९७८सम्म
तृतीय चरण - सन् १९७९देखि १९८५सम्म
चतुर्थ चरण - सन् १९८६देखि १९९२सम्म

चापागाईंले छुट्याएको उक्त चरण विभाजन प्रकाशनमा केन्द्रित देखिन्छ । उनले कवितासङ्ग्रह प्रकाशन भएको वर्षलाई मुख्य आधार बनाएको देखिन्छ । उनले यदि पवन चामलिङका अन्य कवितासङ्ग्रह यसभन्दापछि पनि प्रकाशन भएमा पाँचौं चरणमा राख्न सकिने छ भनी आफू प्रकाशनमुखी भएको पुष्टि दिएका छन् । त्यसै गरी पहिलो चरण सन् १९७० पूर्व भनेर किटान गर्दै कविले यसभन्दा पूर्व कविता रचना गरेको हुनसक्छ तर प्रकाशन गराएनन् होला भनी हदैसम्मको अनुमान गरेको देखिन्छ । चापागाईंको उक्त विभाजन कवितात्मक तत्त्व, आयाम, प्रवृत्ति आदिलाई आधार नबनाएर कृति प्रकाशनको समयलाई मात्र आधार बनाएकाले पूर्णतः अवैज्ञानिक देखिएको छ ।

पवन चामलिङको समग्र साहित्य यात्राको विभाजन गर्ने क्रममा **पवन चामलिङ व्यक्ति र कृति** पुस्तकमा कमलकान्त सेढाईंले तीन चरणमा विभाजन गरेका छन् । उनको काल विभाजन यस प्रकार छ[१४] :

पहिलो चरण - सन् १९६८ देखि १९८६सम्म
दोस्रो चरण - सन् १९८७ देखि १९९३ सम्म
तेस्रो चरण - सन् १९९४ देखि हालसम्म

कमलकान्त सेढाईंको उक्त काल विभाजन कविताको आधारमा नभएर समग्र साहित्य लेखनको आधारमा गरिएको छ । त्यसैले किरणको साहित्य यात्राको एउटा हाँगाको रूपमा रहेको कविता यात्रालाई छुट्टै राखेर अध्ययन गर्नुपर्ने दखिन्छ ।

---

१३. नरेन्द्र,चापागाईं, **नरेन्द्र चापागाईका समालोचना**,(काठमाडौं : साझा प्रकाशन, वि.सं.२०६०),पृ. १४३ ।
१४. कमलकान्त सेढाईं, पूर्ववत्, पृ. १७ ।

चामलिङको कविता यात्रालाई देखाउनु पर्दा प्रकाशन मिति र कवितासङ्ग्रहहरूलाई मध्यनजर दिनुभन्दा पनि प्रवृत्तिगत भिन्नतालाई मुख्य आधार बनाउन उपयुक्त देखिन्छ। हालसम्म उनको तीनवटा कवितासङ्ग्रहहरू प्रकाशित भएका छन्। उनले पहिलो सङ्ग्रह **प्रारम्भिक कविताहरू**(सन् १९९१)मा प्रारम्भिक चरणमा रचिएका कविताहरूलाई सङग्रहित गरी सन् १९९१मा प्रकाशित गराएका छन्। त्यसरी नै **अन्तहीन सपना मेरो विपना**(१९८६) उनको दोस्रो कवितासङ्ग्रह हो जुन सन् १९७९ देखि १९८५सम्म रचिएका कविताहरूको सङ्गालो हो। **म को हुँ ?** चामलिङको तेस्रो कवितासङ्ग्रह हो जसलाई सन् १९९३ सालमा प्रकाशित गरिएको हो। यिनै तीन कवितासङ्ग्रहको आधारमा कवि किरणका कवितायात्रालाई विभाजन गरेर देखाउन उपयुक्त देखिन्छ।

उनको पहिलो, दोस्रो र तेस्रो कवितासङ्ग्रहको अध्ययन गर्दा हालसम्मको चरण विभाजन गर्न सकिने आधारहरू प्रशस्त देखापर्छन्। विभिन्न किसिमका आधारहरूलाई मध्यनजर गर्दा कविको कविता यात्रालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्न उपयुक्त देखिन्छ, जसलाई निम्नानुसार देखाइएको छ :

१. पहिलो चरण - सन् १९६८देखि १९७८सम्म
२. दोस्रो चरण -सन् १९७९देखि १९८५सम्म
३. तेस्रो चरण - सन् १९८६देखि १९९२सम्म

### ३.१.१. पहिलो चरण (सन् १९६८देखि १९७८सम्म )

पवन चामलिङको साहित्य यात्रा औपचारिक रूपमा सन् १९६८देखि सुरु भएको हो। गान्तोकबाट प्रकाशित हुने **कञ्चनजङ्घा** पत्रिकामा 'वीरको परिचय' (सन् १९६८) नामक कविता प्रकाशित भएदेखि यिनको समग्र साहित्यिक यात्रा सुरु भएको हो। हुनत औपचारिक रूपमा यो पहिलो कविता हो तर यसैको आधारमा आधारित बनेर यिनको साहित्य यात्राको प्रमुख विधा कविता बन्न पुग्यो। सिक्किमको राजनीतिक, आर्थिक, सामाजिक, जीवनको पीडित अवस्थाप्रति यिनी परिचित बनेका कारण जीवनमा केही गर्नुपर्छ भन्ने लक्ष्यको पर्याप्त सङ्केत यस कवितामा पाउन सकिन्छ।

पवन चामलिङको कविता यात्राको पहिलो चरण यही 'वीरको परिचय' (१९६८)देखि सुरु भएको र १९७८सम्म रहेको पाइन्छ। सन् १९६८देखि १९७८सम्मका रचनाहरूलाई **वीरको परिचय र अन्य प्रारम्भिक रचनाहरू** भन्ने सङ्ग्रहमा सङ्ग्रहित गरेका छन्। कवितासङ्ग्रहको शीर्षकबाट नै यिनको प्रारम्भिक चरणका कविताहरू भन्ने थाहा पाउन सकिन्छ।

चामलिङका यस चरणका कविताहरूमा असन्तुष्ट अनुभूति प्रकट भएका छन्। तत्कालीन राजनीतिक पीडा यिनका कविताले मर्माहत रूपमा प्रकट गरेका छन्। यस चरणमा यिनी सामाजिक विषयवस्तुको प्रकटीकरणमा लागि परेका छन्। आयामको आधारमा यिनले छोटा छोटा कविताहरू रचना गरेको पाइन्छ भने भावानुभूतिको व्यङ्ग्यात्मक अर्थभन्दा पनि अभिधात्मक अर्थ प्रकट यिनका यस चरणका कविताहरूले गरेका छन्। सरल भाषा र ललित शैलीको प्रयोगले कविताको भाव आश्वादनमा कतै पनि अप्ठ्यारो पर्ने स्थिति देखापर्दैन। बिम्ब तथा प्रतीकको अति नै न्यून प्रयोग भएको यस चरणका कविताहरूले समाजमा रहेका विषयवस्तुलाई जस्ताको तस्तै प्रकट गरेको पाइन्छ। कवितात्मक उद्देश्यका दृष्टिकोणले यस चरणका कविताहरूले कविको स्वलक्ष्यलाई केही मात्रामा उजागर गरेको छ भने तत्कालीन सिक्किमेली परिवेशको यथार्थ स्थितिको चित्रण पनि गरेको पाइन्छ।

### ३.१.२. **दोस्रो चरण (सन् १९७९देखि १९८६सम्म)**

पवन चामलिङको कविता यात्राको दोसो चरण सन् १९७९ सालदेखि सुरु भएको हो । उनका प्रारम्भिक चरणका कविताहरूभन्दा यस चरणका कविताहरू कवितात्मक तत्त्वका आधारमा सुगठित देखिएका छन् । यस चरणको प्रतिनिधि कवितासङ्ग्रह **अन्तहीन सपना : मेरो विपना** ( १९८६) हो । सिक्किमेली समाजले सङ्घर्ष गरेर प्राप्त गरेको प्रजातन्त्रभित्र जनमानसमा जस्तो किसिमको उज्ज्वल भविष्यको सपना मडारी रहेको थियो त्यही विषयवस्तु भावात्मक स्वरूप लिएर यस चरणका कविताहरूमा देखापरेका छन् । यस चरणमा छोटा छोटा कविताहरूको अल्पता देखिएको छ भने मुक्तकहरूले पनि स्थान पाएको देखिन्छ । कविता आत्मसन्तुष्टिको निम्ति रचिनुको सट्टा चामलिङका कविताहरूले व्यवस्था परिवर्तनको तीव्र इच्छा लिएका छन् र परिवर्तनको साथसाथै गरिब जनताका समस्याहरूलाई निराकरण गर्नुपर्ने विचार व्यक्त गरेका छन् । सिक्किमेली परिवेशबाट माथि उठेर यस चरणका कविताहरूले विश्व भ्रमण गर्न खोजेको प्रतीत हुन्छ ।

सरल सुललित भाषाको सट्टा यस चरणमा कवि ठाडो भाषाको प्रयोग गर्दै आफूले अनुभव गरेका कुरा र सम्पूर्ण जनमानसले झेल्नुपरेको कष्टलाई कविताको माध्यमबाट प्रस्ट्याउन चाहन्छन् । सम्बोधनात्मक शैलीमा पृथकपन देखिएको छ भने शासन-सत्ताको विरोधमा पनि कविताहरू अत्यन्त आक्रोशित बनेर देखिएका छन् । बिम्ब र प्रतीकको समायोजन यस चरणका कविताहरूमा विस्तार भएको पाइएको छ । जीवनमा सङ्घर्ष गरेर नै बाँच्न सिक्नुपर्छ भन्ने स्वरहरू कविताको विशेषता बनेको छ । घुमाउरो ढङ्गमा पाठकलाई दर्शकको रूपमा उभ्याएर कविता सरसर्ती चेतनाको पुञ्ज छर्दै हिडेको प्रतीत हुन्छ ।

समग्रमा यस चरणका कविताहरूले विशेष रूपमा मान्छेको वकालत गरेको छ । मान्छे मान्छेभित्र कविता विचरण गर्दै प्रत्येक मान्छेको मुटु छाम्न कविताहरू सफल भएका छन् । मानिसमाथि भइरहेको आक्रमण, अन्याय, अत्याचारको खुलेआम विरोध गर्न यस चरणका कविताहरू पछि परेका छैनन् ।

### ३.१.३. **तेस्रो चरण (सन् १९८७देखि १९९२सम्म)**

कवि पवन चामलिङको यस चरण समग्र कविता यात्राकै उत्कृष्ट चरण हो । अघिल्ला दुई चरणका विशेषताभन्दा भिन्न रूपमा देखिएका कवि चामलिङ यस चरणमा आफ्नो कवित्वशक्तिको प्रचुर प्रयोग गर्नतर्फ लागेका देखिन्छन् । प्रकाशनका हिसाबले यस चरणमा उनका दुईवटा कवितासङ्ग्रह प्रकाशित भएको भए पनि **प्रारम्भिक कविताहरू** (१९९१) कविले पहिलो चरणमा नै रचेका रचनाहरू हुन् । कवि किरणको **म को हुँ ?** (१९९३) कवितासङ्ग्रह यस चरणको कृति हो जसमा सन् १९८६ देखि सन् १९९२सम्मका रचनाहरूलाई समावेश गरिएको छ । यस चरणका कविताहरू अघिल्ला चरणका कविताको तुलनामा भावात्मक देखिन्छन् । सहज सौन्दर्य, तीव्र संवेदना, सुकोमल भावना, मन्मयपूर्ण अभिव्यक्ति, चेतनात्मक अनुभूति, बौद्धिकताको कुशल संयोजनले कवि किरण कवितात्मक परिष्कृतिको उच्चतामा पुगेका दखिन्छन् । उनले आफ्नो भावनालाई भौतिकताको धरातलभित्र समावेश गराउँदै सामाजिक विषयवस्तुको उजागर गराउन रसानुभूतिपूर्ण आवाजहरू प्रकट गरेका छन् ।

यिनले यस चरणमा भावअनुसारको भाषा प्रयोग गरेका छन् । धार्मिक विषयवस्तु, राजनीतिक, सामाजिक, यौनपरक आदि जुनसुकै विषयवस्तुको उठान गरेका छन् त्यहीअनुरूप शब्द संयोजन गरी कविता रचना गरेको देखिन्छ । अभिधात्मक अर्थ उद्घाटनको सट्टा व्यङ्ग्यात्मक अर्थ रोज्नुपर्ने आवश्यकता यस पटकका कविताको महत्त्वपूर्ण विशेषता बनेको छ । जुनसुकै विषयलाई कविताको माध्यमबाट प्रकट गर्न खाजेको भए पनि त्यसले मानवहित र समाज सुधारको चाहना राखेको नै पाइन्छ । आध्यात्मिक विषयभित्र एकताको चाहना, यौनपरक विषयभित्र व्यवस्थाको

विरोध, भविष्यको परिकल्पना, राष्ट्रपरक विषयभित्र अन्याय अत्याचारको  उजागर यस चरणका महत्त्वपूर्ण विशेषता बनेका छन् ।

## ३.२.**निष्कर्ष**

पवन चामलिङको कविता यात्राको तीनै चरणको अध्ययनबाट यिनी प्रत्येक चरणमा कवितात्मक परिष्कृतितर्फ अग्रसर देखिएका छन् । विषय, समय, आयाम, ढाँचा, भाषा, शैली, उद्देश्य, बिम्ब, प्रतीक, विधा, आदि विभिन्न आाधारमा कवि चामलिङका कविता प्रत्येक चरणमा भिन्न देखिएका छन् ।

पहिलो चरणका कविताहरूले कविको आफ्नो परिवेश र राष्ट्रलाई विषयक्षेत्र बनाएको छ भने दोस्रो र तेस्रो चरणका कविताहरूको विषयक्षेत्र राष्ट्रदेखि अन्तराष्ट्रसम्म फिजिएका देखिन्छन् । त्यसभन्दा पनि फरक तेस्रो चरणका कविताहरूमा यौनपरक विषयको समेत समायोजन भएको छ ।

विधागत आधारमा कवि किरणले पहिलो चरणमा मुक्तक प्रभृतिका छोटा कविताहरूको रचना गरेका छन् । त्यसै गरी यसै चरणमा गीतिलयमा आधारित कविताहरू पनि रचना गरेका छन् तर त्यसलाई स्पष्ट रूपमा केही मुक्तकहरू भनी शीर्षक नै किटान गरेका छन् । हुनत यस चरणमा छोटा कविता रचना नभएका होइनन् तर पहिलो चरणमा मुक्तकको गुणले युक्त सिर्जनालाई पनि कविताभित्र समावेश गरिएको छ भने दोस्रो चरणमा कविता र मुक्तकलाई भिन्नाभिन्नै राखिएको छ । तेस्रो चरणमा कविले कविता रचनालाई नै परिष्कृत गर्दै लगेको देखिन्छ  ।

कवितात्मक आयामका दृष्टिबाट पहिलो र दोस्रो चरणका कविताहरूको तुलनामा तेस्रो चरणका कवितामा विस्तृति पाइन्छ । भावगत आधारमा पनि क्रमशः विस्तार भएको देखिन आउँछ । विषयवस्तु पनि विस्तार भई समाज, राष्ट हुँदै अन्तराष्ट्रिय परिवेशसम्म फिँजिन पुगेको देखिन्छ । भाषाशैलीको पनि चरणगत रूपमा सुगठित बन्दै गएको पाइन्छ । विषयवस्तुअनुरूपको भाषा तथा शब्द संयोजन गर्ने प्रौढता कवि किरणको प्रत्येक चरणमा देखिएको भिन्नता हो । बिम्ब तथा प्रतीकको संयोजनले पहिलो, दोस्रो र तेस्रो चरणमा क्रमशः विस्तार हुँदै गएको छ । बिम्ब र प्रतीकको समुचित प्रयोगले दोस्रो र तेस्रो चरणका कविताहरूमा भावगाम्भीर्य पाइन्छ ।

उद्देश्यको आधारमा किरणका तीनै चरणका कविताहरूले समाजहितको अपेक्षा राखेको देखिन्छ । मान्छेले पाएको दुःख, मान्छे मान्छेबीचको असमानता, मान्छेले मान्छेमाथि गरेको शोषण, अन्याय, अत्याचार आदिको उजागर गर्दै समानता र भाइचाराको सम्बन्ध स्थापित गर्नु कविका कविताहरूको मुख्य उद्देश्य रहेको देखिन्छ ।

चौथो परिच्छेद

# कविता विश्लेषणको प्रारूप

कवि पवन चामलिङ 'किरण'का कविता कृतिहरूको विश्लेषण खगेन्द्रप्रसाद लुइटेलले आफ्नो विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मा निर्माण गरेको प्रारूपका आधारमा गरिएको छ। उनले कविता विश्लेषणका निम्ति तयार पारेको संरचनावादी प्रारूप निम्नानुसार रहेको छ :

## ४.१. परिचय : कृतिकार र कृति

कविता विश्लेषणको यस संरचनात्मक प्रारूपका आधारमा कृति विशेषको विश्लेषण प्रारम्भ गर्नुपूर्व परिचय, विषयप्रवेश, पृष्ठभूमि, आमुख आदि कुनै उपशीर्षकमा सम्बद्ध कृतिकार र कृतिको बारेमा सङ्क्षिप्त परिचय दिइन्छ। सम्बन्धित विषयका महत्त्वपूर्ण सूचनाहरू भएमा यसअन्तर्गत प्रस्तुत गरिन्छ।[१५]

## ४.२. विभाजन : कृतिका प्रमुख भागहरू

संरचना र कृतिका बृहत एकाइको लघु एकाइहरूमा वितरणलाई विभाजन भनिन्छ। यसअन्तर्गत एउटा सिङ्गो संरचना विभिन्न एकाइहरूमा बाँडफाड वा वर्गीकरण गरी कृतिका बाह्य पक्षहरू केलाउने काम गरिन्छ।[१६]

कुनै पनि कृतिलाई भाग (सर्ग, परिच्छेद, उच्छ्वास आदि), अङ्क, दृश्य (स्थान) प्रसङ्ग, पङक्तिपुञ्ज (श्लोक), पङ्क्ति (पाउ, चरण, हरफ) आदि विभिन्न एकाइहरूमा विभाजन गरिएको हुन्छ। यस्तो विभाजन चिह्नित वा अचिह्नित, प्रत्यक्ष वा अप्रत्यक्ष हुन्छ। हरेक कृतिलाई विभाजन गर्ने एकाइहरूको एउटा निश्चित सोपानक्रम हुन्छ। संरचना, भाग, अङ्क, दृश्य, प्रसङ्ग, पङ्क्तिपुञ्ज, पङ्क्तिको रूपमा रहेको सोपानक्रम विभाजनको एकाइको रूपमा रहेका हुन्छन्।[१७]

## ४.३. सङ्गठन : कृतिको आङ्गिकता

संरचनालाई पूर्णता प्रदान गर्ने दृष्टिबाट परस्पर सम्बद्ध तथा स्वतन्त्र प्रकार्य हुने अवयव वा अङ्गहरूको व्यवस्थापनलाई सङ्गठन भनिन्छ। यसअन्तर्गत कुनै कृतिका अवयव वा अङ्गलाई निश्चित क्रममा व्यवस्थापन गरिन्छ। हरेक कृति अवयव अवयवी सम्बन्धबाट निर्मित हुनका साथै एउटा निश्चित सङ्गठनमा सुव्यवस्थित हुन्छ। कृतिगत सङ्गठनको व्यवस्थापन आदि, मध्य तथा अन्त्यका क्रममा हुन्छ र यो व्यतिक्रमिक पनि हुनसक्छ।[१८]

प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका कविताहरू पनि क्रमिक वा व्यतिक्रमिक ढङ्गले आदि, मध्य तथा अन्त्यकै क्रममा सङ्गठित भएका हन्छन्। सङ्गठनको यस्तो व्यवस्था सिङ्गो कृतिमा र त्यसभित्रका वस्तुमा समेत हुन्छ।[१९]

---

१५. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२) पृ. ३०२।
१६. ऐजन, पृ, ३०२।
१७. ऐजन, पृ, ३०२।
१८. ऐजन, पृ, ३०२।
१९. ऐजन, पृ. ३०३।

कृतिको आदि भागअन्तर्गत अभिमुखीकरण र प्रस्तावना, मध्य भागअन्तर्गत विचार, अन्त्य भागअन्तर्गत पुष्टीकरण र निष्कर्षण जस्ता एकाइहरू सम्बद्ध हुन्छन् भने वस्तुका सङ्गठनको आदि भागअन्तर्गत चिनारी, सङ्घर्षविकास, मध्य भागअन्तर्गत अन्य सङ्कटावस्थाहरू र चरम, अन्त्य भागअन्तर्गत सङ्घर्षह्रास र उपसंहार पर्दछन् ।[२०]

## ४.४. वस्तुः प्रमुख आधार सामाग्री

वस्तुले कृतिको सारभूत अंश वा सारतत्त्वलाई जनाउँछ। वस्तु सबै खाले कृतिमा हुन्छ र वस्तुबिना कुनै पनि कृतिको संरचना हुँदैन। वस्त मूलतः भाव वा विचारको रूपमा अभिव्यक्त भए पनि यसको प्रयोग कृतिको प्रकृतिअनुसार फरक फरक ढङ्गले गरिन्छ। प्रगीतात्मक संरचना भएका कृतिमा भाव र विचारको रूपमा, आख्यानात्मक संरचना भएका कृतिमा घटना वा प्रसङ्गका रूपमा तथा नाटकीय संरचना भएका कृतिमा कार्यव्यपार वा द्वन्द्वका रूपमा वस्तुको प्रयोग भएको हुन्छ ।[२१]

## ४.५. सहभागी : चरित्र र चरित्रचित्रण

सहभागीले कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई जनाउँछ। हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटीबडी भए पनि तिनको उपस्थिति चाहिँ अनिवार्य रहन्छ। कृतिमा सहभागीहरूको भूमिका वक्ता-श्रोता, प्रेषक-प्रापक, सम्बोधक-सम्बोधित आदिका रूपमा रहन्छ। सहभागीहरूको सहभागिता समय समयमा परिवर्तन भइरहन्छ। कविताका तिनैखाले संरचनामा प्रयुक्त सहभागीहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदि आधारमा वर्गीकरण गरी तिनको चरित्रचित्रण गर्ने तथा विश्लेषण गर्ने काम गरिन्छ ।[२२]

## ४.६. परिवेश : स्थान, समय र वातावरण

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो। कृतिभित्र प्रस्तुत घटना घटित हुने परिवेशसूचक स्थान, समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति विभिन्न ढङ्गले गरिन्छ। यिनमा कुनैको अभिव्यक्ति वर्णनात्मक, कुनैको विवरणात्मक, कुनैको सङ्केतात्मक हुन्छ। वातावरण सबै कृतिमा स्पष्ट रूपमा आए पनि स्थान र समयको चाहिँ स्पष्ट उल्लेख नहुन पनि सक्छ। यसरी स्पष्ट उल्लेख नगरिएको भए त्यसले सार्वभौमिकता र सार्वकालिकता तथा स्थान र समयको महत्त्वहीनतालाई जनाउँछ ।[२३]

## ४.७. उद्देश्य : प्रयोजनमूलकता

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो। हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ। मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रष्टीकरण आदिलाई कृति लेखनको प्रमुख उद्देश्य मानिन्छ। यसअन्तर्गत कृतिको विश्लेषण गर्दा त्यसमा अन्तर्निहित उद्देश्यलाई पनि केलाइन्छ ।[२४]

## ४.८. दृष्टिविन्दु : लेखकीय अवस्थिति

दृष्टिविन्दु भनेको कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने पद्धति हो। कृतिका चरित्र, कार्यव्यापार, परिवेश आदिलाई पाठकसमक्ष पुऱ्याउने तरिकाको रूपमा समेत लिइने दृष्टिविन्दुमा

---

२०. ऐजन, पृ. ३०४ ।
२१. ऐजन, पृ. ३०८ ।
२२. ऐजन, पृ. ३०९ ।
२३. ऐजन, पृ. ३०९ ।
२४. ऐजन, पृ. ३०९

लेखकीय विचारधाराको पनि अभिव्यक्ति हुन्छ। समाख्याता र समाख्यानको निर्धारणपछि ज्ञात हुने तृतीयपुरुष  र प्रथमपुरुष गरी मुख्यतया दुई प्रकारको हुन्छ।[२५]

## ४.९. भाषाशैलीय विन्यास

बनोटको निर्माण गर्ने साना घटकहरू (बुनोट)को व्यवस्थालाई भाषाशैलीय विन्यास भनिन्छ। यस्ता साना घटकहरू इन्द्रीयग्राह्य एवं मूर्त हुन्छन्। कृतिको बाह्यतलमा रहेका बुनोटहरूको योगबाट बनोटको निर्माण हुन्छ। बुनोटभित्र खास गरी भाषा (सङ्केतक, सङ्केतित ) र शैलीसँग सम्बद्ध घटक वा एकाइहरू बिम्ब, प्रतीक, अलङ्कार, छन्द, लय, अग्रभूमीकरण ( समानान्तरता, विचलन ) प्रयुक्ति विविधता आदि पर्दछन्। भाषाशैलीय विन्यासले कवितालगायत सम्पूर्ण साहित्यिक कृतिहरूलाई विशिष्टता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।[२६]

## ४.१०. व्याख्या तथा निष्कर्ष

माथि प्रस्तुत गरिएका कविताविश्लेषणका संरचनात्मक प्रारूपका आधारमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले संरचनाको विश्लषण गरिसकेपछि कृतिमा अभिव्यञ्जित अभिधेयार्थका अतिरिक्त व्यङ्ग्यार्थ, प्रगीतात्मकता, शीर्षक, सन्देश आदिबारे पनि व्याख्या गरिन्छ। कृतिलाई प्रारूपका सबै कोणबाट अध्ययन, विश्लेषण गरिसकेपछि अन्त्यमा समग्र रूपले व्याख्या गरी निष्कर्ष निकालिन्छ। यसरी अन्त्यमा गरिने व्याख्या र त्यसबाट निकालिने निष्कर्ष मूल्याङ्कनात्मक हुन्छ।[२७]

यसरी खगेन्द्रप्रसाद लुइटेलले आफ्नो विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मा तयार पारेको कविता विश्लेषणको संरचनात्मक प्रारूपका आधारमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले कविताको व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गर्न सकिन्छ।

२५. ऐजन, पृ. ३१०
२६. ऐजन, पृ. ३१०
२७. ऐजन, पृ. ३१०

पाँचौं परिच्छेद

# पवन चामलिङ 'किरण'का कविताहरूको विश्लेषण

## ५.१. परिचय

सन् १९६७ सालदेखि कविता रचना गर्न आरम्भ गरेका पवन चामलिङ 'किरण'ले हालसम्म साँडेचार दशक लामो साहित्य यात्रा पार गरिसकेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएको भए पनि उनी मूलतः कविता विधामा स्थापित भइसकेका छन् । कविता विधाअन्तर्गत उनको लघुतम र लघु रूपको रचना विभिन्न सङ्ग्रहका रूपमा प्रकाशित भएका छन् । विविध विषयवस्तुलाई आत्मसात् गरेर लेखिएका उनका कवितामा सामाजिकता र मानवताको झल्को भने गम्भीर रूपमा प्रस्तुत भएको देखिन्छ । हालसम्म तीनवटा कवितासङ्ग्रह प्रकाशित गरिसकेका पवन चामलिङका कविताकृतिहरूलाई रचनाकाल र प्रकाशनकाल सहित निम्नानुसार प्रस्तुत गरिएको छ :

| कृति | रचनाकाल | प्रकाशनकाल |
|---|---|---|
| १. **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** | सन् १९६७-१९७८ | सन् १९९१ |
| २. **अन्तहीन सपना : मेरो विपना** | सन् १९७९-१९८५ | सन् १९८६ |
| ३. **म को हुँ ?** | सन् १९८६-१९९३ | सन् १९९३ |

यी कवितासङ्ग्रहबाहेक **क्रान्तिको प्रवेश** (सन् १९९४) कवितासङ्ग्रह प्रकाशित भएको भए पनि त्यसमा सङ्ग्रहित कविताहरू उक्त तीनवटा सङ्ग्रहबाट सङ्कलन गरेर प्रकाशित गरिएको २२ वटा कविताहरू समावेश गरिएको कृति हो जसलाई सी.बी. कार्की र भीम दाहालले सम्पादन गरेका छन् । यसबाहेक उनका अप्रकाशित रूपमा थुप्रै फुटकर कविताहरू रहेको जानकारी पनि पाइन्छ ।[२८] उक्त कवितासङ्ग्रहका कविताहरूलाई यसभन्दा अगाडिको परिच्छेदमा प्रस्तुत प्रारूपका आधारमा विश्लेषण गरिन्छ ।

## ५.२. वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू कवितासङ्ग्रहको विश्लेषण

### ५.२.१. परिचय

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवि पवन चामलिङको पहिलो कवितासङ्ग्रह हो जसलाई सन् १९९१मा पहिलो प्रकाशन गर्दा **पवन चामलिङ 'किरण'का प्रारम्भिक कविताहरू** (१९९१) नामले प्रकाशन गरिएको थियो । त्यस संस्करणमा **वीरको परिचय** कविता समावेश गरिएको थिएन । यस कवितासङ्ग्रहमा लघुतम रूपदेखि लघु रूपसम्मका कविताहरू समावेश गरिएका छन् ।

यो कवितासङ्ग्रह निर्माण प्रकाशन, राङगाङ, दक्षिण सिक्किमबाट प्रकाशनमा आएको र श्रीमती धनमाया चामलिङ यसको प्रकाशक रहेकी देखिन्छिन् । यसको प्रथम, द्वितीय,तृतीय र चतुर्थ संस्करण क्रमशः सन् १९९१, १९९२, १९९६ र २०१०मा आएको देखिन्छ भने प्रथम र तृतीयको मुद्रण ताज प्रेस, नई दिल्लीबाट भएको र चतुर्थको मुद्रण निर्माण फोटो अफ्सेट, गान्तोकबाट भएको पाइन्छ । चतुर्थ संस्करणसम्म आइपुग्दा कविले प्रथम प्रकाशन (सन् १९९१)मा **पवन चामलिङ 'किरण'का- प्रारम्भिक कविताहरू**, द्वितीय (सन्१९९२) र तृतीय

२८. पवन चामलिङ 'किरण'बाट प्राप्त जानकारी ।

प्रकाशन (सन्१९९६)मा **प्रारम्भिक कविताहरू** र चतुर्थ प्रकाशन(सन् २०१०)मा **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** गरी यस कवितासङ्ग्रहको पटकपटक नाम परिवर्तन गरेका छन् । उनले 'दोस्रो संस्करणबारे केही कुरा' भन्ने भूमिकामा पहिलो संस्करणका ६ वटा कविता हटाइए र अन्य १३ वटा दोस्रो संस्करणमा समावेश गरिएको भन्दै अरू कविताहरू पनि केही संशोधन र परिमार्जन गरिएको जानकारी दिएका छन् ।[२९] यस सङ्ग्रहको भूमिका सुवास दीपकले लेखेका छन् ।[३०] सन् १९९१मा पहिलो संस्करण प्रकाशित हुँदा **पवन चामलिङ 'किरण'का प्रारम्भिक कविताहरू**मा ७८ वटा कविताहरू, दोस्रो संस्करणमा केही थपघट गरेर ८५ वटा, तेस्रो संस्करणमा ९४ वटा, चौथो संकरणमा ९२ वटा रहेको देख्दा कविले पटकपटक परिमार्जन गर्दै पुस्तक प्रकाशन गरेको कुरा पुष्टि हुन आउँछ । हाल विश्लेषणको लागि **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** (चतुर्थ संस्करण :सन् २०१०)लाई आधार मानिएको छ ।

## ५.२.२. विभाजन र सङ्गठन

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहभित्र जम्मा ९२ वटा कविताहरू रहेका छन् । अत्यन्त छोटा आयाम भएका कविताहरूलाई कविले **मसिना कविताहरू** मूल शीर्षक बनाएर अन्य उपशीर्षकमा समावेश गरेका छन् । कतैकतै एक शब्दको पनि एक पङ्क्ति बनाइएको छ भने कतै उपवाक्यसम्म एक पङ्क्ति बनेर आएको देखिन्छ । यसरी हेर्दा कवितामा संरचनात्मक विविधता स्पष्ट देख्न सकिन्छ । भावात्मक अनुभूतिको सम्प्रेषण गर्दा कतै छोटो आयाममा नै कविताले पूर्णता पाएको छ त कतै विभिन्न पङ्क्तिपुञ्जहरू विभाजन गरेर कवितालाई पूर्णता दिएको देखिन्छ । यसभित्र अप्रत्यक्ष पङ्क्तिपुञ्ज छुट्याउन सक्ने स्थिति देखिन्छ । वर्णन, प्रसङ्ग, आदि, मध्य, अन्त्यअनुसार कवितालाई पुञ्ज-पुञ्जमा विभाजन गरेर अध्ययन गर्न सकिने देखिन्छ ।

गद्यलयमा आधारित **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू**का कवितालाई हेर्दा पङ्क्तिपुञ्जगत विविधता पाइन्छ । कतै दुई पुञ्जमा नै कविता समाप्त भएको छ भने कतै ८ वटासम्म पुञ्जहरू रहेका छन् । कविता (१), (२), (४), (५), (१२), (१६), (१८), (१९), (२०), (२१), (२२), (२४), (२५), (२६), (२७), (२८),(२९), (३०), (३१), (३२) (३३), (३४), (३५) आदिमा पुञ्जगत स्पष्टता झल्किन्छ र यसलाई चिह्नित पङ्क्तिमा राख्न सकिन्छ । कविता (३)का प्रायः कविताहरू, (६), (७), (८), (९), (१०), (११), (१३), (१४), (१७), (२३) पङ्क्ति विभाजन नभएका कविताहरू हुन् । यसैगरी पङ्क्तिपुञ्ज विभाजन नभए पनि कविता (८), (९), (१३), (१७)मा भाव, प्रसङ्ग, अवस्था आदिका आधारमा विभाजन गर्नुपर्ने देखिएकाले यसलाई अचिह्नित पङ्क्तिमा राख्न सकिन्छ ।

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहका अधिकांश कविताहरू (१), (२), (५), (६), (१३), (१५), (१७), (१८), (१९), (२१), (२४), (३०), (३२), (३३), (३५), (४०), (४१), (४२), (४७) आदिमा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको देखिन्छ भने कविता (७), (८), (९), (१२) आदिमा त्यस्तो श्रृङ्खला मिलेको देखिँदैन । कविता (३८), (४३) आदि वृत्तात्मकता जस्ता र केहीमा केवल वर्णनात्मकतामात्र पाइएकाले श्रृङ्खलागत विन्यास देखाउन नमिल्ने पनि देखिन्छ ।

यस सङ्ग्रहका कविताहरू जहाँ पुञ्जमा विभाजन भएका छैनन् त्यहाँ प्रायः आदि, मध्य र अन्त्यको श्रृङ्खला पाइँदैन । केही कविता अत्यन्त लघु (३)भित्रका कविताहरूमा

---

२९. पवन चामलिङ, वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू चौ.सं.,भूमिका, (सिक्किम : निर्माण प्रकाशन , सन् २०१०) ।
३०. ऐजन ।

भावाभिव्यक्तिमात्र देखिन्छ । (१), (२), (५), (६) आदि कविताहरूमा विषयप्रति आकर्षित गराउने ध्येयले अग्रभूमीकरणको भूमिका निर्वाह गरिएको छ र विषयको प्रस्तुति भएकाले विषयप्रति आकर्षण गर्दै विचारभाग र निष्कर्षभागको आवस्थिति पनि कविताहरूले प्रस्तुत गरेका छन् । सामान्यतया यसभित्रका कविताहरू प्रतीगात्मक संरचनामा आधारित रहेकाले वस्तु व्यवस्थापनभन्दा पनि भाव व्यवस्थापनतिर बढी आकर्षित रहेका देखिन्छन् ।

समग्रतः **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहका अधिकांश कवितामा आंशिक रूपमा आदि, मध्य र अन्त्यको सङ्गठन मिलेको पाइए पनि पूरै कवितामा यस प्रकाशनको साङ्गठनिक व्यवस्थापन पाउन सकिँदैन । प्रायः 'म' पात्रले आफ्ना जीवनमा भोगेका विषयलाई नै कविताको विषयवस्तु बनाएकाले कविताको संरचनात्मक व्यवस्थापन मिलाउनतिरभन्दा पनि भाव सम्प्रेषण गर्नमा नै कविताहरू तल्लीन देखिएका छन् । यसरी हेर्दा यस सङ्ग्रहका कविताहरू आयामगत, विषयगत, प्रस्तुतिगत, संरचनागत आदि आधारमा विविधतापूर्ण देखिएका छन् ।

### ५.२.३. वस्तु

यस कवितासङ्ग्रहको विषयवस्तुका रूपमा रहेको भावको विकास र विस्तारलाई मूलभावको रूपमा प्रस्तुत गरिएको छ । कविताको विषयअनुसार नै यसले कस्तो किसिमको भाव प्रकट गर्न खोजेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ । कविताको सुरुवातमा भावको प्रतिपादन, मध्यभागमा उत्थान र अन्त्यभागमा निष्कर्षको प्रस्तुति देख्न पाइन्छ । जसलाई निम्नलिखित तालिकामा स्पष्ट रूपमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| १. | वीरको परिचय | वीर सहिदहरूलाई सम्झना गर्नु र उनीहरूको कार्यलाई प्रत्साहन गर्दै र त्यस मृत्युमा अर्थपूर्णता देख्नु कविताले सहिदहरूप्रति गरेको सम्मान हो भने आफू पनि कुनै न कुनै कार्य गर्दै एउटा अर्थपूर्ण बचाइ जिउन चाहनु चाहिँ यहाँ मूलभाव बनेर आएको देखिन्छ । |
| २. | हाम्रो नयाँ वर्ष | समाजमा पछाडिएकाहरूले कहिले पनि चैनको सास फेर्न नपाएको तर सीमित सम्भ्रान्त परिवार तिनै पछाडि परेकाका माध्यमबाट चैन गरिएको हँदा अब आउने नयाँ वर्षमा खुसी र स्वतन्त्रताको महसुस गर्न आफ्नो भाग्य सुरक्षाको निम्ति अगाडि बढ्नुपर्ने भाव यस कवितामा व्यक्त गरिएको छ । |
| ३. | मसिना कविताहरू | |
| क. | कोमल | बादललाई हावाले उडाएर अस्तित्वविहीन बनाएको प्रसङ्गबाट संसारमा सोझा मानिसहरूको दुर्गतिको कारुणिक चित्रण यस कवितामा भएको छ । |
| ख. | लाटो बोल्छ | अर्काले गरेको कार्यको मात्र अनुसरण नगरी आफूले पनि कुनै नयाँ कुराको प्रतिपादन गर्दै समाजलाई नयाँ दिशा प्रदान गर्नुपर्ने भाव नै यहाँ मूलभूत रूपमा आएको देखिन्छ । |
| ग. | कुतकुती | संसारमा भएका हरेक अधुरा कार्यहरू तथा गरिबी, पीडा, भोक, रोग, शोक आदि सम्पूर्ण कुराको समाधान गर्दै धरतीलाई स्वर्गतुल्य बनाउने कुतकुती कविमा लागेको भाव व्यङ्ग्यात्मक रूपमा यहाँ प्रकट भएको छ । |

| | | |
|---|---|---|
| घ. | पापी मन | संसारमा रहेका प्रत्येक प्राणीमा आफ्नोपनको महसुस हुनुपर्ने विचार व्यक्त गर्दै सबैभित्र एकत्व देख्ने 'वशुधैव कुटुम्बकम्'को भाव यस कवितामा अभिव्यक्त भएको पाइन्छ । |
| ङ. | पागल | मान्छेले मान्छेसँग गरेको राक्षसी व्यवहारको चित्रण नै यहाँ प्रकट भएको छ । |
| च. | मेला | यस जगमा देखिएका साना-ठूलाको भेदभाव, मानवताको विचलित स्थिति, रगतको साइनोमा पनि उच-नीचको भेदभाव, स्वार्थी प्रवृत्तिको जगजगीलाई कविताले देखाएको छ । |
| छ. | म | यस कवितामा 'म' पात्रको आत्मसन्तुष्टि प्रस्तुत हुनका साथै आफूले गरेको कार्यप्रति सन्तुष्ट रहनुपर्ने भाव अभिव्यक्त भएको छ । |
| ज. | पशुको मृत्यु | यसमा धननै सर्वस्व हो भन्ने धनाशक्तप्रति लक्षित गर्दै शोक, अफसोस र लोभभित्र तिनीहरूको मृत्यु पशुतुल्य हुन्छ भन्ने अभिव्यक्ति पाइन्छ । |
| झ. | मान्छेको मृत्यु | गरिब मान्छेहरूको निश्कलङ्कित मनको प्रस्तुति दिँदै तिनीहरू अर्काको शोषण, अन्याय र अत्याचारमा परेर मर्न बाध्य हुनुपर्छ भन्ने करूण चित्रण यस कवितामा पाइन्छ । |
| ञ. | मायाको रूप | यो कविता उमेर बढ्दै जाँदा मान्छेको रङ्ग, रूप बदलिए पनि भावात्मक अनुभूतिभित्र रहेका मायाको स्वरूप कहिले पनि फेरिँदैन भन्ने आन्तरिक भाव प्रस्तुतिमा आधारित छ । |
| ट. | मायाको अभाव | आफ्नी प्रेमिकाप्रति सम्बोधित यस कविताले संसारमा माया-प्रेम जस्ता कुराहरू लोप भएकाले धर्ती रोएको छ भन्ने भावुक अभिव्यक्ति प्रस्तुत गरेको छ । |
| ठ. | अभिलाषा | सृष्टिको श्रेष्ठ फूलबारी रूपी यस संसारमा जन्मिएर केही उच्चकार्य गर्ने अभिलाषा राख्नुपर्छ भन्ने अस्तित्ववादी चिन्तन यस कवितामा प्रस्तुत भएको छ । |
| ड. | मान्छे | यस कविताले मान्छे अत्यन्त स्वार्थी र दानवी प्रवृत्तिको भएको र तिनीहरूमा विश्वास गर्ने आधार कतै पनि नरहेको भाव व्यक्त गरेको छ । |
| ढ. | कठोर | यहाँ कवि सहिदको बलिदानी कठोर सङ्घर्षको परिणाम स्वरूप प्राप्त भएको एउटा हर्षित कार्य हो भन्ने कुरा ढुङ्गा, भ्याम्पल र मार्तोलको प्रसङ्गबाट व्यक्त गर्दछन् । |
| ण. | अदृश्य | हावाको अदृश्य महिमाको वर्णन गर्दै स्वार्थी मानिसहरूसँग जहिले पनि सतर्क रहनुपर्ने भाव यस कवितामा व्यक्त भएको छ । |
| त. | अफालिएको ढुङ्गा | अफालिएको बाटोको ढुङ्गा नै कुनै दिन देवमन्दिरमा पुजिन सक्छ भन्दै भाग्योदय भए मानिसले प्रगति गर्न केही समय पनि लाउँदैन भन्ने कुराको प्रस्तुति यहाँ गरेको बुझिन्छ । |
| थ. | पराइ | यस कवितामा मान्छे-मान्छे मिलेर बस्नुपर्ने र सबै मान्छे पराइ हुनको सट्टा एक हुनुपर्ने भाव व्यक्त भएको पाइन्छ । |
| द. | कोमल | हावाले बादललाई जताततै उडाएको कारणले वसन्तमा पानी बनेर आँसु चुहाएको भावुक अभिव्यक्ति यहाँ प्रस्तुत भएको देखिन्छ । |

| | | |
|---|---|---|
| ध. | मानवसँग | मान्छेले देखाएको पशुवत् व्यवहारप्रति लक्षित गर्दै त्यस्ता मान्छेलाई सतर्क पार्नु यस कविताको लक्ष्य रहेको देखिन्छ । |
| न. | आधुनिकता | आधुनिकता भनेको एउटा खोक्रो फुकुण्डाभित्र हावा भरेर सुन्दर बनाएको जस्तै हो भन्ने आलोचनात्मक दृष्टि यहाँ प्रकट भएको छ । |
| प. | हाँसिरहेछु | मानवतावादी चिन्तन रहेको यस कविताले मान्छेको श्रेष्ठतालाई प्रस्तुत गर्ने अभीष्ट लिएको देखिन्छ । |
| फ. | अन्जान म | कविले आफू सार्वजनिक व्यक्ति भइसकेको भाव व्यक्त गर्दै मेरो, तेरो, फलानो भन्ने मानिसले गरेको भेदभावपूर्ण रेखादेखि आफू अन्जान बनेको अभिव्यक्ति कवितामार्फत प्रस्तुत गरेका छन् । |
| ४. | जानिनँ | यहाँ कविले आफू एउटा आदर्श व्यक्ति बनेर जिउन खोज्दा खोज्दै पनि आफ्नो विपरीत उभिएर नकारात्मक कार्य गर्न तल्लीन रहेका समूहले समाज हितको कार्य गर्न वञ्चित गरेको भाव व्यक्त गरेका छन् । |
| ५. | बादल | कोमल र सुन्दर वस्तुभित्र पनि कठोर र प्रलयकारी शक्ति हुनसक्छ त्यसैले कोमलतालाई कमजोर सम्झिनु हुन्न भन्ने अभिव्यक्ति कोमल बादलभित्र रहेको असिना र पानीको भीषण स्वरूपबाट कविले व्यक्त गर्न खोजेका छन् । |
| ६. | शीत | कुनै पनि वस्तुलाई कमजोर देखेर कमजोरी ठान्नु हुँदैन किनभने त्यो कुनै दिन अस्तित्वमा सबल बनेर देखापर्न सक्छ भन्ने तार्किक अभिव्यक्तिको प्रस्तुति यहाँ पाइन्छ । यीशु, गान्धी जस्ता मिथक प्रयोग गर्दै सत्य अहिंसा जस्ता सकारात्मक सोच र भावना विलिन हुँदै आजको युग अन्धकारमय बनिसकेको विकराल स्थितिको चित्रण यहाँ भएको देखिन्छ । |
| ७. | के चढाऊँ | एउटा प्रेमीले प्रेमिकाप्रति प्रस्तुत गर्ने प्रेमात्मक अभिव्यक्ति अभिव्यक्त गर्दै कवि मायाको सर्वोपरितालाई भावमय तरिकाले प्रस्तुत गर्दछन् । |
| ८. | मान्छे अनि कर्तव्य | कर्तव्यपथमा ठक्कर खाई गलित बनेको मानिसप्रति लक्षित यस कविताले कर्तव्यपथमा लागि रहन आह्वान गरेको छ । आज तिमीले गरेको कर्तव्यको सफल परीक्षण त्यतिबेलामात्र हुन्छ जतिबेला तिम्रो हातमा सफलताका बहुमूल्य कणहरू पर्नेछन् । त्यो दूरावस्थित हर्षोल्लासको निम्ति भए पनि तिमीले कर्तव्य गर्नुपर्दछ भन्ने अभिव्यक्ति कविताले प्रस्तुत गरेको छ । |
| ९. | एउटा प्रश्न | एउटा उच्च ओहदामा बसेका मान्छेप्रति लक्षित गर्दै उनीहरूको कुकार्य र भ्रष्ट स्वभावमाथि यो कविता लक्षित छ । जनताको दु:ख दर्दलाई आत्मसात् गर्दै अगाडि बढ्ने कसम खाएर गाडी-बिल्डिङमात्रै किन्ने र आफैमात्र भूँडी भर्ने समूहदेखि कवितात्मक भाव विचलित बनेको छ । |
| १०. | पल-पल जलिरहेछ | जीवन अश्रुसागर सिवाय अरू केही पनि होइन, केवल ऊर चितामा जल्नु र पल पल गलिरहनुभन्दा पर मान्छेको अस्तित्व केही छैन भन्ने विसङ्गतपूर्ण भाव यहाँ देखापरेको छ । |

| | | |
|---|---|---|
| ११. | आह्वान | नयाँ दिनको सुरुवातसँगै केही नयाँ आशा र अभिलाषा लिएर हामी यस संसारमा ब्यूँझनुपर्छ भन्दै यस कविताले प्रत्येक दिनको बिहानीले सुकार्यको अपेक्षा गरेको हुन्छ , हाँसी हाँसी बाँच्ने चाहना राखेको हुन्छ ; त्यसैले सम्पूर्ण मानिसलाई शान्त र अटल बनेर सत्य कर्म गर्न र संसारमा ज्ञान, धर्म, अहिंसा जस्ता तत्त्वहरूको नास भइसकेको र पापी, कपटी, दुष्ट प्रवृत्तिहरूको जन्म भएकाले यसलाई हटाउन सम्पूर्ण मानव प्रजातिलाई सचेत आह्वान गरेको छ । |
| १२. | हिजो आज | मानिसले परम्परालाई भुलेको, पुर्खाको स्वच्छ कल्पनामाथि आजका सन्तति सचेत नरहेको, बाबु आमाको सकारात्मक सोच छोरा छोरीले खरानी बनाइदिएको स्थितिलाई इङ्गित गर्दै मान्छे जति नै आधुनिक बन्न खोजे पनि सृष्टिको आदिम प्रक्रिया परम्परित रूपमै चलिरहेको छ भन्ने परम्पराप्रति मोह प्रकट गर्नु नै यहाँ मूलभाव बनेको छ । |
| १३. | यस्तै लाग्छ | विश्वबन्धुत्वपूर्ण भावले ओतप्रोत यस कविताले समाजका कुतत्त्वहरूलाई हटाउँदै स्वच्छ, निर्मल परिवेशको निर्माण गर्नुपर्छ र सानो-ठूलो गरिब-धनी जस्ता भेदभावपूर्ण स्थितिको अन्त्य हुनुपर्छ भन्दै धरती केवल एउटै-एउटै होस् भन्ने साम्यवादी सोचको अवधारणा व्यक्त गरेको देखिन्छ । |
| १४. | मान्छे र कर्तव्य | मान्छे र कर्तव्यमा अन्योन्याश्रित सम्बन्ध देखाउँदै मान्छे के हो र कर्तव्य के हो भन्ने कुरा परिभाषाको माध्यमबाट अगाडि बढाउँदै मान्छेलाई कर्तव्यको माध्यमबाट उच्चपदमा रहँदै सदा पूज्य रहने असल भूमिपुत्रको रूपमा स्थापित हुन हौसला प्रदान गर्ने यस कविताले मान्छेलाई लक्ष्य प्राप्तिको निम्नि कर्तव्य गर्न र मोतीको कण बन्न उत्प्रेरणा दिँदै भावात्मक अभिव्यक्ति प्रस्तुत गरेको छ । |
| १५. | एक गीत | प्रेममय भाव प्रकट गर्दै अगाडि बढेको यस गीतिकविताले साली र भेनाको प्रेमात्मक अभिव्यक्तिलाई प्रस्तुत गर्दै अल्लारे पिरतीको प्रस्तुति दिएको छ । |
| १६. | पुकार | मार्क्सवादी चिन्तनमा आधारित यस कविताले उच र नीचको भेदभावलाई हटाउँदै विश्वमानवलाई एकसूत्रमा बाँध्ने र संसारमा प्रेममय वातावरण निर्माण गर्दै पसीनाको मूल्य निर्धारण गर्ने तथा धरतीमा चमचमाउने ताराहरूको उदय गराउँदै यसलाई तारामण्डलमय बनाउने प्रगतिशील भावना मूलभावको रूपमा प्रस्तुत गरेको छ । |
| १७. | मेरो देश | जनताका असन्तुष्टिका आवाजहरू सडकमा आन्दोलन, जुलूस, हडताल, भाषण, नारा, पार्टी भएर निस्किने गरेको परिस्थिति र त्यसबाट सकारात्मक परिणामको सट्टा नकारात्मक परिणाम देखापर्ने परिस्थितिलाई कविताले विषयवस्तुको आधार बनाउँदै देश शोषकको हातमा छ, जनता शोषित छन्, यहाँ कराउनु र चिच्याउनुको कुनै अर्थ छैन भन्ने विसङ्गतपूर्ण परिस्थितिको चित्रण भावात्मक रूपमा प्रस्तुत गरेको छ । |

| | | |
|---|---|---|
| १८. | बोध | यस कवितामा सडकलाई मानवीकरण गरेर प्रतीकात्मक रूपमा सडकले बुझेको, सडक उठ्दै गरेको, सडक जुर्मुराउन थालेको, सडक चल्मलाउन थालेको प्रसङ्गलाई जोड्दै जनतामाथि राज गर्न आशक्त बनेका समूहलाई अब जनतामा पनि चेतनाको प्रादुर्भाव भइसकेकाले यिनीहरू उठ्न थालेको र क्रान्तिका हुँकारहरू छिटै सुनिन थाल्ने सङ्केत रूपकात्मक रूपमा अभिव्यञ्जित छ । |
| १९. | तिम्रो-मेरो आह्वान | क्रान्तिकारी चेतले ओतप्रोत यस कविताले शोषकहरूको अत्याचारी व्यवहारलाई प्रस्तुत गर्दै, तिनीहरूको अत्याचारबाट गरिब जनताले सास्ती भोग्नु परेको, अनिकालको लागि जोहो गरेको केही अन्न पनि लुटाउन बाध्य हुनु परेको आक्रान्त स्थितिलाई विषय बनाउँदै तत्कालीन डेकादारी शासनको अत्याचारी व्यवहारको सङ्केत सहित क्रोधित अभिव्यक्तिमा गरिबलाई सताउने सामन्ती सत्ताको अन्त्यको कामना गरेको छ । |
| २०. | बाध्यता | मान्छेले जन्मेर नचाँहदा नचाहँदै भोग्नु परेको परिस्थिति, जीवनपर्यन्त केही लान नपाउने शुन्यवादी अवधारणा, अरूकै लागि कुरूप भएर मैनबत्ती जस्तो जलेर जानुपर्ने, अत्याचारले धुरी टेक्दा पनि बोल्न नपाउने परिस्थिति, मान्छेले मान्छेसँग डराएर बस्नुपर्ने जस्ता आजका बाध्यात्मक परिवेशलाई विसङ्गतपूर्ण तरिकामा कविताले आफ्नो भाव प्रकट गरेको छ । |
| २१. | म | मान्छे आफूले निर्माण गरेका विभिन्न प्रकारका अत्यधुनिक आविष्कारबाट आफू नै त्रस्त बन्न पुगेको यथार्थलाई कविताले विषयवस्तु बनाउँदै विस्तारविस्तार यहाँ अस्तित्वको सङ्कट देखापर्ने र देखापर्न थालेको आजको स्थितिलाई चित्रण गर्दै विसङ्गत जीवनको परिकल्पना मूलभावको रूपमा अभिव्यक्त गरेको छ । |
| २२. | बाँकी छ | यस कविताले अभाव ग्रस्त संसारको चित्रण गर्दै चाँदनीको उदाउने अवस्था, सूर्यको उदाउने अवस्था, वसन्त आगमनको अवस्था, पानी पर्नुपर्ने अवस्था, फूलमा सुगन्ध लाग्नुपर्ने अवस्था, मान्छेमा विवेक पलाउनुपर्ने अवस्था, चन्द्रमामा कलङ्क मिटिनुपर्ने अवस्था जस्ता कुरा सबै बाँकी रहेको देख्ने कविले सारभूत रूपमा संसारमा मानवता आउन बाँकी रहेको कुरालाई नै निष्कर्षको रूपमा प्रस्तुत गरेको छ । |
| २३. | भूल रहेछ | जीवनयापनको क्रममा ठक्कर खाँदै जाँदा सबैप्रति विश्वास टुट्दै गएको अवस्थालाई फूलभित्रको काँडाको अवस्थिति, अमृतभित्रको विषको अवस्थिति, मानवभित्र दानवताको बास, क्षणिक हर्षपछिको विस्मत, देवताभित्रको मुकता, सत्यताभित्रको जालझेल जस्ता कुराबाट जीवन विसङ्गतपूर्ण रहेछ ; यीशु, बुद्ध जस्ता मान्छेको कल्पना पनि गर्न नसिकिने रहेछ, मान्छे मान्छे हुनको लागि आफू सर्वप्रथम सक्षम र आत्मनिर्भर रहनुपर्ने रहेछ भन्ने कुराको चेतना दिनु नै यस कविताको मूलभाव रहेको देख्न सकिन्छ । |

| | | |
|---|---|---|
| २४. | क्रान्ति अनि निष्कर्ष | क्रान्ति नै सर्वेसर्वा हो भन्ने कुरालाई उच्चदर्जामा राख्दै मान्छे जन्मनुको कारण नै क्रान्ति गर्नु हो , सफलताको द्योतन क्रान्तिको निष्कर्ष हो, नयाँ संसार, नयाँ युग स्थापना हुनु र त्यसपछि जन्मिएका सन्तति नै साँचा मान्छे हुन् , ती नै नयाँ संसारको निर्माणमा कटिबद्ध हुन्छन् भन्नु र क्रान्तिकारी कार्य र सफलतापछिको नयाँ शासन प्रणालीको स्थापना तथा नयाँ संसारको निर्माण जस्ता प्रगतिशील विचार व्यक्त गरेको यस कविताले मूलभावको रूपमा स्वच्छ र आत्मनिर्भर समाज तथा राष्ट्रको कल्पना गरेको देखिन्छ । |
| २५. | फूलकै खातिर | जसरी दियोले आफू जलेर अरूलाई प्रकाश बाँडिरहेको हुन्छ त्यसरी नै कविले अरूको निम्ति विष पिएको, आफू मरेर भए पनि अरूलाई बचाएको,आफ्नो पीडा लुकाएर भए पनि अरूकै निम्ति हाँसी दिएको जस्ता आदर्शपूर्ण अभिव्यक्तिद्वारा कविताले आफ्नो स्वार्थभन्दा पनि अरूको निम्ति बाँच्नुपर्ने भाव प्रकट गरेको छ । |
| २६. | कोमल बादल | बादललाई मानवीकरण गर्दै पात्रको रूपमा उभ्याएर उसको स्वरूप र कार्यलाई मानवीय व्यवहारसँग तुलना गर्दै कविताले यदि बादलले मान्छेले जस्तो उदण्डता देखाउने हो भने यस संसारलाई नष्ट भ्रष्ट पार्ने थियो तर पनि संयमता अपनाएर आफ्नो धीरताको परिचय दिएको छ भन्दै बादलबाट मानिसले गम्भीर पाठ सिक्नुपर्ने ज्ञानबर्द्धक भाव प्रस्तुत गरेको छ । |
| २७. | मन किन मिन्दैन | मान्छेको साइनो रगत र विचारले बन्ने तर सबै कुरा भएर पनि मन नमिलेको प्रसङ्गलाई एकीकृत गरेर देखापरेको कवितात्मक भावले विश्वबन्धुत्वको कुरा गर्दै सम्पूर्ण मान्छेलाई एकै ठाँउमा उभ्याएर समान दृष्टि दिनुपर्ने र समानताको भावना उजागर गराउनु पर्ने मानवतावादी चिन्तन मूलभावको रूपमा प्रस्तुत गरेको छ । |
| २८. | पुत्र हिमाली | सिक्किमको परिवेशलाई चिनारी दिँदै भोटे, लाप्चे, नेपाली यहाँका मुख्य जात, हिमाली राज्य, चाँप, गुँरास, सुनाखरीले सजिएको ठाँउ, आइफल जस्ता प्रसिद्ध फल, टिस्टा रङ्गीत जस्ता नदीले सुशोभित भूमि, कञ्चनजङ्घा, धौलागिरी जस्ता उच्चहिमालहरूले घेरिएको राज्य जस्ता वस्तुस्थितिको वर्णन गर्दै आफू बाँचेको, नाचेको भूमिमा आफू रमेको जानकारी दिनु र राष्ट्रियताको खुलेर वकालत गर्नु यस कविताको मूलभाव बनेको छ । |
| २९. | आजको स्थिति | आजको स्थितिलाई जाडोले कक्रिएको भिखारी, जीतहरूमा हारेको एउटा व्यथा, बाँचेको रोगी मान्छेको जीवन, आइमाईको शिथिल शरीर, नारीको व्यथालु शव जस्ता विभिन्न दार्शनिक परिस्थितिसँग तुलना गर्दै विसङ्गत जीवनको स्थिति अङ्कल गर्नु र वास्तविकतादेखि टाडिएका मान्छेको परिकल्पना गर्नु जस्ता भावबाट हामीले बनाएका योजनाहरू कहिले पनि पुग्न नसक्ने तथा हामीले सोचेको सार्थक जीवनको सपना सपनामा नै सीमित |

| | | |
|---|---|---|
| | | हुने कुरा निराशापूर्ण स्थितिमा कवितात्मक अभिव्यक्तिमार्फत प्रस्तुत भएको देखिन्छ । |
| ३०. | तिमी र म | आफ्नो प्रियतमालाई 'तिमी'को सम्बोधन गरेर रचना गरिएको यस कविताले संसारमा देखिएको तेरो र मेरोको स्थिति, यसले सिर्जना गरेका अनेकन अमिल्दा परिस्थिति, मानिस-मानिसबीचको चिनजानको कठिनाइ, आ-आफ्नै खालको जीवन भोगाइ जस्ता प्रसङ्गलाई जोडेर तिमी छुट्दा रोइदिन्छु, मिलनमा खुसी हुन्छु भन्ने संसारिक नियमलाई प्रस्तुत गर्दै एकत्वको स्थिति कायम गर्नुपर्ने आन्तरिक भाव प्रटक गरेको छ । |
| ३१. | व्यथालु संसार | जीवनयात्राको क्रममा ठक्कर खाँदै आहत बनेर संसार व्यथै व्यथाले भरिएको देख्ने समूहमाथि लक्षित यस कविताले मान्छेले भोग्नुपरेका अनेकन पीर, दुःख, कष्ट देखेर दिक्क लागेको र आफू जस्तैबाट मिचिनुपरेको अवस्थाबाट निराश हुँदै जीवन आँसु र वेदनाको पिण्डमात्र रहेछ भन्ने विसङ्गतपूर्ण अवस्थाको चित्रण भावुक अभिव्यक्तिमा प्रस्तुत गरेको छ । |
| ३२. | अरूकै खातिर | नेपाली समुदायको कारूणिक अवस्था झल्काउने यस कविताले नेपाली जनजीवनको चित्रणलाई अरूको निम्ति बाँच्ने, अरूकै निम्ति हाँस्ने, आफू रोएर अरूलाई हाँसिदिने, आफू मरेर अरूलाई जीवन दिने, आफ्नो केही नसम्झी अरूको भलो सम्झिने, अरूकै लागि मरिहत्ते गर्दा गर्दै आफ्नो जीवन समाप्त भएको चाल नपाउने, अरूकै प्रशंसामा व्यस्त हुने, अरूकै निम्ति आँसु, खुन, पसीना बगाउने एउटा सोझो भक्तको रूपमा प्रस्तुत गर्दै यस अवस्थाबाट अब मुक्त भएर आफ्नो लागि केही सोच्नुपर्ने भावात्मक अभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ । |
| ३३. | जीवन : एक दृष्टिकोण | जीवन हाँसो-रोदन, माया-ममता, पाप-धर्म जस्ता कुराले बाँधिएको, आफूले नचाहेर पनि सांसारिक गतिविधिको भोगी हुनुपर्ने, आफ्नो पीडा लुकाएर भए पनि अरूको निम्ति हाँसिदिनु पर्ने र अन्तमा थाहै नपाइ बिलाएर जानुपर्ने एउटा यस्तो भवसागर हो जहाँ पसेपछि अगाडि परेजति परिस्थितिमा जुझ्नैपर्छ भन्ने एउटा विसङ्गत भावको सिर्जना कविताबाट भएको देखिन्छ । |
| ३४. | गुनासो | अन्तरयामी भगवान्प्रति असन्तुष्टि जनाउँदै कतै समतल त कतै उच्चपहाड, कतै खोला-नाला त कतै सागर-पोखरी, कतै भोकले रुँदै गरेको स्थिति त कतै अघाएर हिड्न नसकेको स्थिति, कतै परिश्रमी निर्धन त कतै अल्छी धनवान् जस्ता वेमेल परिस्थितिप्रति गुनासो स्वरूप देखिएको यस कविताले संसारमा सबैले समान तरिकाले बाँच्न पाउनु पर्छ, सबैको जीवन समान हुनुपर्छ भन्ने समानताको सोच मूलभावको रूपमा प्रकट गरेको छ । |
| ३५. | उल्टो पटल : नौलो रङ्ग | राष्ट्रियताको पक्षपाती यस कविताले आफ्नोपनप्रति मोह प्रकट गर्दै मानिसले कहिले पनि 'स्व' अस्तित्व, पहिचान, अस्मिता, संस्कृति, मातृभूमि, संस्कार जस्ता कुरालाई बिर्सनु हुँदैन भन्दै |

| | | |
|---|---|---|
| | | आफ्नो पसीना र खुनको बलिदानी दिएर अर्काको नोकर बन्नुको सट्टा नयाँ बिहानीको आगमनसँगै काँचुली फेर्न सक्नुपर्छ र 'हामी' भएर आमाको अस्मिता बचाउँनतिर लाग्नुपर्छ भन्ने मूलभाव प्रकट गरेको देखिन्छ । |
| ३६. | मानवताविहीन संसार | विभिन्न प्रकारले मानवता सङ्कटमा परिरहेको परिस्थितिलाई देखाउँदै सबैको रातो रगत भए पनि भेदभाव रहेको, धरती एउटा भए पनि आँगन आ-आफ्नो भएको कुरालाई प्रस्तुत गर्दै संसारमा मेरो-मेरोले ल्याएको नकारात्मक परिणामलाई यस कविताले देखाउनका साथै मन्दिरको आडम्बरी पूजा र धर्मको खोक्रो प्रवचन दिएर साँचो मान्छे बन्न नसक्ने मनमा कुभावना लिएर बसेपछि प्रगति पथलाई समात्न नसक्ने, कुराहरूलाई देखाउँदै अन्ततः कविताको उद्देश्य चाहिँ संसारमा मानवताविहीन पापीहरू मान्छेको स्वरूप ग्रहण गरेर हिँड्छन् त्यसलाई अन्त्य गर्नुपर्ने रहेको देखिन्छ । |
| ३७. | पाउनु के छ ? | संसारमा सबै कुरा प्रक्रियागत रूपमा निरन्तर चलिरहन्छन्, यो आफ्नो परिधिमा चलिरहँदा देखापर्ने दुःख-सुख, हाँसो-आँसु, गरिब-धनी, जन्म-मृत्यु जस्ता कुरामा आफू विचलित हुनुपर्ने कुनै आवश्यकता छैन भन्दै दार्शनिक अभिव्यक्तिको प्रकटीकरण यस कवितामा प्रस्तुत भएको देखिन्छ । |
| ३८. | मानवताको रक्षा गर्न | संसारमा देखिएका मानवता विरोधी कार्यप्रति सचेत यस कविताले मानवताको रक्षा गर्न जाऊँ भन्दै साथीलाई सहयात्रीको रूपमा सम्बोधन गरेर रचना भएको यस कविताले सबै अनिष्टको नाश गर्दै अनन्दमय वातावरणको प्रादुर्भाव गर्न सत्यको, अहिंसाको, उज्यालोको, परोपकारको, सत्यको ज्योति जगाउँदै ताराझैँ चम्कन, सूर्यझैँ किरण फिजाउन, चन्द्रझैँ कोमल, पानीझैँ निर्मल, हिमालझैँ शान्त, पहाडझैँ स्थिर बन्न सबै सहयात्रीलाई सम्बोधन गर्दै आदर्शवादी भावको प्रस्तुति दिएको छ । |
| ३९. | हिमाल | प्रकृति प्रेममा आधारित यस कविताले हिमालको उच्चसौन्दर्यको वर्णन गर्दै मानवीकरण गरेर त्यसबाट धीर, वीर, शान्त जस्ता गुणहरू आफूमा समाहित गर्नुपर्ने, कोलाहलभित्र पनि शान्त रहन सक्नुपर्ने, कसैमाथि भेदभावको आँखाले नहेर्ने, शरदको उजाड परिवेशमा पनि किञ्चित नडग्ने जस्ता गुणहरू अनुकरण गर्नुपर्ने भावात्मक अभिव्यक्ति प्रस्तुत गर्दै फूलहरू फुलाउने प्रसङ्गबाट सिर्जनशील हुनुपर्ने, वसन्तबीच पनि हाँसी उठ्ने प्रसङ्गबाट उच्चव्यक्तित्व स्थापना गर्न सक्ने हुनुपर्ने, हाँसिलो देखिने र हिउँलाई आफूमा समाहित गर्ने प्रसङ्गबाट फरासिलो र मिलनसार हुन सक्नुपर्ने व्यञ्जनात्मक अर्थ यहाँ प्रकट भएको देखिन्छ । |
| ४०. | जीवन | जीवनलाई परिभाषित गर्दै देखापरेको कविताले गुलाफ र जीवनलाई उपमान उपमेयको सम्बन्ध कायम गर्नुका साथै जसरी |

| | | |
|---|---|---|
| | | काँडाहरू माभ्म सङ्घर्ष गरेर फुलेको गुलाफ हाँसी-हाँसी मगमगाई रहेको हुन्छ त्यसरी नै कर्तव्यपथमा हजार ठक्कर खाएर पाएको सफलताभित्रको जीवन बढी सन्तुष्ट र महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई भावात्मक रूपमा प्रस्तुत गरेको छ । |
| ४१. | मान्छे : एक पहेली | साँचो मान्छेलाई चिन्नको लागि पहिले आफूलाई बुझ्नेपर्ने त्यसपछिमात्र अरूलाई चिन्न सकिने कुरालाई मध्यनजर गर्दै बाहिरी ढाँचामा मात्र मान्छे जस्तो देखिने समग्र मानव समुदायबाट कवि वाक्क बनेकोले मानवभित्रको मानवता, दानवता तथा देवत्वलाई राम्रोसँग नियाल्नुपर्ने र मात्र व्यवहार गर्नुपर्ने भावमा कविता रचना भएको देखिन्छ । |
| ४२. | स्वार्थी मान्छे | स्वार्थी मान्छेले आफ्नो स्वार्थ सिद्धिको लागि गरेको कामले सूर्यको किरण पनि निस्तेज भइसकेको, झारपातहरू पनि कुही सकेको, धरातल पनि हाड-छाला बनिसकेको स्थितिलाई उजागर गर्दै त्यतिले मात्र नपुगेर भाइ-भाइमा खुन बगाउने, हिँसा फैलाउने, चन्द्रमाको पवित्रतालाई लुट्ने भौतिकवादी दृष्टिकोण र वैज्ञानिक दृष्टिकोणसँग कवि व्यङ्ग्यात्मक आक्रोश प्रकट गर्दै सौन्दर्यपूर्ण प्राकृतिक दृश्यलाई संरक्षण गर्नुपर्ने कवितात्मक भाव प्रकट गर्दछन् । |
| ४३. | आजभित्रको मान्छे | आजको मान्छेको आन्तरिक स्थितिलाई आजको परिवेशसँग दाँज्दै हिरोसिमा जस्तो अकल्पनीय घटना घटाउने मान्छेले सत्य र अहिंसाको नारा लगाएको, मान्छे मार्नेकै समूहबाट मानवताको धुन गञ्जिएको, 'तँ' र 'म'को भेदभावले 'हामी'को स्थिति नाजुक भएको अवस्थालाई प्रस्टयाउँदै संसारमा जताततै त्रास, डर, बरबरतापूर्ण वातावरण, आँसु र खुनको सागर, हाँस्नैपर्ने बाध्यता, मृत लासहरूको अलपत्र स्थिति दिनप्रतिदिन बढ्दै गएकाले यो कविता चेतना स्वरूप देखापरेको छ । |
| ४४. | यसो गर्नु छ | दुःखै-दुःखैले भरेको यस संसारमा कष्ट व्यथासँग सङ्घर्ष गर्दै, आँसु र खुन पिउँदै भए पनि बाँच्नु परेको र केही गर्नुपरेको अवस्थालाई चित्रण गर्दै जसरी गुलाफले सङ्घर्ष गरेर काँडामाथि फुलिदिन्छ, सुखा ढुङ्गामाथि सुनाखरी बाँचिरहेको हुन्छ त्यसरी नै शूलैशूलभित्र सजेको र व्यथा नै व्यथाले भरेको यस संसारमा पीडा लुकाई, हाँस्नु परेको र बाँच्नु परेको परिस्थितिलाई कविताले स्पस्ट्याउँदै आफू आफ्नोलागि बाँचेको नभएर देशको निम्ति हो भन्ने मूलभाव प्रकट गरेको छ । |
| ४५. | मनको सागर | आफ्नो मन र सागरको तुलनात्मक अध्ययन गर्दै सागरको सुरु र अन्त पत्ता लगाउन नसकिने, पृथ्वी नै अँगाल्न सक्ने भयावह रूपको वर्णन गर्दै त्योभन्दा पनि कवि मन अनन्त, विस्तृत रहेको तर सागरमा जस्तो घमण्ड र उन्माद कहिल्यै पनि आफ्नो मनमा नआएको कुराबाट कहिले पनि मान्छेले पहुँचमा छु भनेर अरूमाथि अभद्र र घमण्डी व्यवहार देखाउनु नहुने मूलभाव कविताबाट प्रकट भएको छ । |

| | | |
|---|---|---|
| ४६. | बाँचौं | मान्छेलाई सार्थक कार्य गरेर बाँच्न आग्रह गर्दै देखापरेका यस कविताले सावनको भल पहिरो थाम्दै, वैशाखको आँधीलाई रोक्दै, बादलको अन्धकारलाई तोड्दै जस्ता प्रतीकात्मक सङ्कटबाट अगाडि बढ्दै मान्छेलाई समयानुकूल परिवर्तनशील बन्दै अहिंसाको ज्योति बाली, कुकर्मलाई फाली, दुःख कष्टलाई कुल्चँदै एउटा समृद्ध र मानवताले युक्त समाजको निर्माणमा आबद्ध भई बाँच्नुपर्ने भाव प्रकट गरेको देखिन्छ । |
| ४७. | अन्धविश्वासीप्रति | अन्धपरम्पराप्रति कटाक्ष गर्दै कविले अन्धविश्वासको घुम्टो ओडेर ब्राखा, कुखुरा काट्नु र खुनको खोला बगाएर धर्म गरेको सम्झनु आदिम सभ्यताको पूजारी हुनुमात्र हो भन्दै मानिस भएर बाँच्ने हो भने परिवर्तनशील विचारलाई आत्मसात गर्न सक्नुपर्छ र नयाँ विचारको प्रादुर्भाव गर्दै युगानुकूल परिवेशमा रम्न सक्ने व्यक्तित्व निर्माण गर्नुपर्छ भन्ने संसारलाई अग्रगमनको दिशाबोध गराउने भाव प्रकट गरेका छन् । |
| ४८. | मान्छेसँग | स्वार्थी व्यवहार भएका मानिसहरूदेखि भयभीत बनेका कविले त्यस्ता मानिसहरूको पाउले धरती नै भसाउने त्रास व्यक्त गर्दै उनीहरूका हात ड्रेकुलाको जस्तो, आँखा अग्निज्वाला जस्तो, मुख सुरसाको जस्तो देखिने भन्दै यिनीहरूदेखि टाढा रहनुपर्ने र सजक भई, बस्नुपर्ने भाव व्यक्त गर्दै मिथकीय शब्दहरूको प्रयोगबाट कवितालाई गम्भीर बनाएका छन् । |
| ४९. | यहाँ यसरी बाँच्नु छ | अस्तित्ववादी चेतले भरिपूर्ण यस कविताले जीवन सङ्घर्षपूर्ण छ र यसलाई जस्तै कठिनाइभित्र पनि घुसाउन सक्नुपर्छ भन्दै गुलाफ, सुनखरी जस्ता पुष्पहरूले सङ्घर्ष गरेर नै आफ्नो उच्चस्थान निर्धारण गरेको भाव स्पष्ट भएको देखिन्छ । |
| ५०. | बाग | विश्वबन्धुत्व तथा विश्वप्रेमले ओतप्रोत यस कविताले विश्व नै बाग हो भन्ने रूपकात्मक दृष्टिकोणलाई अगाडि सार्दै, बगैँचाका फूलहरूको उपमा विश्वका जाति-जातिमा आरोप गर्दै, बगैँचामा फुलेका फूलजस्तै डकमक भएर फुल्न सक्नुपर्छ, हाँस्नु सक्नुपर्छ किनभने विभिन्न रङ्गका फूलहरू भए पनि आखिर ती फूल हुन् भन्दै रगतको नाताले सबैलाई समेट्नु पर्ने भाव प्रकट गरेको देखिन्छ । |
| ५१. | यस्तै देखेँ | स्वार्थी मानिसहरूको व्यवहारप्रति तीव्र असन्तोष व्यक्त गर्दै कविले स्वार्थी दुनियाँले गरेको व्यवहारले धरती माता आहत बनेकी, मान्छेमा मान्छेको गुण विलिन हुँदै जाँदा मानवता रोइरहेको, जताततै नारीत्व हरण भएको, तेरो र मेरोको होडले गर्दा भेदभावपूर्ण समाजको निर्माण भएको, मान्छेकै कारणले प्राकृतिक सौन्दर्यमा गम्भीर असर परेको जस्ता चेतनात्मक आवाजहरू भावात्मक रूपमा प्रकट गरेका छन् । |
| ५२. | मूर्दाको बस्तीमा मान्छेहरू | आजको वैश्विक परिवेशलाई वस्तुगत चित्रण गर्दै वर्तमान अवस्थाको चित्रणमा केन्द्रित यस कविताले दिनानुदिन घटिरहेका घटनाहरूले विश्व नै समाप्तिको दिशातिर |

| | | |
|---|---|---|
| | | लागिरहेको, मान्छेले गरेको आविष्कारहरूले आफै धरापमा पर्न थालेको भए पनि चुपचाप बस्नु परेको जस्ता स्वनिर्मित विसङ्गत परिवेशको निर्माण हुन लागेको अवस्थालाई उजागर गरेको देखिन्छ । |
| ५३. | मलाई मेरै नेपालीको माया | नेपाली संस्कार र संस्कृतिप्रति मोह राख्दै रचना भएको यस कविताले नेपाली परिवेशमा पाइने सयपत्री, बाबरी, भीर-पहरा, खोलानाला, लैबरी, भ्याउरे, भानुबाजे जस्ता कुराहरूको वर्णन गर्दै आफ्नोपनको भावना सर्वप्रथम 'म'बाट हुनुपर्छ तबमात्र 'हामी'बाट विकासको सुरुवात हुन्छ भन्ने प्रगतिशील विचार प्रकट गर्नका साथै सर्वप्रथम विश्वका सम्पूर्ण मानिसहरूले आफ्नोपनलाई जोगाउनु पर्ने जाति र राष्ट्रप्रेमले युक्त भाव समेटेको छ । |
| ५४. | कविलाई सम्झेर | रामायणका रचनाकारप्रति लक्षित यस कविताले रामायणको भाव र मर्मको विपरीत विभिन्न प्रकारका उद्दण्ड कार्यहरू गरेको, रामराज्यको परिकल्पनाको विपरीत हत्या, हिंसा, सन्त्रास जस्ता कुराहरूलाई आश्रय दिएको, राम लक्षमण रूपी आजका स्वच्छ नागरिक रावण रूपी राक्षसहरूको कब्जामा परेको जस्ता भावहरूले भरिपूर्ण पार्दै सबल र स्वच्छ समाजको निर्माणमा सकारात्मक हुनुपर्ने विचार व्यक्त गरेको छ । |
| ५५. | विपनाको गीत | क्रान्तिकारी चेतले व्याप्त किसान मजदूरप्रति सम्बोधित यस कविता प्रगतिवादी सोचबाट प्रभावित रही खटिखाने वर्गको पक्षपाती बनेर आफ्नो अस्तित्व, इज्जत, मर्यादा जस्ता कुरालाई ख्याल गर्दै, हाम्रै पसीना र खुनको परिणाममाथि शोषकहरू राज गरिरहेको, हाम्रो पसीना खुन चुसेर साहु बनेको सत्यलाई चेतनात्मक रूपमा प्रस्तुत गर्दै अब त्यस्ता समान्ती शोषकहरूको अन्त्य गर्नतर्फ लाग्नुपर्छ र स्वतन्त्र भएर बाँच्नुपर्छ भन्दै अस्तित्ववादी सोच गरिब-किसानप्रति समर्पित बनेर देखिएको छ । |
| ५६. | परिवर्तित मान्छेको संसार | परिवर्तित परिवेशलाई वर्णनात्मक रूपमा प्रस्तुत गर्दै कविले मान्छे जन्मछ, हुर्कन्छ, चेतनाको विकास हुन्छ, विभिन्न प्रकारको कार्य गर्छ, विस्तार विस्तार समाजमा स्थापित हुन्छ ; यी सबै प्रक्रिया हुन् अथवा संसारमा जति कार्यहरू भएका छन् ती सबै सृष्टिको नियमअनुसार चलेका छन्, निर्माण भइसकेपछि ध्वंस पनि हुँदै जान्छन्, कसैले आफ्नो सीमानाको रेखा कोर्छ त कसैले मेटाउँदै जान्छ जस्ता सृष्टि प्रक्रियाको नियमिततालाई देखाउँदै मान्छेले आफ्नोलागि बनाएको नियम त अस्थायीमात्र हो त्यो क्षणभङ्गुर छ भन्ने कुरा कविताको माध्यमबाट प्रस्तुत गरेका छन् । |
| ५७. | संसार उज्यालो पार्छु | संसारमा रहेका नकारात्मक कुरालाई सच्याएर उपयोगी र सकारात्मक बाटोतिर लाग्नुपर्छ भन्ने कुरा बादलको घुम्टो च्याती भूइँमा सूर्य झार्छु, डाँडा खाल्डा सम्म बनाई धरती उज्यालो पार्छु जस्ता असम्भव प्रायः कुराको वर्णन लक्ष्यार्थमा स्पष्ट पार्दै प्राणी-प्राणीबीच देखिएको भेदभाव, मान्छेभित्र देखिएका कुभावना, |

| | | |
|---|---|---|
| | | असत्यको व्याप्तता, ईर्ष्या, लोभ, हिंसा जस्ता कुराहरूको बढोत्तरी, मानवताको ह्रास जस्ता कुराहरूले यहाँ प्रश्रय पाएकाले कविले यसलाई परिवर्तन गरी एउटा समृद्ध समाजको निर्माण गर्ने क्रान्तिकारी अभिव्यक्ति व्यक्त गरेका छन् । |
| ५८. | म जन्मेको यो धरतीमा | पाँच पङ्क्तिपुञ्जमा संरचित यस कविताले कविको जन्मदेखि प्रगतिपथसम्मको विचारलाई अगाडि राख्दै कविले जन्मदै व्यक्तित्व, अस्तित्व र संसार लिएर आएको, अर्काको बाटोमा र अर्काको संसारमा आफू बाँच्न नचाहेको, आफू विवेकशील र चेतनायुक्त रहेकोले अब उज्यालोलाई दोहोऱ्याउँदै अघि बढ्नु परेको, भविष्यको सन्ततिको लागि केही जोगाड गरिदिनु पर्ने जस्ता कुरालाई विषय बनाउँदै प्रत्येक मानिसले आत्मनिर्भर, स्वच्छ, सौन्दर्यपूर्ण समाजको निर्माण गर्न क्रमबद्ध रूपमा अघि सर्नुपर्छ भन्ने भाव प्रकट गरेको छ । |
| ५९. | तिम्रो लागि | जीवन आफ्नोलागि बाँचेको जस्तो देखिए पनि अरूको सेवा गर्दा गर्दै बित्छ भन्ने दार्शनिक अभिव्यक्ति रहेको यस कविताले आफू (म पात्र) पनि अरूकै लागि बाँचेको कुरा रात उज्यालोको लागि, पतझड उजाड शरद वसन्त हरियालीको लागि, निमुखा धनवान्को लागि जस्ता उपमाको माध्यमबाट प्रस्तुत गर्दै अरूको लागि आँसु बहाइ दिएको, आफ्नो मृत्युको पर्वाह नगरेको, आफूले कष्ट सहेर भए पनि अरूलाई सुख दिन चाहेको जस्ता भाव प्रकट गर्दै 'म'पात्र सामाजिक सेवामा पूर्णतः समर्पित बनेको कुरालाई प्रस्ट्याएको छ । |
| ६०. | मनको घर | संसारको विस्तृततताभन्दा पनि भव्य, भव्यताभन्दा पनि अझ भव्य कविको मन रहेको र त्यहाँ चोखा भावनाहरू रहेको कुरा जनाउँदै उनको चाहना र आकाङ्क्षालाई यस कविताले प्रस्टयाउने काम गरेको र शान्ति, माया, प्रेम, जस्ता कुराहरू हृदयमा रहेको भावुक अभिव्यक्तिले अन्तरमन आकाशभन्दा फाँटिलो रहेको, सधैँ रमाहटपूर्ण रहेको, आनन्दको राज रहेको र भावना, सत्यता, अहिंसा, दया, धर्म, एकता, समानता जस्ता कुराहरू रहेको कुरा प्रस्ट पार्दै कविले एउटा सुन्दर र भव्य संसार निर्माणको लागि हालको व्यवस्थालाई परिवर्तन गर्नुपर्ने चाहना टड्कारो रूपमा राखेका छन् । |
| ६१. | विदेशी होइन मुङ्लाने | भारतीय नेपालीभाषीहरूको भावनालाई उजागर गर्दै तिनीहरूको भावना र वेदनालाई आफूमा समाहित गरेर कवितात्मक स्वरूप प्रदान गरेर कविले नेपाललाई आमा र भारतलाई बुबाको रूपमा चित्रण गर्दै आफूले बुबा रूपी भारतको भूमिमा सम्पूर्ण शक्तिहरू उन्नतिको लागि समर्पित गरेको भए पनि नेपाललाई कहिले पनि नभुल्ने, आफू रहेको ठाँउमा नेपालीपन मगमगाई रहेको कुरा जनाउँदै आफू नेपाली नरहे पनि सदा माया र ममता रहेको कुरा कविताको माध्यमबाट व्यक्त गरेका छन् । |

| | | |
|---|---|---|
| ६२. | बैशालु साथीलाई | आफ्ना वैशालु साथीहरूलाई सम्बोधन गर्दै रचना गरिएको कविताले संसारमा विभिन्न प्रकारका साँध लगाएर तेरो र मेरोको भेदभाव निर्माण गरेको, स्वार्थपूर्ण व्यवहारले सबैलाई आक्रान्त पारेको कुरालाई देखाउँदै एउटामात्र देश भएको, सबैमा समानता महसुस हुने, ईर्ष्या,पाप, हत्या, हिंसाविहीन स्वच्छ देश निर्माण गर्ने इच्छा व्यक्त गर्दै परम्परावादी मान्यतालाई विदा दिन र नयाँ संसारको निर्माण गर्न तीव्र रूपमा आफ्नो  वैशालु साथीलाई सहयोग मागेको भाव अभिव्यक्त गरेको छ । |
| ६३. | स्वागत छ | देशको निम्ति बलिदानी दिएका सहिदहरूलाई स्मरण गर्दै भावात्मक रूपमा निर्मित यस कविताले सहिदहरूलाई स्वागत गर्दै, उनीहरूले बचाइदिएको अस्तित्वमा आफू रमाइ रहेको स्वीकार गर्दै सहिदका आवाज र बलिदानपूर्ण कार्यको कहिले पनि अपमान गर्नु नहुने देशभक्तिपूर्ण भाव व्यक्त गरेको छ । |
| ६४. | आफ्नो निम्ति सोच्दा | संसारका अनेकन क्षेत्रमा गएर विभिन्न प्रकारका कार्य गरिरहेका नेपालीहरूप्रति लक्षित यस कविताले नेपालीहरू बहादुर र कान्छाको उपनामबाट अरूकै निम्ति कैयौं वर्षदेखि खटिएको कुरालाई विषयवस्तु बनाउँदै अब त आफ्नो निम्ति सोच्नेबेला आएको छ त्यसैले सँधै अरूको कमारामात्र भएर बस्नुको सट्टा आफ्नो सोझो गर्दै मालिक हुने कार्यमा लाग्न थाल्नुपर्छ भन्ने मूलभाव प्रकट गरेको देखिन्छ । |
| ६५. | मेरो देश | प्राकृतिक परिवेशको चित्रणमा केन्द्रित यस कविताले सिक्किमको परिवेश, जातीय अवस्थिति, भाषा-संस्कृति, खोला-नाला, भीर-पहरा, डाँडा-काँडा आदिको चित्रण गर्दै तथा कतै मानवीकरण गर्दै देशको शब्द प्रयोग गरेकाले प्रस्तुत रचना सन् १९९३ भन्दाअघि रचना भएको अनुमान लाउन सकिन्छ। सिक्किमका हरेक कुरालाई वर्णनात्मक रूपमा देखाउन खोजेको यस कवितामा देशभक्तिपूर्ण भावना प्रवल बनेर देखिएको छ । |
| ६६. | अर्को मेरो जीन्दगी | 'म'पात्रको अर्द्धाङ्गिनीप्रति लक्षित यस कविताले आफ्नी पत्नी पनि आफ्नो अर्को जीन्दगी जस्तै हो किनभने हरेक काम आफूले मात्र पूरा गर्न नसक्ने, प्रत्येक कार्यको सफलताको निम्ति सहयोग लिनुपर्ने एउटा अर्ध अङ्ग हो भन्दै नारीलाई पछाडि बनाउँन चाहने समूहलाई सचेत गराउँदै, नारीलाई पुरुषसरह शक्ति भएको चेतनायुक्त व्यक्तिको स्थानमा स्थापित गराएको देखिन्छ । |
| ६७. | मान्छे अभिनेता | संसारलाई नाट्यशाला र मान्छेलाई अभिनेताको रूपमा चित्रण गरिएको यस कविताले संसार अनादिकालदेखि निर्मित थियो तर यो स्वनिर्मित संसारमा मान्छे भन्ने एउटा वस्तु उत्पत्ति भएर आफ्नो अस्तित्व, मान, मर्यादा, माया, दया, पाप, पुण्य, अमीर, भिखारी, रक्षक, भक्षक जस्ता विभिन्न प्रकारका अभिनय गर्दै केही समय नाटक देखाउँदै जाने संसार नाट्यशालामात्र भएकाले यहाँ देखिएका भेदभावको कुनै अर्थ छैन त्यसैले भेदभाव मूक्त समाजको निर्माण गरी सबै समान बन्नुपर्ने भाव प्रस्तुत गरेको छ । |

| | | |
|---|---|---|
| ६८. | मेरो भगवान् | यस धरातलमा यस्ता स्वार्थी मानिसहरू पनि छन् जसले आस्थाका प्रतीक भगवान्लाई पनि कैद गरेर जीवनयापनको प्रमुख स्रोत बनाइरहेका छन् जतिबेला भगवान् उनीहरूको भ्रष्ट चरित्रलाई पनि चुपचाप बसेर हेर्न बाध्य हुन्छन् भन्दै यस समाजमा यस्ता व्यवहार भएका मानिसहरूले अरूलाई ढाल बनाएर आफ्नो स्वार्थपूर्ति गहिरहेका हुन्छन् भन्ने भाव कविताको माध्यमबाट प्रकट भएको छ । |
| ६९. | बिन्ती | सबैले विद्या आर्जन गर्नुपर्ने, सत्य र धर्मको बाटो अँगाल्नुपर्ने, अन्तरभावना पवित्र राख्नुपर्ने, पापी र दुष्ट मति भएकालाई सुबाटो देखाउनुपर्ने, कुमतिको संसर्गबाट टाडिनुपर्ने, पवित्रताको शिक्षा दिनुपर्ने र गुन्यु-चोली, दौरा-सुरुवाल जस्ता वेषभूषा र आफ्नोपन झल्कने संस्कृतिको विकास गर्नेपर्ने जस्ता दार्शनिक अभिव्यक्ति प्रस्तुत गर्दै मूलभावको रूपमा सबैले सबै क्षेत्रबाट प्रगतिका कार्यहरू गर्नुपर्छ र मात्र देश उन्नतिको शिखर चुम्न सफल हुन्छ भन्ने कवितात्मक भाव प्रकट भएको देखिन्छ । |
| ७०. | प्रवासको क्षितिजमुनि | संसारमा यत्रतत्र छरिएर रहेका प्रवासी समुदाय जो आफ्नो देशबाट विभिन्न कारणले विदेसिन बाध्य भएका छन्; तिनीहरूको समस्यालाई समेट्दै प्रवासको क्षितिजमुनि अर्काको अन्याय र अत्याचारमा बाँच्नुको सट्टा, अर्काको शरणमा परिरहनुभन्दा म पनि अरू जस्तै मान्छे हुँ, मैले पनि केही न केही कार्य गर्नुपर्छ जसले गर्दा भावी पुस्ताको भविष्य उज्ज्वल होस् भन्ने भावना राख्दै क्रान्तिको दीप बालेर साँचो जीवनको थालनी गर्नुपर्ने र स्वतन्त्र र निष्पक्ष भई वास्तविक संसारमा अस्तित्वको आकाश निर्माण गरेर जिउँन पाउनु पर्ने भाव कविताबाट प्रस्ट भएको छ । |
| ७१. | संसारदेखि फालौं | संसारमा शासन व्यवस्थाको प्रारम्भ भएको कल्पना गर्दै अघि बढेको यस कवितामा अल्पसङ्ख्यक शासकहरूले बहुसङ्ख्यक शासित वर्गमाथि विभिन्न प्रकारको योजना, विधान, नियम बनाउँदै आफ्नो स्वार्थपूर्तिको निम्ति गरेको निच कार्य र त्यसले निर्माण गरेको विभेदपूर्ण नीतिलाई अगाडि ल्याउने कार्य गर्नु र अबको संसारमा दूषित मान्छेहरूलाई अगाडि आउन दिन नहुने भाव सम्पूर्ण मानव समुदायबीच आह्वान स्वरूप प्रकट भएको देखिन्छ । |

यसरी **वीरको परिचय र प्रारम्भिक कविताहरू**का कविताहरूको विषयवस्तुका आधारमा मूलभाव प्रस्तुत गरिसकेपछि विभिन्न विषयमा आधारित कविताहरूका पङ्क्तिलाई तल प्रस्तुत गरिएको छ । राजनीतिक, सामाजिक, प्राकृतिक, धार्मिक, राष्ट्रभक्तिपरक, जातीय पहिचान, प्रेमपरक आदि विषयमा आधारित कविताहरू क्रमशः प्रस्तुत गरिन्छ ।

राजनीतिक विषयवस्तुमा आधारित कविताहरूले राजनीतिमा देखिएका विकृतिहरूलाई यसरी प्रस्तुत गरेका छन् :

बहुसङ्ख्यक शासित बन्दै गए
एक-दुईजनाको हातमा शासन रह्यो

ठूला बडाको हातमा शासन रह्यो
आसन र शासनको बलमा...
(संसारदेखि फालौँ, पृ. १२४) ।

राजनीतिलाई आफ्नो स्वार्थको लागि प्रयोग गरेर आफ्नो हातमा शासन लिने प्रवृत्तिलाई यहाँ प्रस्तुत गरिएको देखिन्छ। बहुसङ्ख्यक जनतालाई मुठीभरका शासकहरूले अन्याय र अत्याचार गर्दै आफू अनुकूल प्रयोग गरेको देखी कवि तीव्र असन्तुष्टि व्यक्त गर्दछन् ।

यसैगरी समाजमा रहेका विषयलाई विभिन्न तरिकाले प्रस्तुत गर्दा कतै उन्नतिका, कतै विकृतिका, कतै विसङ्गतिका कुराहरू कवितामा आएका देखिन्छन् :

तेरो र मेरोको होडमा
ठूलो र सानोको भेदभावमा
तँ छाड् र म छाड्को जोडमा
मानवताको हत्या भएको
यहाँ यस्तै देखेँ ।
(यस्तै देखेँ, पृ.८५) ।

समाजलाई प्रगतिगामी दिशा प्रदान गर्न कविले नकारात्मक कुरालाई देखाउँदै सकारात्मक कुराको स्थापना गर्न खोजेको पाइन्छ। समाजमा विभिन्न प्रकारका अन्याय-अत्याचार भएका कारणले मानवताको अवहेलना भएको देखाउँदै त्यसको सटीक उपयोग गर्दै मानिसको बाँच्न पाउने अधिकारलाई सुसूचित गर्नैपर्नेमा कविताले जोड दिएको छ ।

यस्तै धार्मिक विषयमा आधारित कविताहरू पनि यस सङ्ग्रहमा देखापरेका छन् जसलाई निम्नलिखित पङ्क्तिमा यसरी देखाइएको छ :

रचाई संसार अनेक जाल
पाऱ्यौ प्रभु ! सबको बेहाल
समतल धरा कहीँ मिलेको
उच्च पहाड यहीँ बसेको ।
(गुनासो, पृ.५७) ।

भगवान्प्रति असन्तुष्टि व्यक्त गरिएको उक्त पङ्क्तिमा संसारमा देखिएका पीडानुभूतिलाई प्रस्तुत गरिएको छ। समतल धरा र उच्च पहाडको प्रसङ्गबाट भेदभावको सिर्जनाले मानिसलाई अवाक बनाएको कुरालाई पनि कविताले प्रस्ट पारेको देखिन्छ। भगवान् अथवा धार्मिक विषयभित्र पनि समाजको प्रगति चाहने भावले कवि सामाजिक सेवामा समर्पित देखिन्छन् ।

कतिपय कवितामा राष्ट्रभक्तिपरक विषयवस्तु पनि प्रखर बनेर देखिएका छन् :

जसको खूनले
देशको माटो पवित्र बनेको छ
जसको प्राणले
देशमा नयाँ प्राण भरेको छ ।
जसको आत्माले
आफ्नी माताको काखमा
सदा स्थान पाएको छ
उनै महान् आत्मालाई
हृदयभरी स्वागत छ
(स्वागत छ, पृ.१०८) ।

यहाँ देशको निम्ति ज्यान दिने सहिदलाई सम्झँदै तिनीहरूलाई सम्मान गर्ने क्रममा आफ्नो देशप्रति कविले सम्मान प्रकट गरेका छन्। विगतका घटनाहरूलाई सम्झँदै अर्काको हातमा परेको देशले नयाँ प्राण पाएकोमा जति कवि हर्षित बनेका छन् त्यतिकै ती वीर आत्माहरूप्रति पनि हर्ष प्रकट गरेका छन्।

जातीय अस्तित्व र पहिचाहनका कुरामा पनि कविताहरू उत्तिकै सशक्त देखिएका छन् :

मलाई मेरै 'लैबरी' र 'झ्याउरे' गीतहरू
यहाँ गाइदिनु मन लाग्छ
मलाई विश्वको कुना-कुनामा पनि
भानुबाजे नै पुजिदिन मन लाग्छ
किनकि
मलाई त
मेरै नेपालीको माया छ
मेरै संस्कृतिको माया छ।

(मलाई मेरै नेपालीको माया, पृ.८९)।

उपर्युक्त पङ्क्तिमा नेपाली पहिचान झल्काउने 'लैबरी' र 'झ्याउरे' भाकाको कुरा, नेपाली साहित्यका प्रख्यात कवि 'भानु' र अन्तमा नेपालीको माया तथा संस्कृतिको माया लाग्ने कुराको प्रसङ्गले कवि जातीय अस्तित्वको सवालमा मरिमेट्न पनि तयार रहेका देखिन्छन्।

जसरी कवि पवन चामलिङ 'किरण' अन्य विषयको प्रयोग गर्न कवितामा सफल देखिएका छन् त्यसरी नै प्रेमपरक विषयको प्रयोगमा पनि उत्तिकै सफल देखिन्छन्। जस्तै :

मायाले बाँधेको यस संसारमा हेर
मायाकै कस्तो अभाव छ ! प्रिये !
मायाले निर्मित तिम्रो र मेरो संसार
मायाकै अभावमा रोएको छ, प्रिये !

(मायाको अभाव, पृ.१९)।

उक्त हरफमा कवि आफ्नी प्रेमिकाप्रति सम्बोधन गर्दै साँचो माया खोजिरहेको कुरा व्यक्त गर्दछन्। आफूले साँचो माया दिए पनि ऊबाट पाउन नसकेको पीडापूर्ण भाव कवितामा प्रकट र भएको देखिन्छ।

निष्कर्षमा यस कवितासङ्ग्रहका अधिकांश कविताहरू समसामयिक युगबोध, अस्तित्वबोध, समाजप्रति समर्पित देखिन्छन्। समाजमा व्याप्त अन्याय, अत्याचार, भ्रष्टाचार, विकृति, विसङ्गति शोषण, दमन, नातावाद जस्ता कुराको विरोध स्वरूप रचना भएका यस सङ्ग्रहका कविताहरूले एउटा नयाँ व्यवस्थाको आकाङ्क्षा राख्दै पुरानो शाषकीय सत्ताको अन्त्यको कामना गरेको देखिन्छ। जातीय, मानवतावादी, सामाजिक, धार्मिक, सांस्कृतिक, प्रेमपरक, आर्थिक, समसामयिक विषयलाई अगाडि सार्दै देखापरेका कविताहरूले गरिबीको उन्मूलन गर्दै एउटा स्वस्थ्य समाजको निर्माण गर्नुपर्ने विषयमा जोड दिएका छन्। कविले भोगेका, देखेका, अनुभव, गरेका विषयहरू नै कतिपय ठाउँमा देखिन आउँछन्। कविको तत्कालीन उमेरको प्रभावले गर्दा पनि होला कवितामा युवा जोश र जाँगरका आवाजहरू प्रस्ट देख्न सकिन्छ। समाजको व्यवस्थाप्रति कतै-कतै कविता निराश देखिए पनि त्यहाँबाट उत्साह प्रादुर्भाव गराउन कविताहरू सफल देखिन्छन्।

### ५.२.४. सहभागी

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा विभिन्न प्रकारका सहभागीहरू प्रयोग भएका छन्। म, हामी, मान्छे, प्रियसी, मानव, साली, भेना, सडक, बादल,

भोटे, लाप्चे, नेपाली, चराचुरूङ्गी, प्रभु, पुरुष, वीर, पियक्कड, साथी, हिमाल, सागर, ड्र्याकुला, नारी, पुजारी, दानव, कविवर, किसान, मजदुर, हली, कोदाले, गरिब, यीशु, गान्धी, सूर्य, काकाकुल, आमा, मुनाल, डाँफे, पुर्खा जस्ता सहभागीहरू मानव र मानवेतरका रूपमा प्रयोग भएका देखिन्छन् । यी विभिन्न सहभागीहरूको माध्यमद्वारा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक क्षेत्रलाई विषय बनाउँदै उक्त क्षेत्रमाथि देखिएका विकृति विसङ्गतिको भण्डाफोर गर्ने काम कविताहरूले गरेका छन् । हुनत कविताहरूमा मानवीयबाहेक बादल, सडक, चरा, हिमाल, सागर, सूर्य जस्ता मानवेतर सहभागी विभिन्न कवितामा आएका छन् तर तिनीहरू समसामयिक युगबोध, अस्तित्वबोधलाई झल्काउँदै मानवता र विश्वबन्धुत्वको भावनालाई प्रगाढ पार्दै शोषित उत्पीडित जनताको मुक्तिको निम्ति पक्षपाती बनेका देखिन्छन् । जसरी भए पनि आजको स्थितिलाई परिवर्तन गरी एउटा समृद्ध समाजको निर्माण गर्नु सहभागीको उद्देश्य रहेको देखिन्छ । चाहे 'म'पात्रले गरेका कुराहरू हुन् वा अन्य पात्रले सबैको लक्ष्य गएर प्रगतिको कामनामा ठोकिएको हुन्छ । कतै कतै सहभागीहरू संसारको विषय परिस्थितिलाई देखेर निराश देखिएका पनि छन् । (४), (२१), (२३), (२७), (३२), (३४) आदि कवितामा सहभागीहरू यहाँको विषय परिस्थिति र जर्जर स्थितिप्रति साह्रै निराश बनेका छन् । (१), (२), (८), (१३), (१६), (१८), (१९), (२४), (३५), (३८), (४१), (४६), (५५) आदि कवितामा जीवनमा हामीले केही गर्नुपर्छ  र कसैको थिचोमिचोमा बस्नु, अन्यायमा पिरोलिनु हुँदैन भन्ने प्रगतिशील र अस्तित्ववादी दृष्टिकोण पात्रहरूबाट प्रकट भएका छन् । कतिपय कविताहरूले सहभागीको माध्यमबाट क्रान्तिकारी चेतना प्रस्तुत गर्दै सर्वहारा गरिब वर्गको पक्षमा चेतनात्मक आवाजहरू उठाउने र देश विकास र उन्नतिको लागि दृढ भएर लाग्नुपर्ने सन्देश दिएका छन् ।

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा फरक-फरक वैशिष्टय बोकेका विभिन्न सहभागीहरू मध्ये 'म' प्रस्तुत कविताहरूको प्रमुख सहभागी तथा वक्ता प्रेषक वा सम्बोधितका रूपमा साथै परोक्ष वा गौण भूमिकामा आएको देखिन्छ । 'म'को केन्द्रीय भूमिका रहेको यस कवितासङ्ग्रहका (८), (९), (१६), (१७), (१८), (१९), (२०), (२४), (२७), (३४), (३५), (३६), (४१), (४२), (४६), (४८), (४९), (५१), (५५), (६४), (६८), (७०), (७१) आदि कविताहरूमा 'म' ले देखाएका, व्यक्त गरेका घटनाहरू आज वास्तवमा सबै मानव जातिले वर्तमानमा भोगेका दुःख र पीडाका जिउँदा यथार्थहरू हुन् । समाजमा देखापरेका विकृति-विसङ्गति, अन्याय-अत्याचार, भ्रष्टाचार, राजनीतिक विकृति, धार्मिक विकृति, जातीय भेदभाव, उच्चनीचको भावना आदिलाई सहभागीहरूले अन्त्य गर्नुपर्ने चाहना राख्दै विभिन्न तरिकाले आवाज उठाएका छन् ।

यसरी समग्रमा यस सङ्ग्रहका कविताहरू 'म' पात्रको केन्द्रीयतामा रहेको र त्यसैको सेरोफेरोमा अन्य मानवीय र मानवेतर पात्रहरू घुम्दै समाजका विकृत परिस्थितिलाई हटाउँदै स्वच्छ समाजको निर्माणको लागि विभिन्न किसिमले प्रस्तुत भएका देखिन्छन् ।

## ५.२.५. परिवेश

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा धार्मिक, राजनीतिक, सांकृतिक, सामाजिक, प्राकृतिक, क्षेत्रीय परिवेशको चित्रण पाइन्छ । यस सङ्ग्रहमा वर्णित परिवेशले कवितालाई जीवन्तता प्रदान गरेका छन् । घटना, परिस्थिति र वातावरण तत्कालीन समयसँग मिल्दोजुल्दो र विषयवस्तु पनि त्यही अनुसारको रहेकाले कविताले सभ्यताको झल्को प्रदान गरेको देखिन्छ । स्थान, समय र वातावरणको अन्वितिलाई समग्रमा परिवेश भन्न सकिन्छ तर कवितामा स्थान र समयको स्पष्टता नदेखिन पनि सकिन्छ । समग्र कविताहरूमा तीनैवटा तत्त्व पूर्ण रूपले नआएको भए पनि कुनै एकको वर्णन अवश्य प्रकट भएको पाइन्छ ।

आधकांश कविताहरू 'म' पात्रको केन्द्रीयतामा रहेकाले यस सङ्ग्रहका कविताहरूमा कवि बाँचेको परिवेशको चित्रण पाउन सकिन्छ । हुनत आफूले बाँचेको परिवेशमा हुनुपर्ने कुरा नहुँदा असन्तुष्टि पनि पोखिएका छन् तर स्पष्ट रूपमा देखिन आउने कविता (२८), (३५), (४७), (४९), (५३), (५४), (६१), (६५), (७०) हरूले कवि आफ्नो अस्तित्व र मातृभूमिलाई अत्यन्त माया गर्दा रहेछन् भन्ने कुरा स्पष्ट हुन आउँछ । कविताका केही पङ्क्तिलाई यसरी देखाउन सकिन्छ :

मलाई मेरै 'लैबरी' र 'झ्याउरे' गीतहरू
यहाँ गाइदिनु मन लाग्छ
मलाई विश्वको कुना-कुनामा पनि
भानुबाजे नै पुजिदिनु मन लाग्छ
(मलाई मेरै नेपालीको माया, पृ.८८) ।

टेण्डोङ र मैनाम, दिदी र बहिनी यसको इतिहास,
सिक्किमैभरि बलेको उज्ज्वल शान्तिको प्रकाश ।
डाँडाको बीच हजारौँ झण्डा, हावामा झुकेका,
सिक्किमका बीच बुद्धका वाणी हिमालझैँ फुलेका ।
(मेरो देश, पृ.११२) ।

उपर्युक्त पङ्क्तिहरूमा सिक्किमको परिवेश, संस्कार आदिको चित्रण भएको छ । आफूले भोगेको हावापानीको चित्रणले गर्दा कवितामा सत्यता र जीवन्तता मिलेको देखिन्छ । यसै गरी यिनका कविताले धार्मिक विश्वास राख्दै भगवान्प्रति आस्था जगाउने भाव पनि प्रकट गरेका छन् । जस्तै :

निर्धन कोही पसीना चुहाई
अल्छी धनी बस्छन् खाई
रचाई संसार अनेक जाल
पार्‍यौ प्रभु ! सबको बेहाल ।
(गुनासो, पृ.५७) ।

मन्दिर, गोम्पा र चर्चमा
सजाएर राखिएको छ
सजावटको कुनै समान झैँ
र यी गोम्पामा, मन्दिरमा
गिर्जा र मस्जिदमा मेरो भगवान्
मेरो ईश्वर वास्तवमा कैद छ ।
(मेरो भगवान्, पृ.११८) ।

उपर्युक्त हरफहरूमा भगवान्प्रति आस्था प्रकट गरिएको भए पनि त्यहाँ असन्तुष्टिका भावहरू प्रगतिको आशा राख्दै पोखिएका देखिन्छन् । मन्दिर, गोम्पा, चर्च जस्ता परिवेशको चित्रण र स्वच्छताको परिकल्पनामा कविता एउटा समृद्ध र आत्मनिर्भर सामाजिक परिवेशको आशा प्रकट गर्न पुगेका देखिन्छन् । त्यसैगरी प्राकृतिक परिवेशको चित्रणमा पनि कविता भावमय भएर देखापरेका छन् । (२८), (३५), (३९), (५०), (५३), (६५) आदि कविताहरूमा प्राकृतिक चित्रण पाइन्छन् । जस्तै :

पहाड पर्वत सुनाखरीबीच प्रकृति लुकेको
प्रकृति-राजको महल भनी सिक्किम रचेको ।
सिक्किमे लाखौँ सजिए सारा हिमका चुचुरा
फूलका वस्त्र ओढेका राम्रा रूख र टाकुरा ॥

(हिमाल, पृ.११२) ।

यसरी नै कतिपय कविताहरूमा राजनीतिक परिवेशको चित्रण पाउन सकिन्छ भने सिक्किमेली हावापानीमा रम्दै कविताहरू भवमय बन्न पुगेकाले क्षेत्रीय परिवेशको असर पनि देख्न सकिन्छ । कविताहरू जस्तो सुकै परिवेशमा निर्मित भए पनि त्यहाँ परिवर्तन, प्रगति, उन्नति, व्यङ्ग्य, राष्ट्रियता, सामाजिकता, युगबोध जस्ता विषयहरू प्रसस्त देख्न सकिन्छ ।

## ५.२.६. उद्देश्य

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा विभिन्न प्रकारका उद्देश्यहरू पाउन सकिन्छ । यहाँ 'कविता कविताको लागि' भन्ने मान्यतालाई अलिक पर सार्दै 'कविता समाजको लागि' भन्ने मान्यता नजिकिएको पाइन्छ । यस सङ्ग्रहका कविताहरूले सामाजिक परिवर्तन, मानसिक परिवर्तन, राजनीतिक परिवर्तन, चेतनाको विकास, जातीय चेतना, राष्ट्रियताको बोध, युगीन मूल्यमान्यता, शान्ति स्थापना, प्रगतिशील सोच जस्ता विषयहरूलाई उद्देश्यमूलक ढङ्गमा प्रस्तुत गरेका छन् । कविता (१) ले वीर युद्धमा लड्नेमात्र होइन समाजको लागि केही गर्न अग्रसर हुने र नयाँ समाजको स्थापना गर्ने पनि वीर हुन् भन्ने कुरा चेतनाको रूपमा प्रस्तुत गरेको छ । कविता (२) ले नयाँ वर्ष आयो अब नाच्नु, गाउनुपर्छ भन्नुको सट्टा प्रत्येक नयाँ वर्षको दिन पछाडि फर्केर हेर्दै आफूले गरेको उन्नतिको तर्जुमा गर्नुपर्ने र अबका दिनहरूमा गर्नुपर्ने कार्यहरूको खाका तयार गर्नुपर्ने प्रगतिगामी सोच राखेको छ ।

यस सङ्ग्रहका प्रायः कविताहरू चेतना नै चेतनाभित्र भावान्वित बनेका देखिन्छन् । राजनीतिक विषयको उठान गर्दा भ्रष्ट भएर बस्ने नेताहरूलाई मुटुमा चस्का पस्ने गरी व्यङ्ग्य प्रहार गरिएको पाइन्छ भने धार्मिक विषयवस्तुको उठानभित्र पनि दार्शनिक शब्दहरूको प्रयोग गर्दै त्यहाँ पुजारीको अन्तरमनलाई केलाइएको र त्यस्ता भ्रष्ट मानिसहरूलाई समाजबाट बहिष्कार गर्नुपर्ने उद्देश्य कविताहरूमा राखिएको छ । जस्तै :

कसले बचाउने हो
यो विश्वमा गरिबहरूको लाज
उखेली फ्याँकिदेऊ है
मान्छेको संसारबाट
यी पापीहरूको राज

(तिम्रो-मेरो आह्वान, पृ.३८) ।

उपर्युक्त हरफहरू राजनीति गरेर माथि पुग्ने र जनताालाई चुसेर आराम साथ बाँच्ने नेताहरूप्रति लक्षित गर्दै त्यस्ता नेताहरू हाम्रो परिवारबाट हटाउनु पर्छ भन्ने उद्देश्यमा निहित छ । भगवान्को नाममा मोज गर्ने व्यक्तिहरूलाई कवि यसो भन्छन् :

पूजा-अर्चना गर्ने
धूप-बत्ती र अक्षत
त्यो खाने र लाने अनि त्यसमाथि
अधिकार जमाउने त अर्कै छ ।

(मेरो भगवान्, पृ.११९) ।

अभिधात्मक र व्यङ्ग्यात्मक दुवै अर्थमा उत्तिकै सबल यस कविताले पुजारी भगवान्प्रति समर्पित देखिए पनि ऊ पैसा र लालसामा डुबेर भगवान्लाई खाने भाँडोको रूपमा प्रयोग गरेको कुरा र अर्कोतर्फ जुन समाजमा आफू बाँच्नुपर्ने छ त्यही समाजलाई नङ्ग्याएर, विकासका स्रोतहरू आफूमा निहित गरेर बाँच्ने स्वार्थी मानिसहरूको व्यवहारलाई उजागर गर्ने जस्ता उद्देश्यहरू यस कवितामा पाउन सकिन्छ ।

सामाजिक विषयको उठानभित्र कविताहरू निम्नवर्गीय जनताका जीवनस्तर कसरी उठाउने भन्ने उद्देश्यमा केन्द्रित देखिन्छन् । प्राकृतिक चित्रणमा, प्रकृतिको रमणीयतामा भाव विभोरमात्र नबनेर कवि यस्ता प्राकृतिक सौन्दर्य लुट्न वरिपरि लुटारहरू नाचिरहेकाले यिनीहरूबाट बचाँउनु पर्ने र स्वच्छ प्राकृतिक सौन्दर्य भएको परिवेश निर्माण गर्नुपर्ने उद्देश्य प्रकट भएको छ । परम्परागत मूल्य र मान्यतालाई हामीले कहिले पनि भुल्नु हुँदैन तर ती परम्परामा भएका अर्थहीन र महत्त्वहीन कुराहरूलाई भने परिमार्जन गर्दै लान सक्नु हाम्रो कर्तव्य हो भन्ने जस्ता परिवर्तनशील विचार व्यक्त भएका छन् । कतिपय कवितामा विश्ववन्धुत्वको भाव प्रकट भएका छन् जहाँ मानिस जात-जातमा विभक्त नभएर एउटै भएर बाँच्नुपर्छ, तेरो र मेरोको पर्खालले युद्ध निम्त्याउँछ भन्दै समानतावादी सोचमा मानिस अघि बढ्नुपर्ने मूलभूत उद्देश्य पाइन्छन् । अब गरिब-दुःखीहरू पनि एक भएर शोषकहरूको अन्त्यको लागि लड्नु पर्ने र स्वच्छ एवं आदर्श समाजको निर्माणमा लाग्नुपर्ने भन्दै सबै तह र तप्कामा उन्नति हुनुपर्छ भन्ने उद्देश्यले कविताहरू निर्मित देखिन्छन् ।

समग्रमा कविताहरू प्रगति र उन्नति, सामन्ती प्रथाको अन्त्य, गरिबीनिवारण, शान्ति स्थापना, अग्रगमनको दिशाबोध, संस्कृतिको संरक्षण, राष्ट्रियता बोध, मानवताको संरक्षणजस्ता उद्देश्यहरूमा बढी केन्द्रित देखिएका छन् ।

### ५.२.७. दृष्टिबिन्दु

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू**भित्र विभिन्न प्रकारका विषयहरू रहेका छन् । जति विषयहरू समेटिएका छन् ती प्रायसः सबै कविताहरूमा कविको निजी भाव प्रकट भएको पाइन्छ । विशेषत कविको उपस्थिति परिवर्तनको आवाज स्वरूप कविता सिर्जना गर्दा देखिएको छ । सामाजिक र राजनीतिक आचरणमा सुधार ल्याउन कतै कतै संयमतापूर्वक कविको आवाज प्रस्तुत भएको छ भने कतै क्रान्ति चेत र विद्रोहका हुँकारहरू पनि देखिएका छन् । आफ्नो पहिचान, संस्कार, संस्कृति जस्ता अस्तित्वको विषयप्रति नकारात्मक असर परेको देखेर कविले आक्रोश र व्यङ्ग्यका झटाराहरू उग्र तरिकाले प्रस्तुत गरेका छन् । यसका साथै कवितामा 'म' पात्र वक्ता, प्रेषक, सम्बोधक वा वर्णनकर्ताको भूमिकामा आएको स्पष्ट हुन्छ भने श्रोता प्रापक वा सम्बोधितको भूमिकामा रहेको पुष्टि हुन्छ । यस्तै कविताहरूमा भाव र उसकै माध्यमबाट कविता पनि समाप्त गरिएकाले यस कवितासङ्ग्रहमा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग पनि पाइन्छ ।

यदि कवितालाई समाख्याताले प्रमुख पात्रका रूपमा विचार प्रस्तुत गरेको भए त्यो प्रथमपुरुष दृष्टिविन्दुमा आधारित कविता हुन्छ । कतै विचारमात्र आएको तर 'म' पात्रको अवस्थिति नदेखिएको स्थिति भए त्यहाँ पनि प्रथमपुरुष नै हुन्छ । यसको आधारमा प्रथमपुरुष दृष्टिविन्दुलाई पनि केन्द्रीय र परिधीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यस कवितासङ्ग्रहका कविता (१), (२), (३)का प्रायः, (४), (५), (६), (७), (९), (१३), (१६), (१७), (१९), (२०), (२१), (२२), (२३), (२५), (२७), (३०), (३१), (३२), (३३), (३५), (३६), (३७), (३८), (४०), (४१), (४४), (४६), (५१), (५३), (५५), (५७), (५८), (५९), (६०), (६१), (६४), (६६), (६७), (६८), (७०), (७१)हरू प्रथमपुरुष दृष्टिविन्दुमा आधारित छन् । यसभित्रका कविताहरूमा कतै 'म' पात्र मुख्य बनेर आएको छ भने कतै अदृश्य बनेर कवितालाई अगाडि बडाएको छ । यही आधारबाट केन्द्रीय र परिधीय दृष्टिविन्दुलाई यहाँ यसरी देखाइएको छ :

**प्रथमपुरुष केन्द्रीय** दृष्टिविन्दुमा आधारित कविताको अंश :

जिन्दगीको सराप लागेर
वेस्याहार छन् मेरा कथाहरू
एउटा खोक्रो संसार सजाएर

मैले स्वत्व हराइसकेँ आज
मैले मलाई नै निलिसकेँ आज
मैले आफ्नै अस्तित्व बिर्सिसकेँ आज ।
(म, पृ. ४०) ।

उक्त कवितांशमा 'म' प्रमुख सहभागीको रूपमा आएको हुनाले यो प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुमा आधारित कविता बन्न पुग्यो ।

**प्रथमपुरुष परिधीय** दृष्टिविन्दुमा आधारित कविताको अंश :

हावाले अदृश्य रूप लिएको पनि
स्वार्थीहरूबाट बाँच्नलाई नै हो
प्राणीहरूमा पल-पल रक्षा गरेको पनि
संसार उजिल्याउन कै लागि हो ।
(अदृश्य, पृ.२०) ।

माथि उल्लिखित कवितामा 'म' पात्रको उपस्थिति नरहे पनि सम्पूर्ण विचार अदृश्य रूपमा 'म' पात्रबाट नै व्यक्त भाएकाले यो प्रथमपुरुष परिधीय दृष्टिविन्दुमा आधारित कविता हो ।

यसका अतिरिक्त 'म' पात्र कविताको भावअनुसार वक्ता, प्रेषक, सम्बोधक वा वर्णनकर्ताको भूमिकामा आएको स्पष्ट हुन्छ ।

'म' पात्र **वक्ता**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

पूर्खाको कल्पना
हिजो बाजेले देखेको सपना
आज खरानी बनेर उडेको छ
हिजो बाबुले नगरेको कल्पना
आज विपना भई बढेको छ ।
(हिजो-आज, पृ. ३१) ।

'म' पात्र **प्रेषक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

हाम्रो छातीमाथि पनि
यिनीहरू नै नाच्छन्
हाम्रो रगत र पसीना लुटेर पनि
यिनीहरू नै बाँच्छन् ।
(तिम्रो-मेरो आह्वान, पृ.३८) ।

'म' पात्र **सम्बोधक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

ए मान्छे !
तिमी किन यति स्वार्थी ?
यसैले
तिमीसँग म डराउँछु
तिम्रो छायाँसँग पनि मलाई डर लाग्छ ।
(मान्छेसँग, पृ. ७९) ।

'म' पात्रले खेलेको भूमिकाको आधारमा उक्त कवितांशलाई वक्ता, प्रेषक, र सम्बोधक भनी छुट्याइएको हो । 'म' पात्रको अवस्थितिको आधारमा नै यसलाई छुट्याउन सजिलो भएको देखिन्छ ।

यस कवितासङ्ग्रहमा प्रथमपुरुष दृष्टिविन्दुका अतिरिक्त तृतीयपुरुष दृष्टिविन्दु पनि पाउन सकिन्छ । ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी पात्रको माध्यमबाट विचार प्रस्तुत गरिएमा तृतीयपुरुष दृष्टिविन्दुमा आधारित कविता बन्न जान्छ । कविता (३) का केही कविता, (८), (

१०),    (११), (१२), (१४), (१५), (१८), (२४), (२६), (२८), (२९), (३४), (३९), (४२), (४३), (४५), (४७),    (५०), (५२), (५४), (५६), (६२), (६३), (६५), (६८), (६९)हरू तृतीयपुरुष दृष्टिविन्दुमा आधारित देखिन्छन् । यसमा कविले पात्रलाई अगाडि ल्याएर कवितालाई पूर्णता दिएका छन् । समाख्याताले बाहिर नै बसेर कुनै सर्वनाम वा नामको माध्यमबाट कवितालाई समाप्ति दिएको आधारमा यसलाई छुट्याउन सजिलो हुन्छ, जसको सानो अंशलाई हेरौं :

युग युगान्तर चम्किरहे हरदम यो हिमाल
विश्वभरीमा शान्त , अचल उच्च यो हिमाल ।
भूतलबीच कोलाहल बस्छ बनी यहाँ धीर
मान्दैन दुःख गर्दैन गुनासो यस्तो यो हो वीर ।

(हिमाल, पृ. ६३) ।

उक्त कवितांशमा हिमालको स्वच्छ रूपको वर्णन छ । हिमाललाई अगाडि ल्याएर उसकै रूप, रङ्गको वर्णन गर्दै कविता पूर्ण गरिएकाले यो तृतीयपुरुष दृष्टिविन्दुमा आधारित कविता बन्न पुग्यो ।

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू**लाई दृष्टिविन्दुको आधारमा विभाजन गरेर हेर्दा प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिविन्दु उत्तिकै प्रबल बनेर आएको भए पनि तुलनात्मक रूपमा प्रथमपुरुष दृष्टिविन्दुको आधिक्य रहन गएको देखिन्छ ।

## ५.२.८. भाषाशैलीय विन्यास

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहका सबै कविताहरू मुक्त छन्दमा संरचित छन् । कतैकतै अन्त्यानुप्रासको संयोजनले कविताहरूमा साङ्गीतिक झल्को पनि पाउन सकिन्छ । भाव विस्तारको क्रममा शब्दगत र अर्थगत जटिलताभन्दा पनि सम्प्रेषणगत सरलताका कारणले यसमा सङ्ग्रहित कविताहरू सरल र सहज भाषाको प्रयोगमा आधारित देखिन्छन् । जस्तो स्थिति र भावको बहाइ छ त्यस्तै किसिमको शब्द र शैलीको प्रयोगले कविताहरूमा जीवन्तता देखिन आउँछ । कुनै पनि विषयको उठान लघुतम रचनामा बाहेक अन्य रचनामा वर्णनात्मक शैलीबाट भएको देखिन्छ ।

यस सङ्ग्रहमा जति कविताहरू देखिन्छन् त्यति नै किसिमको शैली र शैलीगत भाषाप्रयोग पनि मिलेको देखिन्छ । समाजमा देखिएका विकृति-विसङ्गतिजस्ता कुराहरूलाई देखाउनु परे त्यही किसिमको शब्दप्रयोग, रमणीय परिवेशको चित्रण गर्नु परे त्यहीअनुरूप शब्द छनोट, प्रेमपरक विषयको उठान भए त्यही प्रकारको भाषा प्रयोग, राजनीतिभित्रका विकृतिलाई देखाउने परे त्यस्तै एवं गरिब पक्षीय कविता रचना गर्नुपरे सोहीअनुरूपको शब्दप्रयोग गरेका कारणले यस कवितासङ्ग्रहका कविताहरूमा भाषा र शैलीगत विविधता पाउन सकिन्छ । यसरी कविताहरूमा परिवेश र स्थितिअनुरूप शब्दहरूको प्रयोग पाइन्छ । प्राकृतिक वर्णनमा कविताहरू प्रकृतिरानीमा हराउँदै सोहीअनुरूपको शब्द छनोटभित्र रमाएका छन् ।

नेपाली झर्रा, तत्सम, तत्भव, आगन्तुक शब्दहरूको प्रयोगले कविताहरूमा रौनकता, श्रुतिमधुरता, भाव सम्प्रेषणीयता जस्ता कुराहरू पाउन सकिन्छ । प्रेमात्मक विषयमा, धार्मिक विषयमा, प्राकृति चित्रणमा, भावुक वर्णनमा कविताको भाषा मिठासपूर्ण र श्रुतिमाधुर्य देखिन्छ । कविताहरूमा देखापर्ने बिम्ब-प्रतीक तथा अलङ्कारहरू कविताको विषयअनुसार नै देखिएका छन् ।

यस सङ्ग्रहमा देखापरेका पूर्णविराम, अर्द्धविराम, प्रश्नवाचक चिह्न, विश्मयादिबोधक, अनुप्रासीय संयोजन, पुनरावृत्ति आदि प्रयोग भएका कविताका अंशहरूलाई यस प्रकार देखाउन सकिन्छ :

**पूर्णविराम चिह्न** प्रयोग भएका अंश :

युग-युगान्तर चम्किरहने हरदम यो हिमाल

विश्वभरिमा शान्त, अटल उच्च यो हिमाल ।
(हिमाल, पृ. ६३) ।

**अर्द्धविराम चिह्न**को प्रयोग गरिएको कविता :

तिमी मान्छे हौ, तिमी देव हौ
तिमी त सृष्टिको श्रेष्ठतम प्राणी हौ
नसताऊ, नसताऊ निरीह प्राणीलाई
नबन, नबन दुष्ट तिमी !
(मानवसँग, पृ.२१) ।

**प्रश्नवाचक चिह्न** प्रयोग गरिएको कविता :

ए सागर
कहाँ तिम्रो शुरू छ ?
कहाँ तिम्रो अन्त्य छ ?
तिमी त भयावह छौ...
(मनको सागर, पृ.७३) ।

**विश्मयादिबोधक चिह्न** प्रयोग गरिएको कविता :

ए आफ्नै आमाको छातीमा भाला रोप्ने वीरहरू !
ए आफ्नै खुनलाई पानी सम्झी पिउने पियक्कडहरू !
ए आफ्नै इतिहासलाई कुल्चने अन्यायीहरू !
ए दासत्वको महल सजाउने यस्ता खुनहरू !
(उल्टो पटल : नौलो रंग, पृ. ५९) ।

**अनुप्रासीय संयोजन** मिलाएर प्रयोग गरिएका कविता :

निर्धन कोही पसीना चुहाई
अल्छी धनी बस्छन् खाई
रचना संसार अनेक जाल
पाऱ्यौ प्रभु ! सबको वेहाल ।
(गुनासो, पृ. ५७) ।

**पुनरावृत्ति** मिलाएर प्रयोग गरिएको कविता :

आफ्नै निम्ति बाँच्न सिक्नुपरेको छ
आफ्नै संसार निर्माण गरेर
आफ्नै निम्ति मर्न सिक्नुपरेको छ
आफ्नै संसार बनाएर ...।
(आफ्नो निम्ति सोच्दा, पृ. ११०) ।

शैलीगत आधारमा जति कविताहरू देखिन्छन् त्यति नै शैली र त्यसमा भिन्नता पाइन्छ । यो सङ्ग्रह शैली प्रयोगको हिसाबले भाव र भाषाका आधारमा सबल देखिन्छ । यस सङ्ग्रहका कविताहरूलाई 'म' पात्रले प्रत्यक्ष वर्णन, एकल संवाद, पूर्वस्मृति, टिप्पणी, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा आफ्ना भावहरूलाई प्रस्तुत गरेको छ । उक्त कुराहरूमा आधारित कविताहरूलाई निम्नलिखित तथ्याङ्कमा देखाइएको छ :

**प्रत्यक्ष वर्णनात्मक शैली** : सधैँ हल्ला बोकेर
यी गाउँ, सहर र देशका मानिसहरू
आन्दोलन, जुलूस, हड्ताल भएर
...उफ्रिन्छन् / नाच्छन् / खुसी हुन्छन् ।
(मेरो देश, पृ. ३६) ।

**एकल संवादात्मक शैली** :

तिर्खाएको काकाकुलले दूषित पानीको बहिष्कार गरेर
पवित्र पानीको खोजीमा चिच्याउँदै उडेजस्तो
म पनि पवित्र संसारको खोजीमा एउटा विरोध लिएर हिँडिरहेछु, जलिरहेछु
खोक्रो र बोक्रे मान्छेको संसारलाई बहिष्कार गरेर

(म जन्मेको धरतीमा, पृ. ९९) ।

**पूर्वस्मृतिपरक शैली** :

प्रवासको क्षितिजमुनि
बाँचेको थिए मेरा पुर्खाहरू
दासत्वलाई गर्व ठानेर
बोक्रे तक्मा र करतल ध्वनिहरूमा
अस्तित्वलाई बन्धक राखेर ।

(प्रवासको क्षितिजमुनि, पृ. १२२) ।

**टिप्पणीपरक शैली** :

हाम्रो लागि आएन नयाँ वर्ष
हाम्रो लागि सधैँ दुःखको वर्ष
एक मुठ्ठी मान्छेको पेवा बनेर
आउँछ सधैँ नयाँ वर्ष
हाम्रो लागि कहाँ आउने हो र नयाँ वर्ष

(हाम्रो नयाँ वर्ष, पृ. १४) ।

**सम्बोधनात्मक शैली** :

ए बादल !
तँ किन यति कोमल ?
जबकि शक्तिले युक्त तँ छस्
बृहत् तेरो रूप छ
तरै पनि
मान्छेलाई जस्तो तँलाई घमण्ड आएन ।

(कोमल बादल, पृ. ४५) ।

**आक्रोशात्मक शैली** :

एकपल्ट होइन दुईपल्ट होइन
यस्तो अत्याचार भइरहेछ बारम्बार
पुगेन यिनीहरूलाई
लुटेर पनि हाम्रो घर-बार ।

(तिम्रो-मेरो आह्वान, पृ. ३८) ।

**विद्रोहात्मक शैली** :

एइ, आँखा भई अन्धा भएकाहरू हो !
मेरो तिमीलाई अनुरोध छ
तिम्रो आँखाको कालो पट्टी
च्यात, फ्याँक र अघि बढ ।

(अन्धविश्वासीप्रति, पृ. ७८) ।

यसरी हेर्दा यससङ्ग्रहका कविताहरूमा 'म' पात्रको अवस्थिति विभिन्न भूमिकामार्फत देखापरेको छ। यसैगरी असन्तोष, जिजीविषा जस्ता कुराहरू पनि 'म' पात्रले भोगेको परिवेश आश्रित देखिन्छन्। समग्रमा कविताहरू प्रथमपुरुषात्मक दृष्टिविन्दुमा संरचित देखिन्छन्।

यस कवितासङ्ग्रहका कविताहरूमा अलङ्कारको प्रयोग पनि व्यापक रूपमा आएको देखिन्छ। अलङ्कारको समुचित प्रयोगका कारण कविताहरूमा सौन्दर्य प्रकट भएको छ। कविताको बाहिरी गहना मानिने अलङ्कारले यहाँ श्रुतिमधुरता पनि थपेको छ। यस्तै बिम्ब र प्रतीकको प्रयोग पनि उत्तिकै सशक्त रहेको देखिन्छ। बिम्बात्मक शब्द र प्रतीकात्मक अर्थले युक्त यस सङ्ग्रहका रचनामा भाव गाम्भीर्य पाउन सकिन्छ। बिम्ब र प्रतीकको तथा अलङ्कारको प्रयोजन पनि तत्कालीन अवस्थाको पर्दाफास गर्नु नै रहेको छ।

समग्रमा **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा विषयअनुरूप भाषा प्रयोग भएका छन् भने शैली पनि उही किसिमको पाउन सकिन्छ। बिम्ब, प्रतीक र अलङ्कारको संयोजनलाई भावअनुसार प्रयोग गरेको हुनाले कवितामा मधुरता थपिएको छ। भाव र विषयलाई सन्तुलित बनाउन यस सङ्ग्रहका कवितामा कविले उचित शब्दहरूको प्रयोग उचित ठाउँमा गरेको देखिन्छ।

## ५.२.९. निष्कर्ष

**वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** पवन चामलिङ 'किरण'को दोस्रो प्रकाशित कृति भए तापनि रचनाका हिसाबले उनका प्रारम्भिक चरणका सिर्जनाहरू समेटिएका छन्। सन् १९६७ देखि १९७८ सम्मका रचनालाई समेटेर तयार गरिएको यस कृतिमा तत्कालीन जनजीवनको दुःख, कष्ट, पीडा, व्यथाहरू अन्तर्निहित छन्। डा. खगेन्द्रप्रसाद लुइटेलको विधावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**का आधारमा विश्लेषण गरिएको यस कृतिका रचनाहरूलाई परिचय, विभाजन र सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास र निष्कर्ष जस्ता कविता विश्लेषणका संरचनात्मक प्रारूपका साथै प्रकाशन, संस्करण, मुद्रणदेखि लिएर कविताको संरचना, धार्मिक, राजनीतिक, सामाजिक, आर्थिक, प्राकृतिक, क्षेत्रीय, राष्ट्रिय, सांस्कृतिक विषयवस्तुको समावेशन, भावात्मक अभिव्यक्तिभित्र देश, काल, वातावरणजस्ता परिवेशको चित्रण, समाजलाई उन्नतिको र प्रगतिको दिशाबोधको निम्ति आजका युवापीडिले कस्तो किसिमको भूमिका निर्वाह गर्नुपर्छ, सबैले सबै क्षेत्रबाट कसरी हातमा मिलाए बढ्नुपर्छ, गरिब तथा उत्पीडित जनतालाई उकास्न र तिनीहरूमा चेतना भर्न हामीले कस्तो कार्य गर्नुपर्छ भन्ने जस्ता उद्देश्यमूलक तथा चेतनात्मक अभिव्यक्ति कवितामा प्रकट भएका छन्। सम्पूर्ण कविताहरू प्रगीतात्मक संरचनामा आधारित रहेकाले यसमा सङ्गठन र विभाजनको त्यति ख्याल गरिएको छैन। कतिपय कविताहरूमा पङ्क्तिपुञ्ज विभाजन गरिएको भए पनि सचेत तरिकाले चाहिँ विभाजन गरिएको पाइँदैन। यसैले गर्दा यिनका कवितामा सङ्गठनगत एकरूपता पाउन सकिँदैन।

तत्कालीन सिक्किममा देखिएका विकृतिजन्य परिवेशको चित्रणनै कवितामा मूलभूत रूपमा प्रस्तुत भएका छन्। समाजमा व्याप्त अन्याय, अत्याचार, जातीय भेदभाव, विकृति, विसङ्गति आदिलाई कवितासङ्ग्रहले विषयको रूपमा अगाडि ल्याएको छ। सम्पूर्ण क्षेत्रको समान तरिकाले विकास गर्दै राष्ट्रलाई उन्नतिको शिखर चुम्न लगाउनु पर्छ भन्ने भाव कविताहरूमा अभिव्यक्त भएका छन्।

यस सङ्ग्रहमा 'म' पात्र प्रमुख सहभागी बनेर आएको देखिएको छ। हुनत 'म' पात्र बाहेक मानवीय, मानवेतर, जड आदि पात्रहरू यसमा प्रयोग भएका छन्। तर अधिकांश कविताहरूमा 'म' कै भूमिका विशेष देखिएको छ। 'म' का अतिरिक्त हामी, मान्छे, प्रियसी, साली, भेना आदि गरिएका मानवीय पात्र र सडक, बालक, हिमाल, सागर आदि जड एवं काकाकुल, डाफे, मुनाल

आदि मानवेतर तथा गाँधी, यीसु जस्ता मिथकीय पात्रहरू पनि रहेका छन्। सम्पूर्ण सहभागीहरूको ध्येय चाहिँ समाजलाई समुन्नत दिशातिर लानुनै रहेको देखिएको छ।

सामाजिक, राजनीतिक क्षेत्रीय, सांस्कृतिक, वैश्विक परिवेशको चित्रण पाइने यस सङ्ग्रहका कविताहरूमा स्थानगत, समयगत र वातावरणगत परिवेशको चित्रण पाइन्छ। सिक्किमको तत्कालनि स्थितिको चित्रण गर्दा स्थानको वर्णन त्यहीँको सेरोफेरोमा रहेको छ भने तत्कालीन समयको युगीन यथार्थको चित्रणभित्र तत् समयको चित्र कविताहरूमा मूर्त रूपमा प्रकट हुन आउँछन्। कविताहरूले उठान गरेअनुरूप रोमाञ्चक, निराश, आक्रोशित, विवश, विद्रोही वातावरणको चित्रण गरेका छन्।

तत्कालीन सामाजिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक क्षेत्रमा देखिएका नराम्रा कुराहरूलाई उजागर गर्दै त्यस क्षेत्रमा सुधार गर्नु र समृद्धतातिर उन्मुख गराउनु नै यस सङ्ग्रहका कविताको उद्देश्य रहेको देखिन्छ। प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिविन्दुको प्रयोग भएको भए पनि प्रथमपुरुषकै अधिकता रहेको देखिन्छ। भाषाशैलीय विन्यासका हिसाबमा भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कारको उचित संयोजन देखिन आएको छ।

समग्रमा यस सङ्ग्रहका कविताहरू आनन्दानुभूतिका लागिभन्दा पनि प्रयोजनपरक ढङ्गले सार्थक दखिएका छन्।

## ५.३. अन्तहीन सपना : मेरो विपना कवितासङ्ग्रहको विश्लेषण

### ५.३.१. परिचय

**अन्तहीन सपना : मेरो विपना** कवि पवन चामलिङ 'किरण'को दोस्रो कवितासङ्ग्रह हो। यसलाई पहिलो प्रकाशनका रूपमा सन् १९८६मा ल्याइएको हो। यसको सन् १९८६, १९९३, १९९६, २०१० सम्म क्रमशः चौथो संस्करणसम्म प्रकाशित भइसकेको छ। यस सङ्ग्रहको प्रथम र द्वितीय संस्करणको पुस्तक प्राप्त नभए पनि तृतीय संस्करणमा दिइएको जानकारीअनुसार सन् १९९६लाई तृतीय संस्करण भनेको भए पनि सन् २०१० लाई पुनः तृतीय संस्करण भनिनुले त्यहाँ प्राविधिक कमजोरी भएको जानकारी पाउनका साथै सन् २०१०को पुस्तक प्रकाशनले हालसम्ममा यसले चौथो संस्करण पार गरिसकेको स्पष्ट हुन्छ।

यो कवितासङ्ग्रह निर्माण प्रकाशन, राङगाङ, दक्षिण सिक्किमबाट प्रकाशनमा आएको र श्रीमती धनमाया चामलिङ यसको प्रकाशक रहेकी देखिन्छिन्।[३१] यसको तृतीय संस्करणको मुद्रण ताज प्रेस, मायापुरी, नई दिल्लीबाट भएको हो [३२] भने चौथो संस्करण (तेस्रो संस्करण ?) निर्माण फोटोअफ्सेट, इन्दिरा बाइपास, गान्तोकबाट भएको हो[३३]। कवि पवन चामलिङले 'दोस्रो संस्करणबारे' भन्ने भूमिकामा दोस्रो संस्करणमा ६ वटा कविताहरू थपेर समावेश गरिएको जानकारी दिएका छन्[३४]। त्यसैगरी 'तेस्रो संस्करणबारे' भन्ने २०१० को प्रकाशनमा १९ वर्षपछि नयाँ संस्करण मुद्रण हुँदैछ भन्ने जानकारी दिएकाले सन् १९९६ सालमा प्रकाशित संस्करण नै छुटाएको हो भनेर अन्दाज गर्न सकिन्छ [३५]। यस सङ्ग्रहमा प्रस्तावना रमण नेपालले लेखेका छन्[३६]। यहाँ विश्लेषण गर्न लागिएको संस्करण पनि सन् २०१० नै हो जसमा जम्मा ६७ वटा कविताहरू रहेका छन्।यसभित्र एउटा मूल शीषकमा 'पाँच कविता' भनेर पाँच लघुतम

---

३१. पवन चामलिङ, अन्तहीन सपना : मेरो विपना, भूमिका, (सिक्किम : निर्माण प्रकाशन २०१०)।
३२. ऐजन।
३३. ऐजन।
३४. ऐजन।
३५. ऐजन।
३६. ऐजन।

कवितालाई समावेश गरिएको छ । त्यसैगरी 'एक दर्जन मुक्तकहरू' भनेर १२ वटा भिन्ना-भिन्नै शीर्षकका मुक्तकहरू समावेश गरिएका छन् ।

## ५.३.२. विभाजन र सङ्गठन

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहभित्र जम्मा ६७ वटा रचनाहरू रहेका छन् । यसैभित्र १२ वटा मुक्तकहरू पनि समावेशित छन् । लघुतम रूपका कवितालाई कविले **पाँच कविता** मूलशीर्षकमा समेटेका छन् । कविताको पङ्क्ति एक शब्ददेखि उपवाक्यसम्मको देखिन्छ । कतिपय कविताहरू एउटै पङ्क्तिपुञ्जमा समाप्त भएका छन् भने कतिपयलाई विभिन्न पङ्क्तिपुञ्जमा विभाजन गरेर समाप्त गरिएको छ । भावात्मक अनुभूतिको गहिराइमा पुग्दा केही कविता लामा आयामका छन् र केही कविता छोटा भावना गुम्फनमा नै पूर्ण भएका छन् । यसभित्र अप्रत्यक्ष पङ्क्तिपुञ्ज पनि रहेका छन् जसलाई छुटयाउन प्रसङ्ग, आदि, मध्य, अन्त्यअनुसार पुञ्ज-पुञ्ज अध्ययन गर्नुपर्ने देखिन्छ ।

गद्यलयमा आधारित **अन्तहीन सपनाः मेरो विपना**का कविताहरूमा पुञ्जगत विविधता पाइन्छ । कतै पुञ्ज विभाजन नगरी छोटो आयाममा नै कविता अन्त भएको छ त कतै १३ वटासम्म पङ्क्तिपुञ्जहरू रहेका देखिन्छन् । चिह्नित पङ्क्तिमा राख्न सकिने कविता (१), (४), (५), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६), (१७), (१८), (१९), (२०), (२१), (२२), (२३), (२४), (२५), (२६), (२७), (२८), (२९), (३०), (३१), (३२), (३३), (३४), (३५), (३६), (३८), (३९), (४०), (४१), (४२), (४३), (४४) (४५), (४६), (४७), (४८), (४९), (५०), (५१), (५२), हरू हुन् भने कविता (२), (३), (६), (१४), (२१), (२२), (२५), (३०) अचिह्नित पङ्क्तिमा पर्दछन् । यसरी नै कविता (४८)मा पङ्क्तिपुञ्ज विभाजन गरेर पनि क, ख, ग, घ भाग छुट्याइएको छ। त्यस्तै कविता (५१) मा पङ्क्तिपुञ्ज विभाजन सहित १, २, ३ भाग छुट्याइएको छ । कतिपय अवस्थामा कविताहरू पङ्क्तिपुञ्जमा विभाजन नभए पनि भाव, प्रसङ्ग, अवस्था आदिका आधारमा छुट्याउनु पर्ने देखिएकाले यसलाई अप्रत्यक्ष विभाजनमा राख्न सकिन्छ ।

**अन्तहीन सपना : मेरो विपना**का अधिकांश कविता (१), (५), (६), (७), (८), (९), (११), (१२), (१५), (१६), (१७), (१८), (१९), (२०), (२१), (२२) आदिमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको देखिन्छ भने कविता (२) भित्रका सबै, (३) भित्रका सबै, (१०), (१३), (१४) आदिमा त्यस्तो शुङ्खला मिलेको देखिँदैन । यसैगरी केही कविता वर्णनात्मक तरिकाले बगेका छन् भने केही आत्मवृत्तान्त एवं पूर्वदीप्ति शैलीमा पनि प्रस्तुत भएका छन् ।

यस सङ्ग्रहका कविताहरू जहाँ पङ्क्तिपुञ्ज विभाजन भएका छैनन् त्यहाँ प्रायः आदि, मध्य र अन्त्यको शुङ्खला पाइँदैन । लघुतम रूपका कविता (२) भित्रका र (३) भित्रका सबैजसोमा भावाभिव्यक्तिको सम्प्रेषणमात्र गराएको पाइन्छ । यस सङ्ग्रहमा सङ्ग्रहित अधिकांश कविताहरूमा अग्रभूमीकरण देखिन्छ जसले कविताको थालनीमा कवितात्मक विषयको जानकारी प्रकट गर्दछ र विचार भागमा कविताले विषगत विचरण गर्दै निष्कर्ष भागमा भन्न खोजिएको वा उद्देश्यलाई प्रस्तुत गर्दै कविता समाप्त हुन्छ ।

सामान्यतया यस कवितासङ्ग्रहका कविताहरू सबै प्रगीतात्मक रहेकाले विषयविस्तार तिरभन्दा पनि भावसम्प्रेषणमा बढी केन्द्रित देखिन्छन् ।

समग्रमा **अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहका अधिक कविताहरू लघु आयामका वा लघु रूपमा छन् भने पाँचवटा कविता र एक दर्जन मुक्तक लघुतम रूप भएका रचना हुन् । कविता (२)भित्रका र (३)भित्रका बाहेक अन्य प्रायः कविताहरू आदि, मध्य र अन्त्यको शुङ्खलामा व्यवस्थित देखिन्छन् । यस सङ्ग्रहको अधिकांश/प्रायः सबै कविता कविको निजी अनुभीतिमा आधारित हुनाले संरचनात्मक व्यवस्थापनको सट्टा भावसम्प्रेषणमा केन्द्रित

देखिएका छन् । यसप्रकारले यस सङ्ग्रहका कविताहरूमा आयामगत, विषयगत, प्रस्तुतिगत, संरचनागत, पङ्क्तिपुञ्जगत विविधता पाउन सकिन्छ ।

### ५.३.३. वस्तु

विषयवस्तुको आधारमा भावको निर्धारण गरिने प्रक्रिया नै कवितामा मूलभूत रूपमा आएका हुन्छन् । कविताको मर्म नै विषयवस्तु हो भने विषयवस्तुभित्र नै भावात्मक अभिव्यक्ति अन्तर्निहित बनेर आएका हुन्छन् । यस सङ्ग्रहमा कतै अलिकति मै भावको अनुभूति गर्न सकिने कविताहरू छन् भने कतै शृङ्खलाबद्ध तरिकाले आदि, मध्य र अन्त्यको क्रममा आएका छन् । यिनै आधारमा निम्नलिखित तालिकामा यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूका मूलभावलाई देखाउन खोजिएको छ :

| | | |
|---|---|---|
| १. | नयाँ वर्ष | नयाँ वर्षलाई सम्बोधन गरेर लेखिएको यस कविताले नयाँ वर्षको आगमनसँगै हामीले जीत, प्रीत, सद्भावना र शुभेच्छाको कामना गर्दै युगले मागेअनुसारको कार्य गर्न उपलब्धिमूलक योजना तर्जुमा गर्नुपर्ने चाहना राखेको र नयाँ वर्षलाई सार्थकता दिन भावना, कल्पना, विपनामा सिर्जनशील बन्दै नयाँ हर्ष, जोश र होसका साथ अगाडि बढ्नुपर्ने भाव व्यक्त गरेको पाइन्छ । |
| २. | पाँच कविता | |
| क. | मानवता रोइरहेछ | संसारमा भइरहेको निर्मम हत्या हिंसा र अन्याय अत्याचारले पीडित बनेका मानिसहरूप्रति लक्षित गर्दै मानवताको नाममात्र संसारमा रहेको अभिव्यञ्जना यस कवितामा छ । |
| ख. | 'क्यू' | आजको संसारमा बितिरहेको युग आजभन्दा भोलि र भोलिभन्दा पर्सी हुँदै बितिरहेछ, मान्छेहरू त्यसैको पछि चलिरहेछन् र कविले आफू पनि यसैभित्र समाहित भएर अगाडि बढिरहेको भन्दै युग परिवर्तनको सामान्य प्रक्रियालाई देखाउन चाहेको बुझिन्छ । |
| ग. | उदाहरण | जिउँदो रहुन्जेलसम्म विभिन्न प्रकारका दुःख पाएर खर्चको अभावमा मृत्युशय्यामा पुग्नुपर्ने र मरेपछि विभिन्न प्रकारका सम्मानहरूले उसलाई सम्मानित गरिने अवस्थालाई यस कविताले लक्ष्यार्थमा मूलभावको रूपमा प्रस्तुत गरेको देखिन्छ । |
| घ. | यहाँ हामी | एउटा गरिब मानिसको परिकल्पना गर्दै उसको जन्मदेखि मृत्युसम्म केवल एक भुँडी खानको लागि बितेर जान्छ, कुलैन र सिन्कोना स्याहार्दै जान्छ, जहाँ उजन्मेको हुन्छ त्यहीँ उसको अस्तित्व लोप भएर जान्छ भन्दै विसङ्गत जीवन चित्रण मूलभावको रूपमा प्रस्तुत भएको देखिन्छ । |
| ङ. | आफैलाई छाम्दाको प्रतिक्रियाः | कविको युवावस्था केही गर्न नसकी बितेको तर जीवन चल्ने क्रममा आफैँ बितेर गएको र अर्काको सहारामा मात्र बाँचेको पूर्वस्मृति शैलीको प्रयोग यस कवितामा मूलभावको रूपमा प्रकट भएको देखिन्छ । |
| ३. | एक दर्जन मुक्तकहरू | |
| क. | अभागी जनता | शोषकले दुःखी जनतालाई अन्याय र अत्याचार गरेको देखेर त्यसलाई उजागर गर्नु नै कविताको उद्देश्य रहेको देखिन्छ । |
| ख. | जो हुनै नहुने | जनताले नेतृत्वमा पुऱ्याएपछि ती नेतृत्वकर्ताले स्वयं जनतामाथि |

| | | |
|---|---|---|
| | | विभिन्न प्रकारका दुःख कष्ट दिन्छन् भन्ने कुरा यस कवितामा मूलभावको रूपमा प्रस्तुत भएको छ । |
| ग. | भुँडी-दौड | एक मुठी शासकले रजाइ गरेर अनेकन जनतालाई रुवाएको स्थितिलाई देखाउँदै शोषकहरू बहुसङ्ख्यक जनतामाझ शासन गर्छन् र जनताले पाउनु पर्ने विकास आफैँ खाएर जनतालाई गरिबी र पीडाको दलदलमा फसाउँछन् भन्ने भाव कविताले प्रस्तुत गरेको छ । |
| घ. | चाहिन्छ | मान्छेको अस्तित्व राख्नको लागि उसको इतिहास र संस्कृतिलाई बँचाएर राख्नुपर्छ ; जसरी जीवनमा गाँस, बास र कपासको अपरिहार्य आवश्यकता पर्दछ भन्ने कवितात्मक भाव प्रकट भएको छ । |
| ङ. | कति गए | हाम्रा सन्ततिहरू संसारमा देखिएका गरिबी, पीडा र दुःखलाई केही गर्न नसकी पीडामय जीवन बिताउँदै बिलाएर गए भन्दै पीडायुक्त संसारको निराशापूर्ण वर्णन भावात्मक रूपमा कविताले प्रस्तुत गरेको देखिन्छ । |
| च. | प्यासी | किनारा नदीको प्यासी छ भन्ने प्रसङ्गबाट अनेकन परिश्रम गरे पनि सन्तुष्टपूर्ण परिणामको सधैँ प्यासी रहनु परेको तथा तिर्सना र चाहनालाई कहिल्यै पूरा गर्न नसकेको भाव कविताले प्रकट गरेको छ । |
| छ. | बाँच्नेको निम्ति | यस कविताले संसारमा मानिसहरू एकलकाँटे बन्दै गएको देखेर तिनीहरूले न बाँच्नेको वास्ता गर्न भ्याउँछन् न मर्नेको भन्दै स्वार्थी प्रवृत्तिलाई मूलभावको रूपमा देखाउन खोजेको छ । |
| ज. | काँडा त काँडै | फूल र काँडा तथा देवता र पापमा सादृश्यात्मक सम्बन्ध देखाउँदै आफ्नो नामलाई लोकमा प्रख्यात गर्नको निम्ति सारा नराम्रा कुराहरूलाई छायामा राख्दै राम्रा कुराको मात्र गुणगान गर्न लगाउने कुटिलतालाई कविताले कलात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । |
| झ. | नभने पनि हुन्छ | पाप र धर्म त मन्दिरबाट नै जन्मिछ भन्ने कुराबाट नियम बनाउनेले नै नियमको पालना गर्दैनन् केवल उपदेशदाताको रूपमा मात्र अगाडि आउछन् भन्दै कविताले असन्तुष्टि व्यक्त गरेको छ । |
| ञ. | कालो दाग | बत्तीको प्रकाशभित्रको अलिकति अँध्यारो र चन्द्रमामा पनि कालो दाग हुने प्रसङ्गबाट राम्रा मानिसमा पनि केही न केही अवगुण रहेकै हुन्छन् भन्ने कुरालाई कविताले प्रस्तुत गर्न खोजेको देखिन्छ । |
| ट. | मानिसहरू बिलाएका | यस कवितामा संसारमा भएका, देखिएका बम-बारूद, हत्याहिंसा जस्ता कुराले मान्छेको स्थिति पानीले भिजेको नुन जस्तो बनेको छ भन्दै जतिबेला पनि बिलाएर जानसक्छ भन्ने भाव व्यक्त भएको छ । |
| ठ. | सपनाको गर्भभित्र | यस कविताले सिक्किमका विभिन्न स्थानहरूलाई विषयको रूपमा प्रस्तुत गर्दै तिनीहरूको कार्यमा आफ्नो भावात्मक अनुभूति मिसाउँदै एवं आफूले भविष्यमा गर्नुपर्ने कार्ययोजनाहरूका खाकाहरू प्रस्तुत गर्दै रूपकात्मक रूपमा आफ्ना भावनाहरू प्रस्तुत |

| | | |
|---|---|---|
| | | गर्नका साथै आफ्नो जन्मभूमि कसरी हराभरा पार्ने र यसलाई नमूना राज्यको रूपमा स्थापित गर्ने भन्ने कुराको झल्को भावको रूपमा देखाउन खोजेको पाइन्छ । |
| ४. | धेरै युग बितिसक्यो यसरी | टिस्टाको धमिलो पानी अर्थात् सिक्किमको धुमिल परिवेशलाई स्पष्टता दिन तथा सिक्किमे जनतालाई मुक्तिको महसुस गराउन युगले खोजेको मात्र नभएर सिक्किमका खोला-नाला, डाँडा-काँडा ताल-तलाउ, बोट-बिरूवा, फल-फूल आदि सबैले एउटा साँचो सपुतको कामना कविताले गरेको छ । |
| ५. | युद्ध | आदिकालदेखि हुँदै आइरहेको युद्धप्रति असन्तोषपूर्ण अभिव्यक्ति अघि सार्दै हिटलर-मुसोलिनी, कौरव-पाण्डव, राम-रावणबीच भएका युद्धहरू आखिर नरसंहारका उपजबाहेक अरू केही रहेनन्, युद्धको चपेटामा निर्दोष जनताहरू परे अनि मरे अर्थात् एउटा शक्तिको जीतको निम्ति अनेकन अन्जान मानवसमूह नष्ट हुनपुगे भन्दै युद्धले ल्याएको नकारात्मक परिणाम नै यस कवितामा मूलभाव बनेर आएको देखिन्छ । |
| ६. | हामीभित्रको स्थिति | मानिसले गर्नुपर्ने कर्तव्य असङ्ख्य भएकाले समस्याहरू चुलिन थालेको तर समाधानको बाटोमा धरतीलाई नङ्ग्याउँदै खण्डहरू बनाउन बसेका अनेकन बुख्याँचाहरू निर्लज्ज अस्मिता लुटिरहेकाले देश उन्नतिका लागि अगाडि बढेका वैंशरूपी प्रगतिका पाइलाहरू निर्धा बनेर बस्नुपर्ने वस्तुस्थितिको चित्रण नै यस कवितामा देखापरेको छ । |
| ७. | राष्ट्रियताको आकाश | वर्तमान अवस्थामा देखापरेको संसारको विदीर्ण अवस्थालाई इङ्गित गर्दै मानवीय हक, अधिकार, इच्छा, आकाङ्क्षा जस्ता अनेकन स्वतन्त्र आवश्यकता दिन-प्रतिदिन सङ्कुचित बन्दै गइरहेको भाव प्रस्तुत भएको यस कवितामा राष्ट्रियताको वकालत गर्दै अनेकन सपुतहरू पनि अब राष्ट्रियताको साँघुरो आकाश मुनि निसासिन थालेको स्थिति तथा आफ्नो पैतालाले टेकेको धरती पनि दब्न थालेको राष्ट्र भक्तिपरक भाव बनेर देखिएको छ । |
| ८. | एउटा अभियान | विश्वबन्धुत्व र समाज सेवाको तीव्र चाहना प्रकट गरेको यस कविताले एउटा स्वच्छ संसारको कल्पना गरेको छ जहाँ मानवताको पूर्ण पालना होस्, मान्छेको हक र अधिकारको प्रत्याभूति मिलोस् र एउटा स्वच्छ तस्वीर आनन्दित अटो रूपी इतिहासभित्र सर्वदा बाँचिरहन सकोस् भन्ने आदर्श भाव प्रकट गरेको देखिन्छ । |
| ९. | मान्छे पङ्किनुपर्छ | गरिबवादी बनेर देखिएको यस क्रान्तिकारी कविताले आफूहरू कैयौं वर्षदेखि हरेक तरिकाले ठगिएको, आफ्नो झोपडीमा अनिकालले राज गरेको, सधैंभरी गाँस र बासको समस्याले छाती शुष्क भएको, संसारभरका गरिब जनताहरूमा गलित आँसुका धारा बहिरहेको भए पनि किन यी निम्नवर्गीय जनताहरू मुखमा पट्टी बाँधेर बसेका होलान् भन्ने कुरा प्रकट गर्दै अब यसरी चुप लागेर बस्नुहुन्न, शासकको निरङ्कुश राजलाई जसरी भए पनि आफ्नो |

| | | |
|---|---|---|
| | | पक्षमा पार्नुपर्छ, क्रान्तिको ढोका खोल्नुपर्छ र जनता राजको स्थापना गर्नुपर्छ भन्ने प्रगतिशील भाव प्रस्तुत गरेको छ । |
| १०. | म आएँ | कविको प्रगतिगामी जिजीविषामा आधारित कविताले आफ्नो परिवेशले मागेको अवश्यकतालाई प्रस्तुत गर्दै त्यसको निवारणको निम्ति कवितात्मक 'म' पात्र खडा भएको र परिवर्तनशील जगमा परिवर्तन गर्न, सर्वहारा वर्गलाई उन्मुक्ति दिन, अत्याचारलाई जलाउन, मानव समुदाय हरपल आनन्दित भएको देख्न सक्ने स्थिति संसारमा निर्माण हुनुपर्ने जस्ता कुराहरू कै लागि सदा संसारमा मानवको गीत गाइरहेको कविभाव प्रकट गरेको छ । |
| ११. | कञ्चनजङ्घा | कञ्चनजङ्घाप्रति सम्बोधित यस कविताले तिमिराच्छन्न, अवहेलित, अरक्षित मानवहरू र तिनीहरूमाथि भइरहेको अत्याचार, शोषण, हिंसाजस्ता विकृतिजन्य तत्त्वहरूले राज गरिरहेको भए पनि तिमीहरू चुपचाप लागेर किन बसेको भन्दै मानव समुदायलाई चेतनशील बनाउने, उर्जा प्रदान गर्ने, प्रगतिपथको निम्ति जागरूक हुनुपर्ने मूलभाव प्रकट गरेको देखिन्छ । |
| १२. | मभित्रको म | कविको चाहना स्वरूप देखापरेको यस कविताले सबै संसारका मानिसहरू एकै हुन् त्यसकारणले मानिस भएर तेरो र मेरो भन्ने भेदभावको जाल बुन्नुभन्दा पनि सबैलाई समान भावले हेर्दै पवनको विस्तृता र किरणको उज्ज्वलताबाट पाठ सिक्दै सागरको गम्भीरता जस्तै बनेर प्रगतिपथमा लाग्नुपर्ने मूलभाव प्रकट गरेको छ । |
| १३. | मेरो त जस्तै मान्छे | संसारमा देखिएका जातीय दङ्गा, जातीय अस्तित्वको लडाइ, होडबाजी, तेरो-मेरो, साना र ठूला जात जस्ता भेदभावपूर्ण व्यवहारदेखि अवाक बनेका कविले यस कवितामा असन्तुष्टिका ज्वालाहरू पोख्दै मान्छेको संकीर्ण विचार र सोचले मान्छेको जात निर्धारण गरेको, बह्माण्ड सञ्चालन गर्न सक्ने मस्तिष्क भएको व्यक्ति एउटा सीमित घेरामा रहनु परेको देखेर आफ्नो जात मान्छे, घरसंसार र देश धरती हो भन्ने अभिव्यक्ति संकीर्णताको घेराबाट माथि उड्दै, उच्चविचार, भावना, दर्शनको माध्यमबाट भाव प्रकट गरेका छन् । |
| १४. | आजको मान्छे | मान्छेको स्वतन्त्रताको चाहना राख्दै रचिएको यस कविताले आजको मान्छेले चाहेका स्वतन्त्रताको, मान्छेले गरेको क्रान्तिको, विद्रोहको, प्रगतिको प्रस्तुति दिँदै हिजो एउटा कालो कोठीमा अन्धासरह बनाएर राखेको समना आज देख्न छोडे हुन्छ, आजको मान्छे त खुला आकाशमा रमाउन चाहन्छ, ग्रहगणसँग चम्किन चाहन्छ, बादलसँगै उड्न चाहन्छ र कसैले पनि उडन्ते सपना देखाएर आजको मान्छेलाई झुक्याउन सक्दैन, ढाँट्न सक्दैन भन्दै वैज्ञानिक युगको मान्छेले गरेको प्रगति र तिनीहरूभित्र पसेको चेतनाको वर्णन भावात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । |
| १५. | चोखो सपनाको चोखो संसार | भावात्मक रूपमा संसारको स्वरूप बदल्न चाहने यस कविताले आजको परिवेशमा देखिएका थिचोमिचो, अन्याय, अत्याचार जस्ता |

| | | |
|---|---|---|
| | | कुरालाई हटाएर स्वच्छ, निर्मल, शान्त र समृद्ध समाजको परिकल्पना राख्दै खोक्रो मूर्तिको पूजन र क्रुर शासनकको शासनभित्र बस्नु नहुने र त्यसलाई तोड्दै मान्छेमात्रको चाखो संसार निर्माण गर्नुपर्ने अभिलाषा प्रकट गर्दै एउटामात्र आँगनभित्र विभिन्न प्रकारका वस्तु सजाएर मनोरम बनाए जस्तै सारा मानिसहरूको हाँस्ने, खेल्ने, बाँच्ने, नाच्ने थलो एकै होस् र जातको नाममा मान्छेभन्दा अरू केही नहोस भन्ने चाहना साम्यवादी अवधारणाबाट प्रभावित हुँदै मूलभावको रूपमा प्रस्तुत गरेको देखिन्छ । |
| १६. | वास्तवमा | अभिधात्मक अर्थमा आकाश र धरतीको तुलनात्मक अध्ययनमा आधारित यस कविताले आकाशलाई राम्रो देख्ने र धरतीलाई नराम्रो देख्ने समूहप्रति लक्षित गर्दै आफ्नो देशमा भएको उन्नति र प्रगतिलाई आत्मसात गर्दै अगाडि नबढेर अर्काको उन्नतिमात्र राम्रो भन्दै गुणगान गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेको र जे छ आफ्नै परिवेशमा छ, आफ्नै वातावरणमा छ, अर्काको देखेर त्यसको गुणगान गर्नुभन्दा पनि आफ्नो रीति-रिवाज, धर्म, सँस्कृति, पेसा, उद्योग जस्ता कुराहरूलाई युगानुकूल बनाउँदै प्रतिश्पर्धाको जमानामा ढाल्न सक्नुपर्छ र स्वपहिचान राख्न सक्ने कार्य गर्नुपर्छ भन्ने कुरा नै अभिव्यञ्जित गरेको पाइन्छ । |
| १७. | शान्तिहीन मान्छेका अन्तहीन कुरा | कैयौँ वर्षदेखि शान्ति स्थापनाको निम्ति सङ्घर्ष गरिरहेको कुराको स्मरण गर्दै आजसम्म शान्ति नपाएर छट्पटाएका, शान्तिकै निम्ति विभिन्न प्रकारका कार्यहरू गरिरहेका, शान्तिकै निम्ति क्रान्ति गरिरहेका तर पनि शान्ति पाउन सकिरहेका छैनन् भन्दै शान्ति कतै पनि खोजिरहनु पर्दैन त्यो त आफ्नै आत्मामा छ, जहाँ परमात्माको वास छ भन्ने आध्यात्मिक दृष्टिकोणबाट शान्तिको बाटो खोज्ने कार्य आफैँबाट हुनुपर्छ तबमात्र सबैतिर शान्तिको स्थापना हुन्छ भन्ने भाव कवितामा देखिन आउँछ । |
| १८. | भोलिको प्रसङ्ग म अनि मान्छे | मार्क्सवादी मान्यतामा आधारित यस कविताले समाज रूपान्तरणको परिकल्पना हिजो, आज र भोलिको स्थितिलाई नियाल्दै, आज मानिस आ-आफ्नो अस्तित्व र अधिकार खोज्दै हिडिरहेको भए पनि भोलि समाज जसरी भए पनि साम्यवादी अवधारणामा आधारित हुनेछ र सबै वर्ग, धर्म, जाति, संस्कृति जस्ता कुराहरू एक भई एउटा यस्तो सम्मुन्नत समाजको निर्माण हुनेछ जहाँ जातको नाममा केवल मान्छेमात्र रहनेछन् भन्ने दृष्टिकोण कार्लमार्क्सको समाज रूपान्तरणको अवधारणालाई प्रस्तुत गरेको छ । |
| १९. | आदमखोरका बोटहरू उखेल्नुपरेको छ | युवा पुस्ताप्रति समर्पित क्रान्तिकारी चेतले ग्रस्त यस कविताले शोषक-सामन्तको फन्दामा समाज अघि बढ्न नसकेको देखेर युवापिडीलाई आफ्नो सम्पूर्ण शक्ति, वैंशको जोश, बल, बुद्धि जस्ता कुराहरू एउटा समुन्नत समाज निर्माणमा लगाउनुपर्ने र घामको प्रखरता जस्तो बनेर भेदभाव अन्त गर्दै मान्छे-मान्छेबीच समानता स्थापना गर्नुपर्ने कुरालाई अघि सारेको र जनताहरूले सामूहिक |

| | | |
|---|---|---|
| | | हुँकार निकाल्दै ती उन्नतिका बाधक बनी बसेका आदमखोरलाई जनशक्तिको चपेटामा पारी जरैसँग मास्दै उन्नतिको दिशबोध गराउनु पर्ने प्रगतिवादी चिन्तन अभिव्यञ्जित गरेको छ । |
| २०. | केही कथा : केही व्यथा | यस कविताले संसारको जीर्ण अवस्थितिलाई देखाउँदै हिंसा, ईर्ष्या, पाप आदिले व्याप्त, ठूला-साना, गरिब धनीले खचाखच, सँधैभरी सन्तानको चिन्ताले चिन्तिन, युद्ध परिणाममा रगतै रगतले पोतिएकी धारणी र उनको वक्षस्थलमा कैयन चिताहरू जलिसकेको स्थिति जस्ता कुराहरूलाई कविताको मूल विषय बनाउँदै अब जस्ता नकारात्मक परिणाम आउने कार्यहरू गर्नुहुन्न, यो सृष्टिको अनुपम उपहारमा मान्छे-मान्छेको ढकमक फूलवारी निर्माण गर्न सक्नु पर्छ, कुमति, कुभावना जस्ता कुरालाई जरैबाट फ्याँक्दै सबल समृद्ध समाजको निर्माण गर्न अगाडि बढ्नुपर्छ भन्ने प्रगतिशील भावना प्रस्तुत गरेको छ । |
| २१. | सत्ता | वर्तमान अवस्थामा पनि अत्यन्त सान्दर्भिक देखिएको यो कविता सत्ता प्राप्तिपछि नेताहरूले जनतासमक्ष गरेको व्यवहारलाई उजागर गर्न र सत्ता भन्ने कुरा माया, दया, मानवता, पाप, धर्म, न्याय, अन्याय केही छुट्याउन नसक्ने एउटा अन्धो, गूँगो र बहिरो एवं घमण्डी मानिस जस्तै आकार-प्रकार विहीन अन्धकार सरह हो भन्ने विचार राख्दै सत्ताप्रति वितृष्णा प्रकट र अबको भावी नेताहरूमा यस्तो सोचको विकास नहोस् भन्ने पक्षमा अन्तर्भाव प्रकट गर्न सक्षम देखिन्छ । |
| २२. | सूर्य जस्तो जल्नुपर्छ | समाजप्रति तथा समाजमा रहेका वेथीतिप्रति असन्तुष्टि व्यक्त गर्दै त्यसको विरोध स्वरूप देखापरेको यस कविताले हामीभित्र रहेका असन्तुष्टिलाई, अत्याचारलाई समूल अन्त्य गर्न सबै भएर लाग्नुपर्छ, हामीभित्रका इच्छा-आकाङ्क्षालाई कैद गरेर आफ्नो हुकुम चलाउनेमाथि एक भएर क्रान्तिको आवाज उठाउँदै सुव्यवस्थाको स्थापना गराउनु पर्छ र सूर्यजस्तो चम्किलो र आनन्ददायी व्यवस्था कायम गर्न सक्नुपर्छ भन्ने कुरालाई अगाडि सारेको छ । |
| २३. | ईश्वरको संसारमा | धर्मप्रति तीव्र व्यङ्ग्य प्रहार गरेर लेखिएको यस कवितामा धर्मले व्यवस्था गरेको नीति-नियमले कुनै एउटा समूहमात्र लाभान्वित भएको तर अनेकन पेटहरू लुटिएका, कुटिएका, थिचिएका यथार्थ तथा भगवान्लाई सुम्पिँदा-सुम्पिँदै आफू रित्तो भएको सत्यता प्रकट भएको र उच्चवर्गीय शोषकहरूको बिन्तीभावमा लाग्दा-लाग्दै गरीब निमुखाहरूको स्थिति नाजुक बनिसकेको आक्रोश पाउन सकिन्छ । |
| २४ | पाइला र गति | मानिसको जन्म केही न केही नवीन र फलदायी कार्य गर्नको लागि नै भएको कुरालाई स्पस्टयाउँदै कविताले नयाँ संसारको आगमन स्वयं हुने होइन त्यसलाई त हामीले ल्याउन सक्नुपर्छ र प्रकृति परिवर्तनशील भएजस्तै हामी पनि परिवर्तनशील हुँदै उन्नति र प्रगतिको बाटो पकड्ने कार्य गर्नुपर्छ तर पहाड थुम्का र देवराली जस्तो स्थिर भएर बसियो भने संसारमा जन्म लिनुको कुनै |

| | | |
|---|---|---|
| | | अर्थ नहुने भन्दै वसन्तको आगमनको प्रतिक्षामा होइन अब त स्वयं वसन्तको आगमान गराउन सक्ने कार्य गर्नुपर्छ र सधैँभरी हरियाली ल्याउन सक्नुपर्छ भन्ने कुरा कविताबाट व्यक्त भएको छ । |
| २५. | खुकुरीको धारमाथि नाङ्गा कथाहरू | यस कविताले कसैको शक्ति, बल, बुद्धिलाई मानसिक तहबाटै नियन्त्रण गरेर त्यसको माध्यमबाट आफ्नो स्वार्थ पूर्ति गर्न उद्यत मानिसहरूप्रति लक्षित गर्दै र ती मानिसहरू अर्काको भरमा चल्ने धारिलो खुकुरीजस्तो मात्र भएको भन्दै अब नियन्त्रित वातावरणमा बस्नको सट्टा स्वतन्त्र र खुल्ला भएर बाँच्ने बानी बसाल्नु पर्छ नत्र भने हाम्रो बल बुँतालाई अझ पनि नियन्त्रणमा लिएर चलाउन कर्ताहरू यत्र तत्र स्वार्थी जिब्रो लिएर  घुमिरहेको यथार्थलाई प्रस्तुत गरेको छ । |
| २६. | जीवनको खेती | जीवनको अर्थपूर्ण बचाइको कुरा गर्दै देखापरेको कविताले जीवन एकछाक खानु, एक आङ् लगाउनु, मायाममताभित्र अल्झिनु, खेतको गराभित्र हराउनु, बारीको कान्ला-कान्लामा हराउनुमात्र नभएर परिवर्तनको स्थितिलाई महसुस गर्दै त्यससँग दाँजिएर चेतना र मानवताको मल लगाएर एउटा सार्थक परिवेशको निर्माण गर्दै विश्वभरी नमुनाको रूपमा स्थापित हुनु नै जीवनको अर्थपूर्णता हो भन्ने कुरालाई प्रस्टयाएको देखिन्छ । |
| २७. | आरम्भ नयाँ बाटोको | पुरानो व्यवस्थाले मान्छेको हक, अधिकार, आत्मसम्मान जस्ता कुराहरू गर्न नसकेको, यी व्यवस्था त स्वार्थ सिद्ध गर्ने माध्यममात्र बनेको कारणले यी सम्पूर्ण व्यवस्थालाई परिवर्तन गर्दै नयाँ व्यवस्थाको निर्माण गर्नुपर्छ जसले गर्दा सडक, गल्ली, फुटपाथका समस्याहरूको सम्बोधन गर्दै गाउँ वस्तीभित्रका समस्याहरूको निराकरण होस् भन्दै पुरानो व्यवस्थाको परिमार्जनमा लाग्नुपर्ने कुरा गरेको र जबसम्म हामीले पुरानो कानुनलाई परिवर्तन गर्न सक्दैनौ तबसम्म सुन्दर समाजको परिकल्पनासम्म पनि गर्न सकिँदैन भन्दै त्यसको निम्ति परिवर्तनशील युद्ध लड्न पनि तयार रहनुपर्छ भन्ने कवितात्मक भाव प्रकट भएको छ । |
| २८. | एक गीत : भानुको सम्झनामा | भानुभक्त आचार्य र उनको रामायणलाई मुख्य आधार बनाएर रचना गरिएको यस कविताले रामायणभित्रका स्वच्छ चरित्रहरू र आजका युगमा देखापरेका चरित्रहरूबीच तुलना गर्दै आजका चरित्रहरूमा देखिएका दुष्प्रवृत्तिहरूलाई नष्ट गर्नुपर्ने र स्वच्छ, समृद्ध र उन्नतशील समाजको निर्माण हुनुपर्ने भाव देखाएको छ । |
| २९ | बोकेर विप्लवका प्रखरहरू | क्रान्तिकारी चेतले ओतप्रोत यस कविताले प्रगतिशील भावना व्यक्त गर्दै मानिसहरूले देश, ठाउँ, समाज विकासका लागि पुरातनवादी व्यवस्थाको जन्जिरबाट मुक्त हुँदै त्यस व्यवस्था परिवर्तनको निम्ति जस्तोसुकै विद्रोहको तयारी गर्नुपरे पनि सामना गर्दै गाउँ-बस्ती हुँदै सहरसम्मको उन्नतिको लागि तयार हुनुपर्छ र रगत र पसिनाको उचित मूल्य प्राप्त गर्नुपर्छ भन्ने भाव कुरा क्रुर शासकहरूको अगाडि प्रस्तुत गरेको छ । |

| | | |
|---|---|---|
| ३०. | वास्तविकताभित्र | जातीय अस्तित्वप्रति समर्पित यस कविताले पुर्खाले दिएको बलिदान र त्यसबाट प्राप्त गरेको वीरत्वको उपाधि अरूको भलाई र उपकारको सट्टा पाएको उपहारमात्र हो त्यसकारण आफ्नो अस्तित्व र भलाईको निम्ति आफै कार्य गर्दै अर्काले दिएको स्वार्थपूर्ण तक्मामा रमाएर रून्चे हाँसो हाँस्न छोड्नुपर्छ भन्ने अस्तित्ववादी भाव प्रकट गरेको छ । |
| ३१. | आकाशबेलीको लहरा र हामी | जीवन बाँचेर पनि केही गर्न नसक्ने, अर्काको सहारामा मात्र आफ्नो बँचाइको अस्तित्व खोज्ने, केही गर्नुपर्छ र केही हुनुपर्छ भन्ने भावना भएका समुदाय 'हामी' प्रति लक्षित यस कविताले आकाशवेलीको लहरासँग त्यस्ता जमातलाई तुलना गर्दै तिनीहरूको जीवन जस्तो तुच्छ, अस्तित्वहीन, धरतीको भारजस्तो कसैको हुँदैन भन्दै अस्तित्ववादी बन्नुपर्ने मूलभाव प्रकट गरेको पाइन्छ । |
| ३२. | यसैले आएको छु | यस कवितामा प्रयोग भएको 'भ्फार्लाङ्गी' र 'कालो भारी' शब्दले सिक्किमको डेकेदारी शासनलाई स्मरण गराउँदै तत्कालीन समयमा गरीब निमुखाहरूले पाएको पीडालाई आफू मुक्ति, न्याय, स्वतन्त्रता, मानवता, उत्साह, क्रान्ति भएर आउने र स्वतन्त्रताको नयाँ दिन सुरुवात गराउने क्रान्तिधर्मी चेतना कविताले 'म' पात्रको माध्यमबाट प्रस्तुत गरेको देखिन्छ । |
| ३३. | मान्छेभित्र अनेक टुक्रा | एउटा संसारलाई विभिन्न भागमा विभाजन गरेर यो मेरो र यो तेरो भन्दै आफ्नो अस्तित्व रक्षाको निम्ति लडाइँ गरेर रगतको सीमाना कोर्नेहरूप्रति लक्षित यस कविताले चेतनाहीन चेतना, अस्तित्वहीन अस्तित्व, मानवताहीन मानवता बोकेर हिंडेका समुदायप्रति तीव्र आक्रोश प्रकट गर्दै यदि स्वच्छ समाजको निर्माण गर्ने हो भने विभिन्न प्रकारका स्वार्थी सीमानालाई नामेट पार्दै रगतको नातामा मात्र बाँच्नुपर्ने कुरा अभिव्यञ्जित गरेको छ । |
| ३४. | असम्बद्ध प्रसङ्ग | भावात्मक गहिराइमा पुगेर सिर्जना भएको यस कविताले विश्वब्रहमाण्डमा स्थित अनेक वस्तुभित्र विचरण गर्दा देखिएका महाशून्यता, विशालता, अनन्तता, कोमलता र आफ्नो मनभित्रको अपार आकाङ्क्षालाई भाव तरेलीमा समावेश गर्दै त्यसभित्र शान्ति र प्रेमको गीत गाउँनु पर्ने अन्तराभिव्यक्ति प्रस्तुत गरेको छ । |
| ३५. | ब्रह्मपुत्र र कामाख्या पुगेर आफैँलाई हेर्दा | ब्रह्मपुत्र र कामाख्याको किनारमा मानिसहरूले भोग्नुपरेका विभिन्न समस्याहरूलाई इङ्गित गर्दै रचना गरिएको यस कविताले त्यस परिवेशमा देखिएका हत्या, हिंसा, दुःख, दर्द जस्ता कुरा र विभिन्न पेसामा लाग्नैपर्ने बाध्यता र विवशताका कारण त्यहीँ नै आफ्नो सम्पूर्णता बनाएर बसिसकेका आप्रवासी समुदायले भोग्नुपरेका पीडा, बेला-बेलाका जातीय भड्काव र त्यसबाट निस्किएका दुःखपूर्ण परिणामप्रति यो कविता समवेदना स्वरूप देखिएको छ । |
| ३६. | मैले नसम्भ्फेको सम्भ्फनामा | मानवतावादी चिन्तनमा आधारित यस कविताले 'म' पात्रको आन्तरिक भावलाई प्रस्तुत गर्दै आफूले देखेकामात्र नभएर नेदेखेका मानिसहरूले पनि कति पीडा, दुःख, दर्द जस्ता कुराहरूलाई सहनु |

| | | |
|---|---|---|
| | | परेको छ होला, कति कष्टपूर्ण परिश्रम गर्दै जीवनयापन गर्नु परिरहेको छ होला, भोक-शोकमा पिरोलिएर कति तड्पी-तड्पी बाँचिरहेका होलान् भन्दै तिनीहरूप्रति श्रद्धापूर्ण सम्झना व्यक्त गर्दै विश्वसमुदायबीच भ्रातृत्वपूर्ण भाव व्यक्त गर्नु र 'वशुधैव कुटुम्बकम'को भावलाई सार्थकता दिनु नै मूल उद्देश्यको रूपमा प्रस्तुत गरेको छ । |
| ३७. | म | विभिन्न मानिसहरूले गरेका कार्यहरूको सफलता र पूर्णताभित्र पसेर मानिसको विभिन्न रूपलाई 'म' पात्रको माध्यमबाट प्रस्तुत गर्दै ती सम्पूर्ण कुराहरूमा म (मानिस)हरूको अवस्थिति कुनै न कुनै रूपमा रहेको हुन्छ चाहे त्यो भौतिक रूपमा होस् अथवा अभौतिक रूपमा नै भन्ने कुराको प्रस्टीकरण दिनु र कविभित्रको तीव्र आकाङ्क्षाको प्रस्फुटन गर्नु नै यस कविताको भाव बनेर देखापरेको छ । |
| ३८. | मान्छेदेखि मान्छेसम्म | यस कविताले संसारको अस्तव्यस्तताको चित्रण गर्दै मानिसको जीवन दुःखै-दुःखले भरिएको छ, अस्तव्यस्त भिडभित्र मानिसहरू बाँच्न बाध्य हुनुपरेको छ भन्दै त्यसलाई निराकरण गर्न चेतना र सङ्घर्षको सहारा लिनुपर्ने र त्यसको माध्यमबाट अँध्यारा रात रूपी अचेतन तत्त्वहरूलाई नास गर्दै चेतनात्मक उज्ज्वल दिनहरूको स्थापना गर्नुपर्ने प्रगतिशील विचार कविताले प्रस्तुत गरेको देखिन्छ । |
| ३९. | मेरो रातो भाले बास्छ | विभिन्न प्रकारका प्रतीकहरूको प्रयोग गरेर लेखिएको यस कविताले 'रातो भाले'लाई क्रान्तिकारी व्यक्तित्वको रूपमा, उसको 'बसाइ'लाई चेतनामा अभिवृद्धि भएर पनि बाध्यतामा मौन बस्नुपर्ने अवस्थाका रूपमा प्रयोग गर्दै त्यस समुदाय एकदिन सम्पूर्ण जनमानसमा चेतनाको ज्वाला जलाउँदै अन्धकार रात रूपी शोषक र सामन्ती नास गर्न तत्पर हुनेछ र विजयको पताका फहराउँदै शान्तिपूर्ण समाजको निर्माण गर्नेछ भन्ने आशामा आफ्नो भाव पूर्ण गरेको छ । |
| ४०. | क्रान्ति | समाजमा उन्नति र प्रगतिको निम्ति बाधक बनेका वर्गहरूप्रति लक्षित गर्दै देखापरेको यस कविताले अग्रगमनको दिशाबोधको निम्ति क्रान्तिकारी परिवर्तन आवश्यक छ त्यसैले हामीले सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक, मानसिक हरेक क्षेत्रमा अनेकन प्रकारका सुधारवादी क्रान्ति गर्न तत्पर रहनुपर्ने भन्दै अगाडि आउनेहरूले क्रान्तिको नाममा आफ्नो स्वार्थपूर्ति गर्ने गरेको नीच कार्यलाई मूल विषय बनाउँदै मार्क्स, लेलिन, टिटो, माओ, गान्धी जस्ता व्यक्तिहरूको वचनलाई भोका-नाङ्गा जनता र समृद्ध समाजको निर्माण गर्न सचेतनात्मक अभिव्यक्ति प्रस्तुत गरेको छ । |
| ४१. | मद्रासको सम्झनामा | आत्मसंस्मरणात्मक शैलीमा रचना गरिएको यस कविताले 'म' पात्रले मद्रासमा बस्दा देखेको, भोगेको अनुभूतिलाई प्रकट गरेको र मद्रासको वातावरण, धर्म, संस्कृति, मठ-मन्दिर, पर्यावरण जस्ता कुरालाई चित्रण गर्दै त्यहाँको सम्झनामा पूर्वस्मृतिपरक शैलीको प्रयोग गर्दै कलात्मक अभिव्यक्तिद्वारा भाव प्रकट गरेको छ । |

| | | |
|---|---|---|
| ४२. | मैले पुज्नुपर्ने ईश्वरसँग | आफ्नो अस्तित्व निर्माणको निम्ति हुरूक्क हुने र मानव भलाइकै निम्ति आफ्नो सम्पूर्ण स्वार्थलाई बलिदानी दिएर भए पनि अरूले सुखसँग बाँच्न पाउन् भन्ने इतिहासपुरुषलाई नै ईश्वरको रूपमा पूजन गर्दै अब पनि त्यस्ता युगपुरुषहरूको खाँचो भएको देखाउँदै युग निर्माणको निम्ति फेरि पनि मानव रूपी ईश्वरहरूको जन्म हुनुपर्ने आशा कविताले अभिव्यञ्जित गरेको देखिन्छ । |
| ४३. | महाजन्म | क्रान्तिकारी चिन्तन र प्रगतिवादी सोचले ओतप्रोत यस कविताले क्रान्तिको अर्थ सत्ता प्राप्ति नभएर समाजलाई नयाँ दिशा प्रदान गर्न गरिने तथा गरिब-दुःखी, किसान-मजदुरहरूको भलाइको निम्ति गरिने वैज्ञानिक सोच र सकारात्मक परिवर्तनमा आधारित चिन्तन हो जसले शोषण-उत्पीडनमा परेका समूहलाई नयाँ जन्म प्रदान गर्दछ र त्यसको लागि यस संसारमा महामानवको जन्म हुनुपर्छ भन्ने चिन्तन अभिव्यक्त  गरेको छ । |
| ४४. | यस भेकका उकुसमुकुस र स्थिति | प्रगतिशील सोचले भरिभराउ यस कविताले समाजलाई अग्रगमनको दिशाबोध गराउन नचाहनेका विरुद्ध सङ्घर्ष गर्दै सम्पूर्ण संसारमा विकासको मुहान फुटाउनु पर्ने र सारा मानिसहरूमा समानताको रमाहटपूर्ण स्थिति सिर्जना गर्नुपर्ने भन्दै कविताको 'म' पात्र अब सङ्घर्षका क्रान्तिकारी गीतहरू गुञ्जाउँदै वर्गभेदका भयावह स्थितिलाई मेटाउने कार्यमा तल्लीन रहनेछन् भन्ने मार्क्सवादी साम्यवादी अवधारणालाई प्रकट गरेको छ । |
| ४५. | हामी हुनुको बोधमाथिको एउटा सत्य | यस कवितामा आफ्नो पहिचान र अस्तित्व खतरामा परेको स्थितिलाई स्पस्टयाउँदै त्यसको कारण हामी एकलकाँटे भएको र अब 'म' र 'मेरो'को भावना त्यागेर 'हामी'र 'हाम्रो'को भावनालाई अगाडि ल्याउँदै हाम्रा गुम्न लागेका अस्तित्त्व र पहिचानलाई बचाउँदै मैनाम र टेन्डोङको चुचुरामा नयाँ स्तम्भ गाड्नुपर्छ, टिस्टा र रंगीत भएर अनन्त-अनन्त कालसम्म आफ्नो भूमिमा बगिरहन पाउनुपर्छ र आफ्नै परिवेशको स्वच्छ हावासँग अनन्तकालसम्म विचरण गर्न पाई रहनुपर्छ भन्ने जातीय अस्तित्ववादी चिन्तन प्रकट भएको देखिन्छ । |
| ४६. | एकलकाँटे मान्छेहरू | निम्नवेतन भोगीहरूको पीडा र व्यथालाई दृष्टिगत गर्दै रचिएको यस कविताले नेपालीहरूले गरेको सङ्घर्षलाई स्मरण गर्दै र तिनीहरूले दिएको बलिदानपूर्ण इतिहासलाई सम्झँदै, हालमा आएर उनीहरूको उपहासप्रति आक्रोश व्यक्त गरेको छ र अझ पनि इशारामा नाच्ने जमातलाई अब यसरी जादूवालाको लट्ठीमा लट्ठिएजस्तो लट्ठिनुहुन्न भन्ने चेतनाको वाण प्रहार गरेको देखिन्छ । |
| ४७. | भानुलाई सम्झेर | नेपाली जातिप्रति व्यङ्ग्य वाण प्रहार गरिएको यस कविताले नेपालीहरूको दयनीय स्थितिको चित्रण गर्दै प्रतिदिन उदाउने भानु (सूर्य)को किरणबाट नयाँ कार्य गर्ने उमङ्ग लिनको सट्टा भानुभक्तीय रामायणमा उद्यत 'लोकको गरुँ हित भनी' भन्ने वचनलाई शिरोधार्य गर्दै अर्काको नोकर बनेर चाकर गर्दा जुनी बितिसकेको स्थितिको चित्रण गरेको छ भने अर्कातिर मूलभावको रूपमा |

| | | |
|---|---|---|
| | | जातीय चेतना छर्दै अब हामी थिचिएका, हेपिएर बस्नु हुन्न जसरी भए पनि जीवनस्तर उकास्न तथा बचाइको सार्थकता तयार गर्न गम्भीर भएर लाग्नुपर्ने कुरालाई जोड दिएको छ । |
| ४८. | युद्ध अनि युद्ध | मानवतावादी चिन्तनमा आधारित यस कविताले विश्वमा व्याप्त युद्धलाई विषयवस्तु बनाउँदै त्यस युद्धमा मान्छेबाहेक कोही मर्दैनन् चाहे ती शत्रु नै किन नहुन् भन्दै मार्छ त केवल एउटा मान्छेले अर्को मान्छेलाई, त्यतिमात्र होइन एउटाले अर्काको स्वास्नी विधवा बनाउँछ, अर्कोले कसैको बाबु गुमाइदिन्छ, छोरा मारिदिन्छ र अन्तमा सबैको रगत एकै बाटो भएर बग्छ भन्ने दार्शनिक दृष्टिकोण प्रस्तुत गर्दै रगत सबैको एउटै हो त्यसैले युद्धको सन्त्रासलाई हटाएर भाइचाराको सम्बन्ध कायम गर्दै विश्वहितको निम्ति आजको युगमा बौद्धिक युद्ध गर्नुपर्छ र क्रान्तिकारी सोचका साथ प्रगतिगामी परिवर्तन गर्नतिर लाग्नुपर्छ भन्ने विचार अभिव्यक्त गरेको देखिन्छ । |
| ४९. | आक्रोशको मोहरीबाट विप्लबका कुरा | उग्रक्रान्ति चेतले ओतप्रोत यस कविताले मार्क्सवादी सिद्धान्तलाई अनुसरण गर्दै सर्वहारा वर्गले पाएको दुःख कष्ट, पीडा, व्यथा जस्ता कुरालाई कवितात्मक विषय बनाउँदै, पीडित जनतामाथि एक मुठी शासक वर्गले गरेको अन्याय र अत्याचारलाई जरैबाट समाप्त पार्दै शान्त, समृद्ध र सभ्य संसारको निर्माणको निम्ति गरिब जनतामा तथा सर्वहारा वर्ग शोषकको महलमा विप्लवका ज्वाला लिएर छिर्नुपर्ने भाव प्रकट गरेको छ । |
| ५०. | आफैभित्र बन्दी | आदि, मध्य र अन्त्यको संयोजन मिलेको यस कविताले मान्छेहरूले जीवनयापनका क्रममा गरेका विभिन्न कार्यहरूको विवरण प्रस्तुत गर्दै तिनीहरू संसारलाई विभक्त गरेर भागवन्डा गर्नैमा मस्त छन्, टुक्रा-टुक्रा परेर राज गर्न आनन्द मान्छन् त्यसैभित्र नाच्छन्, रमाउँछन् भन्दै त्यसको परिणाम मान्छे विना नेल र जेल कैदी बनेको, आफैंले आफैंलाई खुम्च्याएको वा कैद गरेको देखेर यो बन्धनबाट उन्मुक्ति लिँदै, आफूले बनाएको कारागार तोडेर बाहिर आउन र आकाश जस्तै विस्तृतिमा स्वतन्त्र भएर बाँच्न आग्रह गरेको छ । |
| ५१. | एक कथा-समाप्ति पछिको अर्को कथा | विसङ्गतिवादी-अस्तित्ववादी चिन्तनमा आधारित यस कवितामा कतै पनि आन्दन नभएको भन्दै जताततै मान्छेका जिन्दगीहरू उदास बनेर बाँचिरहेको, कतैबाट अलिकति खुशी देखापरे त्यसभन्दा ठूलो दुःख सामना गर्नुपर्ने, आफ्नो अगाडि मृत्यु छ भनेर जान्दा जान्दै पनि रमाउनुपर्ने स्थिति जस्ता अनेकन विसङ्गत परिस्थितिको उजागर गर्दै त्यस्ता निराशोत्पादक विषयप्रति विमुख रहेर प्रगतिको पाइला चाल्दै अँध्यारा दिनहरूमा सूर्य-बालक जन्माउनु पर्ने, आफ्नै मस्तीमा रमाएर हिडेकाहरूलाई विकासको कार्यमा लगाउनुपर्ने र एउटा दर्दानक युगलाई विदा दिएर सुन्दर युगको निर्माणमा लाग्नुपर्ने परिकल्पना प्रकट भएको छ । |

| | | |
|---|---|---|
| ५२. | आकाश-गङ्गाको देशमा धमिलो नदी | प्रतीकात्मक शब्दहरूको प्रयोग र ध्वन्यात्मक अर्थको खोजी गर्नुपर्ने कारणले गहन बनेको यस कविताले संसारमा रहेका अपारदर्शी नीतिलाई इङ्गित गर्दै यसले कैयन उत्साही जनसमुदाय पछाडि परेको तर बाध्यतावश आवाजहरू उठाउन र अधिकारका कुराहरू गर्न नसकेको भन्दै अब एकपल्ट आफूले पाएको अधिकार कुण्ठित गरेर राख्ने जिउँदा लाशहरूमाथि हमला गर्नुपर्ने र यिनीहरूलाई सधैं-सधैंको निम्ति विदा दिनुपर्ने कुरा कलात्मक शब्द र सरल शैलीमा प्रस्तुत गरेको छ । |

यसरी पवन चामिलिङ 'किरण'को **अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहका सम्पूर्ण कविताहरूलाई विषयवस्तुको आधारमा मूलभाव प्रस्तुत गरिसकेपछि यिनका कविताहरूले विशेषतः मान्छेका अधिकार र अस्तित्वको निम्ति आवाज उठाएको दखिन्छ । विषयवस्तुगत आधारमा सामाजिक, राजनीतिक, धार्मिक, राष्ट्रभक्तिपरक, जातीय पहिचान, यद्ध सन्त्रास आदि क्षेत्रमा विचरण गर्न पुगेका यस कवितासङ्ग्रहका कविताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

जुनै विषयलाई अवलम्वन गरेको भए पनि सचेत रूपमा कलम चलाउने कविले राजनीतिक विषयलाई यसरी प्रस्तुत गरेका छन् :

मेरोमा दया, माया नामको केही वस्तु छैन
मेरोमा मानवता नामको केही वस्तु छैन
मेरो केवल सुरसाको जस्तो मुख छ
खाएर कहिल्यै नअघाउने पेट छ
म शक्ति-सम्पन्न सत्ता हुँ ।

(सत्ता, पृ.४८) ।

राजनीतिले मान्छेलाई स्वार्थी, भ्रष्ट, घमण्डी, अत्याचारी, धुसखोरी बनाउँछ भन्ने कुरालाई उपर्युक्त पङ्क्तिले पनि पुष्टि गरेको छ। सत्तामा पुगेपछि जनतालाई तुच्छ देख्ने नेताहरूप्रति यो कविता व्यङ्ग्यात्मक किसिमले प्रस्तुत भएको छ। नेताहरूले जनतालाई छलेर आफूमात्र अगाडि बढ्ने गरेको सत्यतालाई पनि कविताले प्रस्टयाएको छ ।

कविताहरू सामाजिक विषयमा पनि केन्द्रित देखिएकोले यस सङ्ग्रहलाई त्यस आधारमा विश्लेषण गर्न सकिन्छ। समाजमा देखिएका दुःख, कष्ट, अन्याय, अत्याचार आदिको वर्णन गर्दै निष्कर्षमा कविताहरू समानताको पक्षमा देखिन्छन् । जस्तै :

भोका-नाङ्गा कति छन् कति यहाँ
शोषित, पीडित बढी उति छन्
अन्याय, अत्याचार भोगी बाँच्छन्
अभागी जनता हरे ! यहाँ जति छन् ।

(अभागी जनता, पृ.१९) ।

गरिब जनताले पाएको दुःख-दर्दलाई कविताले समस्याको रूपमा प्रस्तुत गरेको छ। समाजमा आफ्नो सोझो गरेर बाँच्ने जनतालाई पनि अत्याचारी शोषकहरूले चैनको सास फेर्न दिंदैनन् भन्दै निराशायुक्त भाव कविताले व्यक्त गरेको देखिन्छ ।

यसरी नै कविले धार्मिक विषयलाई पनि कविताको विषय बनाएका छन्। धर्मको नाममा हुने गरेको नकारात्मक कार्य तथा धार्मिक निष्ठा राख्ने जस्ता अन्तराभिव्यक्ति यिनका कवितामा समेटिएको देखिन्छन् :

शून्य आकाश
र पुसको ठिहीले कठयांग्रिएका रात भएर
दश औंला जोड्दा-जोड्दा खिएका हात भएर
यहाँ कुँडिएको छ जिन्दगी
ढुँडिएको छ जिन्दगी
ईश्वरको संसारमा ।

(ईश्वरको संसारमा, पृ. ५२) ।

ईश्वरप्रति असन्तुष्टि व्यक्त गरेको यस कविताले मानिसहरूले पाएको दुःखलाई उजागर गरेको छ । ईश्वरको संसारमा सबै-सबै रमाएर, हाँसेर, सन्तुष्ट भएर रहनुपर्ने तर जतातत‌ै दुःख-दुःख किन रहेको होला भन्ने प्रश्नलाई कविताले अन्तरविषयको चित्रणमा गाभेको देखिन्छ ।

यस सङ्ग्रहमा प्रखर रूपमा देखिएको विषय हो राष्ट्रियता । राष्ट्रलाई जसरी भए पनि उन्नतिको पथतिर धकेल्नुपर्छ, राष्ट्रको समृद्धि नै सम्पूर्ण राष्ट्रवासीको समृद्धि हो भन्ने कुरालाई यसमा समावेश भएका कविताहरूले उठाएका छन् भने राष्ट्रलाई विभक्त गरेर बाँच्न चाहने समूहप्रति कविता यसरी दखापरेको छ :

यही मानचित्र हेर्दै
यसैभित्र आफ्नो राष्ट्रियता खोज्दै
गलेर, थाकेर, लखतरान भएर
झोक्रीरहेछन् मेरा देशका मान्छेहरू
आफैंभित्र राष्ट्रियतालाई कैद गरेर ।

(राष्ट्रियताको आकाश, पृ.२७) ।

यहाँ देशको मानचित्रभित्र राष्ट्रियता खोज्ने समूहलाई व्यङ्ग्य गरिएको छ । राष्ट्रियताको भाषण विभिन्न ठाउँमा गएर छाँट्छन् तर राष्ट्र समृद्धिको लागि विकासका कार्यहरू भन्ने कहिल्यै गर्दैनन भन्ने भाव कविताले प्रस्तुत गरेको छ । आफ्नो राष्ट्रप्रति समर्पित नरहेको कुरा राष्ट्रियता खोज्दै गलेर, थाकेर, लखतरान भएको प्रसङ्गबाट बुझाउन खोजिएको छ । राष्ट्रप्रेम अथवा देशप्रेम भनेको कसैले खोजिदिने वा ल्याइदिने वस्तु होइन, यो त आफ्नै देशका भीर-पाखा, खोला-नाला, देउराली-भन्ज्याङ्प्रतिको मोहबाट जन्मिनु पर्छ भन्ने कुरा कवितामा अभिव्यञ्जित छ ।

आफ्नो देशप्रति जति माया र आस्था कविबाट प्रकट भएको देखिन्छ त्यति नै माया आफ्नो जातिप्रति पनि रहेको कविताले जनाउँछ । जातीय अस्तित्वलाई हामीले बचाएर राख्न सकेमात्र हाम्रो पहिचान रहन सक्छ भन्ने कुरा यस्ता कविताले जनाएका छन् :

अभाव र असुरक्षा नै हाम्रो देश भयो
तिरस्कार र बहिष्कार नै हाम्रो उपलब्धि भयो
अतृप्त तिर्खा र अनन्त रहर
शोषण दमनभित्र पनि चुपचाप बाँच्ने हाम्रो थर
हाम्रो खोइ घर ?

(हामी हुनुको बोधमाथिको एउटा सत्य, पृ.१०१) ।

उक्त कवितामा जातीयतामाथि परेको सङ्कट र नेपालीहरूले भोग्नुपरेको दुःख-कष्ट, पीर-मर्का आदि भावना तीव्र प्रस्तुत भएका छन् । आफ्नो जीवनयापनको क्रममा जता सजिलो हुन्छ त्यतै बस्ने क्रममा आज अस्थायी रूपले बस्न बाध्य भारत, भुटान, वर्मा आदि क्षेत्रमा छरिएर रहेका नेपालीहरूको सङ्कटलाई कविताले उठाएको छ ।

युद्धले निम्त्याएको भयावह स्थिति र त्यसबाट प्रकट भएको नकारात्मक असरलाई पनि कविताले अति नै प्रभावकारी रूपमा उठाएको छ । जस्तै :

युद्धको विभीषिकामा परेका मानिसहरूका चित्कार
ईश्वर-पुकार र प्रार्थनाका करूण आर्तनादहरू
निर्दोष मानिसका चकनाचूर सपनाहरू
...मान्छेको शाश्वत रूपलाई र अस्तित्वलाई नै
यी यसरी ध्वंस पार्न लागेका छन् ।

(युद्ध, पृ. २४) ।

कविले कवितामा अन्य विषयलाई जस्तै युद्धसम्बन्धी विषयलाई पनि उत्तिकै प्रभावपूर्ण भावमा प्रकट गरेका छन् । आज विश्वमा जताततै सन्त्रासको रूपमा फैलिएको युद्ध त्रास र त्यसले भविष्यमा ल्याउन सक्ने भयावह स्थितिलाई उक्त पङ्क्तिले समेटेको देखिन्छ ।

निष्कर्षमा **अन्तहीन सपनाः मेरो विपना** कवितासङ्ग्रहका अधिकांश कविताहरू मान्छेको सेरोफेरोमा निहित देखिन्छन् । मान्छेको अस्तित्व रक्षा, मान्छेले भोग्नुपरेको दुःख, मान्छेमाथि भएको अन्याय-अत्याचार, मान्छेले गरेको ऐतिहासिक कार्य आदिलाई नै प्रायः कविताहरूले प्रस्तुत गरेका छन् । कविताभित्र देखिएको दार्शनिक चिन्तन, मानवतावादी दृष्टिकोण, अस्तित्ववादी अवधारणाले कवितात्मक भावानुभूमिमा सौन्दर्य थप्ने कार्य गरेका छन् । समाजमा व्याप्त अन्याय, अत्याचार, विकृति, विसङ्गति, शोषण, दमन आदि विषयहरूलाई कविताभित्र विषयको रूपमा प्रस्तुत गर्दै त्यसको समूल अन्त्यको लागि सबैले अभियान थाल्नुपर्ने भाव कविताले दिएको पाइन्छ ।

## ५.३.४. सहभागी

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहमा विभिन्न प्रकारका सहभागीहरू प्रयोग भएका छन् । म, हामी, प्रिये, मान्छे, जनता, मिथकीय पात्र, सत्ता, तँ, युवा, सूर्य, खुकुरी, भानु, आकाशबेली, किसान, मजदूर, सन्त फ्रान्सिस, रातो भाले, ईश्वर जस्ता मानवीय तथा मानवेतर सहभागी प्रयोग भएका देखिन्छन् । यी विभिन्न सहभागीहरू सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक क्षेत्रको उन्नति र प्रगतिको निम्ति अनुकूल बनेर देखापरेका छन् । यस सङ्ग्रहमा रहेका मानवीय सहभागीहरूले जतिको सशक्त भूमिका निर्वाह गरेका छन् त्यतिकै भूमिकामा मानवेतर सहभागीहरू पनि देखिएका छन् । बादल, सत्ता, खुकुरी जस्ता जड वस्तुलाई मानवीकरण गर्दा कविको कवितात्मक भाव उत्कृष्ट रूपमा देखापरेको र ती पात्रहरूको कार्यलाई इङ्गित गर्दै वस्तुगत वर्णन गर्दा विश्वसनीयता देखिन आएको छ । जुनसुकै किसिमको सहभागीलाई अगाडि उपस्थापन गरे पनि आजको यो सामन्ती र शोषकीय समाजलाई परिवर्तन गर्नुपर्ने र स्वच्छ जनपक्षीय समाजको निर्माण गर्नुपर्नेमा कविताहरू अडिग देखिन्छन् । चाहे 'म' पात्रको प्रस्तुति होस् वा अन्य पात्रको ती सबै सहभागीले कतै उग्र रूपमा त कतै सम्यम् भएर प्रगति र उन्नतिको बाटो पकड्नै पर्ने माग उठाएका छन् । कतै-कतै अस्तित्वको खोजी गर्दा गर्दै 'म' पात्र निराश पनि देखिएको छन् । कविता (१), (८), (९), (१०), (१९) आदिमा पात्रहरूलाई कविताले केही गर्न उत्प्रेरित गर्दै वा आफूले अगाडि केही गरेको छ कि छैन मूल्याङ्कन गर्दै अगाडि बढ्न हौसला प्रदान गरेको छ । कविता (११)मा कञ्चनजङ्घालाई पात्र बनाउँदै अब यसरी टुलुटुलु हेरेरमात्र हुँदैन, केही गर्नुपर्छ भन्ने जस्ता अत्यन्त भावुक र कल्पनाशील अभिव्यक्ति 'म' पात्रले प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा प्रस्तुत भएका अधिकांश पात्रहरू 'म' पात्रको नियन्त्रणमा रहेको र 'म' पात्रकै निर्देशन अनुसार आफ्नो भूमिका ग्रहण गरेकाले प्रायः कविताहरूको चाहना एकै किसिमका देखिन्छन् । मार्क्सवादी अवधारणालाई अवलम्वन गर्दै कतिपय सहभागीहरू समाजवादी अवधारणाबाट अत्यन्त प्रभावित बनेका देखिन्छन् भने कतै भविष्यको साम्यवादी कल्पनाको चरम अवस्थामा कल्पनाशील बन्न पुगेका छन् । चाहे आकाशलाई सहभागीको रूपमा अगाडि सारेको होस वा भालेलाई, ती सबै चरित्र

अन्याय र अत्याचार, शोषण र दमन, दुःख र दर्द जस्ता कुराहरूबाट मुक्त हुनुपर्छ भन्ने अवधारणामा एकजुट भएर देखिएका छन् ।

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहमा प्रयोग भएको सहभागीहरूले फरक-फरक वैशिष्टय बोकेका भए पनि निष्कर्ष एकै उद्देश्यमा लक्षित देखिन्छ। विभिन्न सहभागीहरूमध्ये 'म' प्रस्तुत सङ्ग्रहको प्रमुख सहभागी तथा वक्ता प्रेषक वा सम्बोधक पनि हो भने अन्य मानवीय-मानवेतर सहभागीहरू श्रोता वा मुक सम्बोधितका रूपमा अथवा परोक्ष वा गौण भूमिकामा आएका देखिन्छन । 'म'को मुख्य अवस्थिति रहेको यस कवितासङ्ग्रहका (९), (१४), (१५), (१९), (२२), (२६), (२६), (२७), (२९), (३२), (३७), (३९) आदि कविताहरूमा उत्साह, जाँगर, अस्तित्व, विकासका कुराहरूलाई विभिन्न किसिमका पात्रहरू खडा भएर उठाएका छन् भने ती आवाजहरू उठाउँदा कविताका सहभागी क्रान्तिधर्मी भएर पनि उपस्थित भएका देखिन्छन् । समाजमा देखिएका विकृति-विसङ्गति, अन्याय-अत्याचार, भष्टाचार, धार्मिक विकृति, जातीय भेदभाव, अमानवीय व्यवहार आदिलाई यस सङग्रहमा प्रयोग भएका सहभागीहरूले परिवेश र स्थितिअनुकूल बनाएर उठाएका छन् ।

समग्रमा **अन्तहीन सपना मेरो विपना** कवितासङ्ग्रहका कविताहरू 'म' पात्रको केन्द्रीयतामा रहेको र त्यसैको सेरोफेरोमा अन्य पात्रहरू घुम्दै विषयवस्तुको चेतनात्मक प्रस्तुति दिँदै एउटा स्वच्छ र समृद्ध समाजको निर्माणमा सहयोग हुने भावहरू व्यक्त गरेको देखिन्छ ।

### ५.३.५. परिवेश

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहमा सामाजिक, धार्मिक, राजनीतिक, प्राकृतिक, क्षेत्रीय आदि परिवेशको चित्रण पाइन्छ। यस सङ्ग्रहमा वर्णित परिवेशले कविताहरूलाई जीवन्तता प्रदान गरेका छन्। घटना, परिस्थिति आदि विषयहरू आजको परिवेशअनुसारको भएकाले जो कोही पनि कविताप्रति आकर्षित हुने देखिन्छ। देश, काल र वातावरणलाई विचार गर्दा कतिपय अवस्थामा कविताहरू रचनावधिकै सेरोफेरोमा केन्द्रित देखिएको भए पनि धेरैजसो रचनाले आजको जर्जर परिवेश, भयावह स्थिति, प्रतिकूल परिस्थितिलाई नै चित्रण गरेको पाइन्छ। कतिपय कविताले स्थानलाई किटान गरेर नै भाव प्रस्तुत गरेको भए पनि त्यसबाट शिक्षा ग्रहण गर्न सबैले आफू अनुकूल सक्छन् ।

सामाजिक परिवेशको चित्रण प्रायः कवितामा पाउन सकिन्छ। समाजमा देखिएका अमिल्दा परिस्थितिलाई भावात्मक रूपमा कविले चित्रण गरेका छन्। कतै-कतै समाजबाट निस्किएका असन्तुष्टिलाई व्यक्त गर्दा कवि क्रान्तिकारी स्वरहरू पनि उराल्न पुग्दछन् । कविता समाज हितकै लागि रचिएका हुनाले यिनीहरूमा आएका परिवेश पनि समाजसापेक्ष देखिएका छन् । कविता (२) भित्रका केही कविताहरू (४), (५( (८), (९), (१३), (२०), (२४), (२८), (३२), (३५), (३९), (४१), (४४), (४५), (४७), (४८), (५२)मा समाजमा देखिएका विसङ्गत स्थितिको चित्रण पाइन्छ । कविताले यथार्थ चित्रण गर्दै त्यसको समाधान निष्कर्ष भागमा अगाडि ल्याएको देखिन्छ । अब तलको भावलाई हेर्दा :

खै त ! यी जुलूस, नारा र क्रान्तिका लहरहरूमा
सम्पूर्ण जीवन-आयतनका कुराहरू
खैत ! यी बस्तीका झोपडीहरूमा
समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरू

(आरम्भ नयाँ बाटोको, पृ. ५९) ।

क्रान्तिकरी चेतनाले ओतप्रोत उक्त पङ्क्तिले समाजको नियम र कानुनभन्दा माथि उठेर उद्दण्ड कार्य गर्नेले कहिले पनि लोक हितार्थ काम गरेनन् भन्ने भाव व्यक्त गर्दै झोपडीहरूको

दुर्दशा कहिल्यै पनि नसुध्रिने अभिव्यक्ति दिएको छ। यसरी नै धार्मिक परिवेशलाई कविताले यसरी उठाएको छ :

यहाँ दिन पनि अँध्यारै हुन्छ
रात पनि चिसै हुन्छ
यसैले
ईश्वरको संसारमा
लुटिएका पेट
कुटिएका इच्छा
थिचिएका अधिकार
...दश औँला जोड्दा-जोड्दा
खिएका हात भएर
यहाँ कुँडिएको छ जिन्दगी

(ईश्वरको संसारमा, पृ.५२)।

धार्मिक परिवेशको चित्रण गर्दै कविताले यहाँ अन्यायमा परेका गरिब-दुःखीको समस्याको पहिचान गरेको छ। किन होला ईश्वरको संसारमा पनि मानिसहरू यसरी लुटिएका, ठगिएका, मिचिएका भन्दै एउटा प्रश्नात्मक शङ्का भावकमा पर्न जान्छ। उक्त कविता समाजको वेमेल परिस्थितिप्रति अवाक देखिन्छ।

यतिमात्र नभएर कविताहरूमा राजनीतिक वातावरण र परिवेशको चित्रण जतासुकै देख्न सकिन्छ। राजनीीतिबाट हतास बनेका जनताको स्थिति, राजनीतिले कैयौं मानिसलाई अस्तित्वहीन बनाएको परिस्थिति आदिलाई विषय बनाउँदै यसले त्यस क्षेत्रमा ल्याएको प्रतिकूल असरको चित्रण कविताले यसरी गरेको छ :

प्रत्येक भोटमा नेताले फलाक्ने मन्त्रभन्दा ठूलो
बन्न सकेन यो क्रान्ति
यही क्रान्तिको कुराले नै
भोका-नाङ्गालाई अझ नङ्ग्यायो, अझ छक्यायो
तर आएन भोका पेट र नाङ्गा शरीरहरूमा क्रान्ति
खोइ, कहाँ आयो क्रान्ति !

(क्रान्ति, पृ.८९)।

उपर्युक्त पङ्क्तिले राजनीतिक परिवेशको चित्रण गरेको छ। नेताहरूले आफ्नो स्वार्थको लागि जनतालाई उचाल्ने र अभीष्ट पूरा भएपछि जस्ताको तस्तै स्थितिमा पुऱ्याइदिने व्यवहारलाई कविताले उजागर गरेको छ। हड्ताल, जुलुस, आन्दोलन गरेको समयको आश्वासनलाई पूरा गर्न नसक्दा आज पनि गरिबको झोपडीमा आगो बल्न नसकेको तीतोसत्य यहाँ प्रस्तुत भएको छ।

यस्तै प्राकृतिक परिवेशको चित्रणमा आधारित कवितालाई हेरौँ :

टिस्टा र रंगीतको पानी तिमीलाई
नुहाएर पवित्र पार्न पर्खेको छ
तिमीलाई शीतल छायाँ दिन
धूपीका रूखहरू पनि उभेका छन् युग-युगदेखि
तिम्रै स्वागतमा सुनाखरी र सयपत्री पनि
फुलेका फुलेकै छन्...।

(धेरै युग बितिसक्यो, पृ. २३)।

प्राकृतिक परिवेशको चित्रण पनि कवितामा कवि बाँचेको, नाचेको, हाँसेकोभित्रैबाट लिइएको छ । टिस्टा र रंगीत, धूपी, सुनाखरी, सयपत्री यी सबै सिक्किमेली परिवेशभित्रका वस्तु हुन् जसलाई मानवीकरण गरेर यहाँ प्रस्तुत गरिएको छ कसैको स्वागतको लागि उभिएको परिकल्पनामा ।

कविता परिवेशगत चित्रणमा जहाँ पुगे पनि यसको भावले प्रगति र उन्नतिको कामना गरेको छ । यहाँ क्षेत्रीय परिवेशको चित्रणलाई यसरी देखाइएको छ :

टेण्डोङ र मैनामका टाकुरा भएर
टिस्टा र रङ्गीतका किनार किनार भएर
बस्तीका झोपडी, सहरका फूटपाथ र गल्तीहरू भएर
...झार्लाङ्गी र कालो भारीले थिचिएर मरेका
अन्यायमा परेका
मेरा अभागी पुर्खाहरूको बन्दकी आत्मालाई
उकास्न आएको छु ।

(यसैले आएको छु, पृ.६९) ।

उक्त कवितामा सिक्किममा झार्लाङ्गी प्रथा व्याप्त रहेको बेलाको चित्रण गरिएको छ । कालगत आधारबाट यो समय सिक्किममा राजा रहेकै समयको र वातावरण भने दुःख-दर्द, अन्याय र अत्याचारले जर्जर भएको बेलाको छ ।

यसरी **अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहमा देश, काल र वातावरणको आधारबाट विभिन्न परिवेशको चित्रण गरिएको पाइन्छ । कविताको देश विशेष गरेर सिक्किमेली धरातलभित्र नै रहेको देखिए पनि यसले सबै क्षेत्रको समस्यालाई सम्बोधन गरेको देखिन्छ । समयलाई हेर्दा अतीत, वर्तमान दुवैलाई समेटेको देखिन्छ भने कतैकतै भविष्यको परिकल्पनामा पनि कविता सिर्जित पाइन्छ । त्यसरी नै आजका विश्वमा देखिएका विभिन्न किसिमका समस्याबाट पीडित बनेका मान्छेहरू र तिनीहरूको भोग्नुपरेका जटिल परिस्थिति नै यहाँ वातावरणको रूपमा चित्रण भएको देखिन्छ ।

### ५.३.६. उद्देश्य

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहका कविताहरू विविध उद्देश्यमा निहित छन् । सामाजिक परिवर्तन, मानवताको संरक्षण, जातीय भेदभावको निमूलीकरण, राष्ट्रिय एकताको आह्वान, धार्मिक सहिष्णुता कायम, राजनीतिक परिवर्तन जस्ता अनेकन विषयहरूको प्रवेश यिनका कविताहरूमा भएका छन् । यी सबै विषयहरूले सामाजिक उन्नति र प्रगतिको उद्देश्य लिएको देखिन्छ ।

कविता (१)ले नयाँ वर्षको अगमन हामी सबैको निम्ति नयाँ कार्य गर्न र उत्प्रेरणा जगाउनको निम्ति आएको हो त्यसैले नयाँ वर्षको दिनलाई रमाइलोको निम्तिमात्र नलिएर हर्ष, जोश र जाँजरको दिनको रूपमा लिनुपर्छ भन्ने चाह राखेको छ ।

यसरी नै राजनीतिक विषयवस्तुमा आधारित कविताहरूले राजनीतिमा देखिएका भ्रष्ट व्यवहारहरूलाई सच्याउँदै अघि बढ्नुपर्ने र स्वच्छ किसिमले देश विकासमा लाग्नुपर्ने उद्देश्य कवितामा यसरी प्रकट भएको छ :

एक मुट्ठी शासक र शोषकको स्वार्थमा अल्झेको हुन्छ
कि त विस्तारवाद अथवा साम्राज्यवादको लागि लडिन्छ
कोरा संस्कार र सम्मानको लागि लडिन्छ
तब कसरी मान्नु
यो मानव-हितार्थ लडिने युद्ध भनेर ?

(युद्ध अनि युद्ध, पृ.११०) ।

यी हरफहरूबाट शासक र शोषकको स्वार्थले देश अशान्त बन्दै गइरहेको छ यसलाई अब व्यक्तिगत स्वार्थको लागिभन्दा पनि सामूहिक उन्नतिमा रूपान्तरण गर्नुपर्दछ । संस्कार र संस्कृतिको नाममा झगडा गर्नेहरूले देश बिगारेकाले अब प्रत्येक व्यक्ति सचेत बन्दै शान्त र समृद्ध देशको निर्माणतर्फ लाग्नुपर्छ भन्ने उद्देश्य राखेको छ ।

त्यसरी नै समाजमा विभिन्न प्रकारका नचाहिँदा नियम बनाएर गरीब-दुःखीलाई थिचोमिचो गर्ने र हुकुमको भरमा आफ्नो कार्यसिद्ध गर्न चाहने जमातप्रति पनि यस सङ्ग्रहका कविताहरू उग्र बनेर देखिएका छन् । मानव हितार्थ यदि काम नगर्ने हो भने अब प्रत्येक जनता तिमीहरूको विरुद्ध आगो भएर निस्कने चेतावनी कविताबाट प्रकट गर्दै सङ्घर्षको आह्वान पनि त्यहीं निहित देखिन्छ । निम्नलिखित हरफलाई हेर्दा :

जलिरहेछन् लाखौं-लाखौं झोपडीहरू
लुटिएका मान्छेका अधिकारहरू
तोडिएका मान्छेका नाताहरू
यसैले यहाँ
चक्का होइन अब साथी !
सडक स्वयं दोडिनुपर्छ
'एटम्' होइन अब साथी !
मान्छे स्वयं पड्किनुपर्छ ।

(मान्छे पड्किनुपर्छ, पृ.३०) ।

उपर्युक्त हरफहरूले स्थितिको बोध गराउँदै अबका कार्यहरूलाई पनि निर्देश गरेको छ । गरिबको झोपडी रितिएको र लाखौंको अधिकार खोसिकाले अब हामी उठ्नुपर्छ, जाग्नुपर्छ र यी मुट्ठीभरका शासकहरूलाई निर्मूल पार्दै जनताको अधिकार स्थापना गर्नुपर्छ भन्ने प्रगतिवादी चेत र प्रगतिकामी उद्देश्य यहाँ राखेको देखिन्छ ।

धार्मिक विषयभित्र पनि आजको समसायिक परिस्थितिलाई घुसाउँदै त्यसको उजागर गर्नु कविताको अर्को विशेषता मान्नु पर्छ । धर्मको नाममा आज जताततै झै-झगडा मचिएको, दुर्व्यवहारहरू हुन थालेको, पुजारीले पनि स्वार्थको निम्ति नियम विरुद्ध कार्यहरू गर्न थालेको जस्ता विषयहरूलाई समेट्दै धर्मलाई धर्मकै नाममा स्थापित गर्दै सबैमा सकारात्मक सोच प्रादुर्भाव गराउनु पर्ने धार्मिक उद्देश्य देखिन्छ ।

जातीय अस्तित्वको सवालमा पनि कविताहरू उत्तिकै प्रखर देखिन्छन् तर कविताहरूले एउटामात्र जाति र धर्मको वकालत नगरेर त्यसको माध्यमबाट सबै जात-जाति, धर्म, संस्कृति आदिको संरक्षणमा हामी सबै लाग्नुपर्ने र सबै धर्म र जातको ढकमक फुलबारी जस्तो परिवेश निर्माण गनुपर्छ भन्ने उद्देश्य कविताहरूले लिएका छन् ।

राष्ट्रियताको विषयवस्तुभित्र पनि एकताको आह्वान पाइन्छ । राष्ट्र र राष्ट्रियताको सवालमा जस्तोसुकै कार्य गर्न पनि पछि पर्नुहुन्न भन्ने सन्देश कविताहरूले प्रकट गरेका छन् । राष्ट्र र जनतालाई ढाल बनाएर आफ्नो हुँदो गर्न खोज्ने नेताहरूप्रति कविताहरू आगो बनेर देखिएका छन् । यस्तै मान्छे मान्छेमा असमानता देखिएकाले कविताहरू यसरी सिर्जना भएका छन् :

जनता भुट्ने देश लुट्ने उही खाने सेल
काम गर्ने भोकै पर्ने उसले पाउने नेल
यस्तो नियम तोड्नैपर्छ सबै एक भई
पशुसरि किन बाँच्नु एकै मान्छे भई ।

(एक गीत भानुको सम्झनामा, पृ.६०) ।

कविताहरू चाहे राष्ट्रको सवालमा होस् वा जनताको सवालमा, ती कुनै न कुनै किसिमले भावनामा बहकिनुको सट्टा उन्नति र प्रगतिको निम्ति प्रस्तुत भएका छन् । गरिब-दु:खीको जीवनस्तर उकास्ने र तिनीहरूलाई कसरी हुन्छ चेतनाको प्रादुर्भाव जगाउने किसिमका कविताहरू विशेष गरेर रचना भएका देखिन्छन् । त्यसैगरी हाल संसारमा व्याप्त मानव हत्या, हिंसा जस्ता अमानवीय गतिविधिको विरोध गर्दै कविताहरू सुधारको बाटो देखाउन तल्लीन देखिएका छन् ।

अन्तमा भन्नुपर्दा कवि चामलिङद्वारा रचित **अन्तहीन सपना : मेरो विपना**भित्रका प्रायसः कविताहरूमा समाजहित, जनताको जीवनस्तरको सुधार, राजनीतिक स्वार्थभन्दा माथि उठेर देशविकासको लागि लाग्नुपर्ने विचार, मानव-मानवबीच भेदभाव रहितताको स्थिति, हत्या, हिंसाजस्ता कार्यहरूको रोक, धार्मिक सहिष्णुता, जातीय मेल-मेलाप, राजनीतिमा सुधार जस्ता कुराहरू मुख्य उद्देश्यका रूपमा आएका छन् । र, यस सङ्ग्रहका कविताहरूमा प्रगति र उन्नतिको अपेक्षा हुनु नै मूल उद्देश्य रहन गएको देखिन्छ ।

## ५.३.७. दृष्टिविन्दु

**अन्तहीन सपना : मेरो विपना**भित्र विभिन्न प्रकारका विषयहरू रहेका छन् । ती विषयहरूलाई कवितात्मक रूपमा प्रकट गर्दा कविको अवस्थिति विभिन्न स्थानमा रहेको देखिन्छ । कतै सोझै आफूले देखेका, भोगेका विषयलाई प्रस्तुत गरिएको छ भने कतै पात्रहरूको माध्यमबाट कविताको भाव प्रकट गरिएको छ । यसरी नै मानवीयबाहेक अमानवीय पात्रहरू पनि कवितामा मानवीकरण भएर प्रस्तुत भएका छन् । कविताको विचार, भाव र कविको प्रस्तुति शैलीबाट हेर्दा यस सङ्ग्रहका अधिकांश कविताहरू प्रथमपुरुष दृष्टिविन्दुमा संरचित देखिन्छ । कोहीबेला विषयको प्रस्तुतीकरण गर्दा कविको अवस्थिति नामेट पनि देखिन आएको छ । यस्ता कविताहरू अलिक थोरै सङ्ख्यामा रहेकाले यसभित्रका रचनाहरूमा प्रथमपुरुषीय दुष्टिविन्दुको बाहुल्य रहेको देखिन्छ ।

प्रथमपुरुष दृष्टिविन्दुमा आधारित कविताहरूमा समाख्याताले प्रमुख पात्रका रूपमा समाख्यान गरेको देखिन्छ । कतिपय ठाँउमा भावुकतावश विचारको सम्प्रेषण 'म'पात्रले गरेकाले त्यहाँ दार्शनिकताको झल्को पाउन सकिन्छ भने कतै चाहिँ आफ्नै परिवेश, आफ्नै भेष, समसामयिक स्थितिको चित्रणले कविताहरूमा विश्वसनीयता, आत्मीयता र घनिष्ठताको आभाष पाइन्छ । त्यसै गरेर 'म' कै माध्यमबाट कसैको विचारलाई पनि यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

'म'पात्र समाख्याता रहेको अथवा 'म' पात्रकै केन्द्रीयतामा कवितामा विचार प्रक्षेपण भएको आधारमा (२) र (३) का प्रायः मसिना कविता र मुक्तकहरू, (६), (७), (८), (१०), (१२), (१३), (१५), (१६), (१८), (१९), (२०), (२१), (२२), (२४), (२६), (२७), (२८), (२९), (३०), (३१), (३२), (३४), (३५), (३६), (३७), (४०), (४१), (४३), (४४), (४५), (४७), (४८), (४९), (५०), (५१), (५२) प्रथमपुरुष दृष्टिविन्दुमा आधारित देखिन्छन् । यसमा पनि कतै समाख्याताले प्रमुख पात्रका रूपमा समख्यान गरेको छ भने कतै समाख्यातालाई गौण वा तटस्थ भूमिका प्रदान गरिएको पाइन्छ । यसको आधारमा यस सङ्ग्रहभित्रका कविताहरू प्रथमपुरुष केन्द्रीय र परिधीय गरी दुवै प्रकारका देखिन्छन् । जसलाई तल उदाहरणमा हेरौं :

**प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दु :**

म धरती हुँ, म आकाश हुँ,
म सूर्यको एक अङ्ग हुँ ।
म ज्वाला हुँ, म रखवाला हुँ,
म मानवको एक रङ्ग हुँ ॥

(म, पृ. ८१) ।

उपयुक्त पङ्क्तिपुञ्जमा 'म' केन्द्रीय भूमिकामा रहेको र विचार पनि मबाटै नै प्रस्फुटन भएकाले यहाँ प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दु रहेको देखिन्छ ।

**प्रथमपुरुष परिधीय दृष्टिविन्दु :**

अत्याचार विरुद्ध लड्ने क्रान्तिकारीहरू नै
स्वयं अत्याचारी भइसकेझैँ लाग्छ
यहाँ बाटो देखाउने अगुवाहरू नै
स्वयं बाटो छेक्ने पहाड भइसकेझैं लाग्छ

(जो हुनै नहुने, पृ. १९) ।

उपर्युक्त कथन कविको विचारको रूपमा आएको देखिन्छ । तर यहाँ कविको उपस्थिति नरहेकाले प्रथमपुरुष परिधीय दृष्टिविन्दु रहेको देखिन्छ ।

यसका अतिरिक्त 'म'पात्र कविताको भावअनुसार वक्ता, प्रेषक, सम्बोधक वा वर्णनकर्ताको भूमिकामा आएको स्पष्ट हुन्छ भने श्रोता प्रापक वा सम्बोधितको भूमिकामा रहेको पुष्टि हुन्छ ।

'म' पात्र **वक्ता**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

मेरो राष्ट्रियताको आकाशले
मलाई नै थिच्दै-थिच्दै आइरहेछ
मेरो धरती मेरै पाइतालामुनि
दबिँदै-दबिँदै गइरहेछ ।

(राष्ट्रियताको आकाश, पृ. २७) ।

'म'पात्र **प्रेषक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

मलाई जुनै जातमा गन
या जस्तै थर र गोत्रको भन
मेरो त जातै मान्छे हो
मेरो त थरै मान्छे हो ।

(मेरो त जातै मान्छे, पृ. ३५) ।

'म'पात्र **सम्बोधक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

ए युवा स्रष्टा
ए सत्यद्रष्टा
ए युगका महाशक्तिहरू, स्वच्छ युग निर्माता
ए मेरा युवा कमरेडहरू
आऊ, यो जीवनलाई एउटा नयाँ व्यवस्थामा सिँगारौं
आऊ, हामी सबै एउटा भाकामा एउटा नयाँ गीत गाँऊ ।

(आदमखोरको बोट उखेल्नु परेको छ, पृ. ४४) ।

यसरी कवितामा 'म'पात्रको विचार विभिन्न प्रकारले उपस्थित भएको देखिन्छ । कविको अवस्थिति अथवा विचार कस्तो किसिमले आएको छ भन्ने कुरालाई विशेष ध्यान दिएर कवितामा दृष्टिविन्दुको निर्धारण गरिन्छ । त्यसै आधारमा 'म'पात्र वक्ता, प्रेषक, सम्बोधक भनी छुट्याइएको हुन्छ ।

यस सङ्ग्रहका कविताहरू प्रथमपुरुषको अतिरिक्त तृतीयपुरुष दृष्टिविन्दुमा पनि प्रस्तुत भएको देखिन्छ । यस किसिमको कवितामा समाख्याता ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी पात्रको माध्यमबाट समाख्यान गरिएको हुन्छ । कविता (१), (२), (५), (९), (११), (१४), (१७), (२३), (२५), (३३), (३८), (३९), (४२), (४६)हरू तृतीयपुरुष दृष्टिविन्दुमा देखिन्छन् । यी कविताहरूमा समाख्याता वा कथावाचक कृतिभित्र नरहेर कृतिबाहिर रहेको पाइन्छ ।

समाख्याताले कथाबाहिर बसेर सम्पूर्ण चरित्रहरूलाई तृतीयपुरुष सर्वनाम वा नामविशेषबाट सङ्केत गरिएको छ। यस सङ्ग्रहमा प्रयोग भएको **तृतीयपुरुष दृष्टिविन्दु**मा आधारित कविताको अंशलाई हेरौँ :

यो रातो भाले
साँघुरो गन्धे खोरमा बस्छ
वरिपरि आफ्ना पोथी र चल्लाहरू राखेर साथमा
बस्छ विचार यो सधैं सुलीको थाकमा
यो यत्रो शक्ति र गुणले परिपूर्ण भएर पनि
आफ्ना परिवार र आफ्नोसम्म
हेरचाह र रक्षासमेत गर्न असमर्थ छ।

(मेरो रातो भाले बास्छ, पृ. ८६)।

उक्त पङ्क्तिपुञ्जमा प्रमुख पात्र 'भाले' रहेको देखिन्छ भने भालेको माध्यमबाट नै कविताको विषयवस्तु र भाव अगाडि बढेको देखिन्छ। सम्पूर्ण कविताको विचार भालेको व्यवहार, कार्य, शक्ति, सोच, योजनामा निहित रहेकाले यहाँ तृतीपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ।

अन्तमा **अन्तहीन सपना : मेरो विपना**मा प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिविन्दुको प्रयोग भएको छ। तृतीयपुरुष दृष्टिविन्दुको अपेक्षामा प्रथमपुरुष दृष्टिविन्दुको अधिकता कवितामा पाउन सकिन्छ। कविले भोगेका जीवनका यथार्थ घटनाबाट प्रभावित भएर रचना भएको कविता भएर पनि होला यस सङ्ग्रहका कविताहरूको भाव गम्भीर्य प्रथमपुरुष दृष्टिविन्दुमा सबल देखिन्छन्।

### ५.३.८. भाषाशैलीय विन्यास

**अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहमा सरल भाषा र सुगठिन शैलीको प्रयोग पाइन्छ। भाषाको सफल प्रयोगले नै यस सङ्ग्रहका कविताहरू सशक्त बनेका छन्। कविताको भावअनुसारको भाषा प्रयोग भएको हुनाले भाव र भाषा प्रयोगको राम्रो तालमेल मिलेको देखिन्छ। भाषाको संरचना पक्ष ध्वनि, शब्द, व्याकरण र अर्थव्यवस्थाको व्यवस्थित प्रयोगले प्रत्येक कविताहरूले आ-आफ्नो क्षेत्रमा पकड जमाएको पाइन्छ। मुक्त छन्दमा संरचित यस सङ्ग्रहका कविताहरूमा लयात्मक र रागात्मक पक्ष भने अति नै मजबुत रहेको पाइन्छ। केही कविताहरूमा अनुप्रासीय संयोजन मिलेकाले छन्दाभाषको स्थिति पनि देखापर्न गएको देखिन्छ। त्यसरी नै गीतिलयको प्रयोग पनि एक-आध रचनाहरूमा प्रयोग भएको पाइन्छ जसले कविताहरू गायनयोग्य बनेका देखिन्छन्। सरल र सहज भाषाको प्रयोगका कारणले भाव विस्तारको क्रममा सम्प्रेषणगत सरलता पाउन सकिन्छ। विषय, स्थिति र परिवेशलाई अति नै विचार पुऱ्याएर शब्दहरूको छनौट गरेको हुनाले भाषामा पनि सार्थकता देखिन गएको छ। विभिन्न प्रकारका विषयहरूको छनोटले गर्दा कतै पनि कविताहरूमा भाषागत एकरूपमा पाउन सकिंदैन। धार्मिक, राजनीतिक, सांस्कृतिक, सामाजिक, प्राकृतिक, प्रेमपरक आदि जस्ता विषयहरू छन् त्यसैअनुसारको भाषा र शब्द छनोटले गर्दा कवितामा विश्वासनीयता र सार्थकता देखिन आएको छ।

यस सङ्ग्रहमा देखापरेका पूर्णविराम, अर्द्धविराम, प्रश्नवाचक चिह्न, विश्मयादिबोधक, अनुप्रासीय संयोजन, पुनरावृत्ति आदि प्रयोग भएका कविताका अंशहरूलाई यस प्रकार देखाउन सकिन्छ :

**पूर्णविराम चिह्न** प्रयोग गरिएको कविता :

म जोश हुँ, म होश हुँ,

म मानवको एक भाषा हुँ ।
म दुःख हुँ, म दर्द हुँ,
म नै जगको आशा हुँ ॥
(म, पृ. ८२) ।

**अर्द्धविराम चिह्न** प्रयोग गरिएको कविता :

धेरै-धेरै युगहरूपछि
म यो दुनियाँमा विक्षिप्त हुनेछु
म नदुख्ने, नसुन्ने, नहाँस्ने, शून्य हुनेछु
म माया, दया, क्रोधविहीन अर्कै दुनियाँमा हुनेछु
म आफ्नो अस्तित्वलाई केवल माटो बनाएको हुनेछु ।
(भोलिको प्रसङ्ग : म अनि मान्छे, पृ. ४३) ।

**प्रश्नवाचक चिह्न** प्रयोग गरिएको कविता :

मर्न त मरे, को ? - मान्छे ।
कसले माऱ्यो ? - मान्छेले ।
मान्छेले मान्छेलाई ! किन......?
...अभागी मान्छेको रक्षार्थ
कसैले किन बन्दुक उठाएको छैन ?
किन ? किन ? किन ?
(युद्ध अनि युद्ध, पृ. १११) ।

**विश्मयादिबोधक चिह्न** प्रयोग भएको कविता :

युग-युगदेखि लम्पसार सडकजस्तो
सत्यको मशाल बोकेका मान्छेहरू
चुपचाप निदाएको हो कि !
समस्याका ठूला-ठूला चक्काहरू
समयले यहाँ बिसाएर हो कि !
(मान्छे पड्किनुपर्छ, पृ. २९) ।

**अनुप्रासीय संयोजन** मिलाएर प्रयोग गरिएको कविता :

काँडा त काँडै भइगयो यहाँ
फूल पनि काँडा लुकाई, फुलेका छन्
मान्छेको त के कुरा गर्नु र यहाँ
देवता पनि पाप लुकाई खुलेका छन् ।
(काँडा त काँडै, पृ. २१) ।

**पुनरावृत्ति** मिलाएर प्रयोग गरिएको कविता :

न हाम्रो नाम नै छ
न हाम्रो काम नै छ
कुनै रूख सँगसँगै रूख भएर बाँच्न सक्छौं
यसैले हामी नामहीन लहरा हौं ।
(आकाशबेलीको लहरा र हामी, पृ. ६८) ।

शैलीगत आधारमा जति कविताहरू देखिन्छन् त्यति नै शैली र त्यसमा भिन्नता पाइन्छ । समाजमा देखिएका समस्याहरूलाई उजागर गर्दा सोहीअनुकूल शब्द चयन र भाषा प्रयोगले शैलीमा फरकपनको आभाष गराउदछ । यस कवितासङ्ग्रहमा समाख्याताको आफ्नो विचार, भावक-पाठक समक्ष पुऱ्याउन विभिन्न तरिका अपनाएको छ । प्रत्यक्ष वर्णन,

एकलसंवाद, टिप्पणी, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा समाख्याताले आफ्नो अवधारणालाई प्रस्तुत गरेको देखिन्छ । यी विभिन्न शैलीगत प्रयोगलाई यस प्रकार देखाइएको छ -

**प्रत्यक्ष वर्णनात्मक शैली** :

यो धमिलो नदीभित्र
एउटा वैंशालु युग बहेर जाँदैछ
एउटा जिउँदो इतिहास तुहेर जाँदैछ
जिउँदो मान्छेका लाशहरू बहेर जाँदैछन्
मान्छेका ठूला भागहरू
यस्तै धमिलो नदीमा
युग-युगदेखि बहेर सकिँदै रहेछन् ।
(आकाश-गंगाको देशमा धमिलो नदी, पृ. १२५) ।

**एकल संवादात्मक शैली :**

अहिले म स्तब्ध छु कि शायद
हिउँले कठयांग्रिएको औंलाहरू झैं ।
अहिले म जीवन बाँच्दै छुइनँ कि शायद
प्यास मेट्न नसकेका समुद्रका यात्रीहरू झैं ।
(यस भेकका उकुसमुकुस र स्थिति, पृ. ९८) ।

**टिप्पणीपरक शैली :**

भुँडी दौडमा नब्बे हारेर
दशको जित्ने पालो छ
र दश अपच भएर यहाँ
नब्बे भुँडी खाली छ ।
(भुँडी दौड, पृ. १९) ।

**सम्बोधनात्मक शैली :**

हे शैलराट कञ्चनजंघा !
मानवलाई अब
दुगोन्मेष गराऊ
तवारिश बनाऊ
जगाऊ, उठाऊ, हे शैलराट !
मानवलाई यो जगमा
अरूणवान सरह आउन अगाऊ ।
(कञ्चनजङ्घा, पृ. ३२) ।

**आक्रोशित/विद्रोहात्मक शैली** :

र त मान्छे अब
विद्रोहको लाभा भएर विस्फोट हुनुपर्छ
क्रान्तिको हुँकार भई गुञ्जिनुपर्छ
विप्लवको प्रचण्ड ज्वाला भई सल्किनुपर्छ
मान्छेका गाउँ-बस्तीमा ।
(बोकेर विप्लवका प्रखरताहरू, पृ. ६४) ।

**पूर्वस्मृतिपरक शैली :**

के मेरा बाबु, बाजे र बराज्यूहरूले

ब्रह्मपुत्रको पानीमा नुहाएर
हामीलाई लगाएका पाप र श्रापहरू
पखालेनन् र ?

(ब्रह्मपुत्र र कामाख्या पुगेर आफैंलाई हेर्दा, पृ.७७) ।

यसरी शैलीका आधारमा कविताहरू विषयवस्तु अनुसार देखिएका छन् । नरम, रागात्मक शैलीदेखि आक्रोश र विद्रोहका आवाजहरू पनि शैलीकै चरम विन्दुसम्म पुगेर देखिएका छन् ।

भाषाशैलीय विन्यासभित्र बिम्ब-प्रतीक र अलङ्कारको भूमिका पनि उत्तिकै रहने गर्दछ । यस सङ्ग्रहका कविताहरूमा बिम्बात्मक शब्दको प्रयोग प्रसङ्गअनुकूल देखिएको छ । कुनै पनि वस्तुलाई बिम्बात्मक शब्दको प्रयोग गर्दा त्यसमा कवितात्मकता देखापर्छ । त्यसरी नै परिस्थितिअनुसार प्रतीकात्मक शब्दहरू पनि प्रयोग भएका छन् । केही कविताहरू त शीर्षक नै प्रतीकात्मक छन् भने केही कविताहरूको अर्थवहनतामै प्रतीकात्मकता देखिन्छ । शब्द प्रयोगमा धेरै भन्नेको सट्टा थोरैमा नै सौन्दर्य प्रकट गराउनलाई प्रचुर मिथकीय शब्द चयन गरेको देखिन्छ । मिथकीय शब्दहरूले कवितालाई गम्भीर भाव ग्रहण गर्नसक्ने शक्ति प्रदान गर्दछ । कविताको अर्को प्रमुख तत्त्व अलङ्कारले काव्यमा सौन्दर्य प्रकट गर्ने कार्य गर्दछ । **अन्तहीन सपना : मेरो विपना** भित्र विभिन्न प्रकारका अर्थ र शब्द अलङ्कारहरूको प्रयोग भएको देखिन्छ । अनुप्रास, यमक आदि शब्द अलङ्कार र उपमा, रूपक, अर्थान्तरन्यास आदि अर्थअलङ्कारको प्रयोगले कविताको भावमा गहनता र अर्थमा बहुलता प्रकट भएको देखिन्छ ।

समग्रमा **अन्तहीन सपना : मेरो विपना** कवितासङग्रहमा प्रयोग भएको भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार आदि भाषाशैलीय विन्यासको प्रयोग सार्थक र प्रयोगानुकूल छ । भाषाशैलीय विन्यासको सटीक संयोजनले नै कवितालाई उच्चकोटिमा पुऱ्याएको देखिन्छ ।

## ५.३.९. निष्कर्ष

पवन चामलिङको दोस्रो चरणको कवितासङ्ग्रह **अन्तहीन समना : मेरो विपना**मा जम्मा ६७ वटा कविताहरू सङ्ग्रहित छन् । यो चामलिङको कवितायात्राको दोस्रो चरणमा प्रकाशित प्रतिनिधि कवितासङ्ग्रह हो । विषयगत विविधता रहेको यस सङ्ग्रहमा सन् १९७९ देखि १९८६ सम्मका रचनाहरू सङ्कलन गरिएको पाइन्छ ।

प्रगीतात्मक संरचना भएका प्रस्तुत सङ्ग्रहमा मसिना कविताहरू र एक दर्जन मुक्तक पनि रहेका छन् । आदि, मध्य र अन्त्यको श्रृङ्खला त्यति मिलेको नभए पनि भावगत अभिव्यक्ति कौशल राम्रो देखिएको छ । पङ्क्तिपुञ्जहरूको योजनाबद्ध विभाजन नभएको भए पनि प्रसङ्गअनुसार अधिकांश कविताहरूको विभाजन गरिएको छ । अत्यन्त छोटा कविताहरूमा पुञ्ज विभाजन पाइएको छैन भने त्यसभन्दा माथि लघुरूपका कविताहरूमा विभाजनको सङ्केत रहेको देखिन्छ । यसरी पङ्क्तिपुञ्जको विवरणमा एकरूपता नभएका यसका कविताहरूमा विभाजनगत विविधता पाइन्छ । कविताहरूको उद्देश्यपूर्तिमा बढी अकर्षित भएका कारणले दृश्यावलोकनको सौन्दर्यमा भन्दा वस्तु प्रकटीकरणको मामिलामा बढी लालयित छन् भने तत्क्षणताको अभिव्यक्ति प्रायसः कविताहरूले मुखरित गरेका छन् ।

तत्कालीन विश्वपरिवेशको र सिक्किमेली परिवेशको युगीन यथार्थको सजीव चित्र उतारेको यस सङ्ग्रहका कविताहरूले राजनीतिले निम्त्याएका विकृतिजन्य खराबीको पर्दाफास गरेको पाइन्छ । समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन आदिका विरुद्धमा व्यङ्ग्य भाव प्रस्तुत गरिएका यस सङ्ग्रहका कविताहरूले स्वच्छ एवं समतामूलक समाजको निर्माणमा जोड दिएको पाइन्छ । राष्ट्रमाथि खतरा निम्त्याउनेहरूमाथि खबरदारी गर्दै समुन्नत राष्ट्रको निर्माणमा यस सङ्ग्रहका कविताहरूको जोड रहेको पाइन्छ ।

यस सङ्ग्रहमा विशेषत: 'म' पात्र मुख्य सहभागी बनेर आएको छ भने उ, उनी, तिनी, तिमी तथा मानवेतर  भाले, ईश्वर र जड् सूर्य, खुकुरी, आकाश एवं मिथकीय पात्रहरूको प्रयोग पनि पाइएको छ। सम्पूर्ण सहभागीहरूले आजको विकृतिजन्य समाजको अन्त्यको कामना गरेको छ।

यस सङ्ग्रहका कविताहरूमा स्थानगत, समयगत र वातावरणगत परिवेशको चित्रण पाइन्छ। कविताहरूले विश्वको परिस्थितिलाई उजागर गर्न विश्वलाई नै स्थान निर्धारण गरेको भए पनि भारतीय र विशेषत: सिक्किमेली परिवेशको स्थानगत चित्रण कविताहरूले गरका छन्। समयको दृष्टिबाट कविताहरूले तत्कालीन यथार्थलाई विशेष नजर दिएको देखिन्छ । वातावरण चाहिँ राजनीतिक, सामाजिक, धार्मिक, रोमाञ्चक, आक्रोशित, युद्धग्रस्त परिवेशको चित्रणमा कविताहरू सिर्जना भएका देखिन्छन् भने कतै कतै निराशाको वातावरण पनि देखिएका छन्।

तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासनिक, सांस्कृतिक, प्राकृतिक आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूको उद्‌घाटन तर्दै युगीन यथार्थको प्रकटीकरण गर्नु यस सङ्ग्रहका कविताहरूको उद्देश्य रहेको देखिन्छ। समाजका सामन्ती र भ्रष्ट व्यक्तिहरूको अन्त्य गरी गरिबीको मारले थिचिएका जनताको जीवनस्तर उकास्नु पर्ने कुरामा प्रस्तुत सङ्ग्रहका कविताहरूले जोड दिएका छन्। नैतिक भावना र आदर्शको भावना सञ्चार गराई मानवताको भावना विकास गर्नु पनि यस सङ्ग्रहका कविताहरूको उद्देश्य रहेको छ। नेपाली संस्कार, संस्कृति, मूल्य र मान्यतालाई संरक्षण गरेमा मात्र स्वदेशी अस्मिता, स्वाभिमान र पहिचान हुनसक्छ भन्ने अभिप्राय पनि यस सङ्ग्रहका कविताहरूको रहेको छ।

विषयगत विविधताभित्र संरचित यस सङ्ग्रहका अधिकांश कविताहरूमा कविको निजी एवं वैयक्तिक विचारहरूको प्रस्तुति रहेको पाइन्छ। लघु आयाममा संरचित यस सङ्ग्रहका कविताहरूमा 'म' समाख्याताको रूपमा आएको छ भने कतिपय कविताहरूमा म पात्रको उपस्थिति रहेको देखिँदैन। यसरी हेर्दा यसमा प्रथमपुरुष र तृतीयपुरुष दृष्टिविन्दु दुवै रहेको पाइन्छ। तर पनि तुलनात्मक रूपमा 'म'को भूमिका सम्पूर्ण कवितामा मुख्य रहेको पाइन्छ। यहाँ 'म'ले सम्बोधन, पूर्वस्मृति, एकल संवाद आदिका रूपमा कविताका घटनावलीलाई अगाडि बढाएका छन्।

भाषाशैलीय विन्यासको स्थिति पनि यस सङ्ग्रहमा मिलेको देखिन्छ। विषयअनुसारका भाषा र शैलीको प्रयोगले कवितामा विश्वसनीयता देखापर्दछ। सबै कविताहरूमा अग्रभूमिकरणको विन्यास नमिलेको भए पनि अधिकांश कविताहरूमा यसको संयोजन मिलाइएको छ। अलङ्कार, बिम्ब र प्रतीकको पनि प्रचुर प्रयोग भएका कारणले कविताहरूमा सौन्दर्य र भावको गम्भीर संयोजन मिलेको छ।

अन्तमा **अन्तहीन सपना : मेरो विपना** कवितासङ्ग्रहका कविताहरू आनन्दानुभूतिको लागिभन्दा पनि प्रयोजनमूलक ढङ्गमा सार्थक देखिएका छन्।

## ५.४. म को हुँ ? कवितासङ्ग्रहको विश्लेषण

### ५.४.१. परिचय

**म को हुँ ?** कवितासङ्ग्रह कवि पवन चामलिङको तेस्रो प्रकाशित कृति हो। यसको सन् १९९३ सालमा पहिलो संस्करण प्रकाशन गरिएको हो। यस कवितासङ्ग्रमा लघु रूपदेखि मझौला आयामसम्मका रचनाहरू समेटिएका छन्।

यो कवितासङ्ग्रह श्रीमती टिमा चामलिङको प्रकाशकत्वमा पहिलोपल्ट धुर्बिसे, नाम्ची, दक्षिण सिक्किमबाट प्रकाशित भएको हो। यसको दोस्रो संस्करण सन् १९९५, अप्रेलमा र तेस्रो

संस्करण सन् २००९मा आएको हो ।[३७] यस सङ्ग्रहको प्रथम र द्वितीय संस्करणको मुद्रण माँडर्न दीपक प्रेस, वाराणसीबाट भएको र तृतीय संस्करण चाहिँ निर्माण फोटो अफ्सेट, गान्तोकबाट भएको पाइन्छ । यस सङ्ग्रहको भूमिका रामप्रसाद मैनालीद्वारा लेखिएको हो । यो कवितासङ्ग्रह कवि पवन चामलिङले परमपूज्य मामा-पापा श्रीमती आशारानी चामलिङ र श्री आशबहादुर चामलिङमा समर्पण गरेका छन् ।[३८] **म को हुँ ?** कवितासङ्ग्रहको दोस्रो संस्करणमा जम्मा ४१ वटा कविता समेटिएको छ भने तेस्रो संस्करणमा दुई वटा हटाएर ३९ वटामात्र समावेश गरिएको छ । हाल विश्लेषणको लागि सन् २००९मा प्रकाशित तेस्रो संस्करणलाई नै आधार मानिएको छ यसमा जसमा १२६ पृष्ठ रहेको दखिन्छ ।

### ५.४.२. विभाजन र सङ्गठन

**म को हुँ** ? कवितासङ्ग्रहभित्र जम्मा ३९ वटा कविताहरू रहेका छन् । यसमा अघिल्ला दुई सङ्ग्रहमा जस्ता मसिना कविताहरू र मुक्तकहरू समेटिएका छैनन् । जति कविताहरू रहेका छन् त्यहाँ विषयवस्तु उठान र प्रस्तुतीकरणको विन्यास मिलेको देखिन्छ । यस सङ्ग्रहका कविताहरूलाई पङ्क्तिपुञ्ज, दृश्य, प्रसङ्ग, पुनरावृत्ति, उपवाक्य आदि आधारमा विभाजन गरेको देखिन्छ । पुङ्क्तिपुञ्जमा विभाजन गर्दा सबै कविताहरूको पङ्क्ति विभाजनमा एकरूपता पाइदैन । कतैकतै तीन पङ्क्तिको एउटा पुञ्ज बनाएको पाइन्छ भने कतै २० पङ्क्तिभन्दा धेरैको एक पुञ्ज निर्धारण गरिएको पाइन्छ । कतैकतै कविताले चित्रण गर्दै जाँदा चित्रात्मक अनुभूति पनि गराउँछ । भावात्मक अनुभूतिको सम्प्रेषण गर्दा कतै कविताहरू छोटा आयामका देखिन्छन् भने कतै चाहिँ निकै लामो आयाम पनि फेला पर्दछ । कतैकतै स्पष्ट रूपमा पुञ्जगत विभाजन नदेखिए पनि आन्तरिक विभाजन भने देखिन्छ । अप्रत्यक्ष विभाजनमा प्रसङ्ग, भाव आदिलाई आधार बनाएर छुट्याउनु पर्ने हुन्छ । यसरी यस सङ्ग्रहका कविताहरूलाई वर्णन, प्रसङ्ग, आदि, मध्य, अन्त्यअनुसार पुञ्ज-पुञ्जमा विभाजन गरेर अध्ययन गर्न सक्ने देखिन्छ ।

गद्यलयमा आधारित **म को हुँ ?**का कविताहरूमा पुञ्जगत विविधता पाउनका साथै कतै भने एकै भावमा नै अथवा विभाजन नभई कविता समाप्त भएको देखिन्छ । कतै एउटै पङ्क्तिपुञ्जमा कवितालाई समाप्ति दिइएको छ भने कतै सबैभन्दा धेरै १९ पुञ्जसम्म रहेको देखिन्छ । कविता (७)मा एउटै भाव र एउटै पुञ्ज देखिएको छ भने अरू सबैमा दुईभन्दा बढी नै पङ्क्तिपुञ्जहरू रहेका देखिन्छन् । यसमा समावेश गरिएका सबैजसो कविताहरूमा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको देखिन्छ । कतिपय कविताहरूले विषयवस्तु उठान गर्दै निष्कर्ष अथवा अन्त्य गरेको पनि देखिन्छ । प्रायः कवितामा विषय आकर्षणको निम्ति अग्रभूमीकरणलाई जोड दिएको पनि पाइन्छ । जसरी आदि भागले विषयलाई जोडतोडका साथ उठाएको देखिन्छ त्यसरी नै विचार भाग र निष्कर्ष भागलाई संयमित किसिमले प्रस्तुत गरिएको छ । यसो भए तापनि रैखिक ढाँचामा देखिएका कविताले वर्णनात्मक शैली अपनाएको देखिन्छ । यसमा सङ्ग्रहित कविताहरू प्रगीतात्मक रहेकाले ढाँचागत विभाजनमा र सङ्गठनगत एकरूपताभन्दा पनि भावगत व्यवस्थापनमा बढी सतर्कता अपनाएकाले यसमा विविधतापूर्ण पङ्क्तिपुञ्जहरूको विभाजन रहेको देखिन्छ ।

### ५.४.३. वस्तु

वस्तु कविताको मूल तत्त्व हो । यसैको आधारमा कविताले स्वरूप ग्रहण गर्दछ । विषय वस्तुको प्रस्तुति फितलो भयो भने कविताले उच्चता पाउन मुस्किल नै पर्छ । **म को हुँ ?** कवितासङ्ग्रहभित्र पनि विभिन्न प्रकारका विषयहरू समावेश भएका छन् । तिनै विषयले नै

---

३७. पवन चामलिङ, **म को हुँ**, ते.सं., भूमिका, (सिक्किम : निर्माण प्रकाशन, २००९) ।
३८. ऐजन ।

समाजका विभिन्न समस्याहरूलाई उजागर गर्ने कार्य गरेका छन् । कविताले कस्तो किसिमको भाव वहन गरेको छ भन्ने कुरा यसको विषय र प्रस्तुतिमा नै भर पर्ने कुरा हो । अत्यन्त छोटा कविताहरूले भावको प्रस्तुति झ्वाट्ट दिएर जान्छन् भने लघुआकारका र त्यसभन्दा माथिका कविताले आदि, मध्य र अन्त्यको श्रृङ्खलामा भावात्मक अनुभूति गराउँदछन् । यसरी नै अनुभूत् गर्न सकिने यस सङ्ग्रहका कविताहरूको विषयअनुसारको भावलाई निम्नलिखित तालिकामा देखाइएको छ :

| क्र.सं. | कविता | मूलभाव |
|---|---|---|
| १. | विश्वास | आत्मविश्वास नै मानिसको सम्पूर्ण प्राप्तिको स्रोत मान्ने यस कविताले कसैप्रति आस्था, प्रेम, सद्भाव, सहिष्णुता भित्री मनबाट नै अभिव्यक्त गरे त्यो अवश्य सफल हुन्छ भन्दै ...जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने उक्तिलाई भावात्मक तथा प्रतीकात्मक अर्थमा अवलम्बन गरेको छ । |
| २. | कर्तव्य | भावात्मक गहिराई र बिम्बात्मक प्रकटीकरणमा सफल यस कविताले मानव जीवन इप्सित वस्तु प्राप्त गर्न तल्लीन रहँदा रहँदै समाप्त भएर जान्छ भन्ने भाव प्रकट गर्न आकाशमा विचरण गर्ने कागको उड्ने कार्यलाई विषय बनाएको र शब्दात्मकभन्दा भावात्मक पक्षलाई विशेष आत्मसात् गरेको छ । |
| ३. | म योद्धा युद्धका | प्रगतिवादी क्रान्तिकारी धारामा आधारित यस कविताले समाजमा रहेका अन्याय र अत्याचारप्रति 'म' पात्र सङ्घर्षशील रहेको कुरा व्यक्त गर्दै भावात्मक तरिकाले मानिसको जीवन नै सङ्घर्षको निम्ति हो भन्ने अभिव्यक्ति दिँदै सङ्घर्षबाट प्राप्त उपलब्धि पुराना अन्धसंस्कारलाई परिवर्तन गर्न र वैज्ञानिकतामा आधारित समाजको निर्माणमा लगाउनु पर्ने अभिव्यञ्जना प्रस्तुत गरेको छ । |
| ४. | शान्ति | शान्तिको कामना गर्दै संसारभर सूचना प्रवाह गर्ने समूहप्रति लक्षित यस कविताले शान्ति प्राप्त गर्नको निम्ति बाहिर संसारमा खुज्नुको सट्टा आफ्नो अन्तरमनलाई सर्वप्रथम स्वच्छ र शान्त राख्नु पर्ने कुरा प्रस्टयाउँदै भौतिक सुखमा रमाउनेहरूले आध्यात्मिक चेतना भुलेको कारणले अब विश्वशान्तिको लागि आन्तरिक मनस्थितिमा परिवर्तन गरी अर्न्तमनबाटै सकारात्मक सोचको थालनी गर्नुपर्ने अभिव्यक्ति दिएको छ । |
| ५. | मान्छे तिमीलाई खोज्दैछु | मानवतावादी चिन्तनमा आधारित यस कविताले आजका मान्छेमा मानवता नरहेको, मानिस-मानिसबीच विश्वासको सङ्कट परेको, कतै पनि मेलमिलाप नरहेको यथार्थलाई प्रस्तुत गर्दै यदि सुध्रिने हो भने अस्तित्व र विसङ्गत जीवनबीच सकारात्मक जीवनयात्राको आशा अलिकति देखिएको भन्दै जीवन भोगाइका सकारात्मक पक्षलाई नियाल्न सम्पूर्ण मनको अन्तरपीडालाई बुझ्नुपर्ने सोच देखाएको छ । |
| ६. | मान्छेलाई मुटुको ओठले छाम्दा | कविताको शीर्षक नै प्रतीकात्मक रहेको यस कविता मानवको बाहिरी रूपको चित्रण गर्नुभन्दा आन्तरिक रूपको चित्रण गर्नुपर्ने र मान्छेलाई अन्तरतहबाट नै चिनेर व्यवहार गर्नु पर्ने निष्कर्ष |

| | | |
|---|---|---|
| | | निकाल्दै मान्छेको बाहिरी आकार, रूप, रङ्ग आदिमा नफँस्न सर्तक गराउने प्रयासमा रहेको देखिन्छ । |
| ७. | नपुंसक युग | युग दिनानुदिन भयावह परिस्थितिबाट गुज्रिरहेको परिवेशलाई यौनपरक ढङ्गबाट उठान गर्दै जतातततै समस्या नै समस्या छ तर समाधानको निम्ति कसैले पाइला चालेको देखिदैन र दिन प्रतिदिन समस्या नै समस्या परिरहेको स्थितिमा अझ विकराल समस्या सिर्जना गर्दै मान्छे अघि बढिरहेको सत्यलाई कविताले उजागर गरेको छ । |
| ८. | विडम्बना | जीवनप्रति विसङ्गत दृष्टिकोण राखेर प्रस्तुत गरिएको यस कविताले समाजमा विद्यमान हैकमवाद र सामन्ती प्रवृत्तिबाट मान्छे पशुसरह बाँच्न बाध्य हुनु परेको छ; यो हाम्रो विडम्बना हो र बाध्यता पनि भन्दै कष्टपूर्ण संसारभित्र सचेत रहँदा रहँदै पनि असचेत, ज्ञानी हुँदा हुँदै अज्ञानी, आँखा भएर देखेर पनि अन्धासरह बाँचिदिनु पर्ने स्थितिलाई मर्मस्पर्शी तरिकाले प्रस्तुत गरेको छ । |
| ९. | आवाज | ...वसुधैव कुटम्बकम्’को भावले ओतप्रोत यस कविताले मन्दिर, मस्जिद र गिर्जाघरबाट आएका ध्वनिहरूले एकै सन्देश दिन्छन् भन्ने भाव प्रस्तुत गर्दै हिन्दू, मुस्लिम, बौद्ध, ईसाईबीच भेदभाव राख्नुभन्दा पनि प्रत्येक धर्मको सारलाई ग्रहण गर्नुपर्छ भन्ने मूल मर्म बोकेको देखिन्छ । |
| १०. | तिम्रो र मेरो देश | वैंशको आभास नपाउँदै धेरै जना नानीकी आमा बनेकी स्वास्नी मान्छेसँग देशलाई तुलना गर्दै कविताले आजको हाम्रो देश अथवा हामी बाँचेको संसारको दुर्दशालाई देखाएको छ जहाँ अभाव छ, सन्त्रास छ, जर्जर परिस्थिति छ भन्दै संसारको विसङ्गत अवस्थाको चित्रण आक्रोशित शैलीमा गरेको छ । |
| ११. | तिमी | अभिधात्मक अर्थमा प्रेमिकाप्रति सम्बोधित यस कविताले आफ्नी प्रेमिकालाई दुःख-कष्ट, रोग-भोग पर्दा आफैलाई परेको जस्तो हुन्छ भन्ने स्वच्छप्रेमको कलात्मक प्रस्तुति दिएको छ भने व्यञ्जनात्मक अर्थमा मातृभूमिप्रति समर्पित देखिएको र देशको पीडा भनेको हामी सबैको पीडा हो त्यसैले देश रुँदा आफू रुने, देशलाई दुख्दा आफूलाई पनि दुःख्ने राष्ट्रभक्तिपरक भाव अभिव्यञ्जित गरेको देखिन्छ । |
| १२. | मान्छेको थर | हामी कहिल्यै पनि जन्मदै थर लिएर आएका हुँदैनौ त्यसैले हामीले आफ्नो संसार नै घर हो र मान्छे नै थर हो भन्ने मान्नुपर्छ तबमात्र हामी सम्पूर्ण समानतावादीहरूको इच्छा पूरा हुन्छ भन्ने कुरा कवितामा अभिव्यक्त भएको छ । |
| १३. | मलाई चिन्दैनौ | अस्तित्वादी-आशावादी चिन्तन रहेको यस कविताले परिवर्तनशील समयलाई सूचित गर्दै दिनानुदिनको फरक भिन्न-भिन्न किसिमले भइरहेको हुन्छ भन्दै त्यस परिवर्तनभित्र जर्जर स्थितिको सामना गर्नु नपरोस् भन्दै यस कवितामा प्रयोग भएको पात्र ‘समय’ले भोलिका मान्छेबाट माया प्राप्त गर्न सकियोस् भन्ने भाव प्रकट गरेको छ । |

| | | |
|---|---|---|
| १४. | मालिक र कुकुर | चेतनाको प्रादुर्भाव दिलाउन प्रयासरत यस कविताले मालिक भनाउँदाहरूको सामन्ती प्रवृत्तिलाई उजागर गर्नु तर कुकुरसरह तिनीहरूको पछि नलाग्नु भन्ने सुझाव प्रस्तुत गर्दै हामीले अरूको पछि लागेर होइन आफ्नो कार्यको पछि लाग्नुपर्छ साथै मालिक थाप्ने होइन प्रत्येक मानिस अहिलेको जमानामा मालिक बन्नुपर्छ भन्ने निष्कर्ष निकालेको छ । |
| १५. | म भविष्यमा हिँडिरहेछु | यो कविता भोलिको संसारको प्रगतिको कामनामा अडिक रहँदै आज हजारौँ ठक्कर खाए पनि अगाडि बढ्न छोड्नु हुँदैन; आजको सङ्घर्ष नै भोलिको स्वप्निल भविष्य हो भन्दै आफ्ना सपनाहरूलाई जसरी भए पनि स्थापित गरेर चोखो संसारको निर्माण गर्नुपर्नेमा लालयित छ । |
| १६. | हामी पनि मान्छे | मानवीय अस्तित्वको खोजीमा आधारित यस कविताले समाजमा निहित कुप्रवृत्तिलाई देखाउँदै हामी चुपचाप अरूको थिचोमिचो सहेर बस्नु हुँदैन, मान्छे यदि मान्छे नै भएर बस्ने हो भने आफूमा रहेको चेतनालाई सही ठाउँमा प्रयोग गरेर रहनुपर्छ जबकि संसारमा बाँचेका शोषक शासकलाई निर्मूल पार्न सकियोस् भन्ने क्रान्तिकारी चेत कवितात्मक अभिव्यक्ति प्रकट गरेको छ । |
| १७. | प्रत्येक बिहान | जीवनको विसङ्गत पक्षको चित्रणमा आधारित यस कविताले वर्तमान संसारमा देखिएका विभिन्न तरिकाका अराजक क्रियाकलापले मान्छेहरू अवाक बनिसकेका र यसैभित्र हाम्रो भविष्यमा हुने खतरा वर्तमानको बिहानी खबरकागतले पनि सूचित गरिरहेको अवस्थामा हामीले संसारलाई नागासाकी, हिरोसिमा, इराक, युगान्डा हुनबाट बचाउँनुपर्छ र संसारभर भाइचाराको सम्बन्ध गाँस्दै दिनानुदिनको आतङ्कित विश्वलाई कसरी मुक्ति दिने भन्ने कुरा सोच्नुपर्छ भन्दै संसारको जर्जर स्थितिको चित्रण गरेको छ । |
| १८. | दूरत्व : तिम्रो र मेरो | वर्तमान संसारमा रहेका असमान परिस्थितिलाई मूल आधार मान्दै संसारमा विश्वासको सङ्कट देखाउने यस कविताले अरूमाथि शासन गर्न आतुर रहेका मतलबी मानिसहरूको चरित्रलाई देखाउँदै मानवीय जीवनको मूल्य वैज्ञानिक दृष्टिबाट हेर्न र सबै मानिस एकै हौँ, कसैले कसैलाई शासन गर्नु उचित हुँदैन, त्यस्तै विश्वबन्धुत्वको भावना मनमा राखी सबैलाई समान व्यवहार गर्न आग्रह गर्दै पञ्चतत्वमा नै विलीन हुने कुरा प्रस्ट पार्दै जसरी पृथ्वी, जल, तेज, वायु, आकाशको विशाल पृथ्वीको निर्माण भएको छ त्यसरी नै मानिस मानिसमा मेल भए जस्तै कठिन कार्य पनि सम्भव हुने कुरा व्यक्त गरेको छ । |
| १९. | क्रुसिफाइड प्रश्न | भावनाबाट हराएको मानवताको पहिचान गर्न असमर्थ मानवप्रति लक्षित यस कवितामा सृष्टिको पहिलो चरणमा सबैको मनभित्र सत्यता थियो, मानवता थियो तर यान्त्रिकताले छोपेको यस युगको मान्छे चर्मचक्षुले देखेको विषयमा मात्र विश्वास गर्ने हुँदै जाँदा अदृश्य रूपमा रहेका आत्मीयताका प्रतीक कार्यहरूबाट विमुख |

| | | |
|---|---|---|
| | | रहेको र आजको मान्छे वैचारिक र मानसिक दुवै रूपमा नियन्त्रित हुनाले मानवतालगायतका उदात्त भावनाहरू पहिचानहीन बन्दै गएको भाव अभिव्यञ्जित भएको छ । |
| २०. | यस संसारमा म | प्रगतिवादी-क्रान्तिकारी चिन्तनमा आधारित यस कविताले संसारमा रहेका असमान परिस्थितिको वकालत गर्दै समस्या नै समस्याले ग्रस्त यस संसारको भयावह परिस्थिति, मानव अस्तित्व र अधिकारको घेरा खुम्चिएर गएको विकराल स्थिति जस्ता विषयहरूलाई समेट्दै अन्याय, अत्याचार, पाप, दमन, शोषण आदि अनैतिक कार्य कसैले गरेको देखेमा तिनीहरूका सामु काल भएर प्रतिकारमा उत्रिनु पर्ने र जातीय भेदभावमा समानता नआउञ्जेल सङ्घर्षरत रहनु पर्ने र जसरी भएर पनि देश र समाजलाई अग्रगमनको दिशाबोध गराउनु पर्ने सुधारवादी सोच प्रकट गरेको छ । |
| २१. | तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा | मानवतावादी चिन्तनमा आधारित यस कवितामा विश्वबन्धुत्वको भावना प्रखर देखिएको छ भने जोसुकै भए पनि उसको पीडा र आफ्नो पीडा एकै किसिमको हुन्छ त्यसैले अरूको पीडामा आफू मुकदर्शक भएर बसिदिए मानिस मानिसको नाता टुट्न सक्छ भन्ने सन्देश व्यक्त गर्दै मानिसहरू बीचको सम्बन्ध र यसलाई जीवन्त तुल्याउने कार्य हामीबाट हुनुपर्दछ भन्ने शिक्षामूलक उपदेश अभिव्यक्त भएको छ । |
| २२. | रातो भाले युग युग बास्छ | देश र समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण आदि कुरीतिहरूलाई भालेरूपी सामाजिक व्यक्तिको चेतनाले शान्तिपूर्ण क्रान्तिको लहर फैलाएर समाजमा सुनौलो बिहानी ल्याउनु पर्ने र गरिब जनताको टाउकोमा टेकेर ताण्डवलीला गरिरहेका भष्ट्र व्यक्तिहरूलाई यस संसारबाट सदा-सदाका लागि बिदा गर्नुपर्ने प्रगतिवादी सोच यसमा पाउन सकिन्छ । |
| २३. | रातको मृत्यु | प्रगतिवादी धारामा आधारित यस कविताले क्रान्तिकारी चिन्तनबाट आफ्नो भाव व्यक्त गर्दै जसरी कुकुरको छाउरोको क्रन्दनमा कुखुरा आदि गरिएका पशु-पक्षीहरूले पनि साथ दिइरहेका छन्, त्यसरी नै सामाजिक रगतचुस्साहरूको विरोधमा सम्पूर्ण जनताहरू उठिसकेको र यिनीहरूलाई नष्ट गर्न चेतनायुक्त क्रान्ति सुरु भइसकेको अभिव्यक्ति दिँदै सामाजिक क्रान्तिबाट नै साम्राज्यवादी शोषकहरूको अन्त्य भएको स्मरण गर्दै हामीले पनि सामाजिक शोषकहरूको नष्ट गर्नुपर्ने विचार अभिव्यक्त गरेको छ । |
| २४. | गान्तोक एक पोट्रेट | विश्वजनीन परिस्थितिलाई देखाउने क्रममा गान्तोकलाई आधार बनाउँदै तत्कालीन अवस्थामा देखिएका भ्रष्टाचार, अन्याय, अत्याचार, गरिबी, शोषण, दमन आदिको उजागर गर्नु र समग्र गान्तोकलाई प्रतीकीकरण गरेर वैश्विक परिस्थितिमा देखिएका अनैतिक क्रियाकलापलाई जनसामु देखाएर तीतो सत्य उदाङ्गो पार्नु नै यस कविताको मूल उद्देश्य रहेको देखिन्छ । |

| | | |
|---|---|---|
| २५. | स्थिति | धार्मिक पृष्ठभूमिमा उभिएर समाज सुधारको अपेक्षा गरेको यस कविताले देशलाई सुधार्ने हो भने त्यस देशको पुजारी अथवा नेतृत्व पङ्क्ति नै पहिला सुध्रनुपर्ने भन्दै आज देशभित्रका कुतत्त्वहरूले देशलाई बर्बादीतिर लगेको र देशलाई नङ्ग्याएको असन्तुष्टि आक्रोशित भावमा व्यक्त गरेको छ । |
| २६. | बहादुर कान्छा | जातीय अस्तित्वको पहिचान दिलाउनमा नै तल्लीन यस कविताले वर्तमान स्थितिमा नेपालीहरूले भोग्नु परेको विसङ्गत पक्षको वर्णन, नेपालीहरूको उपनामसरह रहेको बहादुर र कान्छाको उपेक्षा, जतै पनि नोकरको जस्तो कार्य गरेर रहनुपर्ने बाध्यता जस्ता कुरालाई दर्साउँदै अब बहादुर र कान्छाको बल र बुद्धि आफ्नो राष्ट्र निर्माणको निम्ति खर्चनु पर्ने, देश उन्नतिको लागि उत्पादनशील कार्यहरू गर्नु पर्ने र नोकर होइन, मालिक भएर बस्ने कार्यको थालनी गर्नुपर्ने जस्ता जातीय र राष्ट्रप्रेमले ओतप्रोत भाव यहाँ अभिव्यञ्जित छ । |
| २७. | मभित्रको मान्छे | यस कवितामा मानव-मानवबीच मानवता नाममा मात्र सीमित रहेको, संसारभर गुञ्जिरहेको मानवताको स्वर विवशतावश चुपचाप प्रत्यक्षदर्शी भएर रहनु परेको स्थितिलाई उजागर गर्दै आज मानव समुदायबीच मानवता आँखा, कान, नाक सर्वाङ्गले पूर्ण भएर पनि लङ्गडो, अन्धो, बहिरो, अपाहिज बनेको वस्तुयथार्थलाई अत्यन्त प्रतीकात्मक अर्थमा प्रकटीकृत गरिएको छ । |
| २८. | ऐठन परेको प्रश्न | अस्तित्ववादी विसङ्गतिवादी चिन्तनमा आधारित यस कविताले नेपालीहरूको अतीतलाई अन्तरमनले नियाल्दै अस्तित्वमाथि उठ्न सक्ने सम्भावित खतराको सङ्केत गर्दै नेपाली जातिको दुःख र दर्दमा आहत बनेको भाव व्यक्त गरेर हामी को हौं ? कहाँ छौं ? के गर्दैछौं ? के भन्दैछौं ? हामीले के गर्नुपर्छ ? हाम्रो नाम के हो ? हाम्रो इतिहास र अस्तित्त्व के हो ? भन्ने कुरा खोज्नुपर्ने र आफ्नो पहिचान लिएर बाँच्नुपर्ने गहन भाव अभिव्यक्त गरेको छ । |
| २९. | भाले र साँढे | देशमा शासकहरूको रजाइँ र तिनीहरूले जनतालाई एकआपसमा लडाउने यथार्थलाई विषयवस्तु बनाउँदै भाले र साँडेको माध्यमबाट सामन्तीहरूले जनताहरूलाई कसरी आफ्नो औंलामा नचाउँछन् भन्ने कुरा प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै बुज्रुक भनाउँदाहरूले निर्दोष जनतालाई विभिन्न तरिकाले भ्रम फैलाएर झगडा गराउने र त्यसबाट फाइदा लिने निकृष्ट व्यवहारलाई कविताले कलात्मक तरिकाले अभिञ्जित गरेको छ । |
| ३०. | शहरको मान्छ | ग्रामीण परिवेश जति मनोरम, शान्त, निश्चल, स्वतन्त्र, उन्मुक्त हुन्छ त्यति नै सहरिया परिवेश अशान्त, जर्जर, निरास, सङ्कुचित हुन्छ भन्दै सहरिया परिवेशप्रति विमुख र ग्रामीण परिवेशप्रति उन्मुख यस कविताले एकातिर प्रकृतिको रमणीयतामा खुल्ला भएर बाँच्ने मानवीय स्वभावको चित्रण गरेको छ भने अर्कातिर आजको युगमा देखिएको शोषण, दमन, अन्याय, अत्याचार आदिबाट मुक्त |

| | | |
|---|---|---|
| | | रहँदै सचेत र स्वतन्त्र रही बाँच्न मानिसले पाउनु पर्ने आग्रह मुखरित गरेको देखिन्छ । |
| ३१. | माया | विश्वप्रेममा आधारित यस कविताले मानव-मानवबीच सद्भाव रहनुपर्ने विचार प्रकट गर्दै ...माया'को प्रवेशबाट मानिसका मनमा मानवता, परोपकार, समानता, प्रेम, सत्य, शान्ति आदि सकारात्मक भावको गङ्गा बहिरहने भएकाले मायाको महिमा, रूप, रङ्ग, आकारबाट विह्वल बनेको भन्दै दिनानुदिन संसारमा बढ्दो अशान्ति, हत्या, हिंसा जस्ता नकारात्मक क्रियाकलापहरूलाई यही माया रूपी बन्धनले नै एकत्रित गरी शान्ति र सद्भाव फैलाउन सक्ने सोच प्रवाहित भएको छ । |
| ३२. | मान्छेको यो बस्तीमा | हत्या-हिंसामा प्रवृत्त बनेका इतिहासका हिंसक मानिसहरूको कुकार्यलाई सम्झँदै आजकल पनि यत्रतत्र यस्तै व्यवहारका मानिसाहरूको अवशेष रहेको अभिव्यक्ति दिँदै यिनीहरूलाई निर्मूल पार्नुपर्ने क्रान्तिकारी भाव प्रकट गर्नका साथै हिटलर, मुसोलिनी जस्ताको दुष्कार्य र आपराधिक गतिविधिको खुलेर विरोध गर्दै मानिसलाई बिना प्रयोजन दुःख दिने, आफैँमात्र मान्छे हो भन्ने अरूलाई नगन्ने समाजका सामाजिक विद्रोहीहरूलाई कविले भुस्याहा कुकुरलाई समान व्यवहार गर्नुपर्ने आक्रोशित सुझाव दिएका छन् । |
| ३३. | म बाँच्दैछु | जीवनको विसङ्गतिपूर्ण अवस्थाको चित्रणलाई मूलविषय बनाएको यस कविताले मानिसको जिन्दगी पीडा, दुःख, दर्द, कठोर सङघर्ष, वेदना, व्यथा, अभाव, असुरक्षामा बाँचिरहेको तथा मानवता, सत्यता, सद्भाव, प्रेम, सहिष्णुता आदि यस संसारमा कैयौँ वर्ष अघिदेखि नै लोप भइसकेको अवस्थाको अभिव्यक्ति दिँदै अहिलेका मानिसहरूको खुलेर विरोध गरेको छ । |
| ३४. | मनको साँध | राष्ट्रप्रेम तथा विश्ववन्धुत्वले ओतप्रोत यस कवितामा मानिसहरू अहिले आ-आफ्नो जात, धर्म, वर्ण, आदिलाई महत्त्व दिएर आफ्नो अस्तित्त्व खोज्ने क्रममा संसार, देश, राज्य, गाउँ आदिमा विभाजित भएको कुरा असन्तुष्टिको रूपमा प्रकट भएको छ भने कैयौँ वर्षदेखि रूढ भएर बसेको जातीय, लैङ्गिक असमानतालाई हटाउन शिक्षाका साथ-साथ मानिसका पीडा, व्यथा, त्रास आदिलाई जरैदेखि निर्मूल पार्न सक्नुपर्ने भाव अन्तरतहबाट व्यक्त भएको छ । |
| ३५. | वीर्यदान | जसरी भए पनि देशलाई विकासशील बनाउनुपर्छ भन्ने विचार व्यक्त गर्दै देशलाई शेष पारेर भेष फेर्ने वेश्यावृत्तिमा तल्लीन भएका नामर्द पुरुष र नारीबाट जन्मेको बच्चाभन्दा आफ्नो स्वाभिमान र शक्तिमा बाँच्न चाहने युगपुरुष राक्षस नै सही भएको आक्रोशसहित अब प्रत्येक मानिसले भविष्यका सन्तानहरू समानता र भाइचाराको, आचार र विचारको, धर्म र कर्मको आयातनमा जन्माउनु पर्ने र देशलाई अग्रगमनको दिशाबोध गराउनतिर लगाउन सक्ने बच्चाको जन्म दिनुपर्ने भाव कवितामा अभिव्यञ्जित छ । |

| | | |
|---|---|---|
| ३६. | नयाँ वर्षको पहिलो दिनमा | सामान्य इच्छा र कामना व्यक्त भएको यस कवितामा अबका दिनहरूमा मानिसका इतिहासहरू माया, दया, प्रेमले लेख्दै जातजातको भेदभावलाई हटाएर मान्छेको सम्बन्धलाई स्थापित गर्नुपर्ने र पुराना दिनहरूले जुन जेल, नेल, दर्दालु कथा, व्यथाहरू जन्माएका छन् ती सबैलाई परिमार्जन गरेर मानव इतिहासमा सुख, शान्ति, समानता, प्रेम आदिमा भाइचाराको सम्बन्ध कायम हुने अस्तित्ववादी चिन्तन प्रस्तुत भएको छ । |
| ३७. | घोडा बोल्दैन | यस कविताले हाम्रा अघि कुव्यवस्थाको उजागर गर्दै केन्द्रीय पात्रका रूपमा आएको घोडालाई समाजमा रहेका निमुखा जनताहरूको प्रतिनिधित्व गराएर सोझा-साधा जनतालाई ठूला ठालुले कसरी अन्यौलमा राखेका हुन्छन् भन्ने तीतो सत्यलाई देखाउँदै शासन व्यवस्था फेरिए पनि व्यक्ति मन फेरिएन भने देश तथा जनताका विकासमा बाधक तत्त्व यिनै हुन्छन् भन्ने भाव प्रदान गरेको छ । |
| ३८. | आत्मस्वीकृति | मानिसको स्वतन्त्रता हनन भएको कारणले आफू एक्लो हुँदा सत्य तथ्यको स्पष्ट अभिव्यक्ति दिन मिल्ने कुरा कविताले विचारको रूपमा अभिव्यक्त गर्दै पिंजडाको सुगाको जस्तो जीवनयापनले शोषक र सामन्तीहरूको भ्रष्टकार्यमा प्रश्रय पुग्ने भएकाले प्रत्येक मानिस अब स्वतन्त्रताको लागि डटेर लाग्नुपर्ने विचार प्रकट गरेको छ । |
| ३९. | टिस्टा अझै धमिलो बग्दैछ | अभिधात्मक अर्थमा टिस्टा धमिलो बग्नुको कारण र यसलाई सङ्लो पर्ने विभिन्न उपाय देखाइएको यस कविताले सामान्ती र साम्राज्यवादी सोच भएका व्यक्तिहरूप्रति व्यङ्ग्य प्रहार गर्दै आफू बाँचेको भूमिमा आउँदै गरेको खतराको सङ्केत गरेका र आफू आफ्नो क्षेत्रमा स्वतन्त्र र स्वच्छ बाँच्न पाउनुपर्छ भन्ने कुरा कलात्मक तरिकाले प्रकट गरेको छ । |

यसरी सम्पूर्ण कविताहरूलाई विषयवस्तुको आधारमा विश्लेषण गरिसकेपछि कविको भावना समाज सेवाप्रति बढी आकर्षित रहेको देखिन्छ । जस्तोसुकै विषयको उठान गरे तापनि कविताहरूले उत्साहका स्वरहरू प्रस्फुटित गरेका छन् । मान्छेको सुरक्षा, अधिकार, मान, मर्यादा, सामाजिक स्थिति जस्ता विषय विशेष गरेर आएको पाइन्छ । राष्ट्र, राज्य, समाज, विश्व नामले विभक्त भएका मात्र हुन् यसलाई एकसूत्रमा बाँधेर शान्तिपूर्ण र भेदभावमूक्त मानव संसारको स्थापना गर्नुपर्छ भन्ने कुरा नै सम्पूर्ण सङ्ग्रहबाट मुखरित भएको पाइन्छ ।

कविताहरूले समाजभित्रका, राजनीतिभित्रका, जातिभित्रका, धर्मभित्रका, संस्कृतिभित्रका तथा यावत विषयभित्रका नकारात्मक कुरालाई उजागर गर्दै त्यसलाई सुधार गर्नुपर्ने सुझाव दिएका छन् । यसै प्रसङ्गमा कवितामा आएका धार्मिक विषयका सिर्जनालाई यसरी प्रस्तुत गरिएको छ :

मन्दिरबाट आएको घण्टीको आवाज
र मस्जिदबाट आएको मौलबीको आवाज
अनि दुवै आवाज मेरो कानले सुन्दैछन्,
कानले छुट्याएका छैनन् ।

(आवाज, पृ.३१) ।

उक्त अभिव्यक्ति धार्मिकतामा आधारित रहे पनि यहाँ एकताको कामना गरिएको आभाष पाइन्छ। हुनत यहाँ कसैलाई एकताको आह्वान गरिएको छैन तर हामी कविताको भावबाट धार्मिक एकताको कुरा उठाएको स्पष्ट बुझ्न सक्छौँ। जुनै धर्मको भए पनि धार्मिक विखण्डनमा लाग्नु हुँदैन भन्ने आशय कविताले प्रकट गरेको छ। यसरी नै राष्ट्रप्रेमप्रति कविता यस्तो भावमा प्रस्तुत छ :

म पनि दैलो थुनेर
तिम्री आमाको विछोडमा रोएको थिएँ
तिम्रो दुःख र पीडामा म पनि
विक्षिप्त बनेर तड्पेको थिएँ

(तिम्रो र मेरो एउटै कथा बेग्लै व्यथा, पृ.२६) ।

यस कविताले संसारमा रहेका कैयौँ विस्थापितहरूको पीडा तथा मातृभूमिबाट बिछोड हुँदाको कारूणिक क्षणलाई प्रस्तुत गरेको छ। आफ्नो राष्ट्रबाट बिछोडिनु पर्दा जो कोही पनि आफ्नो मनलाई बुझाउन सक्ने स्थितिमा हुँदैन त्यही दुःखमा लीन हुँदै कविको भाव कवितामा विभोर भएर पोखिएको छ। त्यस्तै राजनीतिक विषयलाई पनि कविताहरूले उत्तिकै सशक्त रूपमा उठाएका छन्। जसलाई तल यसरी देखाइएको छ :

हाम्रो अज्ञानता र कमजोरीको
फाइदा उठाएर
हामीलाई ठगेका छन्
हामीमाथि चढेर शासन र आसन
जमाएका छन्, तर
हामी चुपचाप शोषित छौँ !
हामी चुपचाप शाषित छौँ।

(हामी पनि मान्छे, पृ.४१) ।

सर्वसाधारण गरिब जनताको अज्ञानतालाई बुझेर राजनीतिक ठेकेदारहरूले फाइदा उठाएकोमा कविता आक्रोशित रूपमा देखापरेको छ। आफ्ना शासनका बलमा शासन जमाउन आतुर ठग नेताहरूको गिद्दे व्यवहारप्रति कविता अत्यन्तै मार्मिक देखिन्छ भने वर्षौंदेखि शोषणमा परेका जनतालाई झक्झक्याउन र सचेत भएर रहन पनि उत्तिकै प्रभावकारी रहेका छन्। त्यसै गरेर कविताहरू जातीय अस्तित्व र सचेतनाको लागि पनि त्यतिकै महत्त्वपूर्ण देखिन्छन्। जस्तै :

यसैले राष्ट्र भएर पनि राष्ट्रियता विहीन
मान्छे भएर पनि यो बहादुर कान्छा
जहीँ-तहीँ उ त्यहीको भएर बाँच्दैछ
हेर ! उ कस्तरी उन्मुक्त भएर हाँस्तैछ।

(बहादुर कान्छा, पृ.६९) ।

उक्त हरफहरूमा नेपाली जातिले पाएको दुःख-दर्दलाई अत्यन्त मार्मिक तरिकाले प्रस्तुत गरिएको छ। नेपालीहरू बहादुर र कान्छाको उपनामबाट जतातती पुगेका छन् तर कतै पनि स्थायी बसोबास छैन भन्दै राष्ट्र भएर पनि राष्ट्रियताविहिन बनेको व्यङ्गयात्मक अभिव्यक्ति कविताले प्रकट गरेको छ। आफ्नो वेदना र पीडालाई लुकाएर जीविकोपार्जनको निम्ति मुलुकबाहिर जानुपर्ने र अर्काको रमाहटमा रमाइदिनुपर्ने र अर्काको हाँसोमा हाँसिदिनुपर्ने कारूणिक चित्रण कविताले गरेको दखिन्छ।

समग्रमा कवि पवन चामलिङको **म को हुँ ?** कवितासङ्ग्रहका कविताहरूले विविध विषयलाई कवितामा सामेल गराएका छन् । जुनै विषयको उठान गरेको भए पनि त्यसलाई सशक्त किसिमले अभिव्यक्त गर्नु कविताहरूको विशेषता मान्नुपर्छ । धर्मको नाममा देखिएका विकृतिहरू, राजनीतिको नाममा देखिएका स्वार्थी चरित्रहरू, शोषक र शासकहरूको थिचोमिचो, मानवताको दयनीय स्थिति जस्ता विषयलाई कविताहरूले विकराल समस्याको रूपमा प्रस्तुत गरेका छन् । विभिन्न विषयहरूको माध्यमबाट यथार्थको जानकारी दिँदै अन्तमा समाधानको उठान गरिदिनाले कवितहरूको मूल भाव प्रयोजनमूलक रहेका देखिन्छन् ।

### ५.४.४. सहभागी

**म को** हुँ कवितासङ्ग्रहमा विभिन्न प्रकारका सहभागीहरू प्रयोग भएका छन् । यस सङ्ग्रहका सहभागीहरूलाई लिङ्ग, कार्य, प्रकृति स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका आधारमा बाँड्न सकिन्छ । यसमा म, ऊ, तिमी, उनी, काग, शान्ति, युग, पशु, देश, लोग्ने मान्छे, आमा, मालिक, कुकुर, लाश, खबरकागत, धर्म, सीमाना, पाप, जात, इभ, आदम, सुम्निमा, पारूहाङ, प्रिये, साथी, रातो भाले, रात, स्याल, गान्तोक, मन्त्री, सचिव, विधवा, तरूणी, चेली, युकलिप्टस, बुद्ध, छोरा, पूजारी, बहादुर, कान्छा, मालिक, भाले, साँढे, हली, माया, मानवता, सञ्जय, ऋषिमुनि, एकलव्य, बाबु, दाजु, घोडा, पुरुष, वेश्या, सइस, गोठाला, दूत, किसान, मजदूर, पुर्खा, माझी, गोही, माछा, साइँली, वीरे जस्ता पात्रहरू प्रयोग भएका देखिन्छन् । यसभित्र अनुकूल, प्रतिकूल, प्रमुख, सहायक, गौण, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, बुद्ध, मुक्त आदि अनेक प्रकारका पात्रहरूको सहभागिता रहेको पाइन्छ । प्रमुख पात्र कविताहरूको कथानकसँग पूर्णसम्बन्धित रहेका छन् भने अन्य पात्रहरू प्रसङ्गअनुसार आएका छन् ।

सहभागीहरूको माध्यमद्वारा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक क्षेत्रका उन्नतिको कार्य गर्न अभिप्रेरित गरिएको छ । स्थिति र प्रसङ्गअनुसार नै कवितामा पात्रहरूको प्रयोग भएको छ । हुनत कविताहरूमा काग, स्याल, कुकुर, रातो भाले, घोडा, गोही, माछा जस्ता मानवेतर पात्रहरू आएका छन् तर ती प्रतीकात्मक अर्थमा सार्थक बनेका छन् । त्यस्तै देश, लास, खबरकागत, गान्तोक जस्ता जड पात्र र धर्म, सीमाना, पाप, जात, रात, माया, मानवता जस्ता भावात्मक अनुभूतिमा निहित कुरालाई पनि पात्रको रूपमा प्रयोग गरिएको छ । त्यसैगरी इभ, आदम, सुम्निमा, पारूहाङ, युकलिप्टस, बुद्ध, बहादुर, कान्छा, सञ्जय, ऋषिमुनि, एकलव्य आदि मिथकीय पात्रहरूको उपस्थिति यस कवितासङ्ग्रहमा उपस्थित छन् । यसरी मानवीय, मानवेतर, जड आदि जस्तासुकै पात्रहरूको प्रयोग भएको भए पनि ती सबैको अभीष्ट समाजको जीवनस्तर उकासेर समानताको प्रादुर्भाव गराउनु नै रहेको देखिन्छ । यहाँ विभिन्न स्थानमा विभिन्न प्रकारका सहभागी जसरी आए पनि अधिकांश कवितामा 'म' पात्रको उपस्थिति प्रमुख बनेर आएको देखिन्छ । 'म' पात्रले नै सम्पूर्ण स्थितिको चित्रण गर्दै अगाडि बढेका कवितामा दार्शनिक र वैचारिक अनुभूति प्रवल बनेका छन् । कवितामा प्रयोग भएका सहभागीहरूको प्रस्तुतिलाई हेर्दा समसामायिक युगबोध, अस्तित्वबोध, विश्वबन्धुत्व, राष्ट्रियता, सामाजिकता जस्ता परिवेशको राम्रो चित्रण गर्न सक्ने क्षमता यिनीहरूमा रहको पुष्टि हुन्छ । यसो हुँदा-हुँदै पनि कतै कतै कर्तव्यको गतिमा ठक्कर लाग्दा सहभागीहरू निराश बनेका देखिन्छन् । कविता (७), (८), (१०), (१४), (१६), (२४), (२६), (२७) आदिका सहभागीहरू आजको परिवेशले खडा गरेको विसङ्गत क्षणभित्र मुसिएका देखिन्छन् । आफू अघि बढ्दा बढ्दै विषम परिस्थिति आइदिए पछि सहभागीहरूको अवधारणामा निराशापूर्ण स्थिति सिर्जना भएको छ । त्यसै गरी कविता (१), (३), (१५), (२२), (२३), (२७), (२८), (३९)हरूमा सहभागीहरूले भोलिको सुनौलो संसारको कल्पना गर्दै आजको दिनमा नै केही न केही गर्नैपर्छ भन्ने भाव व्यक्त

गरेको देखिन्छ । त्यस्तै अधिकांश कविताहरूमा भने सहभागीहरूको चाहना जीवनमा अग्रगामी सोच लिएर अघि बढ्ने, कसैको थिचोमिचोमा नरहने, अन्याय र अत्याचारको भण्डाफोर गर्दै नयाँ स्वच्छ समाजको निर्माणमा दत्तचित्त रहने जस्ता अस्तित्वादी दृष्टिकोण र प्रगतिशील विचार रहेको देखिन्छ । कतिपय कवितामा क्रान्तिकारी चेतना र अस्तित्ववादी स्वर प्रखर रूपमा उर्लिएको देखिन्छ । सहभागीहरूले नै गरिबवर्गको पक्षमा चेतनात्मक आवाजहरू उठाउने र देशविकासको निम्ति दृढ भएर लाग्नुपर्ने सन्देश दिएका छन् ।

**म को हुँ ?** कवितासङ्ग्रहमा फरक फरक वैशिष्य बोकेका विभिन्न सहभागीहरू मध्ये 'म' यस सङ्ग्रहको प्रमुख सहभागी तथा वक्ता प्रेषक वा सम्बोधक पनि हो भने अन्य मानवीय, मानवेतर सहभागीहरू श्रोता वा मुक सम्बोधित साथै परोक्ष वा गौण भूमिका आएको देखिन्छन् । 'म' को केन्द्रीय भूमिका भएका कविताहरूमा (१), (३), (५), (८), (९), (११), (१३), ( १५), (१६), (१७), (१८), (१९), (२०), (२१) आदि कविताहरू पर्दछन् भने कविता (२),(४), (६), (७), (१०), (१२), (१४), (२२), (२३), (२४), (२५), (२६), (२७), (२९), (३०), (३२), (३४), (३७), (३९) हरूमा 'म' पात्रको भमिका अन्तस्थ रहेको र प्रमुख पात्रको रूपमा अन्य सहभागीहरू नै अघि देखिएका छन् ।

समग्रमा **म को हुँ** ? कवितासङ्ग्रहमा रहेका अनुकूल, प्रतिकूल, प्रमुख, सहायक, गौण, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, बद्ध, मुक्त आदि जस्तै सहभागीहरूको उपस्थिति रहे पनि तिनीहरूले व्यक्त गरेका अनुभूति जुनै परिवेशमा पनि मिल्नसक्ने देखिन्छ । मानव जातिले आजको समयमा भोग्नुपरेका दुःख, दर्द, विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टचार, राजनीतिक विषमता, धार्मिक विकृति, जातीय भेदभाव, उच्च-निचको भावनाहरू अति नै स्पष्ट र तार्किक रूपमा सहभागीहरूले प्रस्तुत गरेका छन् । अन्तमा यस सङ्ग्रहमा आएका सहभागीहरूको मूल ध्येय समाजलाई स्वच्छ र आत्मनिर्भर बनाउने नै रहेको देखिन्छ ।

### ५.४.५. परिवेश

**म को हुँ ?** कवितासङ्ग्रहमा परिवेशगत तरतम्य योजनाबद्ध किसिमले गरिएको नभए पनि पाउन भने सकिन्छ । कवितामा प्रयुक्त चरित्रहरूले आफ्नो कार्य सम्पन्न गर्दा देश, काल, वातावरणको वर्णन पनि गरेका छन् । त्यसै आधारमा यहाँ परिवेशलाई छुट्याउन सकिन्छ । यसमा सबैतिर देश, काल स्पष्ट नदेखिए पनि वातावरण भने देखाउन सकिन्छ ।

यस कवितासङ्ग्रहमा सामाजिक, धार्मिक, राजनीतिक, प्राकृतिक, क्षेत्रीय आदि विभिन्न परिवेशको चित्रण पाइन्छ । यसैगरी कवितामा यसका अतिरिक्त आन्तरिक परिवेशको स्थिति पनि देख्न सकिन्छ । कतिपय कविताहरूमा स्थान, समय र वातावरणको स्पष्ट सङ्केत गरिएकाले त्यहाँ विश्वसनीयता र यथार्थता पाउन सकिन्छ । रचनाकाललाई आधार मान्दा कविताहरूमा तत्कालीन अवस्थाको परिस्थिति मिल्न गएको पाइन्छ । केही केही कविताहरूले सिक्किमेली परिवेशको चित्रण गरेको पनि देखिन्छ तर अधिकांशले भने आजको दुःख दर्द, पीडा, व्यथा, भयावह परिस्थिति, प्रतिकूल वातावरण, जातीय भड्काव आदिलाई विश्वस्तरसँग गाँसेर चित्रण गरेको पाइन्छ । समाजमा देखिएका, चित्त नबुझेका क्षणहरूलाई कविताले भावात्मक अभिव्यक्तिभित्र अति नै कौसलका साथ वर्णन गरेको देखिन्छ । आफूलाई सारै मन नपरेको र यसलाई सुधार गर्नैपर्छ जस्तो लागेका ठाउँमा कविताका चरित्रहरू क्रान्तिकारी स्वर उराल्न पनि पछि परेका छैनन् ।

पवन चामलिङका कविताहरू आन्तरिक आनन्द स्वच्छन्द चित्रण, कलात्मक अभिव्यक्तिभित्र रुमलिनको सट्टा सामाजिक सुधार, राष्ट्रहित, लोककल्याण, चेतनाको प्रादुर्भाव आदि जगाउन तल्लीन रहेका देखिन्छन् । सामाजिक उन्नति र प्रगतिको कामना गर्दै सामाजिक परिवेशको चित्रणमा केन्द्रित कवितालाई हेरौं :

यस बस्तीबाट कुकुरहरूका
आवाज र भुकाइहरू
र गर्जनहरू मात्र आउँछन्
सायद मान्छेहरू बसाइँ सरे कि
विचारको बस्तीबाट र
सायद मान्छेका आवाज र बोली
मान्छेले बोल्न थाले कि कुकुरबाट र
तर पक्का हो
यो बस्तीमा कुकुरहरू मात्रै
जीवित भएको आभास हुँदैछ ।

(मान्छेको यो बस्तीमा, पृ ९०) ।

यस पङ्क्तिमा गाउँ बस्तीको चित्रण प्रतीकात्मक शब्दहरूको प्रयोगबाट गरिएको छ । मान्छेको बस्तीमा मान्छेको आवाज नभएको तर कुकुरको आवाज भने प्रस्ट सुनिएको प्रसङ्गले शोषकहरूको हालीमुहालीलाई प्रस्ट्याएको छ । समाजमा शोषकहरू गरिब निमुखा जनताको अधिकारलाई कुण्ठित गर्दै कुकुरसरह घुमिरहेको र आफ्नो स्वार्थ पूरा गरिरहेको भाव उक्त हरफले दिएको देखिन्छ । त्यसरी नै धार्मिक विषयको भावभित्र कविताको उद्देश्यलाई यसरी देखाइएको छ :

पूजारीको कैदबाट
मुक्त बनेर
मेरो भगवान्
बाहिर आउन खोज्दै छ
पत्थरको रुख र निर्जीवतादेखि
जुनी फेरेर
मेरो भगवान
बाँच्न र बचाउनका लागि मान्छेलाई
मन्दिरबाट बाहिर आउन खोज्दैछ ।

(स्थिति, पृ ६६) ।

उक्त हरफमा पूजारी र भगवान्को प्रसङ्ग आएको देखिए पनि त्यसमा व्यङ्ग्यात्मक अर्थ ध्वनित भएको स्पष्ट देखिन्छ । पूजारीलाई शासक र भगवान्लाई शोषितको रूपमा व्यक्त गर्न सफल यस कविताले अन्याय, अत्यचार, दमन शोषणमा परेर पीडित बनेका निम्नवर्गीय जनताको समस्यालाई उजागर गरेको छ भने त्यसबाट अब सबैले मुक्तिको कामना गर्न थालिसकेको भाव यहाँ व्यक्त भएको देखिन्छ । यसरी नै आज संसारमा देखिएको राजनीतिक वातावरण र त्यसभित्रको अस्थिरतालाई कविताले साह्रै नै कलात्मक रूपमा उजागर गरेको छ । जसको सानो अंशलाई तल प्रस्तुत गरिएको छ :

आजको इतिहासमा म
आजको विश्वमा म
तालहरू भएर बाँच्दैछु
इदी अमीनको ताण्डव नृत्यको
करुण चित्कार भएर बाँच्दैछु
हिटलरको काल -कोठरीभित्रको
भोक, रोग र शोक भएर बाँच्दैछु
इथोपिया र रोमानियाका मान्छेहरूको

आँशु र क्रन्दन भएर बाँच्दैछु

(म बाँच्दैछु, पृ ९४) ।

उपर्युक्त पङ्क्तिहरूमा राजनीतिको कारणबाट त्यस समयमा देखिएको मान्छेहरूको नाजुक स्थितिको वर्णन छ । यहाँ इथोपिया, रोमानिया जस्ता देशको वर्णन, हिटलर, इदी अमीन जस्ता क्रुर शासकहरूले शोषण गरेको समयको वर्णन र भोक, रोग, शोक, आँशु क्रन्दन आदिले युक्त वातावरणको वर्णनले देश, काल र वातवरण तीनै कुराको सामञ्जस्य रहेको देखिन्छ । यस्तै प्राकृतिक परिवेशको चित्रणलाई हेरौँ :

फूलका बोटहरूमा पंक्षीहरू झुमेका हुन्छन्
खोलानाला र झरनाहरू
छङ्....छङ्....गर्ने धुन सुसेल्दै बहेका हुन्छन्
हावाको गतिसँगै फूल र पातहरू
रुख र पोथ्राहरू
गुनगुनाइरहेका हुन्छन् ।

(शहरका मान्छेहरू, पृ ७९) ।

उपर्युक्त पङ्क्तिपुञ्जले प्राकृतिक परिवेशको चित्रण अतिनै मनोरम ढङ्गले गरेको छ । सहरिया परीवेशभन्दा गाँउले खुल्ला परिवेशलाई मनपराउने कविको अन्तर मन यस कवितामा भावमय बनेर पोखिएको छ । प्रत्येक मान्छेले प्रकृतिबाट स्वच्छ, निर्मल र निष्कलङ्कित बन्नुपर्छ भन्ने पाठ कविताले सिकाएको पाइन्छ । अब क्षेत्रीय परिवेशमा आधारित कविताको पङ्क्तिलाई नियाल्दा :

थाकेको शरीर र
मरेका विश्वासहरू बोकेर
मन्त्री र सचिवको कार्यालय चाहार्दै दिनभर
आश्वासनले हैरान भएको
बेकारीको फाटेको जुत्ताको नगर
यो गान्तोक शहर ।

(गान्तोक एक पोर्ट्रेट, पृ. ६२) ।

यस पङ्क्तिपुञ्जमा क्षेत्रीय परिवेशको चित्रण पाइन्छ। गान्तोक यहाँ स्थान, वेकारीहरूले व्याप्त भएको परिवेश र भ्रष्टाचारले आकुल व्याकुल भएको समयको चित्रणले कविता सार्थक बनेको छ । यसको माध्यमबाट कविता गान्तोकमा मात्र सीमित नरहेर गान्तोक जस्ता संसारका अनेकन क्षेत्रमा आफ्नो अस्तित्व कायम गर्दै विचरण गर्न सक्छन् । यसरी नै कविताको स्वरूप दैनिकीको जस्तो देखिँदा समयको किटानी सहितको अंशलाई हेरौँ :

१६ जुन, '९२..... ९बजी राति
एकजना साथीको बासस्थानमा
उहाँको परिवार र सहयोगी साथीहरूमाझ
कुराकानीमा मस्त थिएँ
मानवताको पक्षमा वकालत हुँदै थियो...।

(आत्मस्वीकृति, पृ. ११६) ।

यस्तै यसको अलिक तलको हरफ :

टिस्टाको पानी धमिलो बग्दैछ भन्न सक्छु
रङ्गीतको पानी कहाँ उकालो बग्दैछ
प्रतिवाद गर्न सक्छु
टेण्डोङ र मैनाममा डढेलो सल्कँदैछ

जङ्गल जल्दैछ

(आत्मस्वीकृति, पृ. ११७) ।

उक्त पङ्क्तिपुञ्जहरूमा समयको किटानी, स्थानको निर्धारण र वातावरण पनि साथीको बासस्थान भनेर स्थान, समय र वातावरणको सामाजस्य मिलाइएको छ । यसबाट कवितामा आख्यानात्मकता पाउनका साथै परिवेशमा आउने तीनै तत्त्व समाहित देखिन्छन् ।

यसरी **म को हुँ ?** कवितासङग्रहमा स्थान, समय र वातवरणको चित्रण गरिएको छ । कतिपय कविताहरूमा स्थानको किटानी नै दिएकाले सिक्किमेली वातवरणको चित्र उत्रेको पनि देखिन्छ । त्यसरी नै परिवेशगत आधारमै कविताहरू विश्वविचरण गर्न सफल छन् भने त्यसभित्र देखिएका विकृत परिवेशको भयावह परिस्थितिलाई देखाउन पनि पछि परेका छैनन् । आजका मान्छेहरूले देखे-भोगेका र अनुभव गरेका विषयलाई नै विभिन्न परिवेशभित्र समाहित गरेर कलात्मक अभिव्याक्ति दिन कविताहरू सफल देखिएका छन् ।

## ५.४.६. उद्देश्य

**म को हुँ ?** कवितासङ्ग्रहभित्रका कविताहरूले विविध उद्देश्यहरू लिएका छन् । सामाजिक उन्नति, राजनीतिक विकास, जातीय समानता, धार्मिक सहिष्णुता, गरिबी निवारण, राष्ट्रिय एकता, शोसक सामन्ती शासकको समूल अन्त्य जस्ता प्रगतिशील र क्रान्तिकारी उद्देश्य कविताहरूमा पाइन्छन् । जेजति विषयहरू जसरी आए पनि त्यसको माध्यमबाट मानिसहरूमा सुख, शान्ति, अमनचयन प्राप्त होस् भन्ने लक्ष्य कविताको अन्तराभिव्यक्ति बनेर देखिएको छ ।

प्रत्येक कविताभित्र भिन्न-भिन्न विशेषता पाइनुका साथै उद्देश्य पनि विषयवस्तुअनुकूल देखिएका छन् । राजनीतिक, धार्मिक, सामाजिक, प्राकृतिक, वैश्विक परिवेशका विषयहरूलाई कविताका प्रत्येक अभिव्यक्तिले सम्बोधन गरेकाले, तत् तत् विषयमा नै उद्देश्यहरू पनि आश्रित देखिएका छन् । राजनीतिक विषयमा आधारित कविताहरूले राजनीतिमा लगेर भ्रष्ट बनेका र देशलाई अधोगतितिर धकेल्न थालेका व्याक्तिहरूप्रति व्यङ्ग्य प्रहार गर्दै त्यस्ता व्यक्तिहरूको अन्त्यको कामना गरेको छ । त्यसरी नै त्यस्ता शासकहरूप्रति कविताहरूले आक्रोश पनि पोखेका छन् । जस्तै :

हामी जस्तै केही मान्छेहरूले
हाम्रै अज्ञानता र कमजोरीको
फाइदा उठाएर
हामीलाई ठगेका छन्
हामीमाथि चढेर
शासन आसन जमाएका छन्
किनकि हामी चुपचाप शाषित छौं ।

(हामी पनि मान्छे ?, पृ ४२) ।

उक्त पङ्क्तिहरूले जनताको मतबाट अघि बढेका राजनीतिक नेताहरूले तिनै जनताहरूमाथि गरेको अत्याचारको चित्रण गरेका छन् । हामीबाट नै माथि पुग्ने र हामीलाई नै एक रति नगन्ने अदुरदर्शी नेताहरूको निम्ति यो कविता व्यङ्गचवाणसरह भएको छ भने शोषित र शासित जनताको निम्ति चेतानात्मक अभिव्यक्ति बनेको छ । यस कविताको उद्देश्य पनि जनतालाई चेतना दिएर उठाउनु नै रहेको देखिन्छन् ।

राजनीतिक विषयका अतिरिक्त सामाजिक विषयका कविताहरू पनि विभिन्न उद्देश्यमा केन्द्रित देखिएका छन् । समाजलाई कसरी अगाडि बढाउने, कसो गर्दा सम्पूर्ण मानिसहरूको हित हुन्छ, केकस्ता विषयहरू समाजले आज अपेक्षा गरिरहेको छ भन्ने कुरालाई दृष्टिगत गर्दै ती विषयहरूको परिपूर्तिका लागि हामी समाजमा रहेका सामाजिक व्यक्तिहरू कसरी एकजुट

हुनुपर्छ भन्ने कुरा कविताहरूले उद्देश्यका रूपमा प्रस्तुत गरेका छन् । समाजमा देखिएका जातिगत भेदभाव, आर्थिक असमानता, गरिब र धनीको दुरी आदिको निर्मुलीकरण गर्नु पनि कविताहरूको मुख्य उद्देश्य देखिन आउँछ ।

धार्मिक विषयको उठानमा पनि कविताहरू सचेत रूपमा प्रस्तुत भएका छन् । धर्मको नाममा भइरहेका अनैतिक कार्यहरू, धर्मले ल्याएको नकारात्मक परिस्थितिहरू, धर्मको आडमा गरिँदै आएका उद्दण्ड व्यवहारहरू र पुस्तकबाट प्रकट भएका दार्शनिक अभिव्यक्तिबाट गर्न सकिने धामिक एकता र सहिष्णुताको अभिव्यक्ति पनि कविताहरूले समेटेका छन् । धार्मिक कार्य गर्न नियुक्त गरिएको पूजारीबाट नै भइरहेको स्वार्थी व्यवाहारको उजागर गरेर आज देश विकास गर्न चौकीमा पुगेर देशलाई शेष पार्न लागि परिरहेका नेताहरूप्रति कविताहरू व्यञ्जनात्मक अर्थमा सफल छन् भने ती भ्रष्टहरूलाई त्यस ठाँऊबाट वर्खास्त गरिनुपर्ने माग कविताको रहेको देखिन्छ ।

यसरी नै कविताहरूले प्राकृतिक परिवेशको चित्रण पनि गरेका छन् । जसरी स्वच्छन्दतावादी कविहरू प्रकृतिमा हराएका हुन्छन् त्यसरी चाहीँ कवि चामलिङ हराएका छैनन् । उनका कवितामा प्रकृतिको संरक्षण र संवर्द्धन गर्नुपर्छ भन्ने स्वर मुख्य बनेर आएको देखिन्छ । प्रकृतिको अस्मितालाई सखाप पार्ने जस्ता कार्यहरू सहरिया वातावरणले सिर्जना गरिरहेको सत्यतथ्यप्रति असन्तुष्टि व्यक्त गर्दै प्रकृतिको संरक्षण र प्रवर्दन गर्नुपर्ने आवाज नै कविताको मूल लक्ष्य रहेको देखिन्छन् ।

यतिमात्र नभएर कविताहरूले क्षेत्रीय परिवेशको वर्णन पनि गरेका छन् । टिस्टा, रङ्गीत, कञ्चनजङ्घा, मैनाम, टेण्डोङ, गान्तोक आदि सिक्किमेली भूमिभित्रका ठाँउहरूलाई कविताभित्र घुसाउँदै त्यसको उन्नति र प्रगतिका लागि लाग्नुपर्ने आवाज अर्को पाटो बनेर देखिएको छ । 'टिस्टा अझै धमिलो बग्दैछÚ, 'गान्तोक एक पोट्रेटÚ जस्ता कविताहरू नितान्त सिक्किमको उन्नतिको लागि रचिएको हो भन्ने कुरा कवितामा स्पष्ट देखिन आएको छ । टिस्टा धमिलो भएको र गान्तोकमा अभावै अभाव रहेको कुरा गर्दै सिक्किमबाट स्वार्थ लिन विभिन्न किसिमले मानिसहरू भ्रष्ट कार्य गर्न थालेको सङ्केत गर्नुका साथै तिनीहरूलाई जरैबाट निकाल्न तत्पर रहनुपर्ने भाव कविताहरूको उद्देश्य हो भन्न सकिन्छ ।

त्यस्तै यस सङ्ग्रहका कविताहरूले विश्वपरिवेशको पनि चित्रण गरेका छन् । कतिपय कवितामा एउटै विशेष ठाँउको चित्रण गरेर त्यसलाई विश्वपरिवेशमा समाहित गर्न खोजिएको छ भने कतिपयमा जस्ताको तस्तै चित्रण गरेर त्यसबाट हामीले अबका दिनहरूमा पाठ सिक्नुपर्ने अभिव्यक्ति दिएको छ। कतैकतै मिथकीय शब्दहरू प्रयोग गरेर एउटा सिङ्गै कालखण्डमा भएका कार्यहरूलाई दर्साउँदै हामीले त्यसबाट ज्ञान दिनुपर्छ भन्ने कुरा पनि कविताहरूले राखेका छन् ।

अन्तमा पवन चामलिङ किरणद्वारा लिखित **म को हुँ ?** कवितासङ्ग्रहका कविताहरूमा विविध उद्देश्यहरू देखिएका छन् । ती सबै उद्देश्यहरूको मूल स्वर सामाजिक विकास, आर्थिक उन्नति, वर्ग विहीनताको स्थिति, धार्मिक एकता, राष्ट्रिय उन्नति, हत्या हिंसाको विरोध आदि नै मुख्य बनेर आएका छन् ।

### ५.४.७. दृष्टिविन्दु

**म को हुँ ?** कवितासङ्ग्रहभित्र पात्रहरूको अवस्थितिलाई हेर्दा दृष्टिविन्दुको प्रयोग कसरी भएको छ भन्ने छुट्याउन सकिन्छ । विभिन्न विषयवस्तुको प्रस्तुतिलाई पाठकसमक्ष पुऱ्याउने क्रममा कविताहरूको स्वरूप पनि त्यस्तै किसिमले देखापरेका छन् । तिनै विचार प्रक्षेपण र सहभागिताहरूको आधारमा प्रथमपुरुष र तृतीयपुरुष दृष्टिविन्दुमा आधारित कविताहरूलाई यहाँ देखाउन सकिन्छ । यस सङ्ग्रहमा मानवीयबाहेक मानवेतर पात्रहरू र जड

पात्रको समेत प्रयोग गरिएको छ भने कतिपय स्थानमा भावात्मक पात्रहरू पनि देखिएका छन् । कविताको विचार, भाव र कविको प्रस्तुति शैलीबाट हेर्दा अधिकांश कविताहरू प्रथमपुरुष दृष्टिविन्दुमा आधारित देखिन आउँछन् भने कोहीबेला विषयको उठानदेखि अन्त्यसम्म नै 'म' पात्रको अवस्थिति कतै पनि पाइँदैन । यस आधारबाट हेर्दा त्यहाँ तृतीयपुरुष दृष्टिविन्दु रहेको पुष्टि हुन आउँछ ।

समाख्याताले प्रमुख पात्रका रूपमा समाख्यान गरेको छ भने त्यो प्रथमपुरुष दृष्टिविन्दुमा आधारित रचना हुन्छ । कतै चाहिँ भावात्मक रूपमा विचारको मात्र सम्प्रेषण भएको छ भने पनि प्रथमपुरुष दृष्टिविन्दु नै हुन आउँछ । यस सङ्ग्रहका कतिपय कविताहरू 'म' पात्रको माध्यमबाट आफ्नै देश र परिवेशभित्र रमाएकाले त्यहाँ आत्मीयता र विश्वसनीयता देखापर्दछ ।

**म को हुँ**भित्र 'म' समाख्याता रहेको अथवा 'म'को केन्द्रीय विचार रहेको आधारमा कविता (१), (३), (४), (५), (८), (९), (११), (१३), (१५), (१६), (१७), (१८), (१९), (२०), (२१), (२८), (३१), (३३), (३५), (३६), (३७), (३८)हरू प्रथमपुरुष दृष्टिविन्दुमा संरचित देखिएका छन् । यी कविताहरूमा कतै समाख्याता 'म' पात्रको माध्यमबाट प्रमुख सहभागी बनेर आएको छ भने कतै विचारको मुख्य भाव 'म' पात्रमा निहित रहेको पाइन्छ । यसरी प्रमुख र गौण भूमिकाका आधारमा प्रथमपुरुष दृष्टिविन्दुमा संरचित कविताहरूको विश्लेषण गर्न सकिन्छ । **म को हुँ ?** कवितासङ्ग्रहमा प्रथमपुरुष केन्द्रीय र परिधीय दुवै दृष्टिविन्दुका कविताहरू पाउन सकिन्छ । यसै आधारमा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुमा आधारित कविताहरूलाई देखाउने क्रममा तल सानो अंशलाई यसरी प्रस्तुत गरिएको छ :

म को हुँ, कहाँ छु
के गर्दैछु, के भन्दैछु
अनि मैले के गर्नुपर्छ
मेरा लागि, हाम्रा लागि
आफ्नो लागि, हामी हुनुको लागि
आफ्नो मर्यादाको लागि

(ऐठन परेको प्रश्न, पृ.२८) ।

उक्त पङ्क्तिहरूमा 'म'को केन्द्रीय भूमिका रहेको र 'म'बाट नै सम्पूर्ण विचार प्रस्फुटन भएकोले यसलाई प्रथमपुरुष दृष्टिविन्दुमा आधारित कविता भन्न मिल्छ । यस्तै प्रथमपुरुष परिधीय दृष्टिविन्दुमा आधारित कविताका अंशलाई तल प्रस्तुत गरिएको छ :

प्रकृतिले मान्छेलाई
एउटा साँचोमा निर्माण गरेको छ
जीवन र मृत्यु नियमबद्ध
मान्छेको साइनो छ कति आवद्ध
तैपनि किन हो
मान्छे-मान्छेमा यति दुरत्व

(दुरत्वः तिम्रो र मेरो, पृ. ४५) ।

उक्त अंशमा 'म' पात्रको प्रत्यक्ष उपस्थिति नरहे पनि विचारभित्र कविको उपस्थिति गौण रूपमा आएको देखिन्छ । त्यसैले गर्दा उक्त कविताको अंश प्रथमपुरुष परिधीय दृष्टिविन्दुमा आधारित देखिन्छ । यसका साथै यस कवितासङ्ग्रहमा 'म' पात्र कविताको भावअनुसार वक्ता, प्रेषक, सम्बोधक वा वर्णनकर्ताको भूमिकामा पनि आएको स्पष्ट हुन्छ । यहाँ श्रोता प्रापक वा सम्बोधितको भूमिकामा रहनुपर्ने देखिन्छ ।

'म' पात्र **वक्ता**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

अब म स्वतन्त्र र स्वच्छ छु
विचारले, मनले, सिद्धान्तले, नीतिले
नैतिकताले, मानवताले
र तिम्रो मुक्तिको लागि अब म लड्नसक्छु
मेरो जन्मभूमिको लागि
अब म निर्धक्क
मरिदिन, उत्सर्गित भइदिन सक्छु ।

(आत्मस्वीकृति, पृ. १२०) ।

'म' पात्र **प्रेषक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

मसँग शीत बनेर बिहान रुन्छ
मसँग दिन पनि कोरा बसेर बित्छ
मसँग रात पनि अन्धकारमा विलीन भएर जान्छ ।
यही अँध्यारो रातमा
धर्मले युद्धको घोषणा गर्छ
जातले सीमाना कोर्छ
पापले ठूलो च्यादर ओछ्याएर
मान्छेलाई रगतको भिक्षा माग्छ ।

(प्रत्येक बिहान, पृ. ४४) ।

'म' पात्र **सम्बोधक**को रूपमा प्रस्तुत भएको पङ्क्ति :

साथी !
तिम्री आमाको विछोडमा
म उपस्थित हुन सकिनँ
तिम्रो भग्न हृदय र आँसुका भलहरूलाई
साथ दिन सकिनँ
तिम्रा आवाजहरूमा आवाज मिलाउन सकिनँ

(तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा पृ. ५३) ।

'म' पात्रको अवस्थितिलाई हेरेर उक्त पङ्क्तिहरूमा वक्ता, प्रेषक, सम्बोधक छुट्याइएको छ । कवितामा 'म' पात्रको भूमिका, विचार, प्रस्तुतिशैली आदिलाई विशेष ध्यान दिएर नै उक्त तीन वटा आधार निर्धारण गरिएको हो ।

यसै गरी प्रथमपुरुषका अतिरिक्त तृतीयपुरुष दृष्टिविन्दुको निर्धारण यस कवितासङ्ग्रहका कविताहरूमा गर्न सकिन्छ । ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी समाख्याताको माध्यमबाट विचार समाख्यान गरिएमा तृतीयपुरुष दृष्टिविन्दु हुन्छ । यस्तो दृष्टिविन्दुमा समाख्याता अथवा रचनाकार पूर्णतः कथाभन्दा बाहिर रहेको हुन्छ । समाख्याता 'मÚका अतिरिक्त अथवा तृतीयपुरुषवाचक बनेर रचनामा देखिए ती कविताहरूलाई यस कोटिमा राख्न सकिन्छ । यस सङ्ग्रहका कविता (२), (६), (७), (१०), (११), (१२), (१४), (२२), (२३), (२४), (२५), (२६), (२७), (२९), (३०), (३२), (३४), (३७), (३९) हरूमा तृतीयपुरुष दृष्टिविन्दु पाउन सकिन्छ । समाख्याताले कथाबाहिर बसेर सम्पूर्ण चरित्रलाई तृतियपुरुष सर्वनाम वा नाम विशेषबाट सङ्केत गरिएको तृतीयपुरुष दृष्टिविन्दुमा आधारित कविताको पङ्क्तिलाई तल यसरी देखाइएको छ :

आजकल त बिचरा बूढो घोडा
सासमात्र भएको छ

र पनि घोडाले
कुनै प्रतिवाद गरेको छैन
किनकि घोडाको प्रतिवाद गर्ने चेतना हुँदैन
किनकि घोडा बोल्दैन
कुनै प्रकारको प्रतिवाद जनाउँदैन
किनभने घोडा बोल्न सक्दैन
(घोडा बोल्दैन, पृ. ११५) ।

उक्त पङ्क्तिपुञ्जमा प्रमुख पात्र 'घोडा' रहेको देखिन्छ । यसमा घोडा नै प्रमुख पात्र बनेको र घोडाकै माधयमबाट सम्पूर्ण कुराहरूको वर्णन भएका कारणले तथा घोडाको कार्य, स्थिति, अवस्था आदि सबै उसमा नै रहेकाले यहाँ तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

अन्तमा **म को हुँ ?** कवितासङ्ग्रहभित्र प्रथमपुरुष र तृतीयपुरुष दुवै प्रकारको दृष्टिविन्दु रहेको देखिन्छ । तृतीयपुरुष दृष्टिविन्दुको अपेक्षामा प्रथमपुरुष दृष्टिविन्दुको मात्रा अधिक भएको सङ्ख्यात्मक आधारमा देखाउन सकिन्छ । जुनै दृष्टिविन्दुको प्रयोग भएको भए पनि यहाँ कविले देखेको, भोगेको र अनुभव गरेको परिवेशको चित्रण अत्यन्त कलात्मक किसिमले प्रस्तुत गरिएको छ ।

### ५.३.८. भाषाशैलीय विन्यास

**म को हुँ ?** भित्र रहेका जम्मा ३९ वटा कविताहरू मध्ये सबै नै सरल भाषामा रचना भएका छन् । भाषा र शैलीको उचित संयोजनले नै कविताहरू सशक्त देखिएका छन् । कविताको विषयवस्तु  जस्तो छ त्यहीअनुसारको भाव र भावअनुसारको शब्द संयोजनले कविताका सबै पक्षमा तालमेल मिलेको देखिन्छ । ध्वनि, शब्द, व्याकरण र अर्थव्यवस्था जस्ता भाषाका संरचनात्मक पक्षहरूलाई पनि अलि बढी नै ख्याल गरेकाले अघिल्ला दुई सङ्ग्रहका अपेक्षामा यो कवितासङ्ग्रह महत्त्वपूर्ण बनेको देखिन्छ । **म को हुँ ?**का सबै रचनाहरू मुक्त छन्दमा रचिएको भए पनि लयात्मक र रागात्मक पक्ष अति नै सबल बनेर देखिएका छन् । कतिपय कविताहरूमा अन्तिम शब्दहरूको आनुप्रासिक संयोजन मिलेकाले गायनयोग्य पनि देखिन्छन् । सरल र सहज भाषा प्रयोगका कारणले कवितामा भावगत जटिलता र सम्प्रेषणगत दुर्बोध्यता भने पाउन सकिँदैन । कविताले भन्न खोजेको विषय, वर्णित वातावरण र त्यसभित्र समावेश गर्नुपर्ने स्थितिको चित्रणमा संवेदनशीलता देखाइएको कारण नै यो सङ्ग्रह लोकप्रिय बन्न गएको हो । यसमा प्रयोग भएका जतिसुकै अथवा जुनसुकै विषय किन नहुन् त्यहाँ स्थानीयताको झल्को र त्यस परिवेशअनुसारको भाषा र शैली प्रयोगका कारणले कवितामा विश्वसनीयता देखापर्दछ ।

यस सङ्ग्रहमा देखापरेका पूर्णविराम, अर्द्धविराम, प्रश्नवाचक, विश्मयादिबोधक चिह्न तथा अनुप्रासीय संयोजन, पुनरावृत्ति आदि प्रयोग भएका कविताका अंशहरूलाई यस प्रकार देखाउन सकिन्छ :

**पूर्णविराम चिह्न** प्रयोग भएको कविताको पङ्क्ति :

कोही पनि टाढो छैन, अलग्ग छैन
यो पृथ्वीमा सबै सम्पूरक छन्
आकाश र बादल, वायु, जल-थल
र यही एउटै पृथ्वीवासी मान्छे
वास्तवमा कति सन्निकट छन् ।
(दूरत्व : तिम्रो र मेरो, पृ. ४५) ।

**अर्द्धविराम चिह्न** प्रयोग भएको कविताको पङ्क्ति :

तड्पेको मानवतालाई
उठाउन, ब्यूँझाउन, जगाउन
मेरो रातो भाले बास्नेछ, बासिरहने छ
एक होइन
अब यस धरतीमा
लाखौँ करोडौँ भाले बास्ने छन्, बासिरहने छन् ।
(रातो भाले युग-युग बास्छ, पृ. ५८) ।

**प्रश्नवाचक चिह्न** प्रयोग भएको कविताको पङ्क्ति :

शूलै-शूलले भरेको जगमा
बाँच्ने मान्छे म को हुँ ?
लक्ष्य मेरो जगको सुरक्षा
यस्तो मान्छे म को हुँ ?
(यस संसारमा म, पृ. ५२) ।

**विश्मयादिबोधक चिह्न** प्रयोग भएको कविताको पङ्क्ति :

'कान्छा' र 'बहादुर' हन कस्तो अचम्मको मान्छे !
जहीँ गए पनि, जहाँ नै भए पनि
त्यहीँ कै भइजाने
त्यहीँ नै मिलेर बाँच्ने आकाशबेली जस्तो
अनि कति सस्तो
(बहादुर कान्छा, पृ.६७) ।

**अनुप्रासीय संयोजन** मिलाएर प्रयोग गरिएको कविताको पङ्क्ति :

तिम्रो दुःख मलाई लाग्छ मुटु मेरै दुखे जस्तो
तिम्रो आँसु मलाई लाग्छ मेरै गह रूझे जस्तो ।
यति धेरै लाग्छ मलाई तिम्रो ज्यानको माया
तिम्रो जीवन मेरो ज्यानले आफैँ भोगे जस्तो ।
(तिमी, पृ. ३३) ।

**पुनरावृत्ति** प्रयोग भएको कविताको पङ्क्ति :

किनकि म त आफैँ सँग रूँदै थिएँ
किनकि म त स्वयं नै दुःखी भइसकेको थिएँ
किनकि म त आफैँमा हराएको थिएँ
किनकि जीन्दगी हारहरूमा बाँच्दै थिएँ
किनकि जीन्दगी तिरस्कारहरूमा बाँच्दै थिएँ ।
(तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा, पृ.५३) ।

शैलीगत आधारमा कविताहरूमा भिन्नता देखापर्छ। शैलीको सटीक प्रयोगले कविताहरूमा मधुरता देखिनका साथै पठनयोग्य पनि बनेका छन् । जस्तो किसिमको परिवेशको चित्रण गरिएको हुन्छ सोहीअनुसारको भाषा र शैलीको प्रयोगले कवितामा रोचकता थपिएको देखिन्छ। समाख्याताले आफ्नो विचार भावक वा पाठक समक्ष पुऱ्याउन विभिन्न प्रकारका जुक्तिहरू अपनाएका हुन्छन् त्यसलाई नै शैली भन्ने गरिएको छ। प्रत्यक्ष वर्णन, एकल संवाद, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा समाख्याताले आफ्नो अवधारणालाई प्रस्तुत गरेको देखिन्छ। यिनै विभिन्न शैलीगत प्रयोगमा आधारित कविताका पङ्क्तिहरूलाई यसरी देखाइएको छ :

**वर्णनात्मक शैली :**

कुकुर र स्यालहरू एक स्वरमा
भुक्न र कराउन थालेका छन् ।
बाँसघारीमा लाटोकोसेरो पनि
रातको अन्धारलाई चिर्दै कराउन थालेको छ
दिनमा कहिल्यै देखा नपर्ने गोलसिमल पनि
अन्धकारको विरोधमा कराउन थालेकी छे
(रातको मृत्यु, पृ.६०) ।

**एकल संवादात्मक शैली :**

म पहरेदार ठिकादारको
मालिकको नोकर
मालिक्नीको कान्छा
र महाजनको सुरक्षा गर्ने
बहादुर देखि लिएर युद्ध भूमिको वीर
(ऐठन परेको प्रश्न, पृ ७३) ।

**सम्बोधनात्मक शैली :**

ए अँध्यारा रातका निशाचर र
तिमी त निस्लोट कालो अन्धकार हौँ
तिमीलाई त तिम्रै रूप कस्तो छ थाहा छैन
किनभने
अँध्यारोको प्रतिबिम्ब हुँदैन
तिमी त कालो रात हौँ
तिम्रो कोहीसँग तुलना हुँदैन ।
(रातो भाले युग-युग बास्छ,पृ.५७) ।

**आक्रोशित शैली** :

पापीको अघि काल भएर
भिड्नु पर्छ मान्छे भएर
व्यर्थैमा किन झुकाउनु शिर
बाँच्नु छ मान्छे भएर वीर ।
(यस संसारमा म, पृ. ५१) ।

**पूर्वस्मृतिपरक शैली :**

अमूल्य पल-पल
त्यसै गएछन् मेरा
यत्रो वर्ष मैले बिताएका क्षणहरू
त्यसै-त्यसै बितेछन्
केही उपलब्धि आफ्नो नाममा नथपी
एवम् मान्छेको इतिहासमा
केही ठोस पृष्ठ नथपी
(नयाँ वर्षको पहिलो दिनमा, पृ.१०७) ।

यसरी शैलीगत आधारमा यस कवितासङ्ग्रहका कविताहरूको विश्लेषण गर्दा यसमा रागात्मक, भावात्मक शैलीदेखि आक्रोशित विद्रोहात्मक शैलीसम्मको प्रयोग पाउन सकिन्छ ।

भाषाशैलीय विन्यासभित्र बिम्ब-प्रतीक र अलङ्कार तथा अग्रभूमिकरण पनि पर्दछन् । जस्तो प्रकारले भाषा र शैलीको प्रयोग कवितामा अनिवार्य हुन्छ त्यस्तै बिम्ब-प्रतीक र

अलङ्कारको प्रयोग पनि अनिवार्य गरिए कविता आस्वादमा आनन्दानुभूति पाउन सकिन्छ । यस कवितासङ्ग्रहमा बिम्ब र प्रतीकको प्रयोग अत्यन्तै धेरै भएको पाइन्छ । कतै मिथकीय शब्दको प्रयोगबाट प्रतीकात्मक अर्थ बुझ्न सकिन्छ भने कतै जड तथा मानवेतर चरित्रको चित्रणबाट । केही कविताहरू त शीर्षकमात्र नभएर सम्पूर्ण स्वरूप नै प्रतीकात्मक देखिन आउँछन् । यस्तै यस सङ्ग्रहभित्र प्रयोग भएका आलङ्कारिक शब्दहरूको प्रयोगले कविताहरूमा सौन्दर्य प्रकट भएको छ । यसभित्र विभिन्न प्रकारका शब्द र अर्थ अलङ्कारहरूको प्रयोग अत्यन्त सार्थकताका साथ प्रयोग भएका छन् । शब्दालङ्कारले कवितामा लयात्मक माधुर्य थपेको छ भने अर्थालङ्काकारले भावात्मक अनुभूतिमा मिठास थपेको देखिन्छ ।

समग्रमा **म को हुँ ?** कवितासङ्ग्रहमा प्रयोग भएका भाषा, शैली, अग्रभूमिकरण, बिम्ब, प्रतीक, अलङ्कार आदि भाषाशैलीय विन्यास अति नै सटीक छन् । भाषाशैलीय विन्यासको सार्थक संयोजन नै कविताको निम्ति महत्त्वपूर्ण बनेर देखापरेको छ ।

### ५.४.९. निष्कर्ष

कवि पवन चामलिङ 'किरण' को **म को हुँ ?** कवितासङ्ग्रह सन् १९९३ सालमा प्रथम प्रकाशित भएको हो भने हालसम्म तेस्रो संस्करणसमेत प्रकाशित भइसकेको छ । यस सङ्ग्रहमा सङ्ग्रहित ३९ वटा कविताहरूलाई विभाजन र सङ्गठनको आधारमा छुट्याइएको छ भने कवितात्मक विषयवस्तुको आधारमा पनि प्रत्येक कविताको मूलभावलाई छुट्टा-छुट्टै प्रस्तुत गरिएको छ । यसरी देखाउँदा कवितामा सामाजिक, राजनीतिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक विषयहरू आएका छन् भने ती विविध विषयभित्र पनि अभिव्यञ्जित हुने मूलभावले कविताहरूलाई अर्थपूर्ण बनाएका छन् । सम्पूर्ण मानिसहरूमा एकत्वको भावना हुनुपर्छ, समाजको उन्नतिको लागि सबै डटेर लाग्नुपर्छ, आफ्नो अस्तित्व रक्षाको निम्ति जसरी भए पनि एक हुन सक्नुपर्छ जस्ता कुरा कवितामा अभिव्यञ्जित छन् । त्यसरी नै कविताभित्र विषयलाई अगाडि बढाउन आएका 'म' पात्रदेखि अन्य मानवीय, मानवेतर, जड र भावात्मक सहभागीहरूको उपस्थिति भएको देखाउनका साथै तिनीहरूले खेलेको भूमिकालाई समेत चित्रण गरिएको छ । परिवेशगत हिसाबमा यस कवितासङ्ग्रहमा स्थान, समय र वातावरणको प्रयोगलाई अति नै सटीक ढङ्गले देखाइएको छ । कतैकतै त कविताले दैनिककीको स्वरूप पनि ग्रहण गरेको देखिन्छ । यस कवितासङ्ग्रहभित्र विविध उद्देश्य रहेका देखिन्छन् । धर्म, अर्थ, काम, मोक्ष यी चार परम्परित उद्देश्यका अतिरिक्त समाजहित, लोकहित, गरिबी निवारण, भ्रष्टाचार, दुराचार, शोषण, दमन आदिको विरोध यहाँ विशेष उद्देश्य बनेर आएका छन् । आफ्ना मनमा लागेका असन्तुष्टिहरूलाई ओकलेर समाजको अघि देखाउनु र एउटा स्वच्छ, सबल र समृद्ध समाजको परिकल्पना गर्नु यस कवितासङ्ग्रहको मूल उद्देश्य रहेको देखिन्छ । यस सङ्ग्रहमा प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । तृतीयपुरुषको तुलनामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग अधिक रहेको देखिन्छ । यस्तै भाषाशैलीय विन्यास पनि मिलेको देखिन्छ । भाषा र शैलीका अतिरिक्त अलङ्कार, बिम्ब, प्रतीक आदिको सफल प्रयोगले कविताभित्रका अलङ्करणहरू मिलेर आएका देखिन्छन् । यही बाह्य अलङ्करण प्रविधिले नै यस कवितासङ्ग्रहभित्रका कविताहरूमा विश्वसनीयता, विचारणीयता, रसात्मक अनुभूतिहरू पाउन सकिन्छ ।

अन्तमा **म को हुँ ?** कवितासङ्ग्रह आनन्दानुभूति, सन्तुष्टिको निम्तिभन्दा पनि समाजहित, जनकल्याण, राजनीतिक सुधार, हिंसाको विरोध, धर्मको स्थापना, आ-आफ्नो अस्तित्वको रक्षा आदि कुरामा डटेर लाग्नका साथै आफ्नो क्षेत्रबाट आफूले केही न केही गर्नैपर्छ भन्ने विचारमा केन्द्रित देखिन्छन् ।

छैटौँ परिच्छेद

# पवन चामलिङका काव्यप्रवृत्ति

## ६.१. परिचय

साहित्यका सबै विधाहरूमा लेखकको दृष्टिकोण वा विचार प्रतिबिम्बित भएको हुन्छ। विभिन्न प्रकारका कार्यहरू गर्ने क्रममा आफूले भोगेका, देखेका, अनुभव गरेका अथवा सुनेका विषयवस्तु नै सम्बन्धित विधामा प्रस्फुटित भएको पाइन्छ। स्रष्टाको ज्ञान र कलालाई पनि उसको कृतिले स्पष्ट पार्न सहयोग गर्दछ। त्यसरी जीवनयापन गर्ने क्रममा सिर्जित विषयवस्तुलाई नै प्रवृत्ति भनेर छुट्याइएको पाइन्छ।

कवि पवन चामलिङ 'किरण'का कविताहरूमा पनि उनको जीवन भोगाइको स्पष्ट छाप भेट्न सकिन्छ। उनले आफ्नो परिवेशमा देखेका कुराहरूलाई नै कविताको विषयवस्तु बनाएका छन्। तिनै विषयवस्तुभित्र सिर्जित भावको आधारमा यहाँ प्रवृत्ति छुट्याउनु पर्ने हुन्छ। चामलिङले आफ्नो जीवन विशेष गरेर समाज सेवामा नै समर्पित गरेकाले त्यहीँबाट नै कविताका विषयहरू समेटिएका छन्। जुनै विषय जसरी आए पनि कविताको मूल चाहना समाजको जीर्ण स्थितिलाई उकासेर सबल र समृद्ध पार्नु नै रहेको देखिन्छ।

## ६.२. पवन चामलिङका काव्यप्रवृत्ति

सन् १९६८देखि १९९२ सम्म प्रकाशित चामलिङका तीन वटा कवितासङ्ग्रहका आधारमा नै यिनको कवितात्मक प्रवृत्ति देखाउनु पर्ने हुन्छ । यसभन्दा अघिल्लो परिच्छेदमा विषयवस्तुको आधारमा विस्तृत अध्ययन गरिएको हुनाले तिनैको आधारमा यिनका प्रवृत्तिलाई विशेष तरिकाले विभाजन गर्नुपर्ने देखिन्छ । भाषागत, शैलीगत, प्रवृत्तिगत भिन्नता देखिए पनि विषयगत भिन्नता भने तीनै सङ्ग्रहमा देखिएका छैनन् । यसैले यिनका कवितामा देखिएका प्रवित्तिहरूलाई समग्रतामा अध्ययन निम्नलिखित आधारमा गरिएको छ -

१. मानवतावादी चिन्तन
२. राजनीतिक चिन्तन
३. प्रगतिवादी-क्रान्तिकारी चिन्तन
४.अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन
५. जातिप्रेम तथा राष्ट्रप्रेम
६. धार्मिक चिन्तन
७. प्रतीकात्मक प्रस्तुति
८.सामाजिक चिन्तन
९. प्रकृति चित्रण

### १. मानवतावादी चिन्तन

कवि पवन चामलिङ किरणको तीनवटै कवितासङ्ग्रमा मानवतावादी चिन्तन प्रखर रूपमा आएको छ। मान्छेले भोग्नुपरेका दुःख र व्यथालाई यिनका कविताहरूले मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन्। युवावस्थामा रचना गरिएका कविताहरूले मानवमाथि भइरहेको अत्याचार, शोषण, दमन आदिको खुलेर विरोध गरेका छन् भने अबको जमानामा पनि अर्कालाई जञ्जिरभित्र राखेर हुकुम चलाउने हो भने आफ्ना राजाइका दिन गए भन्ने सचेतनात्मक स्वर कविताहरूले प्रकट गरेका छन्। कविताको माध्यमबाट मानवतावादी दर्शनलाई अगाडि राखेर मानव कल्याण र हितको कुरा कविबाट प्रकट भएको देखिन्छ। मानवीय मूल्य र मान्यतालाई विशेष स्थान दिँदै रचना भएको निम्नलिखित पङ्क्तिलाई हेरौँ :

...हिंसाको बाढी थाम्न
सत्य जन्माउन र तारा झैँ चम्कन

सूर्य झैँ किरण फिँजाउन
चन्द्र झैँ कोमल बन्न
हिमाल झैँ शान्त रहन
पहाड झैँ स्थिर बन्न
जाउँ हामी सबै
मावनताको रक्षा गर्न ।

(**वीरको परिचय र अन्य**...,"मानवताको रक्षा गर्न" : पृ.६२) ।

कविताको भावबाट व्यक्त आशयअनुसार यहाँ मानवताको व्यापक उलङ्घन भएको छ । एउटा कोठाभित्र थुनिएको कैदीलाई जस्तो मान्छेको अधिकारलाई पनि यहाँका शोषकहरूले कैद गरेका छन् । त्यसैले एउटामात्र आवाजले मानवहित हुन नसक्ने भएकाले कविले कविताबाट सामूहिक रूपमा मानवताको रक्षा गर्न जानुपर्ने आह्वान गरेका छन् । मान्छेको शक्ति सूर्य, चन्द्र, हिमाल, पहाड, आदिको जतिकै हुन्छ । त्यसैले आफ्नो शक्तिको प्रर्दशन गर्दै कैयन वर्षदेखि भइरहेका हिंसा र कुण्ठित अधिकार प्राप्तिको लागि हामी एक भएर लाग्नुको विकल्प नभएको भाव कविताबाट प्रस्टिएको छ । त्यसरी नै मानवताको वकालत गर्दै कविता यसरी पनि प्रकट भएका छन् :

देख्छु जगमा साना, ठूला, भेदभावको मेला,
अँध्यारो लाग्छ धरती पनि मानवता रोएको बेला ।
मान्छे सबै एउटै रगतको विचार बेग्लै हुन्छ,
स्वार्थ र पापको मान्छे बनेर मानवता यहाँ रून्छ ।

(**वीरको परिचय र अन्य**...,"मेला" : पृ.१८) ।

मानव-मानवमा भेदभाव गरेर कसैलाई काखा र कसैलाई पाखा गरेको देख्दा कविको हृदय रोएको छ । धरती एउटै भए पनि मान्छेहरूले साँध लगाएर विभाजन गरेको र रगत एउटै भए पनि जात-जातमा विभाजन गरेर हेला हाँचो गरेको कार्यबाट कवितात्मक भाव निराश देखिएका छन् भने अन्तरअभिव्यक्ति मानिसहरूमा समानता ल्याउनु नै रहेको देखिन्छ । यस्तै गरेर मानवहित र काल्याणका लागि कविताहरू यस्तो किसिमले देखापरेका छन् :

तेरो र मेरोको होडमा
ठूलो र सानोको भेदभावमा
तँ छाड् र मछाडको जोडमा
मानवताको हत्या भएको...।

(**वीरको परिचय र अन्य**...,"यस्तै देखें" : पृ.८५) ।

आजको परिवेशमा देखिएको भेदभावपूर्ण स्थितिलाई यस कविताले राम्रोसँग चित्रण गरेको छ । मान्छे-मान्छेबीच मानवताको अवशेष विलीन हुँदै गइरहेको परिस्थितिलाई उजागर गर्दै यस्तो विकराल समस्याको अन्त्यको कामना कविताको अन्तराभिव्यक्तिले दिएको छ ।

उनका कवितामा मानवले मानवमाथि गरेको अनैतिक व्यवहार, अन्याय, अत्याचार, शोषण, दमन नै मुख्य रूपमा मुखरित भएको पाइन्छ । वर्गभेद, जातिभेद, आर्थिक असमानता जस्ता कुराहरू नै मानवताको विरोध साधन भइरहेको कविताको भावात्मक अभिव्यक्ति छ । आफूलाई सर्वश्रेष्ठ ठान्नेहरूले आफूभन्दा निम्न पहुँच भएकाहरूमाथि गरेको अत्याचारलाई कविले साह्रै नै मन पराएका छैनन् । त्यस्तो दुर्व्यवहारबाट मर्माहत हुँदै रोइरहेका मानवप्रति कविताले सहानुभूतिपूर्ण दृष्टिकोण यसरी व्यक्त गरेको छ :

अन्याय र अत्याचारले पीडित
जिउँदो ईश्वर रोइरहेछ
विश्व व्याकुलतामा मान्छेको

निर्मम हत्या भइरहेछ
चारैतिर हेर
मानवता रोइरहेछ ...।

(**अन्तहीन सपना : मेरो विपना**, "मानवता रोइरहेछ" : पृ.१९) ।

कलुषित भावना नभएकाहरूलाई जिउँदो ईश्वर मान्दै त्यस्ता असल व्यक्तिहरूको यो संसारमा ठाउँ छैन भन्ने मार्मिक अभिव्यक्ति कविताले प्रस्तुत गरेको छ । मानवता रोइरहेको देखेर कवि अति नै चिन्तिन बनेर कवितामा यसको उजागरमात्रै गरिदियो भने कतैबाट संरक्षणको लागि पल हुन सक्ने भाव यहाँ अभिव्यञ्जित छ । जस्तै :

एउटा अर्कै नयाँ संसारको सपना देख्दैछु
जहाँ मेरा मान्छेहरूको बाँच्ने अधिकारमा
'हिरोशिमा' र 'नागासाकी' नदोहोरियोस्
मानवताको अदालतमा मान्छेको हत्या नहोस् ।

(**अन्तहीन सपना : मेरो विपना**, "एउटा अभियान" : पृ. २८) ।

कविले यस संसारको व्यवस्थाको विरोध गर्दै एउटा नयाँ संसारको कल्पना गर्दैछन् जहाँ हृदय भएका मान्छेहरूको मात्र अवस्थिति पाइन्छ । हिरोशिमा, नागासाकीको त्रास आज पनि त्यति कै रहेको स्थितिमा पनि सबै चुपचाप बसिरहेको देखेर कवि मावनताको हत्या नहुने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिन्छन् । मानवता शब्दमा मात्र सीमित रहेको देखेपछि कविले अब यसको रक्षाको निम्ति जसरी भए पनि आफू अघि बड्नुपर्ने चिन्तन यसरी प्रकट गर्दछन् :

जब अन्धकार रातको विरोधमा
दिनहरू उठ्नेछन्
मानवताको धातहरूको विरोधमा
...तब ओभ्रेलभित्रका चिसेनी रातहरूले
सूर्य जन्माउने छन्
...मान्छे मान्छेमा व्याप्त हुनेछ
मान्छे देदीव्यमान हुनेछ ।

(**अन्तहीन सपना : मेरो विपना**, "मान्छेदेखि मान्छेसम्म" : पृ.८५) ।

यस कवितांशले मानवताका विरोधीहरूलाई जसरी भए पनि नष्ट गर्नै पर्दछ भन्ने विचार प्रकट गरेको छ । दानवरूपी मानवहरूलाई चेतावनी दिंदै त्यतिबेलामात्र मानवताको साँचो कदर तिमीहरूले गर्नेछौ जतिबेला विरोधका स्वरहरू एउटा नयाँ व्यवस्थाको लागि सूर्य भैँ चम्कन थाल्नेछन् भन्ने क्रान्तिकारी स्वर कवितामा अभिव्यञ्जित छ ।

मान्छेले मान्छेको व्यवहार भुलिसकेको, मान्छेले मान्छेलाई नै चिन्न छाडेको, मान्छे मान्छेजस्तो देखिए तापनि दानवीय प्रवृत्तिमा संलग्न रहेको, एउटा मान्छेले अर्को मान्छेलाई कुमान्छे देखेको जस्ता मानवीय व्यवहारदेखि टाढिएका मान्छेहरूका कार्यहरूलाई कविले कतै सोभ्रो र कतै व्यङ्ग्यात्मक किसिमले अभिव्यक्त गरेका छन् । **म को हुँ** ? मा कवि मानवतावादी सोचलाई देखाउँदै यसरी आफ्ना भावनाहरूलाई प्रस्तुत गर्दछन् :

अन्याय र असत्यको जङ्गलमा
मानवताको हतियारले
दानवताको बुढो रूख काट्दैछु ।
मानवताको विरोधमा अदृश्य दुश्मनहरू
विचारका सडक-सडक भएर आउँदैछन्
आकाशको सूर्यलाई छेक्न ।

(**म को हुँ ?**, "म योद्धा युद्धको" : पृ. ३)।

अन्याय र असत्यको विरोधी कवि यसको नाश गर्न जसरी भए पनि अगाडि बढिसकेको भाव व्यक्त गर्दछन् । कवि मानवताको हतियार संसारभरि फैलाएर दानवताको साम्राज्यवादी प्रपञ्चलाई मास्नुपर्ने आफ्नो चेतनालाई प्रस्फुटित गर्दछन् । अब मानवताको सञ्जाल आकाशमा सूर्यको किरण प्रसारण गरेजस्तै फैलिसकेको र यसलाई जस्तै शक्तिले छेक्न खोजे पनि रोक्न नसक्ने भाव कविको रहेको छ । असत्य नै आफ्नो अस्तित्व कायम राख्न उद्यत रहेको भए तापनि मानवतावादी सोच भएको कवि चेतना सधैँ संसारका सबै विश्वव्यापी मानवसमुदाय हृदयको धरतीभरि मानवताको उज्यालो ज्योति लिएर देखापरेको र मानवताको साम्राज्य स्थापना गर्न प्रयासरत रहेको भावना कवि अभिव्यक्त गर्दछन् । यसरी नै कविभावना मानव समाजमा मानवता कता हो कता अल्मलिएको भाव यसरी व्यक्त गर्दछन् :

मान्छेले निर्माण गरेको यस संसारमा,
मान्छेका जङ्गलहरूमा-
आफैँ अल्मलिएर आफैँमा
तिमीलाई सोधिरहेँ,
तिमीलाई खोजिरहेँ !

(**म को हुँ ?**, “मान्छे तिमीलाई खोज्दैछु” : पृ. ५)।

मानवता मानवीय भावनासँग सम्बन्धित हुन्छ । जब मानिस संसारका हरेक प्राणीमा आफूसमान देख्न थाल्छ तब ऊ आफूमा सौम्य र धीर बन्न थाल्दछ तर यहाँ कविले प्रतीकात्मक तथा कलात्मक किसिमले मानवता मानिसबीचमा हराएको विचार प्रकट गरेका छन् । मानिस मानवताविहीन रहेको ‘तिमीलाई खोजिरहेँ, मान्छेका जङ्गलमा’जस्ता उक्तिले कविको कवितात्मक अभिव्यक्तिलाई अझ प्रश्रय दिएको छ । हामी संसारका कुनाकुनामा हामीबाटै शोषित र पीडित छौँ भन्दै कवि यहाँ यसरी देखापरेका छन् :

मान्छेको रूप-रंग र
मान्छेको जात लिएर आएका छौँ ;
तर यही संसारमा
हामी मान्छेबाटै जन्म भएको
हामी जस्तै केही मान्छेहरूले
हामी जस्तै धेरै मान्छेहरूलाई
मान्छेबाट अमान्छे बनाएका छन् ।

( **म को हुँ ?**, “हामी पनि मान्छे” : पृ. १८)।

कविको यहाँ असन्तुष्टि रहेको छ । आफूजस्तै आकार र प्रकार रहेका मान्छेको मखुन्डो लाएका दानवीय प्रवृत्तिमा व्यस्त कुभावनाले ग्रस्त मान्छेहरूले पशुवत् आचरण गरिरहेको कविको आक्रोश रहेको छ । यो आक्रोश कविको व्यक्तिगत भन्न नमिल्दो छ किनभने विश्वमा विभिन्न तरिकाले सोझासाझा जनतालाई विज्ञ भनाउँदाहरूले फकाईफुल्याई लुटिरहेको हामीले प्रत्यक्ष देखेका छौँ । त्यसैले प्रस्तुत हरफहरूले विश्वव्यापी मानवताको ठाडो उल्लङ्घनप्रति अत्यन्त दु:खदायी आक्रोश व्यक्त गरेको छ । मानिस मानिसकै आडमा रहेको हुन्छ, यदि मानिसमानिसमा विश्वास रहेन भने त्योभन्दा दयालाग्दो स्थिति देखापर्न सक्दैन भन्दै कवि फेरि यसरी भावुक बन्दछन् :

आकाश र बादल, वायु, जल-थल
र एउटै पृथ्वीबासी मान्छे
वास्तवमा कति नजीक छन्
प्रकृतिले मान्छेलाई
एउटा साँचोमा निर्माण गरेका छन् ;

जीवन र मृत्यु नियमबद्ध,
मान्छेको साइनो छ-कति आबद्ध ।
(**म को हुँ ?**, "दूरत्व तिम्रो र मेरो" : पृ. २१)।

कविले यहाँ प्राकृतिक नियमको नियमिततासँग मान्छेलाई हेर्न चाहेको देखिन्छ । मानिस जसरी मानिसकै सम्पूरक रहेको हुन्छ, त्यसरी नै आकाश, बादल, वायु, जलथल आदि प्रकृति स्वयम्को सृष्टि मानिसमा रङ र मासुसरह अत्यन्त घनिष्टताका साथ आबद्ध रहेको हुन्छ । यी प्राकृतिक सम्पदामध्येमा कुनै एकको उपभोग गर्न पाएन भने मानिस अपाङ्गसरह हुन्छ । त्यसैले प्रकृति र मानिस आपसमा परिपूरक हुन् भन्दै त्यसमा पनि प्रकृतिको एउटै सृष्टि मान्छेमान्छेमा किन यस्तो असमानता रहेको होला, मानिस एकअर्कामा किन खिचातानी गरिरहेका होलान्, आखिर हामी सबै प्राकृतिक नियमकै साँचोमा जन्म-मृत्यु र कर्मलाई वरण गरिरहेका हुन्छौं भन्ने विचार मानिस र प्रकृतिको घनिष्टताबाट कवि प्रस्तुत गर्दछन् ।

यसरी पवन चामलिङ 'किरण'को यस कवितासङ्ग्रहमा मावनतावादी स्वरहरू जतातत‍ै देखापरेका छन् । मान्छेले मान्छेलाई कहिले पनि थिचोमिचो गर्नु हुँदैन । सबै मानिसहरू एकै भएका कारणले त्यसको स्थापना गर्न हामी दृढ सङ्कल्पित हुनुपर्ने भाव कविताबाट प्रकट भएको छ ।

## २. राजनीतिक चिन्तन

पवन चामलिङले राजनीतिलाई पनि कविताको विषय बनाएका छन् । मूलतः उनको कार्यक्षेत्र राजनीति नै भएकाले पनि साहित्यमा यसको गन्ध आउनु स्वाभाविक मान्नुपर्ने हुन्छ । नेतृत्व तहमा पुगेका वर्गमाथि कविताहरूले साह्रै नै असन्तुष्टि व्यक्त गरेका छन् । गरिब जनताहरूबाट मत पाएर देशहितको निम्ति अगाडि बढेका नेताहरूले अगाडिका सबै वाचाहरू सम्भ‍ेर विकास गर्नको सट्टा कुर्सी मोहमा रमाई रहेका जमातप्रति कविताहरू विशेष आक्रोशित देखिन्छन् । जस्तै :

आफ्नो सुख मात्रै हेर्ने हो कि
जनताको दुःख पनि हेर्ने हो ?
गाडी-बिल्डिङ मात्रै किन्ने हो कि
देशको उन्नति पनि गर्ने हो ?
आशा मात्रै देखाउने हो कि
काम पनि गरेर देखाउने हो ?
(**वीरको परिचय र अन्य**...,"एउटा प्रश्न" : पृ.२८) ।

उक्त कविताले राजनीति गर्ने नेताहरूको भ्रष्ट व्यवहारलाई देखाएको छ । केवल आफ्नो मात्रै स्वार्थसिद्ध गर्न तल्लीन नेताहरूलाई उक्त कवितांशले प्रश्न गरेको छ । गरिब खटिखाने जनताले देश विकासको निम्ति पदमा पुऱ्याउने तर तिनीहरू भने कहिले पनि विकासको कार्यमा अग्रसर नहुने व्यवहारबाट आक्रोशित कवि कवितामा पनि ठाडो भाषाको प्रयोग गर्दछन् । त्यसरी नै देशलाई बर्बादीको दिशातिर हुत्याई रहेका भ्रष्ट नेताहरूलाई कवि यसो भन्छन् :

ए पुर्खाका वीरत्वलाई दन्त्यकथा सम्भ‍ने कायरहरू !
ए आफ्नै आमाको छातीमा भाला रोप्ने वीरहरू !
ए आफ्नै खूनलाई पानी सम्भ‍ी पिउने पियकडहरू !
ए आफ्नै इतिहासलाई कुल्चने अन्यायीहरू !
ए दासत्वको महल सजाउने यस्ता खूनहरू !
(**वीरको परिचय र अन्य**...,"उल्टो पटल : नौलो रङ्ग" :पृ.५९) ।

यहाँ कविको आक्रोश प्रकट भएको छ। राष्ट्रलाई अधोगति लगाउने कायर र गतिछाडा मानिसहरूलाई क्रुर गाली गर्ने क्रममा नै कविताको विषय समाहित भइसकेको देखिन्छ। देशलाई कहिले पनि आफ्नो नसम्झिने, आफ्नै देशका मानिसहरूसँग जहिले पनि झगडा गर्ने, आफू जहिले पनि उच्चस्थानमा बसेर अरूलाई दास बनाउन चाहने निर्लज्ज नेता भनाउँदालाई उक्त अंशले साह्रै चस्का पस्ने गरी भनेको छ जबकि उनीहरू सुध्रिन सकुन्।

पवन चामलिङका कवितामा तीव्र राजनीतिक चेतना पाउन सकिन्छ। राष्ट्रलाई माया नगर्ने, आफ्नोमात्रै हुँदोगर्ने, जनताको हकहितको कुरै नसुन्ने व्यक्तिसँग उनको विरोध छ। त्यस्ता राजनीतिक नेतालाई कविले कविताबाट उछित्तो काडेका छन्। जनहितको लागि सत्तामा जाने र भ्रष्टाचार गरेर बदनाम हुने गरेका घटनालाई पनि कविताहरूले समेटेका छन्। आफ्नो स्वार्थ सिद्धिको लागि सडकमा नारा लगाउनलाई जनता उतार्ने तर पछि अभीष्ट पूरा गरेर गन्दै नगन्ने नेताहरूलाई कविताले यसरी गाली गरेको छ :

खै त ! यी वस्तीका झोपडीहरूमा
समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरू
र अब त मलाई लाग्छ यी योजनाका कुराहरू
यी क्रान्ति, जुलूसका आवाजहरू
स्थार्थी मान्छेका प्रलोभनमात्र हुन्।

(**अन्तहीन सपना : मेरो विपना,** “आरम्भ नयाँ बाटोको” : पृ.५९)।

अबको नयाँ व्यवस्थाले बस्तीका झोपडीहरूमा विशेष ध्यान दिने भन्दै आशा देखाएर क्रान्तिको लागि आह्वान गर्ने नेताहरूले त्यस आश्वासनको विपरीत कार्य गरेका कारणले स्वार्थी प्रवृत्तिले युक्त मानिसहरूलाई कविताले आक्रोश पोखेको छ। जनहितलाई थाँती राखेर भ्रष्ट कार्य गर्न अग्रसर समूहलाई कविले नीच दृष्टिले हेरेको पाइन्छ। सत्ताको लागि मरिहत्ते गर्ने र पुगेपछि पनि कुर्सीलाई सर्वस्व ठानेर अन्धासरह बस्ने सत्ताभोगीलाई कविले कविताका भाषामा यसो भनेका छन् :

मेरोमा दया, माया नामको केही वस्तु छैन
मेरोमा मानवता नामको कुनै वस्तु छैन
मेरो केवल सुरसाको जस्तो मुख छ
म शक्ति-सम्पन्न सत्ता हुँ।

(**अन्तहीन सपना : मेरो विपना**, “सत्ता” : पृ.४८)।

कविले सत्तामा पुगेर उन्मत भई उन्माद प्रदर्शन गर्ने समूहप्रति यो कविता लक्षित गरेका छन्। न्याय-अन्याय, पाप-धर्म र राम्रो-नराम्रो केहीमा ध्यान नदिने सत्ताभोगीले कहिले पनि देश अनुकूल कार्य गर्न नसक्ने भाव पनि यसले व्यक्त गरेको छ। नेताहरूलाई व्यङ्ग्यमात्र नगरेर उनीहरूले जनता छक्याउने गरेको कुटिल व्यवहार, भोट फकाउन दिएको खोक्रो आश्वासन, जनतालाई भ्रममा राख्न जप्ने गरेका क्रान्तिका नाराहरू सबै भ्रष्ट प्रवृत्ति भएका देशद्रोहीहरूको स्वार्थी कार्य हो भन्दै क्रान्तिकारी आक्रोश कवितामा प्रकट भएको छ। राजनीतिमा दिएको खोक्रो नारा आज अस्तित्वहीन भएको कुरालाई **क्रान्ति** कवितामा यसरी व्यक्त गरेका छन् :

क्रान्ति आसन र भाषणहरूमा
कासन खाएर युग-युगदेखि रोएको छ
क्रान्ति त हुने खाने ठगहरूले
गरिबलाई झुक्याउने र फकाउने
नारामात्र भएको छ।

(**अन्तहीन सपना : मेरो विपना**, “क्रान्ति” : पृ.९०)।

'मालिक र कुकुर' कवितामा कविले राजनीतिक व्यथालाई उल्लेख गरेका छन् । शक्तिका आडमा माथि पुगेकाहरूलाई शक्तिहीन भएका बेला तिमीहरू यस्तो हुन्छौ भन्ने भावमा कविता यसरी देखापर्छ :

जब त्यो मालिकको कुकुर,<br>
मालिकको काँधदेखि भुइँमा झर्छ<br>
अरू कुकुरले भुक्न थाल्छन्,<br>
खेद्न र टोक्न थाल्छन्,<br>
त्यतिबेला मालिक<br>
महलभित्र पसिसकेको हुन्छ,<br>
त्यो विचारा मालिकको कुकुर, एक्लै हुन्छ ।<br>
( **म को हुँ ?**, "मालिक र कुकुर": पृ. १६) ।

उपर्युक्त हरफहरूमा 'मालिक' सत्ता सञ्चालकका रूपमा देखापरेको छ । मान्छे त्यसै ठूलो हुँदैन । उसलाई कुनै न कुनै शक्तिले सहायता गर्नुपर्छ । जब शक्तिले उसलाई साथ दिन्छ तब ऊ सबैका सामु मालिक झैँ देखापर्छ । यसरी मालिक झैँ देखापरेको बेला कहिले पनि कसैले मालिक नै सम्झनु हुँदैन किनभने त्यो सत्तामात्र मालिक हुन सक्छ र त्यसमा आसीन जनता कहिले पनि मालिक हुन सक्दैन । आफू सत्तामा पुगेका बेला सर्वसाधारणलाई घृणित र तुच्छ सम्झिए त्यो अवश्य पतन हुन्छ, त्यसबेला ऊ सामान्य नागरिकसरह पनि जीउन नसक्ने स्थितिमा पुग्छ । यस्तै भावलाई कविले कुकुर र मालिकको संज्ञा दिई सत्तासीन व्यक्ति र सत्ताको व्यङ्ग्यात्मक ढङ्गबाट व्याख्या गरेका छन् । यसमा पनि कुकुरको एक्लोपनलाई देखाइएको छ । जसरी संसारभरका सामन्ती सत्ताहरू एक्लिएको उदाहरण हामीमा ज्वलन्त रहेको छ ।

यसरी नै सत्तालिप्सामा परेका राजनैतिक हस्तीहरूको कुव्यवहारलाई कवि यसरी देखाउँछन् :

हाम्रो अज्ञानता र कमजोरीको<br>
फायदा उठाएर,<br>
हामीलाई ठगेका छन्,<br>
हामीमाथि चढेर शासन र आसन<br>
जमाएका छन्, तर,<br>
हामी चुपचाप शोषित छौँ !<br>
हामी चुपचाप शासित छौँ ...।<br>
( **म को हुँ ?**, "हामी पनि मान्छे ?" : पृ. १८) ।

सर्वसाधारण जनताको अज्ञानतालाई मध्यनजर गर्दै राजनैतिक ठेकेदारहरूले फाइदा उठाएकोमा कवि अत्यन्त क्रोधित भएर देखापरेका छन् । विभिन्न किसिमका विश्वसिद्धान्त, विश्व विकास, असङ्ख्य आश्वासनबाट जनतालाई आफूमा ल्याएर फेरि यिनीहरू जनतालाई नै घोडासरह दलिरहेका छन् । आफ्ना आसनका बलमा शासन जमाउन आतुर ठग नेताहरूको गिद्धे व्यवहारप्रति किरण अत्यन्तै मार्मिक बनेका देखिन्छन् । यसरी शोषणमा परेका जनतालाई झक्झक्याउन र सचेत भएर रहन कवि खबरदारीका साथ आफ्नो भाव अत्यन्त सजकतापूर्ण कवितामा पोख्न रुचाएका देखिन्छन् ।

जनतालाई तुच्छ ठान्नेहरूप्रति कवि फरि **दूरत्व : तिम्रो र मेरो** कवितामा यसरी देखापर्दछन् :

एकार्कामाथि आसक्त छन् मान्छेहरू-

शासन गर्न !
मान्छेको शाश्वत नातालाई
मान्छेले आफ्नो मतलबमा परिणत गरिसके !
यसरी...
आफ्नो मतलबको सिंहासनमा
मान्छेहरू एक्लै बाँचिरहेका छन् ।

( **म को हुँ ?**, “दूरत्व : तिम्रो र मेरो” : पृ. २२) ।

राजनीतिले मान्छेलाई स्वार्थी बनाउँछ र आफ्नो स्वार्थको गोरेटोमात्र चिनाउँछ । यसरी नै मानवीय नातालाई भुलेर मतलबको राजनीति चलाउन, स्वार्थको सिंहासनमा आसीन हुन र एकले अर्कालाई शासन र शोषण गर्ने नेताहरू आशक्त छन् भन्ने कविको धारणा पाइन्छ । राजनीतिले देशको सीमाको नाममा र धर्मको नाममा मानवीय भावनाका बीच बडा-बडा पहाड खडा गरेको छ र मान्छेको रगत चुसेर शासक र शोषक बनेको छ भन्छन् कवि चामलिङ ।

यसरी नै संसारमा राजनीतिको आड लिएर आफ्नो राक्षसी प्रवृत्ति दर्साइरहेको सामन्तीहरूलाई कवि यसरी चेतावनी दिन्छन् :

सुतेको मान्छेको विचारलाई;
हनन् भएको मान्छेको अधिकारलाई
तड्पेको मानवतालाई;
ब्यूँझाउन, उठाउन, जगाउन
एक होइन,
अब यस धरतीमा
लाखौं, करोडौं भाले बास्नेछन् ।

(**म को हुँ ?**, “रातो भाले युग-युग बास्छ” : पृ.२९) ।

राजनीतिको आड लिएर राजनेताले विभिन्न प्रकारका अमानवीय व्यवहार गरिरहेका हुन्छन् । आफ्नो स्वार्थका लागि अरूको अधिकार हनन भएको उनीहरूलाई वास्ता हुँदैन । आफ्नो सामन्ती प्रवृत्तिको सक्कल रूप प्रदर्शन गर्न र हतभोगी जनतामाथि ताण्डवलीला मचाउन जहिले पनि साम्राज्यवादी दानवरूपी मानवहरू आतुर रहन्छन् तर जब जनसमुदायमा चेतनाको पुञ्ज विस्तारविस्तार मौलाउन थाल्छ तब ती सामन्तीका विरुद्ध आवाज उठ्न थाल्छ । बिहानीको खुशीयालीमा तथा रातको अन्त्यको लागि आफ्नो पखेटा फट्फटाउँदै बाँस्ने भालेजस्तै कैयौं शताब्दीदेखि अन्धकारमा बस्न विवश जनताहरू आफ्नो हक, अधिकार, न्याय आदिलाई ब्युँझाउन, उठाउन अब राजनीतिको आडमा जनताका रगत चुस्नेहरूका विरुद्ध सर्वत्र निस्किसकेको कुरा कवि भालेको सहायताद्वारा व्यक्त गर्दछन् । अब यिनीहरूका विरुद्ध जनता यसरी निस्कने छन्; जबसम्म यिनीहरूको अन्त्येष्टि हुँदैन ।

## ३. प्रगतिवादी–क्रान्तिकारी चिन्तन

पवन चामलिङ ‘किरण’का कविताहरूमा प्रगतिवादी चिन्तन मुखरित भएको देखिन्छ । कतै तीव्र असन्तोषका कारण कविताहरू क्रान्तिकारी विचार व्यक्त गर्न पनि पछि परेका छैनन् । आफ्नो विचार र भावनालाई कसैले वास्ता गरेन भने त्यसको विरुद्धमा जसरी भए पनि प्रगतिको पथ स्थापना गर्न जोडतोडले लाग्नुपर्छ भन्ने कुरालाई कविताको भाषा र प्रस्तुतिको शैलीले जनाएको छ। संसारमा देखिएका असमान परिवेशबाट तीव्र असन्तोष व्यक्त भएको निम्न कवितांशलाई हेरौं :

मलाई लाग्छ
यो संसार पल्टाइदिऊँ

ताकि
धारतीको छाती टेक्न आउने
काला पाउहरू पुरिऊन्, थिचिऊन्
र लाग्छ कि......
धरती केवल एउटै, एउटै होस ।
(**वीरको परिचय र अन्य**...,"यस्तै लाग्छ" : पृ.३२) ।

यहाँ कविको आक्रोश छ संसारको वेथीतिप्रति । संसारलाई ध्वस्त पार्न उद्यत समूहलाई जरैसँग मास्नुपर्ने र एउटा नयाँ सुव्यवस्था व्यवस्था कायम गर्नुपर्ने र सबै एक भएर बाँच्नुपर्ने इच्छाले कवि हृदय आकुल व्याकुल बनेको देखिन्छ । यस्तै चिन्तनले ओतप्रोत कवितालाई हेरौं :

शोषणलाई खरानी बनाई
गरिबीको बन्धन तोडी
प्रेमै प्रेममा संसार सजाई
हिंसा ईर्ष्या छोडी
सबले पसीना यहाँ लगाई
धरतीमा फूल फूलाऔं
(**वीरको परिचय र अन्य**...,"पुकार" : पृ.३५) ।

गरिब-धनीको पर्खाललाई तोडेर यस धरतीमा समान व्यवस्था कायम गर्नु र हिंसा ईर्ष्या आदि सबै कुरालाई त्यागेर सेवाको भावना जागृत गराउनु कविले आफ्नो कर्तव्य सम्झिएका छन् । सबैलाई शान्ति मिल्ने व्यवस्था कायम गर्न पहिला सर्वहारा वर्गको जीवनस्तर उकास्नैपर्छ भन्ने निष्कर्ष नै उक्त अंशको आशय देखिन्छ । कविताका पङ्क्तिहरू कोहीकोहीबेला आक्रोशित बन्दै क्रान्तिकारी चेत पनि प्रकट गर्दछन् । जस्तै :

ए किसान मजदूर हो !
ए खटिखाने हली कोदाले हो !
सुन है सुन चारैतिर...
...हामी त केवल सवारी हौँ
हामी जस्तै एक
हामी जस्ता हजारौँ, लाखौं, करोडौं माथि सवार छन्
हामी चुपचाप खटिएका छौँ ।
(**वीरको परिचय र अन्य**...,"विपनाको गीत" : पृ.९२) ।

उग्र कान्तिकारी चिन्तन प्रकट भएको यस कविताले किसान र मजदूरलाई चेतना दिँदै अब यसरी क्रुर शाषकको पछि-पछिमात्र लाग्नको सट्टा उनीहरूले आफूमाथि गरेका अन्याय अत्याचारको विरोध गर्नुपर्छ । हामीलाई कैयन वर्षदेखि दबावमा राखेर एक मुठी शासकहरू मोज गरिरहेकाले सत्यतथ्य पत्ता लगाउँदै अब पसीना र खुनको बदला लिनुपर्छ भन्ने मार्क्सवादी अवधारणा यहाँ प्रकट भएको छ । गरिबवादी बनेर देखिएका कविताहरूले यदि समाज र देश अथवा संसारको तीव्र विकास गर्ने हो भने पहिला निम्नवर्गीय जनताको भलाइको काम गर्नुपर्ने, तिनीहरूको जीवनस्तर उकास्नुपर्ने तबमात्र सम्पूर्ण क्षेत्रको विकासको ढोका खोलिन थाल्छ भन्ने प्रगतिवादी मान्यतालाई आत्मसात गरेका छन् । देश विकासको लागि पहिला ग्रामीण स्तरका जनताहरूको विकास गर्नुपर्ने तबमात्र उच्चवर्गलाई स्थान दिनुपर्ने चिन्तनले यस सङ्ग्रहका कतिपय कविताहरू सिर्जित छन् । भोका, नाङ्गा, दलित, उत्पीडित वर्गको लागि कसैले पनि ध्यान नदिएका कारण कतै कवि रूष्ट पनि बनेका छन् । कविले सर्वहारा वर्गलाई सामन्तीहरूले गरेको शोषण र अन्यायमाथि तीव्र व्यङ्ग्य तथा विद्रोह प्रदर्शन गर्दै शोषित-पीडितहरूलाई समान्तवादी समाजव्यवस्थाबाट मुक्त गरी नयाँ संसार सिर्जना गर्ने अभिलाषा व्यक्त गरेका

छन् । अन्याय र अत्याचारलाई विरोध गर्दै नयाँ व्यवस्था कायम गर्नुपर्नेमा कविता यसरी देखापरेको छ :

आऊ, यो जीवनलाई एउटा नयाँ व्यवस्थामा सिँगारौं
आऊ, हामी सबै एउटा भाकामा एउटा नयाँ गीत गाऊँ ।
अब उठ निर्माणको प्रबलता बोकेर
अब ब्यूँझ कुण्ठागस्त काला रातहरू त्यागेर ।

(**अन्तहीन सपना : मेरो विपना,** "आदमखोरका बोटहरू उखेल्नु परेको छ", पृ.४४) ।

यहाँ कविको क्रान्तिकारी आक्रोश व्यक्त भएको छ । सामन्ती राज्यसत्तालाई सदाको लागि विदा गरेर गरिबवर्गीय अथवा सर्वहारा पक्षीय जनताको हितमा नयाँ व्यवस्था कायम गर्नतिर लाग्नुपर्ने कविताको आह्वान छ । अब ती पुराना व्यवस्थाले उब्जाएका घाउहरूलाई मलम लगाएर काला रातहरूको विरोधमा उठ्न र नयाँ आवाजहरूमा गीत गाउन कविताका शब्दहरूले भावक/पाठकलाई अनुरोध गरेका छन् । यसरी नै आफ्नो भावनालाई दार्शनिक दृष्टिकोणबाट नियाल्दै कवितात्मक सिर्जनामा कविले यसो भनेका छन् :

मनुष्यता र मानवाकाङ्क्षाका लागि
अभियानका गीतहरू गुञ्जाउँदै
वर्गभेदका भयावह दूरत्वलाई मेटाउँदै
मेरो गति, मेरो पाइलाको गति
अथक बढ्दै जानेछ ।

(**अन्तहीन सपना : मेरो विपना**, "यस भेकका उकुसमुकुस र स्थिति" : पृ.९९) ।

कविले यहाँ आफूले प्राप्त गरेको सफलताको अनुभूति प्रकट गरेका छन् । मार्क्सवादी दृष्टिकोणमा जसरी वर्गभेदलाई मेटाउने विचार प्रकट गरिएको छ त्यसरी नै कविले कवितामा पनि विचार प्रकट गरेका छन् । यस दृष्टिबाट कविको पाइला समाजमा निम्नवर्गीय जनताबाट अगाडि बढेको देखिन्छ । यस्तै मार्क्सवाद कै साम्यवादी अवधारणामा आधारित कविताको पङ्क्तिलाई  हेरौं :

भू-भागको सम्पूर्णतामा
अत्यन्त रमाहटपूर्ण स्थिति व्याप्त हुनेछ
'तेरो', 'मेरो' 'उसको', 'फलानो'
सबै साम्य हुनेछ
मान्छेहरू, बस मान्छेहरू सबै सबै
समानाधिकारको साझा संसारमा
सुख र शान्तिसँग जीवन उपभोग गर्नेछन् ।

(**अन्तहीन सपना : मेरो विपना**, "भोलिको प्रसङ्ग : म अनि मान्छे" : पृ. ४३) ।

यस कविताको पङ्क्तिहरूमा साम्यवादी अवधारणा प्रस्ट देखिएको छ । आजको भेदभावपूर्ण व्यवस्था विस्तार-विस्तार भेदभाव रहित हुनेछ  र मानिस केवल मानिसमात्र बन्ने छन् भन्ने विचारबाट कविताको दृष्टि समाजको साम्यवादी व्यवस्थामा केन्द्रित देखिन्छ । यसरी पवन चामलिङका कविताहरूमा प्रगतिवादी-क्रान्तिकारी चिन्तन अत्यन्त सफल किसिमले प्रयोग भएको छ । कविताहरूमा विसङ्गतिपूर्ण चिन्तन पाइए पनि त्यहाँभित्र प्रगतिको उद्घोष सल्बलाएको पाइन्छ । कविता स्वच्छन्द विचरण गर्न उद्यत रहे पनि समष्टिमा समेटिएर, उन्नति र प्रगतिको विचार प्रस्तुत गर्न पछि परेको छैन । जसरी भए पनि उन्नति हेर्न चाहने कवि यसरी आफ्नो भाव प्रस्तुत गर्दछन् :

अन्धकारको विरोधमा एक मुट्ठी उज्यालो
भाइचारामा फैलिएको हातभरि समाएर

अन्याय र असत्यको जङ्गलमा,
मानवताको हतियारले
दानवताको बुढो रूख काट्दैछु ।

(**म को हुँ ?**, "म योद्धा युद्धको" : पृ.२१) ।

मानिस व्यक्तिगत स्वार्थमा तल्लीन रहन्छ; त्यो स्वभाविक पनि हो तर सामाजिक सम्पत्तिमाथि चिन्तित हुने व्यक्ति पाउन गाह्रै पर्ला । उक्त हरफहरू सामाजिक चिन्तामा चिन्तित रहेका छन् । समाजमा रहेका अन्याय र असत्यहरूलाई सखाप पार्दै न्याय र सत्यताको स्थापना गर्न तल्लीन रहेको कुरा कविको उक्त कवितात्मक भावले स्पष्ट पारेका छन् । आफ्नो प्राण नै समर्पण गर्दै समाजको उन्नति र प्रगतिमा लागेको क्रान्तिकारी अभिव्यक्ति प्रकट भएको छ । कैयन वर्षदेखि आफू यही अन्यायको विरोधमा लडिरहेको र कतिपय दानवरूपी सामाजिक अपराधीहरूलाई परास्त गरिसकेको भाव स्पष्ट अभिव्यक्त भएको छ । त्यसरी नै कवि फेरि यसो भन्छन् :

मानवताको विरोधमा अदृश्य दुश्मनहरू
विचारका सडक-सडक भएर आउँदैछन्
आकाशको सूर्यलाई छेक्न;
र सम्पूर्ण अन्धकारको साम्राज्य स्थापना गर्न ।
युद्ध भूमिको योद्धा म !
हृदयको धरतीभरि
एक हूल उज्यालो प्रकाशको पल्टन
विचारको आकाश भएर आउँदैछ मसँग
अन्धकारको विरोधमा
अन्तिम युद्ध लड्न .... ।

(**म को हुँ ?**, "म योद्धा युद्धको" : पृ. २१) ।

कवि समानताको, भाइचाराको, विकासको पक्षमा अगाडि बढिरहँदा आफूमाथि विभिन्न प्रकारका अवरोध खडा गर्न मानवताविरोधी तत्त्वहरू अरिङ्गालको गोला झैँ खनिन थालेको अभिव्यक्ति यहाँ पाउन सकिन्छ । यो युद्धमा कोही बाधक देखिनु र यसलाई परास्त गर्न खोज्नु आकाशको सूर्यलाई छेक्न खोज्नुसरहमात्र हो भन्ने कविको क्रान्तिकारी अभिव्यक्ति स्पष्ट देखापरेको छ । देशलाई शेष पारेर भेष फेर्न चाहने सामाजिक भ्रष्टहरूका विरुद्ध आफू युद्ध गरिरहँदा उसलाई सघाउन र राष्ट्रमा सकारात्मक परिवर्तनको स्थापना गर्न उद्वेलित हुँदै चेतनायुक्त योद्धाहरू वैचारिक समर्थनस्वरूप चारैतिरबाट समेटिन थालेको कविको कवितात्मक अभिव्यक्ति छ । त्यस्तै :

हाम्रै अज्ञानता र कमजोरीको
फायदा उठाएर,
हामीलाई ठगेका छन्,
हामीमाथि चढेर शासन र आसन
जमाएका छन्, तर
हामी चुपचाप शोषित छौँ ।
हामी चुपचाप शासित छौँ ।

(**म को हुँ ?**, "हामी पनि मान्छे" : पृ. ४१) ।

यहाँ कविको क्रान्तिकारी भाव प्रकट भएको छ । आफ्नो स्वार्थको लागि अरूलाई आफ्नो स्वार्थपूर्तिमा हुल्न तल्लीन छद्म भेषीहरूप्रति अत्यन्तै क्रोधी भएका छन् । जनता सोझा छन्

भनेर तिनीहरूमाथि रजाइ गरिरहेका नेता भनाउँदालाई कविले यो ठाडो झटारो हानेका छन् । पहिलापहिला जमिनदार, त्यसपछि पुँजीपति, त्यसपछि सत्ताशक्ति हुँदै अहिले यी कुख्यात कुर्सीभोगीहरूले जनतालाई टाउकामा टेकेको देखेर कवि अत्यन्त मर्माहत बनेका छन् । त्यसो भए पनि निमुखा जनताहरू जयजयकार गर्दै उनीहरूकै पछि नलागे धरै छैन, यो कस्तो विवश परिस्थिति हो, यो कस्तो बाध्यात्मक व्यवस्था हो भन्ने कविको क्रान्तिकारी उद्गार प्रस्तुत भएको छ ।

यसै गरी 'रातको मृत्यु' कवितामा कवि भन्छन् :

त्यो कालो रात अब ढल्नेछ
लुते कुकुरको छाउरोलाई
ठिहीमा कठ्याङ्ग्राएर मार्ने पापी
अन्धकार रातको मृत्यु हुने छ,
अनि मात्र बिहान हुने छ -
उज्यालो र घमाइलो बिहान
जहाँ कुकुर र कुकुरका छाउराहरू
कठ्याङ्ग्रिएर मर्ने छैनन् ।

(**म को हुँ ?**, "रातको मृत्यु" : पृ. ५९) ।

हुनत कविता स्वयम्मा पूर्ण हुन्छ । एउटा कविता पूर्ण हुनलाई अर्को कविताको सहायता लिइरहनु पर्दैन तर कवि किरणको कवितामा क्रमबद्धता देखापरेको छ । 'रातो भाले युग-युग बास्छ' मा राता भालेहरूले क्रान्ति गरेको देखाइएको छ भने प्रस्तुत 'रातको मृत्यु' मा क्रान्ति गर्दै सफलता नजिक पुगेको भाव प्रस्तुत भएको छ । दुवै कविताहरू प्रगतिवादी-क्रान्तिकारी देखापरेका छन् । समाजमा प्रगति गर्नुपर्छ भन्ने सङ्घर्षको खाँचो छ, जुन सङ्घर्षले सामन्ती साम्राज्यको अवशेष समेत बाँकी नराखोस् तथा जुन सङ्घर्षले गरिब, सर्वहारा वर्गको उत्थानमा योगदान पुऱ्याओस् । यहाँ कविले कालो रातलाई प्रयोग गरेर समाजको प्रतिबिम्ब उतार्न खोजेका छन् भने त्यहाँ कठ्याङ्ग्रिएको कुकुरको प्रयोग गरेर निम्नवर्गीय, निमुखा जनताको बाध्यतालाई देखाउन चाहेका छन् । जब जनतामा चेतनाको विकास हुन थाल्छ, तब उनीहरू जुर्मराउँछन् । फलस्वरूप समाजले परिवर्तनको दिशा समात्छ ।

यसरी गरिब विकासमा जुटेका कवि चामलिङ र तिनका कविता जतैबाट पनि समाजको परिदृश्यमा तल्लीन देखिएका छन् । चिन्तन र मनन सधैं नै निम्नवर्गीय पक्षमाथि राख्ने कवि कवितामा मानवतावादी, विसङ्गतिवादी आदि जुनै पक्ष देखापरे तापनि निष्कर्षले समाज उन्नतिको पक्ष लिएको देखिन्छ । समाजमा बाँचेर, समाजलाई भोगेर समाजहितको पक्षमा नलाग्ने, उल्टै सामाजिक उन्नतिमा बाधक देखिने सामन्तीहरूविरुद्ध आगो भएर सल्कनुपर्ने कवितामा क्रान्तिकारी चेतना पनि उर्लिएको देखिन्छ ।

## ४. अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन

पवन चामलिङका कतिपय कविताहरू निराश देखिएका छन् भने कतिपयमा युवाजोश र जाँगरको झरझराउँदो अभिव्यक्ति पाइन्छ । सङ्घर्षका पाइलाहरू चाल्दै जाँदा देखिएका मनोभावहरू कवितामा स्पष्ट देखिएका छन् । हामीहरूले गरेका कार्यहरूमा केही कष्ट पर्दा त्यसबाट विमुख हुनको सट्टा त्यसलाई सँगालेर लानुपर्ने विचारलाई कविताको यसरी भावान्वित गरेको छ :

ए मान्छे किन भन्छौ ?
अलिकता कर्तव्य गर्दै
गलि सकें, थाकिसकें

जबकि कर्तव्यभित्र नै छ
तिम्रो अस्तित्वको पहिचान

(**वीरको परिचय र अन्य**...,"मान्छे अनि कर्तव्य" : पृ.२७) ।

यहाँ मान्छेले केही गर्नुपर्छ र मात्र आफ्नो जीवनको सार्थकता हुन्छ भन्ने भाव प्रकट भएको छ । जीवनभर नै नयाँ कार्य गर्न जो केही पनि तल्लीन रहनुपर्छ त्यसैले कोही पनि अलिकति ठक्कर लाग्यो भन्दैमा निराश बनिनु हुँदैन । त्यसको सट्टा अझ प्रखर बनेर संसारमा निस्कन सक्नुपर्छ भन्ने अस्तित्ववादी सोच कवितामा प्रकट भएको छ । यसरी अस्तित्वको लडाइ गरिरहेको कवि हृदय कोहीबेला निराश अभिव्यक्ति दिँदै संसारप्रति उदास पनि देखिन पुगेका छन् । कति कार्य गर्दा पनि भने जस्तो भएन भने जसलाई पनि यस्तो उदाशीनता आउनु स्वाभाविक मान्नुपर्ने हुन्छ । जस्तै :

जिन्दगीको सराप लागेर
बेस्याहार छन् मेरा कथाहरू
एउटा खोक्रो संसार सजाएर
मैले स्वत्व हराइसकेँ आज
मैले मलाई नै निलिसकेँ आज
मैले आफ्नै अस्तित्व बिर्सिसकें आज ।

(**वीरको परिचय र अन्य**...,"म" : पृ.४०) ।

उक्त कवितांशमा निराशा छ, पीडा छ र व्यथा पनि आफूले जुन कार्य गरिरहेको हुन्छ त्यहाँ अनन्त सपना हुन्छ र सफलताभित्रको खुसी पनि तर त्यस किसिमको आशामा बादल लागि दिएपछि जसलाई पनि न्यास्रो लाग्ने त भयो नै । त्यही स्थिति कविताका उक्त अंशहरूले प्रकट गरेका छन् । संसारमा विपरीत धर्मी वस्तुहरू सबैका हुन्छन् भने जस्तै निराशाभित्र पनि आशा र अस्तित्व हुन्छ । त्यसैमा यो कविताशं पनि परेको छ जसलाई हेरौँ :

कष्ट व्यथासँग सङ्घर्ष गर्दै भए पनि
आँसु पिउँदै भए पनि
नीच पापी दानवसँग लड्दै भए पनि
शूलै शूलले सजेको यो जगमा
स्वार्थी मानवको यो भवमा बाँच्नु परेको छ मान्छेले
मान्छे जस्तै ।

(**वीरको परिचय र अन्य**...,"यसो गर्नु छ" : पृ. ७१) ।

जीवनलाई अघि बढाउने आफ्नो लक्ष्य प्राप्तितिर धकेल्ने अठोट गरेपछि त्यसलाई निरन्तरता दियो भने त्यो मानिस सफलताको विन्दुमा एकदिन अवश्य नै पुग्छ । यात्रा गरिरहँदा खुटा तान्ने प्रवृत्तिबाट हैरान नभई अगाडि बढे र अगाडि परेका अप्ठयाराहरूसँग जुध्दै गए यस्तो सन्तुष्टिको सफलता हात लाग्छ जहाँ जुनै कुरा पनि फिका हुन्छन् । तर आफू जस्तै मान्छेले आफूलाई अन्याय गर्न खोजेमा त्यसको प्रतिकार जसरी पनि गर्नै पर्दछ र मात्र एउटा मान्छेको परिभाषाभित्र आफूलाई समाहित गर्न सकिन्छ भन्ने अस्तित्ववादी दृष्टिकोण कवितामा मुखरित भएको छ ।

कोहीबेला जीवन केही हो यहाँ हामीले केही गर्नैपर्छ भनेर कविका आवाजहरू अस्तित्वका निम्ति उत्साहित देखिन्छन् भने जीवन निराश-निराश छ यहाँ केही पनि आफूले सोचे जस्तो हुँदैन भनेर कविताका भावहरू निराशायुक्त पनि देखिएका छन् । यही विषयहरूलाई अस्तित्व र विसङ्गतिको घेरामा राखेर चर्चा गर्न खोजिएको छ, यसरी :

आकाशबेलीको लहराजस्तै जराविहीन
नि:सार आश्रित एउटा पिढी नै खिइँदै जाँदैछ

विक्षिप्त भएर जाँदैछ फोसिल भएर जाँदैछ
आफैँ मै सकिँदै जाँदैछ ।
(**अन्तहीन सपना : मेरो विपना**, "आफैँलाई छाम्दाको प्रतिक्रिया" : पृ. १८) ।

उक्त पङ्क्तिहरूमा मान्छेको जीवनलाई जराविहीन आकाशबेलीको लहरासँग तुलना गरिएको छ । जसरी आकाशबेली अर्काको सहारमा मात्र बाँच्न सक्छ त्यसरी नै मानिसको जीन्दगी पनि पराश्रित भइसकेको छ भन्दै जीवनको विसङ्गतिपूर्ण क्षणको चित्रण कवितामा व्यक्त भएको छ । अस्तित्व र विसङ्गति पैसाका दुई पाटा भनिए झैँ कोहीबेला आफ्नो अस्तित्व र इतिहास चाहिन्छ नै चाहिन्छ भन्दै कवि यस्तो विचार पोख्दछन् :

यहाँ एक मुठी सासको निम्ति
गाँस, बास र कपास चाहिन्छ
एउटा सद्दे जिउँदो मान्छेको निम्ति
उसको अस्तित्व र इतिहास चाहिन्छ ।
(**अन्तहीन सपना : मेरो विपना,** "चाहिन्छ" : पृ. २०) ।

संसारमा मान्छेको जन्म केही गर्नको निम्ति भएको हो । केही गर्नु र संसारभर चिनिनु नै एउटा सार्थक जीवन हो भन्दै कविले जसरी एक मुठी सासको निम्ति गाँस, बास र कपासको आवश्यकता पर्दछ त्यसरी नै एउटा जिउँदो मान्छेको निम्ति उसको अस्तित्व र इतिहास चाहिन्छ भन्ने अस्तित्ववादी चिन्तन प्रकट गरेका छन् । यसरी नै मानिसहरू विभिन्न प्रकारका समस्याले ग्रस्त छन्, अभाव र असुरक्षा तिनीहरूको दैनिकी जस्तो बनिसक्यो भन्दै आफ्नो भावलाई कविताबाट कवि यसो भन्दछन् :

अत्याचारको बोझले गलेर लडेका
आफ्नै घरमा वेघर भएका देशमै विदेशी भएका
निमुखा लाटाहरूका लागि
नयाँ दिनहरू बोकेर आएको छु
साझा विपनाहरू बोकेर आएको छु ।
(**अन्तहीन सपना : मेरो विपना,** "यसैले आएको छु" : पृ.७०) ।

विसङ्गत जीवनको चपेटामा परेकाहरूलाई उद्धार गर्न आफू उनीहरूको सामु आइपुगेको भाव कवितामा कविले व्यक्त गरेका छन् । निम्नवर्गीय सर्वहारा वर्गको पक्षमा रचना भएको कविताले जसरी भए पनि यो असङ्गत संसारलाई सुधार गर्दै अस्तित्वमा ल्याउनु पर्ने भाव व्यक्त गरेको देखिन्छ ।

वास्तवमा मानव मन अस्तित्व र विसङ्गत पक्षभित्र रूमलिएको हुन्छ । यसैभित्रका दुई पाटालाई कोट्याउँदाकोट्याउँदै मानिसले जीवनको भोगाइलाई किनारा लाइसकेको हुन्छ । यसै सान्दर्भिकलाई कविले पोखेको हुनसक्छ । यसै सन्दर्भमा 'कर्तव्य'को सानो टुक्रालाई देखाउन सकिन्छ :

उसको पनि उड्ने शक्ति-सीमा छ ;
र शक्तिभन्दा पर,
ऊ चाहेर पनि जान सक्दैन
तर पनि काग उडिरहन्छ आकाशमा
पृथ्वीलाई नै परिक्रमा गर्न ।
उसको उद्देश्य र लक्ष्य नै-
आकासको बाटो भएर
कहिल्यै नसकिने बाटोमा ।

उडिरहनु....उडिरहनु....।

(**म को हुँ ?,** "कर्तव्य" : पृ.२) ।

उक्त हरफहरूमा कागको इच्छा र सीमालाई देखाइएको छ । यहाँ उत्साहको विन्दुमा कागले सम्पूर्ण आकाशको परिक्रमालाई राखेको हुन्छ तर ऊ आकाशको विन्दुलाई पनि पूर्ण गर्न सक्दैन र घुमिरहन्छ भन्दै कागको माध्यमबाट मानिसले आफ्नो इच्छाशक्तिलाई कसरी फराकिलो पार्छ र अस्तित्वकायम राख्न कत्तिको तल्लीन रहन्छ भन्ने देखाउन खोजिएको छ । कुनै पनि कार्यारम्भमा मानिस कतिको उत्साही हुन्छ भन्ने कुरा कागको पृथ्वी परिक्रमाको इच्छाबाट कविले अभिव्यञ्जित गराएका छन् । त्यस्तै मानिसको इच्छाशक्तिको अन्तिम बिन्दुलाई पनि कविले कागको नटुङ्गिने यात्राकै माध्यमबाट जनाउन खोजेका छन् । त्यसैले मानिसको यात्रा नै अस्तित्व खोजीको टोकरीबाट हुन्छ भन्ने कुरा कवितामा देखाइएको पाइन्छ । त्यसै गरी 'म योद्धा युद्धको' कवितामा यस्तो भाव लिएर उनी देखापर्दछन् :

म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा,
दृश्य र अदृश्य रूपमा,
मूर्त र अमूर्त रूपमा युद्धरत छु ।
जन्मग्रहण शङ्खनाद मेरो युद्धको
अदृश्य युद्ध-भूमि,
निराकार, युद्धभूमि;
म योद्धा युद्धको !

( **म को हुँ ?,** "म योद्धा युद्धको" : पृ. ३) ।

कविले यहाँ आफू आफ्नो अस्तित्व तथा समग्र मानिसको पहिचानलाई खोज्न लडिरहेको बताउँछन् । त्यो पहिचान कहाँ पाइने हो र कहिलेसम्मलाई चाहिएको हो भन्ने कुरा यहाँ अन्योलमा परेको छ । इच्छा, प्राप्ति, आशा, उत्साह, मनोबल तथा अप्राप्ति, निराशा, निरुत्साह, हरेसभित्र यहाँ कवि तथा समस्त मानवीय मन दौडिरहेको छ । यहीँ रहेको छ अस्तित्ववादी पथ साथै विसङ्गति उन्मुख गोरेटो । जिन्दगी सङ्घर्ष हो, मानिसको जन्म नै सङ्घर्षबाट सुरु हुन्छ । जन्मन जति सङ्घर्ष गर्नुपर्छ त्यति नै सङ्घर्ष मर्न साथै जीउन अझ ज्यादा; त्यसैभित्र मानिसले प्राप्ति र अप्राप्ति निर्क्योल गर्न खोजे अस्तित्व र विसङ्गत त्यही पाइन्छ ।
यसै गरी फेरि पनि 'बिडम्बना' कवितामा कवि यसरी देखापरेका छन् :

यो पशु भएर अन्जान छ,
हामी मान्छे भएर अन्जान छौँ ।
यस्तो विडम्बना बोकेर,
हामी बाँच्दैछौँ
यो मान्छेको जुनी !

( **म को हुँ ?,** "बिडम्बना" : पृ.३०) ।

जीवन क्रममा कविले पहिला पशुको जीवन विसङ्गतपूर्ण देखेका छन् । पछि भोग्दै जाँदा पशुको परतन्त्री जीवन र आफ्नो अस्वतन्त्र जीवन कविले एकै देखेका छन् । आफू बाँचेको संसारमा अर्काको हैकम चल्नु र त्यस हैकममा आफू विवशताका साथ बाँच्नु मान्छेको आफ्नो सत्त्व खोजीको क्रममा लागेको ठक्कर हो । यही ठक्करमा भेटिन्छ मानिसको जीवनको अर्थ । जब मानिस आफ्नो अर्थहीनतामा पनि अस्तित्वको खोजी गर्न थाल्छ तब उसले विसङ्गत जीवनको अर्को अनुभव बटुल्न थाल्दछ । पशुत्वका कारण पशु अन्जान देख्ने कविचेत मानवत्व भए तापनि मानिस अन्जान रहनुपर्ने बाध्यतामा छटपटिरहेको छ । यहाँ बचाइ र यसको अर्थ मानवजीवनमा अनुभवस्वरूप देखापरेका छन् केवल अर्थहीनतामा र दासतामा । यसरी नै कवि फेरि 'प्रत्येक बिहान'मा भन्छन् :

हजारौँ लाशहरूले,
मलाई न्याय माँग्छन्
आफ्नै मृत्युको शोक-धुन बोकेर,
हजारौँ आत्माहरू हरपल मेरो अघि आउँछन्,
रेडियो र टेलिभिजनको आवाज भएर,
(**म को हुँ ?**, "प्रत्येक बिहान" : पृ.२०) ।

यस कवितामा मानवचेतका तीन पक्ष देखापरेको छ । पहिले आफूमा जीवन बोधको शृङ्खला आएको छ भने त्यसपछि जीवनभोगाइका अनेकन मोडहरू छताछुल्ल देखिएका छन् । त्यसैगरी अन्तिम क्षणमा मानिसको जीवन मृत्युवरणपर्यन्त केही रहेनछ भन्ने विसङ्गत पक्ष कवि भावबाट व्यक्त भएको छ । हजारौँ लाशहरूले मुक्तिको कामना गर्नु, मृत्युको शोक धुन बोकेर आत्माहरू अघि आउनु, आफू हुनुभन्दा अघिका पुर्खाहरूका विसङ्गत पूर्वस्मृतिको कथन हो यो । मानवजीवनको सुरुआत कहाँबाट हुन्छ, उसको सङ्घर्षमय जीवन यात्रा कसरी सुरु हुन्छ भन्ने कुरा कविले अस्तित्वहीन लाशका माध्यमबाट देखाएका छन् ।

यसरी मानिसको जीवन अस्तित्व र विसङ्गतिबीचको दुःखमय यात्राबाहेक अरू केही होइन भनेर कवि कतै कारुणिक भावहरू लिएर देखापरेका छन् भने कतै मानिसको जीवन अर्थपूर्ण छ, यसलाई अझ सशक्त बनाउन हामीले व्यापक प्रयत्न गर्नुपर्छ भन्ने अस्तित्वादी चिन्तन लिएर देखापरेका छन् । जीवनका दुईपाटाभित्र रहेको यो यात्रा दुःखमय र सुखमय भन्दा पनि अनुभवमय रूपमा अघि बढेको हुन्छ भन्ने कुरा प्रस्तुत कविताका विभिन्न प्रकारका अभिव्यक्तिहरूमा देख्न पाइन्छ ।

## ५. जातिप्रेम तथा राष्ट्रप्रेम

पवन चामलिङका कविताहरूमा राष्ट्रप्रेम र जातिप्रेममा आधारित कविताहरू धेरै नै आएका छन्। आफ्नो राष्ट्रको उन्नति, जातिको प्रगति जस्ता विषयहरूलाई कविताहरूको मूलभावले समाहित गरेको देखिन्छ। मानवहित र प्रगतिको निम्ति राष्ट्र र जातिको समान उन्नति हुनुपर्ने विचार कविताहरूमा पाउन सकिन्छ। जब कुनै देशमा जातिको सम्पूर्ण पक्षको विकास हुनथाल्छ तब राष्ट्रले पनि प्रगतिको पाइला चाल्न थाल्छ भन्ने कुरा कविताहरूभित्र पाउन सकिन्छ। जस्तै :

मलाई मेरै भीर-पहरा,
डाँडा-खोला मनपर्छ
मलाई यहीँ ब्यूँझने रहर छ
किनभने
मलाई मेरै डाँडा-खोलाका कथाहरू
धरती आकाशलाई सुनाउन मन लाग्छ
(**वीरको परिचय र अन्य...**, "मलाई मेरै नेपालीको माया" : पृ.८८) ।

यहाँ कविले आफ्नै परिवेशको गीत गाएका छन् । जतासुकै जतिकै रमाइलो भए पनि आफ्नोपन र आफ्नो देशलाई कविताले गौरवका सार्थ वर्णन गरेको छ। भीर, पहरा, डाँडा, खोला जति छन् ती सबै आफ्नै राष्ट्रमा राम्रा छन् भन्ने अभिव्यक्तिले कविमा राष्ट्रप्रतिको इमानदारिता स्पष्ट देखापर्छ। कविताले मातृत्वप्रतिको कर्तव्यबोधलाई पनि राम्ररी प्रकट गरेका छन् :

भारतका हामी नेपाली
तिमीले नै आमा जन्मायौ
आमाको मायालाई बचाउँदा

हामीले सबकुछ गुमायौँ

(**वीरको परिचय र अन्य**..., "विदेशी होइन मुङ्लाने" : पृ.१०४) ।

कविको विचरणशील कवित्व भाव यहाँ प्रकट भएको छ। नेपालप्रतिको मातृत्वभावलाई भुल्न नसक्ने र भारतलाई आफ्नो सर्वस्व ठान्ने भारतीय नेपालीहरूको मूलस्वरलाई कविताले विषयवस्तु बनाएको छ। नेपाललाई आमा र भारतलाई बुबाको रूपमा वर्णन गरेको यस कविताले नेपालको माया हृदयभरी राखे पनि भारतप्रति हामी सम्पूर्ण रूपले समर्पित छौँ भन्ने भाव व्यक्त गरेको छ। कविताहरूले एकत्वको भावना पनि सम्प्रेषण गरेका छन् जाति र राष्ट्रको मायाभित्र यसरी :

मन्दिर र मस्जिद, गोम्पाले सधैँ आह्वान गर्दछ,
अहिंसा, प्रेम, धर्मलाई साँच, मान तब पाइन्छ।
भीर र पहरा सजिए सारा विद्याको प्रकाशले
प्रगतिपथमा लम्किरहेछन् सिक्किमे एकनासले ॥

(**वीरको परिचय र अन्य**..., "मेरो देश" : पृ. ११२) ।

सिक्किमभित्र रहेका धर्महरू र तिनीहरूको सारलाई एकै ठाउँमा राख्दै कविताले राष्ट्रमा अहिंसा, प्रेम, धर्मको स्थापना गर्नुपर्दछ भन्ने कुरा गरेको छ। सिक्किमलाई उन्नतिको पथतिर उन्मुख गराउने हो भने हामी जात-जातमा, धर्म-धर्ममा, जाति-जातिमा एक हुन सक्नुपर्छ तबमात्र विकासको मुहान् फुट्न सक्छ भन्ने कुरालाई उक्त पङ्क्तिले समेटेको छ।

धर्मको नाममा हुने गरेका विकृति, विसङ्गति, मन्दिर, मस्जिद, गोम्पामा हुने गरेका अनादरप्रति कवि मर्माहत भएका छन्। धर्मको नाममा लडाइ गर्नको सट्टा त्यसबाट मानवहितका कुराहरू लिनुपर्ने हो, सकारात्मक सोचको विकास गराउनु पर्ने हो भन्दै राष्ट्र र जातिको विकासको लागि धार्मिक सहिष्णुता र राष्ट्रप्रेमको आवाज बुलन्द बनाउनु पर्ने कुरालाई यसभित्रका कविताहरूले विशेष नजर दिएका छन्।

आफ्नो जाति र राष्ट्रलाई जहिले पनि उच्चकोटिमा राखेर हेर्नुपर्छ भन्ने सोच कविताहरूमा पाइन्छ। राष्ट्रको धरोहर भनेको त्यस राष्ट्रको जाति हो र जातिले नै राष्ट्रलाई संरक्षण गर्छ भन्ने भाव कविताले प्रस्तुत गरेको छ। कवि राष्ट्रप्रति कति समर्पित छन् भन्ने कुरालाई यसरी देखाउन सकिन्छ :

जब जब मलाई धरतीको भग्नतामा
भ्रष्टता व्याप्त हुँदै गएको आभास हुन्छ
स्थितिको घाममा सुकेको ज्ञात हुन्छ
तब मलाई धरतीलाई टिपेर आकाशमा चढाऊँ लाग्छ।

(**अन्तहीन सपना : मेरो विपना,** "वास्तवमा" : पृ.३९) ।

यहाँ कविले एउटा यस्तो इच्छा व्यक्त गरेका छन् जब कि कहिल्यै पनि त्यसले पूर्णता पाउन सक्दैन। धरतीलाई कहिले पनि अशान्त र कलङ्कित बनाउनु हुँदैन यसलाई त सधैँ स्वच्छ र सुन्दर बनाएर होसियार साथ उपभोग गर्नुपर्छ भन्ने भाव कविताले व्यक्त गरेको छ। धरतीमा महासमस्याहरू आउँदा चिन्तित बनेका कविले अरू केही उपाय नदेखेका कारण धरतीलाई टिपेर स्वर्गमा लान पाए सबैसबै सुखी र हर्षित हुन्थे होलान् भन्दै विश्वबन्धुत्वले युक्त भाव प्रकट गरेका छन्। राष्ट्रका लागि सधैँ वसन्त जस्तै फुलिरहन अथवा देश सेवामा लागि रहनुपर्ने विचार कविताले यसरी प्रकट गरेको छ :

वसन्त उमारेर, फुलाएर आफैँमा
यो पहाड र देवरालीमा
वसन्त ल्याउन सधैँलाई गतिशील बनौँ।
मान्छेको पैतालाले सम्पूर्ण विश्व टेक्न पाउनुपर्छ

सिङ्गो आकाश देख्न पाउनुपर्छ ।

(**अन्तहीन सपना : मेरो विपना,** "पाइला र गति" : पृ.५४) ।

कविताले राष्ट्रप्रतिको प्रेम अब उन्नति र प्रगतिको कार्यबाट हुनुपर्छ भन्दै सधैँभरी हराभरा राष्ट्र बनाउनको लागि प्रगतिशील कार्यहरू गर्नुपर्ने भावाभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ । राष्ट्र र राष्ट्रियताप्रति अत्यन्त सचेत कविले मान्छेको ताकत विश्व हाँक्ने र आकाश देख्नेसम्म रहेको प्रस्ट्याउँदै प्रगतिका कार्यहरू आजैदेखि गर्न थाल्नुपर्ने कुरा कवितामा उठाएका छन् । यस्तै राष्ट्रियताको नाममा हुँकार गर्नेहरूमा कविताको आक्रोश यसरी पोखिएको छ :

यही मानचित्रभित्र राष्ट्रियता खोज्दै
गलेर, थाकेर लखतरान भएर
झोक्रिरहेछन् मेरो देशमा मान्छेहरू
आफैँभित्र राष्ट्रियतालाई कैद गरेर ।

(**अन्तहीन सपना : मेरो विपना,** "राष्ट्रियताको आकाश" : पृ.२७) ।

राष्ट्र र राष्ट्रियताको लागि बलिदान दिन तयार छु भन्दै राष्ट्रियताको खोक्रो भाषण गर्ने नेता भनाउँदाहरूप्रति यो कविता लक्षित छ । आफ्नोआफ्नो स्वार्थलाई अगाडि राखेर राष्ट्र र राष्ट्रियताको वकालत गर्ने समूहलाई कविताले व्यङ्ग्यवाण प्रहार गरेको देखिन्छ । त्यस्तै जातीय अस्तित्वप्रति पनि कविताहरू उत्तिकै सशक्त छन् जसलाई यी पङ्क्तिहरूमा यसरी व्यक्त गरिएको छ :

न हाम्रो नाम नै छ
न हाम्रो काम नै छ
न हामी त्यो लहरा झैं
कुनै रूख सँगसँगै रूख भएर बाँच्न सक्छौं
यसैले हामी नामहीन लहरा हौं
जरा र डाली केही नभएको
हामी सुकेका र मक्किएका लहरा हौँ

(**अन्तहीन सपना : मेरो विपना**, "आकाशबेलीको लहरा र हामी" : पृ.६६) ।

मूलतः विभिन्न मुलुकमा कार्य गर्न गएका नेपालीहरूप्रति यो कविता लक्षित छ । नेपालीहरूले कैयन देशमा गएर आफ्नो वीरतापूर्ण इतिहास रचना गरेका छन् तर तिनीहरूको त्यस ठाउँमा कुनै प्रकारको अस्तित्व र अधिकार छैन । कविले वीर भनी चिनिने नेपालीको अस्तित्व नै सङ्कटमा पार्न थलेको देखेका छन् । यो कविता आफ्नो जातिको अस्तित्वको लडाइको पक्षमा भन्दा पनि वस्तुयथार्थ बुझ्नमा र बुझाएर जनमानसमा चेतना छर्नमा उद्यत रहेको देखिन्छ । यसरी कविले राष्ट्र र जातिको निम्ति अति नै सशक्त कविताहरू रचना गरेका छन् ।

मानिसको जन्म कुनै न कुनै परिवेशअन्तर्गत नै हुँदछ । चाहे जानेर होस् या नजानेर उसले त्यसै परिवेशलाई आफ्नो बाँच्ने आधार बनाउँछ, त्यही नै उसको जाति बन्न पुग्दछ । यही नै भावनात्मक चिन्तनमा आधारित कविताहरू यिनको राष्ट्रप्रतिको मोह स्वरूप देखापरेको छ । **म को हुँ** ? को पहिलो कविता 'विश्वास'मा कविले प्रतीकात्मक प्रस्तुतिबाट आफ्नो राष्ट्रप्रतिको मोह व्यक्त गरेका छन् :

आज पनि म त्यो सुन्दर मूर्तिको
मधुरो आवाज र मुस्कानको
अत्यन्त प्यासी भएर
मौन रूपमा प्रतीक्षा गर्दैछु,
प्रतीक्षा गर्दैछु ।

(**म को हुँ ?**, "विश्वास" : पृ. १) ।

प्रतीकात्मक प्रस्तुतिमा आधारित उक्त हरफहरूमा प्रयोग भएको 'सुन्दर मूर्ति' समग्र कविताबाट आफ्नो मातृभूमि रहेको बुझ्न सकिन्छ । कवि किरण आफ्नो कार्यक्षेत्रमा राष्ट्रसेवक रहेकोबाट पनि यो उनको कविता राष्ट्रप्रति समर्पित रहेको देखिन्छ । यसबाट राष्ट्रका जनता समृद्धशाली रहनु नै राष्ट्रले खुशीको अनुभव गर्नु हो भन्ने कविताको मुख्य अभिव्यक्ति पाइन्छ । यसरी नै कवि आवाज कवितामा यस्तो भाव व्यक्त गर्दछन् :

मन्दिरबाट आएको घण्टीको आवाज,
र मस्जिदबाट आएको मौलवीको आवाज-
म एकै सुन्दैछु,
अनि दुवै आवाज मेरा कानले सुन्दैछन्,
कानले छुट्ट्याएका छैनन् ।

(**म को हुँ ?**, "आवाज" : पृ.११) ।

उक्त हरफमा विश्वबन्धुत्वको भाव अभिव्यक्त भएको छ । मन्दिर र मस्जिदमा फरक नदेख्नु कविको विश्वधर्मप्रतिको सकारात्मक दृष्टिकोण हो । कुनै पनि धर्म वा जातिको पक्ष लिनुभन्दा पनि जाति र धर्ममा रहेका असङ्ख्य ज्ञानको आश्वादन गर्नु नै महान् सम्झिने कवि यहाँ मानव समानता तथा मानव जातिकै वकालत गर्न पछि परेका छैनन् । यसै गरी विश्वका उत्पीडित वर्गहरूको पीडालाई कवि यसो भन्दछन् :

म पनि दैलो थुनेर
तिम्री आमाको विछोडमा रोएको थिएँ,
तिम्रो दुःख र पीडामा म पनि
विक्षिप्त बनेर तड्पेको थिएँ ।

(**म को हुँ ?**,"तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा" : पृ. २६) ।

उक्त हरफहरू 'तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा'बाट उद्धृत गरिएको हो । यहाँ कविले संसारमा रहेका कैयौँ विस्थापितका पीडा तथा उनीहरूको मातृभूमिबाट बिछोड हुँदाको कारूणिक क्षणलाई प्रस्तुत गरेको बुझिन्छ । ती विस्थापितहरू जो आज लाखौँको सङ्ख्यामा कारूणिक जीवन बिताइरहेका छन् । तिनीहरूकै व्यथामा भावविह्वल भएर उनीहरूको पीडामा आफू पनि विक्षिप्त बनेको कविको भावाभिव्यक्ति रहेको छ । मातृभूमिप्रतिको मायालाई मनोवैज्ञानिक अध्ययनबाट कविले चित्रण गरेको बुझिन्छ । यसै क्रममा कविले 'बहादुर कान्छा' कवितामा नेपाली जातिको जातीय अस्तित्वको विचार व्यक्त गरेका छन् :

'कान्छा' र 'बहादुर'
आज पनि हिजो अस्तिजस्तै
'कान्छा' र 'बहादुर' नै छ
देश, राष्ट्रियता, अस्तित्व र स्वाभिमानले
कान्छा र बहादुरको
पेटको ज्वालालाई निभाउन सकेन
भोक, रोग र शोकलाई मार्न सकेन ।

(**म को हुँ ?**,"बहादुर कान्छा" : पृ. ३७) ।

उक्त हरफहरूमा कान्छा र बहादुरको बाध्यात्मक परिस्थितिको चित्रण गरिएको छ । नेपालीहरू विदेसिनुको मुख्य कारण पेटको ज्वाला निभाउन हो भन्ने कविताको आशय रहेको छ तर अफसोस पुर्खाले कमाएको उसको बहादुरी अहिले केवल पहरेदार र नोकरदेखि अघि बढ्न सकेन त्यसैले अहिले त्यही बहादुर र कान्छा नाम उनीहरूले पुकारी रहेकोमा कवि दुःख प्रकट

गर्दछन् । अब नेपालीहरूले विगतका बहादुरीको धाक नदेखाएर वर्तमानमा अगाडि बढ्नुपर्ने र आफू बिदेसिनु होइन, देशमै उत्पादक बन्नुपर्ने कवितात्मक भाव प्रकट भएको छ ।

## ६. धार्मिक चेत

कवि पवन चामलिङका कवितासङ्ग्रहहरूमा प्रसस्त धार्मिक चिन्तनहरू प्रकट भएका छन् । धर्मको नाममा मानिसहरूले कस्ता कस्ता कार्यहरू गरिरहेका छन् भन्ने कुरालाई कविताभित्र घुसाउँदै त्यस्ता अपराधी र स्वार्थी व्यवहार प्रस्तुत गर्नेबाट हामी जहिले पनि सतर्क रहनु पर्ने विषयलाई कविताहरूले समेटेका छन् । आजको विश्वपरिवेशमा देखिएका वेथीतिलाई देखेर कविताहरू निराश बनेका छन् र अन्तरयामी प्रभुप्रति आफ्नो दुखेसो यसरी पोखेका छन् :

निर्धन कोही पसीना चुहाई
अल्छी धनी बस्छन् खाई
रचाई, संसार अनेक जाल
पाऱ्यौ प्रभु ! सबको बेहाल ।

(**वीरको परिचय र अन्य**...,"गुनासो" : पृ.५७) ।

असमान परिस्थितिलाई किन जस्ताको तस्तै राखेको हो र किन यस संसारमा भेदभावपूर्ण परिवेशको निर्माण गरेको भन्दै यस कविताले भगवान्प्रति असन्तुष्टि व्यक्त गरेको छ । प्रभुको महिमालाई कविताले प्रशंसा गर्नुको सट्टा एउटा सुझाव दिएको छ र सुझावसँग समृद्ध समाजको आशा पनि । मान्छेले धर्मलाई कुन प्रयोजनको लागि प्रयोग गरेको हुन्छ भन्ने कुरालाई निम्नलिखित हरफले प्रस्ट्याएको छ :

हृदयभरी पाप बोकेर
मन्दिर पुज्दैमा के हुन्छ ?
पापै-पापको कर्म गरेर
धर्मको प्रचलन गर्दा के हुन्छ ?

(**वीरको परिचय र अन्य**...,"मानवताविहीन संसार" : पृ.६०) ।

मन्दिरलाई मानिसले कुन कारणले पुज्दा रहेछन् । विभिन्न प्रकारका धार्मिक कार्य किन गरिँदो रहेछ जस्ता कुरालाई दृष्टिगत गर्दै हामीले पाप बोकेर जति नै धर्म गरे पनि त्यसले केही फाइदा गर्दैन र त्यस्तो दुषित मन लिएर मन्दिरमा धाउनुको कुनै अर्थ हुँदैन भन्ने कुरालाई उक्त अंशले स्पष्ट बोलेको छ । यस्तै स्पष्ट अभिव्यक्तिमा कविले भगवान्को नाममा भएको दुष्कार्यलाई भावात्मक तरिकाले व्यक्त गरेका छन् :

मन्दिर, गोम्पा र चर्चमा
सजाएर राखिएको छ
सजावटको कुनै समान झैँ
र यी गोम्पामा, मन्दिरमा
गिर्जा र मस्जिदमा मेरो भगवान्
मेरो ईश्वर वास्तवमा कैद छ ।

(**वीरको परिचय र अन्य**...,"मेरो भगवान्" : पृ.११८) ।

भगवान्को नाममा मान्छेले देखाएको खेदपूर्ण व्यवहारलाई उक्त अंशले प्रस्तुत गरेको छ । आफ्नो हुँदो हुँदा उही भगवान्लाई सम्पूर्ण सम्झने र नहुँदा अलिकति शिरसम्म नझुकाउने नीच व्यवहारलाई यहाँ देखाउन खोजिएको छ । मन्दिर, मस्जिद, चर्च, गोम्पाहरूमा भगवान्को अवस्थिति उस्तै हुन्छ तर मानिसले त्यसलाई आफ्नो-आफ्नो प्रयोजनका लागि प्रयोग गरिरहेका हुन्छन् । वास्तवमा भगवान्को अमूल्य वाणीले सबैलाई समान व्यवहार गर्नु भन्ने गरेको छ तर

मानिसले त्यसलाई वास्ता नगरेर उल्टो भगवान्लाई नै कैद गरेको अभिव्यक्ति कविताबाट प्रकट भएको छ ।

धार्मिक विषयलाई अगाडि ल्याएर धर्मको नाममा मानिसबाट भइरहेको स्वार्थपूर्ण व्यवहारलाई कविताले प्रस्तुत गरेको छ । धर्मको आडमा विभिन्न प्रकारका हिंसात्मक गतिविधि बढाइरहेका समूहको चरित्रलाई कविले धार्मिक कविताभित्र घुसाएका छन् । पाप र धर्मको कुरा गर्नुभन्दा पनि आजका मानिसले मान्दिरलाई गलत प्रयोग गरिरहेको विचार कवितामा यसरी व्यक्त गरिएको छ :

धर्म र पापको कुरा नगरे पनि हुन्छ,
पाप त मन्दिरबाटै जन्मिन्छ यहाँ ।
ईश्वरको सृष्टिकथा नभने पनि हुन्छ,
सृष्टि त मान्छेबाटै शुरू हुन्छ ।
(**अन्तहीन सपना : मेरो विपना**, "नभने पनि हुन्छ" : पृ.२१) ।

कविले धार्मिक विषयको उठान गरेको भए पनि भौतिकतालाई नै अलिक धेर विश्वास गरेको देखिन्छ । ईश्वरको सृष्टिलाई नकार्दै सृष्टि मान्छेले गरेको हो भन्दै अचेल पाप कर्मको मुख्य थलो मन्दिर बन्न थालेको कुरा यहाँ अभिव्यञ्जित छ । कतै कतै कविताहरूले ईश्वरप्रति तीव्र असन्तोष पनि प्रकट गरेका छन् । यदि ईश्वरको चाहनामा संसार चलिरहेको छ भने किन यस्ता दुःख-दर्द जस्ता कुराहरू छन् त भन्दै संसारको वस्तुयथार्थलाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

ईश्वरको संसारमा-लुटिएको पेट,
कुटिएका इच्छा , थिचिएका अधिकार,
शून्य आकाश, व्याप्त पुसको कठयाङ्ग्रिदो रात,
दश औँला जोड्दा-जोड्दा खिइएका हात ।
(**अन्तहीन सपना : मेरो विपना**,"ईश्वरको संसारमा" : पृ.५२) ।

यहाँ एकातिर निराशा छ भने अर्कातिर आक्रोश । ईश्वरको सृष्टिलाई कविताले नीच भावमा प्रस्तुत गरेको छ। ईश्वरको संसार त आदर्श हुनुपर्ने हो तर जताततै मानिसहरू लुटिएका छन्, कुटिएका छन्, थिचिएका र हेपिएका छन् भन्दै किन यस्तो संसारको निर्माण गरेको भनेर ईश्वरलाई मर्माहत प्रश्न कविताले व्यक्त गरेको छ। कवि पवन भागवान्को गुणगानमा मात्र सर्वस्व पाइन्छ भन्ने नठानेर आजको स्थिति र धार्मिक दर्शन कतिको मिल्दो जुल्दो छ त्यसलाई पनि ध्यान दिन्छन् । **ब्रह्मपुत्र र कामाख्या पुगेर आफैँलाई हेर्दा** कवितामा भगवान्प्रति कवि यस्तो भाव पोख्दछन् :

देवता र देवी भएपछि समान दृष्टि र आशीर्वाद हुनपर्ने
ब्रह्मपुत्र र कामाख्या माईले सबैको रक्षा गर्नुपर्ने ।
हामीले पुज्नुपर्ने देवता अर्कै छ कि !
हामीले खोज्नुपर्ने संसार अर्कै छ कि !
(**अन्तहीन सपना : मेरो विपना**, "ब्रह्मपुत्र र कामाख्या..." : पृ.७८) ।

उक्त अंशमा देवताप्रति व्यग्र असन्तोष छ। खासगरी ब्रह्मपुत्रका किनारमा जीवनयापन गरिरहेका समूहप्रति यो भाव सार्थक बनेको छ । ईश्वरको पूजा त सबैले आनन्दित भएर बाँच्न पाऊँ भनेर गर्दछन् तर किन यसरी पीडा, दुःख, दर्द आदिमा मानिसहरूलाई होमिदिएको होला भनेर कविले सर्वेश्वर भगवान्लाई कवि असन्तोष व्यक्त गर्दछन् ।

परम्परागत मान्यताअनुसारको धार्मिक परम्परालाई अघि बढाउँदै धर्ममा वैज्ञानिकता पनि ढाल्न सक्नुपर्छ भन्ने उनको भनाइ रहेको बुझ्न सकिन्छ । कसैले भगवान्को मूर्तिअघि गएर

केही कुराको अपेक्षा गर्दै शरण परी विश्वासका साथ माग्दछ भने त्यसले अवश्य प्राप्त गर्दछ भन्ने भाव कविको कवितामा रहेको पाइन्छ । जसलाई यसरी देखाइएको छ :

मैले युग-युगदेखि
मन-मन्दिरमा देवी स्थापना गरेर
उसमा आत्मा र परमात्मा खोज्दैछु ।
उसको सुन्दर आकृतिलाई सधैँ हेरेर
उसमा माया र मुस्कान खोज्दैछु ।
(**म को हुँ ?**, "विश्वास" : पृ. १) ।

मानिसले कुनै पनि कार्यको थालनी गर्दछ भने त्यसमा उसले पूर्ण विश्वास राख्दछ र राख्नुपर्छ । कवि पनि आफ्ना कार्यमा विश्वास राख्दै एउटा मन्दिरमा देवी स्थापना गरेर त्यसमा आत्मा र परमात्मा खोजिरहेका छन् । यसरी एउटा मूर्तिमा परमात्मा खोज्नु मूर्खता पनि हो तर कुनै कार्यमा हामी विश्वास गरेर अघि बढ्दछौँ भने त्यो अवश्य सफल हुन्छ भन्ने पनि उक्त अंशको आशय हो । 'युग-युग' यो पदावलीले हामी के बुझ्न सक्छौँ भने केही कुराको प्राप्ति क्षणिक सङ्घर्षबाट हुन सक्दैन । त्यसमा अत्यन्त लगनशील भएर अघि बढ्नुपर्दछ । यसरी अघि बढे पक्कै पनि एउटा पत्थरमा भगवान्ले दर्शन दिन्छन् भन्ने कविको भावात्मक अभिव्यक्ति रहेको छ । यसै गरी कवि किरण 'आवाज' कवितामा आफ्ना भावलाई यसरी प्रस्तुत गर्दछन् :

मन्दिरबाट आएको घण्टीको आवाज,
र मस्जिदबाट आएको मौलबीको आवाज
म एकै सुन्दैछु,
अनि दुवै आवाज मेरा कानले सुन्दैछन्,
कानले छुट्याएका छैनन् ।
(**म को हुँ ?**, "आवाज", पृ. ११)

उक्त वाक्यहरूमा कविको कलात्मक अभिव्यक्ति रहेको छ । यहाँ कसैलाई एकताको आह्वान गरिएको छैन तर हामी कविताको भावबाट कविले धार्मिक एकताको कुरा उठाएको स्पष्ट बुझ्न सक्छौँ । उक्त हरफहरूमा देखिएको 'म एकै सुन्दैछु' अत्यन्त बौद्धिक वाक्य प्रयोग भएको छ । यसले कोही धार्मिक तरिकाले विखण्डनमा लाग्नुहुँदैन, हिन्दु होस् या मुस्लिम, चाहे बौद्ध, ईसाई किन नहोस् तिनीहरूको सार एउटै हुन्छ केवल प्रक्रिया फरक हुन्छ भन्ने अत्यन्त गहिरो भाव व्यक्त भएको छ । कविले मानिसहरूको स्वार्थी व्यवहारलाई निम्न हरफमा यसरी देखाएका छन् :

मेरो भगवान् चुपचाप बसिरहेछ
शान्त र निश्चल रूपमा
अक्षता, धूप, बत्ती र माला पाएर
सिन्के धूपको धुवाँभित्र
रूम्मलिरहेछ ...।
(**म को हुँ ?**, "स्थिति", पृ. ३४)

स्वार्थी र मतलबी मानिसहरूको व्यवहार भगवान्को अगाडि गए पनि कहिल्यै सुध्रने होइन । यिनीहरूले भगवानलाई अक्षता, धुप, बत्ती र मालामा अल्मल्याएर आफ्नो परिपूर्ति गर्न लागिरहेछन् तर भगवान् चुपचाप रहे पनि उसको स्वार्थी प्रवृत्तिलाई देखिरहका हुन्छन् । त्यसैले भगवान्लाई केवल मूर्तिमात्र ठान्नेहरूको अभिलाषा कहिल्यै पूरा हुन सक्दैन । सँच्चा भावनाबाट शक्तिस्वरूप भगवान्को पूजन गर्नुपर्दछ । भावनात्मक पूजाबाट पाएको वरबाट मात्र

आत्मसन्तुष्टि हुने कविताको भाव छ । मानिसले यदि विश्वास गरेर भगवान्को भक्ति गरे त्यो अवश्य सफल हुन्छ भन्दै कवि यसरी देखापरेका छन् :

गोम्पा, मन्दिर र देवीस्थानहरूमा
कसम खाएर हाम्रो विश्वास जिते,
कञ्जनजङ्घालाई साक्षी राखेर
घर-घरमा घुमे,
तिम्रो नामको कसम खाएर ...।

(**म को हुँ ?**, "आमाको वियोगमा" : पृ. ८९) ।

धार्मिक आस्था प्रत्येक व्यक्तिमा रहेको हुन्छ । त्यहीँ आस्थालाई विश्वास गरेर मानिसले धेरै जिम्मेवार कार्यहरू गरेका छन् । भगवान् हाम्रो सामु मूर्तिवत् रूपमा रहे पनि हामीसमक्ष रहेको र त्यही भगवान्लाई साक्षी राखेर मानिसले विश्वास जितेको कवितात्मक अभिव्यक्ति रहेको छ तर यस्तो बाचा खाए पनि अहिले ती धोकेवाजहरूले धोका दिएको अनुभव कविको रहेको छ । यसरी कवि विभिन्न प्रकारका तीर्थस्थल गोम्पा, मन्दिर, देवीस्थान, मस्जिद आदिमा र त्यहाँभित्रका भगवान्मा विश्वास राख्दछन् भन्ने कुरा उक्त हरफहरूबाट प्रस्ट बुझ्न सकिन्छ ।

यसरी पवन चामलिङले धार्मिक विषयभित्र धर्मको जयजयकार गर्न सट्टा धर्म गर्नेले कतिको सन्तोष प्राप्त गरिरहेका छन् । उनीहरूको जीवन कतिको सुखमय बितिरहेको छ र भगवान्ले उनीहरूलाई कतिको आर्शीवाद दिई रहेका छन् भन्ने कुरा विवेचनायुक्त तरिकाले कवितामा प्रकट भएको छ ।

## ७. प्रतीकात्मक प्रस्तुति

पवन चामलिङ किरणका कवितासङ्ग्रहभित्र विभिन्न प्रकारका प्रतीकात्मक प्रस्तुतिहरू पनि पाउन सकिन्छ । कुनै पनि भनाइलाई सोझो नभनेर गहन अभिव्यक्ति र शब्दहरूको माध्यमबाट अर्थ प्रकट गराउनु नै प्रतीकात्मक शब्दहरूको विशेषता हुन्छ । त्यस्तै किसिमका कविताहरू यस सङ्ग्रहभित्र पनि रहेका देखिन्छन् । जसलाई निम्नानुसार देखाइएको छ :

मान्छेका पाइलाहरू होडवाजी गर्दैछन्
तै छाड र मै छाड गर्दै
पाइतालाहरू, पाइतालासँगै
हार-जीत र बाजी स्विकार्दै छन्
तर चुपचाप सडक चल्मलाउँदैछ
सडक बुझ्दैछ, सडक उठ्दैछ ।

(**वीरको परिचय र अन्य**..., "बोध" : पृ.३७) ।

सडकले बुझ्नु र उठ्नु असम्भव हो । कहिले पनि निर्जीव सडक उठ्न सक्दैन र चेतन प्राणीले जस्तो बुझ्न पनि सक्दैन । तर यहाँ प्रतीकात्मक अर्थमा सडकले बुझ्दै गरेको कुरालाई स्पस्टयाउन सकिन्छ । मान्छेको सुतेको दिमाखमा चेतनाको अभिवृद्धि हुन थालेको र अब को र कसरी चल्नुपर्ने कुरा उनीहरूलाई थाहा भई सकेकाले अब सबैले सबैलाई समान व्यवहार गर्नुपर्ने प्रतीकात्मक भाव यहाँ पोखिएको छ । यस्तै आजको स्थितिको चित्रणलाई कविताले यसरी देखाएको छ :

आजभित्र बाँचेका मान्छेहरू
आफ्नो सर्वस्व हराएर
खोक्रो उभिरहेछन् मान्छेको आकारमा ।
'हिरोशिमा' छातीमा बोकेर
सत्य र अहिंसाको नारा लगाउँछन् ।

(**वीरको परिचय र अन्य**...,"आजभित्रको मान्छे" : पृ.६९) ।

आजको मान्छेको विकराल स्थितिलाई उक्त अंशले अत्यन्त सफल ढङ्गमा प्रस्तुत गरेको छ । सांसर यान्त्रिकताभित्र पसिसकेको कारणले आफ्नो र मेरो भन्ने कुरा नरहेको पुष्टि आजको युगले नै दिइरहेको छ । जतिबेला पनि जे हुनसक्ने भयावह स्थितिलाई 'हिरोसिमा छातीमा बोकेर' भन्ने प्रतीकात्मक अंशले स्पष्ट बनाएको छ । मानिसहरूले युग परिवर्तन चाहनुको मुख्य कारणलाई निम्न हरफहरूमा यसरी देखाइएको छ :

यो युग साह्रै बुढ्यो भइसक्यो
र यसको अनुहार पनि चाउरी परिसक्यो
खोला नाला र नदीहरू सुकिसके
हरियाली बोकेर वसन्त पनि
यस युगको छातीबाट भागिसक्यो ।

(वीरको परिचय र अन्य...,"बैंशालु साथीलाई" : पृ.१०६) ।

कुनै पनि कुरालाई राम्रोसँग भोगीसकेपछि र त्यसको अन्त्यसम्म पुगिसकेपछि जसलाई पनि नयाँ कुरा अन्वेषण गर्न मन पर्छ । यहाँ पनि प्रतीकात्मक शब्दहरूको प्रयोग गरेर कविता चाउरी पर्नु, हरियाली बोकेर वसन्त भाग्नु जस्ता उपवाक्यको अर्थ अभिधात्मकतामा बुझ्न सकिँदैन । त्यसैले यसलाई व्यङ्ग्यात्मक अर्थमा बुझ्नुपर्ने हुन्छ । यही व्यङ्ग्यात्मक अर्थभित्र प्रतीकात्मक शब्दहरूले परिवेशअनुकूल सार्थकता पाउन सक्छ ।

कवितासङ्ग्रहमा प्रतीकात्मक अर्थले युक्त कविताहरू पनि रहेका छन् । प्रतीकको माध्यमबाट कविता प्रस्तुत गर्दा त्यसमा भाव गाम्भीर्यको स्थिति पनि आउन सक्छ । विभिन्न कुरालाई सोझै भन्नको सट्टा कलात्मकता प्रदान गर्नको निम्ति पनि प्रतीकहरूको प्रयोग कवितामा अनिवार्य देखिन्छ । कविताभित्रका प्रतीकात्मक प्रस्तुतिले कविको बौद्धिक क्षमतालाई पनि प्रदर्शन गर्न सक्दछ । यस कवितासङ्ग्रहमा विभिन्न प्रकारका प्रतीकात्मक अर्थले युक्त कविताहरू रहेका छन् जसको निम्नलिखित अंशलाई हेरौँ :

टिस्टाको धमिलो पानी भएको
धेरै शताब्दी बगिसक्यो ;
रङ्गीतको पानी, खेचीपेरी मेमोइचुले पनि
तिमीलाई पर्खेको यसरी धेरै भइसक्यो ,
तर तिमी त सपनाको गर्भबाट जन्मेनौ ।

(**अन्तहीन सपनाः मेरो विपना,** "धेरै युग बितिसक्यो यसरी" : पृ.२३) ।

उक्त कवितांशले 'तिमी'लाई प्रतीकको रूपमा प्रकट गरेको छ । कविताभरीमा नै तिमी कसलाई भनिएको हो भन्ने कुरा प्रस्टयाइएको छैन । टिस्टाको धमिलो पानी बगेको शताब्दीदेखि भएको तर तिमीको आगमन अहिलेसम्म पनि नभएको विषयले टिस्टाको पानी सङ्ल्याउने युगपुरुषको अपेक्षा कविताले गरेको बुझ्न सकिन्छ । यसबाट कविताले 'तिमी'लाई सुव्यवस्थाको प्रतीकको रूपमा प्रस्तुत गर्न खोजेको हो भन्न सकिन्छ । त्यस्तै खुकुरीको प्रसङ्गलाई कविले कवितामा अत्यन्त कलात्मक किसिमले उठाएका छन् जसलाई यसरी देखाउन सकिन्छ :

यसलाई सङ्ग्रहालयमा
'मेड इन जापान'को लेबल लाएर राखे पनि हुन्छ
उचालेर आफैँले आफ्नै घुँडा ताके पनि हुन्छ
यसले विरोध गर्न अझै सिकेको छैन
यसले अस्तित्व र अधिकारको कुरा बुझेको छैन
किनकि यो केवल खुकुरी हो ।

(**अन्तहीन सपनाः मेरो विपना,** "खुकुरीको धारमाथि नाङ्गा कथाहरू" : पृ. ५६) ।

उक्त पङ्क्तिपुञ्जमा खुकुरीलाई प्रतीकको रूपमा प्रयोग गरिएको छ। वास्तवमा 'खुकुरी' नेपालीहरूको वीरत्वको प्रतीक हो र आजको नेपाली जातिको स्थितिलाई हेर्दा विश्वका कुनाकुनामा विभिन्न प्रकारका पेसामा संलग्न नेपालीहरू जसले जे भन्यो त्यही मानेर बाँच्न बाध्य छन् त्यही बाध्यात्मक परिस्थितिलाई कविताले प्रतीकात्मक ढङ्गबाट प्रकट गरेको छ। वास्तवमा नेपाली समुदाय दापको खुकुरसरह नै बाँच्न बाध्य भएको छ जसरी कविताले भावमार्फत व्यक्त गरेको छ। संसारमा विभिन्न प्रकारले ठगिएका मानिसलाई समेटेर भावात्मक तरिकाले कविता यसरी देखिएको छ :

तिमी त प्रत्येक आवाजसँग झुक्किएका छौ
तिमी त प्रत्येक कदममा लुटिएका छौ
यसैले हे ईश्वर !
तिम्रो उन्मुक्तिको निम्ति स्वयम् तिमी नै उठिदेऊ।
(**अन्तहीन सपनाः मेरो विपना,** "मैले पुज्नुपर्ने ईश्वरसँग" : पृ.९५)।

ईश्वरले आफ्नो उन्मुक्तिको निम्ति कहिले पनि आवाज उठाउन सक्दैनन् र आफ्नो हकहितको लागि कहिले पनि क्रान्ति गर्न अगाडि देखापर्दैनन् तर यस कविताले ईश्वरलाई प्रतीकात्मक तरिकाले गरिब जनतासँग तुलना गरेको हो भन्न सकिन्छ। किनभने प्रत्येक आवाजसँग झुक्किएका र प्रत्येक कदममा लुटिएका आज संसारमा सर्वहारा वर्ग नै छन् त्यसैले कविताले ईश्वररूपी सर्वहारा वर्गलाई यहाँ उठ्न आग्रह गरेका हुन् भनेर भन्न सकिन्छ। कवि पवन चामलिङ 'किरण' प्रतीकको प्रयोग गर्ने कविहरूमध्ये एक हुन्। यिनका कवितामा विभिन्न प्रकारका प्रतीकात्मक शब्दहरूको प्रयोग भएका छन्। यसै सन्दर्भमा 'विश्वास' कवितामा कवि यसरी देखापरेका छन् :

आज पनि म त्यो सुन्दर मूर्तिको
मधुरो आवाज र मुस्कानको
अत्यन्त प्यासी भएर
मौन रूपमा प्रतीक्षा गर्दैछु,
प्रतीक्षा गर्दैछु।
(**म को हुँ ?,**"विश्वास" : पृ. १)।

उक्त हरफमा प्रयोग भएको आवाज र मुस्कान वास्तविक आवाज र मुस्कान नभएर सुन्दर मूर्ति (कविको आस्थाको केन्द्र) बाट प्राप्त हुने सकारात्मक परिवर्तन रहेको बुझ्न सकिन्छ। यसैले उक्त हरफमा मूर्ति, मुस्कान, आवाजले वास्तविकतालाई त्यागेर प्रतीकात्मकतालाई अँगालेको बुझिन्छ। मानिसको कर्तव्यबोधलाई प्रस्ट पार्दै कर्तव्य कवितामा कवि आफ्नो भावनालाई फेरी यसरी पोख्छन् :

उसको उद्देश्य र लक्ष्य नै-
आकाशको बाटो भएर
कहिल्यै नसकिने बाटोमा
उडिरहनु...उडिरहनु...।
(**म को हुँ ?,** "कर्तव्य" : पृ. २)।

'आकाशको बाटो' यसले मानिसको इच्छालाई प्रस्तुत गरेको, आकाशको बाटो यानि कि 'अतृप्त इच्छा'। जसरी आकाशको बाटो कहिल्यै पूरा हुँदैन त्यसरी नै मानिसको इच्छा पनि कहिल्यै पूरा हुन सक्दैन। 'कहिल्यै नसकिने बाटोमा उडिरहनु...उडिरहनु...'यसले मानवीय कर्तव्य बोधलाई देखाएको छ। जन्म भएपछि मानिसले आफ्नो यात्रा सुरु गर्न थाल्दछ, जबसम्म उसको शरीर समाप्त हुँदैन तबसम्म उसले आफ्नो अनन्त यात्रा अगाडि बढाइरहन्छ। यसरी

मानिसको इच्छालाई कागको माध्यमबाट कविले अत्यन्त कलात्मक तवरमा कविता रचना गरेको पाइन्छ । 'मान्छेलाई मुटुको ओठले छाम्दा' कवितामा कवि फेरि भन्छन् :

मुटुको ओँठले चुमेर
मान्छेलाई छामेर हेर्दा
मान्छे त आँखाले नदेखिने रहेछन्,
मान्छे त आँखाले हेरेर
चिन्न नसकिने रहेछन्... !

(**म को हुँ ?**, "मान्छेलाई मुटुको ओठले छाम्दा" : पृ. ७) ।

प्रतीकले असम्भलाई पनि सम्भव बनाइ दिन्छ । जब द्रष्टाको दृष्टि धेरै टाढाटाढा पुग्न सक्तछ तब कविताले भाव गम्भीरतालाई अँगाल्दछ । कवि मान्छेप्रति अज्ञात रहेकाले बाहिरी आँखाबाट अन्योलमा परेको अभिव्यक्ति दिँदै मुटुको ओठले चुमेर मान्छेलाई छामेर हेर्दा अर्थात् आत्मविश्वास गरी बौद्धिक दृष्टिले मान्छेलाई नियाल्दा, ती सबै मानवताले युक्त रहेका नहुँदा रहेछन् भन्ने उक्ति रहेको देख्न सकिन्छ । शीर्षक नै गम्भीर देखिएको 'नपुंसक युग' कविको अर्को महत्त्वपूर्ण कविता हो :

नपुंसक युग
शिथिल लिङ्गझैँ
मुर्झाएको छ आफैँमा
र समस्या बहुलाएको छ
युगको ओछ्यानमा नाङ्गिएर
कामुक नारीको अतृप्त वासना जस्तो ।

( **म को हुँ ?**, "नपुंसक युग" : पृ. २) ।

उक्त कवितामा कविले युगको स्थिति एउटा समस्या नै समस्यामा ग्रस्त भएको देखाएका छन् । नपुंसक युग अर्थात् कुनै पनि स्थितिलाई धान्न नसकिने परिस्थिति वा असम्भव परिस्थितिमा गुज्रिएको वर्तमान समय अत्यन्त गलित अवस्थामा रहेको साथै जताततै अभावले घेरिएको छ । यस्तो बेलामा युगको ओछ्यान अर्थात् समयको माग एउटी नारीको अतृप्त वासना जस्तो भएर कुनै पनि हालतले परिपूर्ण गर्न नसकिने अवस्थामा रहेको कवितात्मक भाव रहेको छ । यसरी यौनपरक प्रतीक प्रयोग गरेर भए पनि आफ्नो समाजप्रति अत्यन्त सचेत रहेको अभिव्यक्ति उनका कवितामा पाइन्छ ।

## ८. सामाजिक चिन्तन

कवि चामलिङका कविताहरू प्रायसः सामाजिक चेतनाकै सेरोफोरोमा घुमेका छन् । समाजको अवस्थालाई राम्रोसँग बुझ्दै त्यसको स्तर कसरी उकास्न सकिन्छ अथवा आज समाजमा कस्ता कस्ता कार्यहरू भइरहेका छन् भन्ने कुरालाई कविताहरूले यथार्थ रूपमा प्रस्तुत गर्ने काम पनि गरेका छन् । आधुनिक युगको प्रभावले मान्छेहरू कसरी आफ्नो परम्परालाई तोड्ने कार्य गर्दैछन् भन्ने कुरालाई निम्नलिखित अंशले यसरी प्रस्टयाएको छ :

हिजो बाजेले देखेको सपना
आज खरानी बनेर उडेको छ
हिजो बाबुले नगरेको कल्पना
आज विपना भई बढेको छ
हिजो बाबुले हिँडेको बाटो पनि
आज छोराले हिड्न छोडेको छ ।

(**वीरको परिचय र अन्य...**,"हिजो आज" : पृ.३१) ।

आजको हाम्रो सामाजिक स्थितिलाई उतिनै सार्थक किसिमले यहाँ चित्रण गरिएको छ । आधुनिककताको नाममा सामाजिक संस्कार, परम्परा, संस्कृति आदि सबै कुरालाई बिर्सेर आफूलाई जे मन लाग्यो त्यही गर्नलाई तत्पर बनेका समूहप्रति यो कविता प्रहार बन्दै पुरानो र नयाँको संयोजन गर्नेपर्ने कुरामा सेतु बनेको छ । समाजमा गरिब-दुःखीलाई शोषण गर्ने सम्पन्न वर्गको अन्धो आचरणलाई किरण यसरी स्पष्ट पार्दछन् :

भोकै कोही रोई हिँडेको
खाई-अधाई कोही भिडेको
निर्धन कोही भाग्ने भिखारी
धनवान् धनमा अन्धासरी

(**वीरको परिचय र अन्य**...,"गुनासो" : पृ.५७) ।

यस अंशले समाजको सबै वर्गलाई समेटेको छ । गरिब, धनी, शोषक, शाषक, शासित, भिखारी आदि वर्गलाई कविताभित्र समावेश गराई किन यस्तो असमान परिस्थिति सिर्जना भएका होलान् भन्ने कुरामा कविताको ध्यान आकर्षण भएको देखिन्छ । यसरी उच र नीचको स्थिति देखेपछि कवि भावुक बन्दै भगवान्लाई पुकार गर्न पुग्छन् र यसलाई छिटै परिमार्जन गरेर समान परिवेशको सिर्जना गर्न माग गर्दछन् । स्वार्थान्धता र व्यक्तिवादिताले मतलबी दुनियाँमा असल मानिसको अभाव भएको कुरालाई कवि यसरी पुष्टि गर्छन् :

खून र आँसु बहाई
मानवता चिच्याइरहेको
हिंसा र पापको बजारमा
सत्य र धर्मको हत्या भएको
मानव र दानव एक देखी
धरतीको छाती चर्केको

(**वीरको परिचय र अन्य**...,"यस्तै देखेँ" : पृ. ८५) ।

मानवले मानवको हितको निम्ति गर्नुपर्ने कर्तव्यलाई भुलेर एकलकाँटे तरिकाले आफ्नोमात्र हुँदो गर्ने समूहलाई यस कविताले तीक्तानुभूति दिन्छ र कविको चाहनालाई पनि प्रस्ट पार्छ । मानवताको नाजुक स्थिति यस संसारमा रहिरहे कसैको पनि भलाई नहुने र हत्या, हिंसा, पाप, शोषण, दमन बढेको यो धरती छियाछिया हुने भाव कविताले प्रकट गरेको छ ।

समाजमा रहेका असमानता, सामाजिक कुरीति, शोषण, दमन, अन्याय, अत्याचार आदि विषयहरूलाई कविताहरूले मुखरित गरेका छन् । सामाजिक सङ्घर्षका क्रममा देखिएका बाह्यद्वन्द्व र आन्तरिकद्वन्द्वलाई कविताहरूले प्रस्तुत गर्दै त्यसको उजागर गर्नु र जनमानसमा पुऱ्याएर यथार्थको जानकारी दिनु कविताको उद्देश्य रहेको देखिन्छ । हाम्रो समाजका मानिसहरूको अवस्थाको चित्रण गर्नु, उनीहरूको जीवनस्तरको वर्णन गर्नु र कसरी ती पछाडि परेका वर्गलाई प्रतिश्पर्धामा ल्याउने भन्ने समाजसेवापरक भाव नै कवितामा प्रकट भएका छन् । एउटा छोटो कविता 'यहाँ हामी'को यो अंशमा सामाजिक स्थितिको चित्रण यसरी गरिएको छ :

जिन्दगीभरी कुलैन र सिन्कोना स्याहार्ने
बूढो थामी बाजे
रूघा ज्वरोको दवाई किन्न नसकेर
अकालमै मर्नुपर्छ, मरिसकेर पनि
कुलैन र सिन्कोना मै मल भएर
त्यो थूललाई पनि उसैमा समर्पित गर्नुपर्छ ।

(**अन्तहीन सपना : मेरो विपना**, "यहाँ हामी" : पृ.१८) ।

यहाँ हाम्रो स्थितिलाई कुलैन र सिन्कोनाको बूढो थामी बाजेसँग दाँज्दै आखिरी अवस्थाको चित्रण कविताबाट व्यक्त भएको छ । हाम्रो जीवनस्तर साह्रै निम्न कोटिको भएको विचार प्रस्तुत गर्दै सचेतनाको लागि यो कविता प्रकट गर्नु र जीवनस्तर उकास्नुपर्ने आन्तरिक अभिव्यक्ति दिनु पनि कविताको उद्देश्य रहन गएको देखिन्छ । विश्वपरिवेशमा समेत मिल्ने र सबैको देशको, समाजको साझा समस्या बनेको भुँडीको समस्यालाई कविताले यसरी अभिव्यक्त गरेको छ :

भुँडी-दौडमा नब्बे हारेर
दसको जित्ने पाली छ
र दस अपच भएर यहाँ
नब्बे भुँडी खासी छ ।

(**अन्तहीन सपना : मेरो विपना**, "भुँडी-दौड" : पृ. १९) ।

आज संसारमा नब्बे प्रतिशत जनताहरू भोकमारीको चपेटामा परेको यथार्थलाई कविताले अत्यन्त कलात्मकताका साथ प्रस्तुत गरेको छ । उच्चवर्गीय शोषक सामन्तले गरिब जनतालाई कहिल्यै पनि माथि उठ्न नदिएको स्थिति र शोषक-सामन्त भने अपच बनेर लडिरहेको परिस्थितिलाई उजागर गर्दै ती दश प्रतिशत शोषकप्रति कविले आक्रोश पोखेका छन् । यस्तै समाजका विभिन्न ठाउँमा भएका हत्या-हिंसालाई कविताले विषय बनाउँदै यस्तो भाव प्रस्तुत गरेको छ :

'ढिस्कामा फलानोले बम पड्कायो'
'पश्चिममा यति मरे'
'सिमानामा उति मरे'
...यस्तो अपराध मान्छेको छातीमाथि भएको छ
यसको प्रायश्चित हामीले अब गर्नुपर्छ

(**अन्तहीन सपना : मेरो विपना**, "युद्ध अनि युद्ध" : पृ. ११०) ।

यो कविता विश्वपरिवेशमा सान्दर्भिक देखिन्छ । को, कहिले, कतिबेला मर्ने हो भन्ने कुराको कुनै टुङ्गो हुँदैन । यस्तो स्थितिमा एउटाले अर्कोलाई मार्छ, अर्काले अर्कालाई मार्छ र गजक्क फुलिएर शत्रुको हत्या गरेको सम्झन्छ तर त्यहाँ एउटा मान्छेले अर्को मान्छेलाई नै मारिराखेको हुन्छ भन्दै आजको हाम्रो परिवेशको चित्रण कवि भावुकता साथ गर्दछन् ।

अन्तमा पवन चामलिङ 'किरण'का कविताहरूमा युवाजोश र जाँगरका अभिव्यक्तिहरू प्रकट भएका छन् । समाजहितको निम्ति उठेका आवाजहरू कहिले निराश छन् त कहिले उग्र पनि । विषयगत व्यापकता रहेको यस कवितासङ्ग्रहमा सामाजिक, राजनीतिक, प्राकृतिक आदि विभिन्न प्रकारका चिन्तनहरू रहेका छन् र ती सबै चिन्तनहरूलाई कविताहरूले प्रबल रूपमा प्रस्तुत गरेका छन् ।

## ८. प्रकृति चित्रण

चामलिङका कविताहरूमा मनोरम प्रकृतिको चित्रण पनि पाइन्छ । प्रकृतिलाई माध्यम बनाएर त्यस परिवेशको चित्रण गर्दा शब्दभित्र चित्र नाच्न थाल्छ र दृश्यात्मक अनुभूति आउन थाल्छ । अझ यस सङ्ग्रहमा प्रकृति चित्रणभित्र प्रतीकात्मक प्रस्तुति पनि पाउन सकिन्छ जसलाई तलको अंशमा देखाइएको छ :

धेरै प्रकारका फूलहरू फुल्छन्
चाँप र गुँरासजस्ता ठूला-ठूला रूखहरू
कमल, गुलाब, सयपत्री जस्ता कोमल
र बाबरी जस्ता सुन्दर फूल

गुहेंला र धोत्रे जस्ता असुगन्धित फूलहरू
फुलेर ढकमक्क छन् ।
(**वीरको परिचय र अन्य**...,"बाग" : पृ. ८२) ।

यहाँ बगैँचाका फूलहरूको वर्णन छ जहाँ सबै एकअर्कामा मिलेर फुलेका छन् भन्दै कविले यस संसारका मानिसहरूसँग तुलना गरेका छन् । जसरी बगैँचामा सबै प्रकारका फूलहरू फुल्छन् त्यसरी नै हामीहरू विभिन्न जातका भए पनि एकआपसमा मिल्नुपर्छ चाहे कुनै धर्मालम्बी किन नहोस् । अझ कविको असन्तुष्टि यी फूलहरूलाई नाममा विभाजित गरेकोमा छ किनभने फूल आखिरमा सबै एकै न हुन् भन्ने कविताको प्रतीकात्मक अर्थ अत्यन्त सार्थक बनेको छ । त्यस्तै 'मेरो देश' कवितामा प्रकृतिको चित्रण यसरी गरिएको छ :

पहाड-पर्वत सुनाखरीबीच प्रकृति लुकेको
प्रकृति-राजको महल भनी सिक्किम रचेको ।
सिक्किमे लाखौँ सजिए सारा हिमका चुचुरा
फूलका वस्त्र ओढेका राम्रा रूख र टाकुरा ॥
(**वीरको परिचय र अन्य**...,"मेरो देश" : पृ. ११२) ।

यहाँ सिक्किमको प्राकृतिक परिवेशको चित्रण छ। दृश्यात्मकता प्रदान गर्ने यस कवितामा सुनाखरी, पहाड-पर्वत, हिमचुचुरा, रूख, टाकुरा जस्ता कुराहरू पाइन्छ भनेर सिक्किमको विशेषतालाई पनि झल्काउन खोजिएको छ। यतिमात्र नभएर प्रकृतिको चित्रणले भरिभराउ यस कवितामा सिक्किमको सम्पूर्ण क्षेत्रको समावेश प्रकृति चित्रणको सेरोफेरोमा आएको छ । यसबाट पनि कवि प्रकृतिको चित्रण गर्नमा सिपालु रहेको कुरा पुष्टि हुन आउँछ ।

## ६.३. निष्कर्ष

कवि पवन चामलिङ 'किरण'का भावना पनि यिनै प्रवृत्तिभित्र आधारित रहेका छन्, जहाँ यिनी बाँचेका छन् । कविताहरू कविको उमेरसँग पनि केही हदसम्म सम्बन्धित रहेका देखिन्छन् । यसरी हेर्दा कविले विभिन्न समयमा आफ्ना कृतिहरू प्रकाशित गरिसकेका छन् । ती कृतिहरू प्रायः आआफ्ना परिवेशसँग मिल्दाजुल्दा छन् । किरणले आफ्ना जीवनमा आइपरेका, भोगेका र देखेका गतिविधिहरूलाई अत्यन्त कलात्मक किसिमले भावनात्मक अभिव्यक्तिद्वारा अभिव्यक्त गरेका छन् । युवा जोस र उन्मादमा आफ्ना मनका विचारहरूलाई प्रस्फुटित गरेको कवितासङ्ग्रह **प्रारम्भिक कविताहरू**मा कविभावना अत्यन्त जोसिलो देखिएको छ भने प्रस्तुतिमा केही फितलोपन रहेको भान हुन्छ । यसरी नै दोस्रो सङ्ग्रह **अन्तहीन सपना मेरो विपना**मा कविचेत अलिक सुधारात्मक परिस्थितिमा देखिएको छ । यसरी नै कविको तेस्रो कवितासङ्ग्रह **म को हुँ** ? अत्यन्त कलात्मक रहेको छ । तीनै कवितासङ्ग्रहका कविताहरू एकअर्कासँग थोरबहुत मिल्दोजुल्दा पाइन्छन् । राष्ट्रियतामा आधारित 'वीरको परिचय'बाट कविता लेख्न सुरु गरेका कवि किरण **म को हुँ** ? सम्म आइपुग्दा प्रगतिवादी चिन्तनले ग्रस्त मानवतावादी कविताहरू लिएर देखापरेका छन् । यिनका कवितासङ्ग्रहलाई विभिन्न प्रवृत्तिको आधारमा छुट्याई सकेपछि चामलिङ प्रखर मानवतावादी देखिनका साथै अन्याय र अत्याचारका विरुद्ध लड्ने एक सशक्त क्रान्तिकारी योद्धाका रूपमा परिचित बनेका देखिन्छन् । ग्रामीण समाजको गाँस, बास र कपास केकस्तो रहेको छ भन्ने कुरा कविताको अन्तरअभिव्यक्ति कविताहरूमा पाउन सकिन्छ । समाजमा केकस्ता स्रोतहरूको खोजी गरे समाज विकासोन्मुख दिशातिर लम्कन्छ र कस्ताकस्ता सामाजिक कुव्यवस्थाहरूको विरोध गरे मुक्तिको श्वास फेर्न सक्छ भन्ने भावहरू प्रस्तुत सङ्ग्रहहरूका कविताहरूमा पाइन्छन् । कवितामा कविले प्रतीकात्मक प्रस्तुतिका माध्यमबाट धार्मिकचेतको अभिव्यक्ति दिएका छन् । आफ्नो राष्ट्रलाई र राष्ट्रियतालाई श्रद्धापूर्वक पूजा गरेको भाव पनि कवितामा प्रस्तुत भएको छ । समाजमा रहेका विभिन्न विकृतिहरूलाई कतै कविले

व्यङ्ग्यात्मक र कतै ठाडो विरोध गरेर समाजप्रति सचेत रहनुपर्ने भाव व्यक्त गरेका छन् भने राजनैतिक शासनव्यवस्थाप्रति असन्तुष्ट कविचेत कतैकतै अत्यन्त भावविह्वल भएको छ । प्रकृति मानवजीवनको बाँच्ने आधार हो भन्दै प्राकृतिक सम्पदालाई सीमित पारेर राख्नुहुँदैन; त्यसलाई त हामीले फैलन दिनुपर्छ भन्ने प्रस्तुति कविचेतमा रहेको पाइन्छ । राष्ट्रियताप्रति कविता जति श्रद्धानत रहेको छ त्यत्ति नै झुकाव जातीयतामा रहेको देखिन्छ । आफ्नो पहिचान, आफ्नो अस्तित्व राखेमात्र आफू बाँच्न सक्ने भाव कविको राष्ट्रियताप्रतिको मोह हो । यसरी पवन चामलिङका कविताहरू मनोरजनका लागिभन्दा पनि उद्देश्यका दृष्टिकोणबाट अत्यन्त सार्थक देखिएका छन् ।

सातौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ७.१. उपसंहार

पवन चामलिङ 'किरण'का कविताहरूको अध्ययन गर्ने क्रममा विभिन्न परिच्छेदमा अध्ययन विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेदअन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महŒव, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

दास्रो परिच्छेदमा पवन चामलिङ 'किरण'को सङ्क्षिप्त परिचय दिएको छ । दक्षिण सिक्किम, नाम्ची, राङगाङमा सन् २००० साल सेप्टेम्बर २२ को दिन जन्मेका पवन चामलिङ, बाबु आशबहादुर चामलिङ र आमा आशारानी चामलिङका जेठा छोरा हुन् । यिनको पारिवारिक पृष्ठभूमि सामान्य किसिमको देखिन्छ । उनको बाल्यकाल बाबुआमासँग खेतबारी, पाखापखेरामा घुम्दै र धुलो खेलाउँदै तथा गाईवस्तु चराउँदै बितेको थियो । यिनको शिक्षारम्भ गाउँकै स्कुलबाट भएको र अत्यन्त कष्टका साथ अध्ययन गर्दै नाम्चीबाट माध्यमिक तहको शिक्षा हासिल गरेको देखिन्छन् । त्यसपछि यिनले सन् १९६२मा बहूद्देश्यीय सहकारी विषयमा भारतको पुनाबाट डिप्लोमा तह पूरा गरेका र सन् २००३मा मणिपाल विश्वविद्यालयबाट अनरिज काउजा विद्यावारिधि उपाधिसमेत हासिल गरिसकेका छन् ।

अत्यन्त सरल र मिजासिलो स्वभावका चामलिङको सबैभन्दा सफल क्षेत्र राजनीति हो । रानीतिमा सबैभन्दा पहिला यिनी सिक्किम प्रजातन्त्र काङ्ग्रेसका प्रचार सचिव (सन् १९७८) बनेका र त्यसपछि क्रमशः सोही पार्टीबाट महासचिव (१९७८), उपसभापति(१९७८) हुँदै सन् १९८०मा ग्राम पञ्चायतका सभापति पदमा निर्वाचित भएको देखिन्छ । यसरी नै १९८५मा विधायक बनेका र सन् १९८९मा सिक्किम सरकारका मन्त्रीपद समाल्न पुगेका देखिन्छन् । यिनले सन् १९९३ मार्च ४को दिन सिक्किममा 'सिक्किम प्रजातान्त्रिक मोर्चा' नामको पार्टी आफ्नो अध्यक्षतामा खोलेका र सोही पार्टीबाट सन् १९९४ डिसेम्बर १२मा मुख्यमन्त्री पदमा निर्वाचित हुनपुगेका हुन् । सन् १९९४ सालदेखि लगातार सोही पद समाल्दै आएका यिनी हालसम्म पनि निरन्तर चौथोपटकसम्म निर्वाचित भइरहेका छन् ।

राजनीतिक व्यक्तित्वको अतिरिक्त चामलिङको अर्को सशक्त व्यक्तित्व साहित्यिक व्यक्तित्व हो । पवन चामलिङ 'किरण'ले साहित्यिक भावलाई नै सिक्किमको राजनीतिमा प्रयोग गरेको देखिन्छ । यसरी हेर्दा यिनको राजनीतिको मार्गदर्शक साहित्य नै रहेको पाइन्छ । साहित्यिक व्यक्तित्वभित्र यिनको योगदानलाई ध्यान राख्दै कवि, गीतकार, प्रबन्धकार, सम्पादक, समालोचक, प्रकाशक, संरक्षक गरी विभिन्न आधारमा छुट्याएर अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा पवन चामलिङ 'किरण'को कविता यात्राको निरूपण गरिएको छ । सन् १९६८मा गान्तोनकबाट प्रकाशित हुने **कञ्चनजङ्घा** पत्रिकामा प्रकाशित भएको 'वीरको परिचय'लाई आधार मान्दै सन् १९९२सम्मका रचनाहरूका आधारमा यिनको काव्ययात्रालाई तीन चरणमा विभाजित गरिएको छ । पहिलो चरणमा सन् १९६८सम्मका रचनाहरूलाई समेटिएको छ । जुन रचनाहरू **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू** कवितासङ्ग्रहमा समेटिएका छन् । प्रस्तुत सङ्ग्रहमा तत्कालीन समयको सामाजिक, राजनीतिक, प्रशासनिक

क्षेत्रमा देखिएका विकृति विसङ्गतिको उजागर गरिएको छ । दोस्रो चरणमा सन् १९६९देखि १९८५सम्मका रचनाहरूलाई समावेश गरिएको छ । जसलाई किरणले **अन्तहीन सपना : मेरा विपना** कवितासङ्ग्रहमा सङ्ग्रहित गरेका छन् । यसमा विशेषतः व्यवस्था परिवर्तनको आग्रह राखिएको छ भने तत्कालीन शासनहरूप्रति असन्तष्टि पनि पोखिएको छ । समाज युगानुकूल परिवर्तन हुनुपर्ने व्यग्र इच्छा यिनको यस चरणमा सन् १९८६देखि १९९२सम्मका कविताहरूलाई समावेश गरिएको छ । कविले यस चरणका कविताहरूलाई **म को हुँ** कवितासङ्ग्रहमा समावेश गराएका छन् ।

चौथो परिच्छेदमा डा.खगेन्द्रप्रसाद लुइटेलले आफ्नो विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**भित्र दिएको कविता विश्लेषणका आधारहरूलाई समवेश गरिएको छ । æकविताको संरचनात्मक प्ररूपÆभित्र परिचय (कृतिकार र कृति), विभाजन (कृतिका प्रमुख भागहरू), सङ्गठन (कृतिको आङ्गिकता), वस्तु (प्रमुख आधार सामग्री), सहभागी (चरित्र र चरित्रचित्रण ), परिवेश (स्थान, समय र वातावरण), उद्देश्य (प्रयोजनमूलकता), दृष्टिविन्दु (लेखकीय अवस्थिति), भाषाशैलीय विन्यास, व्याख्या तथा निष्कर्ष पर्दछन् । यही संरचनात्मक प्रारूपका आधारमा पवन चामलिङ …किरण’का सम्पूर्ण कविताहरूको संरचनात्मक अध्ययन गरिएको छ ।

पाँचौं परिच्छेदअन्तर्गत पवन चामलिङ …किरणका’ कविताकृतिहरूको संरचनात्मक प्रारूपका आधारमा विश्लेषण गरिएको छ । आफूले जीवनयापनका क्रममा देखेका, भोगेका र अनुभव गरेका कुराहरूनै चामलिङले कविताको आकृति दिएका छन् । तीनै चरणका कविताहरूलाई हेर्दा लघुतमदेखि लघु रूपसम्मका रचनाहरू समावेश भएको देखिन्छ । त्यसरी नै कविले कवितालाई आकृति दिने क्रममा विभिन्न प्रकारका सहभागीहरूको प्रयोग गरेका छन् । कतै सहभागीहरू नै सक्रिय बनेर कथावस्तु अगाडि बढाइरहेका हुन्छन् भने कतै …म’ पात्रले कवितालाई स्वरूप दिई रहेका हुन्छन् । प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुमा आधारित यिनका कविताहरूमा कतै …म’ पात्रले सोभ्कै विषयलाई समातेर त कतै अन्तर्निहित रूपमा विषय ज्ञान गराई रहेको पाइन्छ भने कतै ऊ, उनी तथा कतै नामधारी अन्य पात्रको माध्यमबाट कविताहरूलाई आकृति दिएको पाइन्छ । यसरी हेर्दा यिनका कविताहरूमा प्रथमपुरुष दृष्टिबिन्दु तृतीयपुरुष दृष्टिबिन्दुको तुलनामा अधिक पाउन सकिन्छ । भाषाशैलीय विन्यास पनि प्रथम, द्वितीय र तृतीय चरणका कविताहरूमा क्रमशः खारिँदै गएको देखिन्छ । भाषा, शैली, अग्रभूमीकरण, बिम्ब, प्रतीक तथा अलङ्कारको संयोजनले कविता अत्यन्त सार्थक बनेको देखिन्छ । अत्यन्त छोटा आयामका कविताहरूमा अग्रभूमीकरणको विन्यास मिलेको देखिँदैन । यसरी नै व्याख्या तथा निष्कर्ष खण्डमा सम्पूर्ण कृतिको सारलाई समेटिएको छ ।

छैटौं परिच्छेदमा पवन चामलिङ …किरण’का कविताहरूको प्रवित्तिगत अध्ययन गरिएको छ । उनका कविताहरूमा देखिएका सम्पूर्ण काव्यप्रवित्तिको विस्तृत अध्ययन यस परिच्छेदमा छ । मानवतावादी चिन्तन, राजनीतिक चिन्तन, प्रगतिवादी—क्रान्तिकारी चिन्तन, अस्तित्ववादी—विसङ्गतिवादी चिन्तन, जातिप्रेम तथा राष्ट्रप्रेम, धार्मिक चिन्तन, प्रतीकात्मक प्रस्तुति, प्रकृति चित्रण, सामाजिक चित्रण आदिलाई प्रवृत्ति विश्लेषणको आधार बनाइएको छ । यसरी सम्पूर्ण प्रवित्तिहरूलाई छुट्याएर अध्ययन गरिसकेपछि पवन चामलिङ …किरण’ एक सशक्त सामाजिक व्याक्तित्वका रूपमा रहेको पुष्टि हुन्छ । सम्पूर्ण कविताहरूको आशय सामाजिक उन्नति र प्रगतिमा नै गएर मेल भएको छ ।

## ७.२. निष्कर्ष

सन् १९६८ सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरेका चामलिङले सन् १९८६मा कवितासङ्ग्रहसमेत प्रकाशन गराएका हुन् । हालसम्म यिनले **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू, अन्तहीन सपना : मेरो विपना र म को हुँ** ? कवितासङ्ग्रह प्रकाशित गराई सकेका छन् । त्यस्तै साहित्य क्षेत्रमा सम्पादक, संरक्षक, गीतकार, समालोचक, प्रकाशक जस्ता व्यक्तित्वहरू उत्तिकै सफलताका साथ अगाडि बढिरहेका छन् । हालको उनको सबैभन्दा सफल क्षेत्र राजनीति हो भने क्रमशः कवि र गीतकार व्यक्तित्वबाट विशेष परिचित बनेका छन् । यिनले साहित्यिक कृतिहरूका अतिरिक्त राजनीतिक तथा वैचारिक कृतिहरू प्रकाशित गरेर साहित्य एवं राजनीतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यिनी नेपाली साहित्यमा **किरण** उपनामले परिचित छन् । समाजका विषयवस्तुलाई नै साहित्यमा प्रयोग गरेकाले र साहित्यका विषयहरूलाई राजनीतिमा विचारको रूपमा प्रयोग गरेकाले समाज, राजनीति र साहित्यलाई यिनले परिपूरक ढङ्गबाट अगाडि बढाएका देखिन्छन् ।

उनले साहित्यलाई राजनीतिक उद्देश्य परिपूर्तिको निम्ति एक माध्यम बनाएका छन् । चामलिङका प्रायसः कविताहरू क्रान्तिकारी भावनाले ओतप्रोत छन् । क्रान्तिकारी साहित्यमा विचार पक्ष र यथार्थवादी चित्रण हुनैपर्दछ र साथसाथै कलात्मक र सौन्दर्य पक्षमाथि पनि ध्यान दिनुपर्दछ भन्ने उनको विचार रहेको छ ।

किरणका सबै कविताकृतिहरूमा शीर्षकको सार्थकता पाइन्छ । कृतिभित्रको मूलभूत विषय वा सारलाई टिपेर शीर्षक दिने उनका कृतिहरूमा शीर्षकबाटै कृतिभित्रको विषयबोध हुन्छ ।  किरणका काव्यगत प्रवृतिलाई हेर्दा अधिकांश रचनाहरू प्रगतिवादी चिन्तनबाट ओतप्रोत छन् । यिनका कृतिहरूमा राजनैतिक व्यक्तित्वको वा उनको राजनीतिक दर्शनको स्पष्ट छाप पाइन्छ । किरणका कविताहरू जीवनदर्शनसँग अभिन्न रुपले गाँसिएका छन् ।

पवन चामलिङका क्रान्तिकारी भावले ओतप्रोत रचनाहरूले पुराना सामाजिक मूल्य, मान्यता, पुराना सामन्ती संरचनालाई ध्वस्त पार्दै नयाँ समुन्नत, सुखी र समृद्ध संसारको निर्माण गर्नको निम्ति क्रान्तिकारीहरूलाई उत्प्रेरित गरेका छन् । सर्वहारा वर्गको मुक्ति र स्वतन्त्रताको लागि क्रान्तिबाहेक अर्को कुनै विकल्प नरहेको र जनताको सशक्त सङ्घर्षद्वारा मात्र क्रान्ति सम्भव हुने विचार व्यक्त गरिएका उनका कृतिहरूमा क्रान्तिप्रतिको अगाध आस्था र विश्वासभाव प्रकट भएको छ ।

चामलिङका कृतिहरूमा सर्वहारा अन्तराष्ट्रियतावादी चिन्तन पाइन्छ । शोषित उत्पीडित जनताप्रति अपार सहानुभूति राख्ने किरणका कृतिहरूले जनताका दुश्मन शक्तिप्रति वा शोषक वर्गप्रति तीव्र घृणाभाव प्रकट गर्दछन् । उत्पीडित जनताको मुक्ति र स्वतन्त्रताको निम्ति, समानता र स्वाभिमानको निम्ति विद्रोह अनिवार्य आवश्यकता भएको विचार व्यक्त गर्दै उत्पीडित जनतालाई विद्रोहको बाटो अवलम्बन गर्न आग्रह गर्दछन् । यस धरतीका सबै मान्छेहरू सुखी, सम्पन्न र स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ र मान्छेले मान्छेमाथि गर्ने सबै प्रकारका शोषण दमनको अन्त्य हुनुपर्दछ । त्यसका लागि जनताको सचेत, सङ्गठित र समर्पित क्रान्तिकारी शक्तिलाई विशेष महŒवका साथ उठाइएको छ र मानवतावादी भावना प्रकट भएको छ ।

पवन चामलिङका प्रायजसो कृतिहरूमा प्रकृतिलाई मानवीकरण पनि गरिएको छ । प्राकृतिक दृश्यावलोकनबाट अत्यन्त मुग्ध हुने कवि चामलिङले प्रकृतिलाई आफ्ना कृतिहरूमा सजीव रूपमा प्रस्तुत गरेका छन् । उनका रचनाहरूमा राष्ट्रवादी चिन्तन पनि अभिव्यक्त भएको छ । साहित्यमा विचार पक्षलाई नै ज्यादा जोड दिने चामलिङले आफ्ना रचनाहरूमा स्थानीय, आ~चलिक र विश्वपरिवेशलाई समेत जोड्ने प्रयत्न गरेका छन् । उनका कृतिहरूमा समाजका

निम्न वर्गका व्यक्तिलाई पात्रको रूपमा प्रस्तुत गरी तिनको माध्यमबाट शोषणप्रधान राज्यव्यवस्थाको विरुद्धमा विद्रोह गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

धार्मिक विषयमा आधारित कविताहरूले धर्मको नाममा भइरहेका युद्ध, हत्या, हिंसा जस्ता आपराधिक क्रियाकलापहरूको उजागर गर्ने काम गरेको छ । यसबाट हामीले धार्मिक ज्ञानबाट पाउने सकारात्मक ज्ञान लिनुपर्ने र सबै धर्मको सार रहेको **अहिंसा परमो धर्म**लाई अपनाउनु पर्ने कुरा कविले गरेका छन् ।

कतिपय ठाउँमा कविताहरू निराश पनि दखिएका छन् । जीवन यात्राको क्रममा कतै कतै ठक्कर लाग्दा यस्तो भाव प्रस्तुत भएको हुनसक्छ । हाम्रो बचाइभित्र विभिन्न प्रकारका अप्ठ्याराहरू हुन्छन् त्यसलाई पार लगाएर अघि बढ्नुपर्छ भनेर जान्दाजान्दै निस्कने निराशाजनक स्थिति किरणका कविताहरूमा पनि पाउन सकिन्छ ।

राष्ट्रियता र जातीयताको सवालमा पनि कविताहरू उतिकै सशक्त देखिएका छन् । आफ्नो राष्ट्र र जाति भनेपछि हुरुक्क हुने कविले कवितामा पनि आफ्नोपनप्रति माया प्रकट गर्दै गुनगान गरेका छन् । यस्तै प्रतीकात्मक अर्थले युक्त शब्दको प्रयोग र त्यसभित्र ध्वनित हुने अर्थहरू विशेष महŒवपूर्ण देखिएका छन् ।

कविताको संरचनात्मक प्रारूपभित्र कविताहरूलाई राखेर हेर्दा मूलभाव, विभाजन, सङ्गठन, परिवेश विधान, उद्देश्य, भाषाशैलीय विन्यासको स्थिति पनि मजबुत देखिएको छ । संरचानात्मक प्रारूपका आधारमा कविताहरू विविधतापूर्ण रहेका देखिन्छन् ।

समग्रमा पवन चामलिङका कविताकृतिहरूमा मानवतावादी चिन्तन, राजनीतिक चिन्तन, प्रगतिवादी—क्रान्तिकारी चिन्तन, अस्तित्ववादी—विसङ्गतिवादी चिन्तन, जातिप्रेम तथा राष्ट्रप्रेम, धार्मिक चिन्तन, प्रतीकात्मक प्रस्तुति, प्रकृति चित्रण, सामाजिक चित्रण आदि प्रवृत्तिहरू दखिएका छन् । आजको संसारमा कस्ता किसिमका गतिविधिहरू भइरहेका छन् त्यसैलाई यिनका कविताहरूले सशक्त किसिमले प्रस्तुत गरेका छन् ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, डिल्लीराम, **चिन्तनको चौतारी**, दक्षिण सिक्किम : निर्माण प्रकाशन, सन् २००५ ।

गिरी, डम्बरबहादुर, **युगपुरुष डा. पवन चामलिङ**, काठमाडौं : भारतीय नेपाली अध्ययन तथा अनुसन्धान केन्द्र, सन् २००५ ।

चापागाईं, नरेन्द्र, **नरेन्द्र चापागाईका समालोचना**, काठमाडौँ : साझा प्रकाशन, वि.सं.२०६० ।

चामलिङ, पवन , **क्रान्तिको प्रवेश**, सिक्किम : निर्माण प्रकाशन, सन् १९९५ ।

, **म को हुँ ?**, सिक्किम : निर्माण प्रकाशन, सन् २००९ ।

, **अन्तहीन सपना : मेरो विपना**, सिक्किम : निर्माण प्रकाशन, सन् २०१० ।

, **वीरको परिचय र अन्य प्रारम्भिक कविताहरू**, सिक्किम : निर्माण प्रकाशन, सन् २०१० ।

छेत्री, समीरण र अन्य, **पवन चामलिङ प्राज्ञिक आयाम र अध्ययन**, नाम्ची : निर्माण प्रकाशन ।

छेत्री, हर्कबहादुर, भारतीय नेपाली कविताको परिप्रेक्ष्यमा चामलिङको कविता : एक अध्ययन, सिक्किम : निर्माण प्रकाशन, सन् १९९६ ।

थुलुङ, प्रेम, **सन्दर्भ : कवि पवन चामलिङ ...किरण'का तीन कवितासङ्ग्रह एवम् गीतहरू**, नाम्ची : थुलुङ प्रकाशन, सन् २००५ ।

प्रसाईं, महेश, **डा.पवन चामलिङ : स्रष्टा र सिर्जना,** काठमाडौं : छाया प्रकाशन, वि.सं.२०६५ ।

, **भारतीय नेपाली कवितावृत्तमा डा. पवन चामलिङको योगदान**, काठमाडौँ : छाया प्रकाशन, वि.सं.२०६२ ।

लुइटेल खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, पुण्यप्रसाद (सम्पा), **डा. पवन चामलिङ स्रष्टा र द्रष्टाका दृष्टिमा**, गान्तोक : जनपक्ष प्रकाशन, सन् २००४ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, ललितपुर : साझा प्रकाशन, वि.सं.२०६२ ।

शर्मा, सुरेश, **म को हुँ कवित्ववृत्तमा डा. चामलिङ** : काठमाडौंः छाया प्रकाशन, वि.सं.२०६५ ।

सेढाईं, कमलकान्त, **पवन चामलिङ व्यक्ति र कृति**, आसम : उत्तरपूर्वी प्राज्ञिक परिषद्, वि.सं.२०५५ ।